CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDR

सामाजिक अध्ययन शिक्षा



केशवानन्द गिरी
इन्द्रविलास घिमिरे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

सामाजिक अध्ययन शिक्षा

SOCIAL STUDIES EDUCATION

(एकवर्षे वी. एड. को लागि उपुयक्त)

लेखकद्वय

प्रध्यापक केशवानन्द गिरी

उप-प्राध्यापक इन्द्रविलास घिमिरे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

प्रकाशक : श्रीमती इन्द्रकुमारी घिमिरे

लेखकद्वय : प्रा. केशवानन्द गिरी
उप-प्रा. इन्द्रविलास घिमिरे
फोनः ४३६११६२

सर्वाधिकार : लेखकमा सुरक्षित

प्रथम संस्करण : २०६१

ISBN : 99946-31-39-X

प्रति : १०००

मूल्य : रू. १५०/-

मुद्रक : किशोर अफसेट प्रेस, गल्कोपाखा, ठमेल

Acc 4924 / 28/12A

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

मन्तव्य

महेन्द्र संस्कृत विश्वविद्यालय शिक्षाशास्त्र विषय समितिका अध्यक्ष तथा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपुरका प्राध्यापक केशवानन्द गिरी र महेन्द्र संस्कृत विश्वविद्यालय एकवर्षे शिक्षाशास्त्री कार्यक्रम रानीपोखरीका कार्यक्रम संयोजक उप-प्राध्यापक इन्द्रविलास घिमिरेसमेतले लेख्नुभएको **"सामाजिक अध्ययन शिक्षा"** नामक पुस्तकको पाण्डुलिपि हेर्ने मौका प्राप्त भयो । प्रस्तुत कृति महेन्द्र संस्कृत विश्वविद्यालय एकवर्षे शिक्षाशास्त्री कार्यक्रमअन्तर्गतको सामाजिक अध्ययन शिक्षाको पाठ्यक्रमलाई समेटेर तयार पारिएको हुँदा यो पाठ्यपुस्तकले सम्वन्धित विषय अध्ययन अध्यापन गर्ने विद्यार्थी तथा शिक्षकहरूको आवश्यकता पूरा गर्ने विश्वास लिएको छु । प्रस्तुत पुस्तक त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकायको तीनवर्षे बी.एड.का र पूर्वाञ्चल विश्वविद्यालयको एकवर्षे वी.एड.का सामाजिक अध्ययनका विद्यार्थीहरूका लागि पनि सन्दर्भ पाठ्यसामग्रीका रूपमा उपयोगी हुनेछ । साथै माध्यमिक विद्यालयका सामाजिक शिक्षा अध्यापन गर्ने सम्पूर्ण शिक्षकहरूको लागि पनि यो पुस्तक अत्यन्त उपयोगी हुनेछ । शिक्षाशास्त्रका नेपाली भाषामा लेखिएका पाठ्यपुस्तक पर्याप्त मात्रमा उपलब्ध हुन नसकेको वर्तमान अवस्थामा शिक्षक विद्यार्थीहरूको आवश्यकता र चाहनाअनुसार यस प्रकारको पाठ्यपुस्तक तयार गर्ने लेखकद्वय वधाईका पात्र हुनुहुन्छ । प्रा. केशवानन्द गिरी यस महेन्द्र संस्कृत विश्वविद्यालय शिक्षाशास्त्र विषय समितिका संस्थापक सदस्य र उप-प्रा. इन्द्रविलास घिमिरे एकवर्षे शिक्षाशास्त्री कार्यक्रमको स्थापनाकालदेखि नै प्राध्यापन कार्यमा सफलरूपमा सन्लग्न हुनुहुन्छ । यस विश्वविद्यालयको शिक्षाशास्त्र साथै अन्य कार्यक्रम सफल पार्न उहाँहरूको महत्त्वपूर्ण योगदान रहेको छ । अन्त्यमा विश्वविद्यालयको शैक्षिक उन्नयनको लागि उहाँहरूवाट यस किसिमका कृतिहरू भविष्यमा पनि प्रकाशित भइनै रहनेछन् भन्नें पूर्ण विश्वास लिएको छु ।

आचार्य पूर्णचन्द्र दुङ्गेल
उपकुलपति (विद्यावाचस्पति)
महेन्द्रसंस्कृत विश्वविद्यालय

मिति : २०६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

हाम्रो भनाइ

प्रस्तुत पुस्तक महेन्द्र संस्कृत विश्वविद्यालयअर्न्तगतको एकवर्षे शिक्षाशास्त्री कार्यक्रममा सामाजिक अध्ययन शिक्षा विशिष्टीकरण विषयको रूपमा अध्ययन गर्ने विद्यार्थीहरूका निमित्त तयार पारिएको हो । यो पुस्तक त्रिभुवन विश्वविद्यालय र पूर्वाञ्चल विश्वविद्यालयमा सञ्चालित बी.एड.कार्यक्रममा सामाजिक अध्ययन शिक्षा विषय लिई अध्ययन गर्ने विद्यार्थीहरूका लागि पनि उत्तिकै उपयोगी हुने विश्वास लिएका छौं । सम्वन्धित तहका विद्यार्थीहरूका लागि सामाजिक अध्ययन शिक्षाको पाठ्यपुस्तकको अभाव पूर्ति गर्नुका साथै सम्वन्धित विषयका प्राध्यापक र शिक्षकहरूलाई समेत यो पुस्तक सन्दर्भसामग्रीका रूपमा उपयोग हुनसक्ने आशा लिएका छौं ।

प्रस्तुत पुस्तकको पाण्डुलिपि हेरी आफ्नो मन्तव्य व्यक्त गरिदिनुभएकोमा महेन्द्र संस्कृत विश्वविद्यालयका उपकुलपति आचार्य पूर्णचन्द्र ढुङ्गेलप्रति हामी हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । पुस्तक लेखनको क्रममा आवश्यक सामग्री जुटाई सहयोग गर्नुहुने शिक्षाशास्त्र केन्द्री यविभाग कीर्तिपुरका सह-प्राध्यापक श्री अब्दुल कैयुम र महेन्द्ररत्न क्याम्पस ताहाचलका उप-प्राध्यापक श्री होमनाथ भट्टराईप्रति पनि हार्दिक आभार प्रकट गर्दछौं । यसैगरी प्रकाशनको सम्पूर्ण उत्तरदायित्व लिनुभएकोमा श्रीमती इन्द्रकुमारी घिमिरेप्रति पनि हामी आभार व्यक्त गर्दछौं । पुस्तकको भाषा सम्पादनमा सहयोग गर्नुहुने श्री केशव न्यौपाने तथा श्री प्रेम चौलागाईं र श्री कृष्णप्रसाद रिमाल लगायत कम्प्युटर टङ्गणको जिम्मा लिइं पुस्तकको स्वरूप प्रदान गर्नुहुने श्री ज्ञानु महर्जन धन्यवादका पात्र हुनुहुन्छ । यस पुस्तकको लेखन तथा प्रकाशनमा प्रत्यक्ष्य वा परोक्षरूपमा सहयोग गर्नुहुने तमाम महानुभावहरूलाई हामी हार्दिक धन्यवाद दिन्छौं ।

अन्त्यमा विज्ञ पाठकहरूवाट रचनात्मक समीक्षाको आशा राख्दै आगामी संस्करणहरूमा पुस्तकलाई परिमार्जन गर्ने प्रतिज्ञाका साथ हामी अभिमत जाहेर गर्ने कार्यवाट विश्राम लिन्छौं !

विनीत

लेखकद्वय

विजया दशमी, २०६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

विषय सूची

एकाइ एक

१. सामाजिक अध्ययनको परिचय (INTRODUCTION TO SOCIALSTUDIES) १

१.१ सामाजिक अध्ययनको परिभाषा, क्षेत्र र महत्त्व (DEFINITION, SCOPE AND IMPORTANCE OF SOCIAL STUDIES) १

१.१.१ परिभाषा (Definition) १

१.१.२. सामाजिक अध्ययनको क्षेत्र (Scope of social studies) ४

१.१.३. सामाजिक अध्ययनको महत्त्व (importance of Social Studies) ७

१.२ सामाजिक अध्ययनका लक्ष्य र उद्देश्यहरू (Aims and Objectives of Social Studies) ९

१.२.१. सामाजिक अध्ययन शिक्षणको लक्ष्य (Aims of Teaching Social Studies) १०

१.२.२. सामाजिक अध्ययन शिक्षणका उद्देश्यहरू (Objectives of Teaching Social Studies) १३

१.२.३. लक्ष्य र उद्देश्यमा फरक (Difference between aims and objectives) १४

१.३. सामाजिक अध्ययन र सामाजिक विज्ञान साथै सामाजिक शिक्षा र सामाजिक अध्ययन शिक्षामा फरक (Difference of social Studies from Social Sciences, social Education and social studies Education) १५

१.३.१. सामाजिक अध्ययन र सामाजिक विज्ञानमा फरक (Difference between Social studies and Social Sciences) १५

१.३.२ सामाजिक अध्ययन शिक्षा र सामजिक शिक्षामा फरक (Differences between Social Studies Eduction and Social Education) १६

१.४ सामाजिक अध्ययन र विद्यालयका अरु विषयसँगको सम्बन्ध (Relation of Social Studies with other School Subjects) १७

१.५ नेपालको सन्दर्भमा सामाजिक अध्ययनको विकास (Evolution of Social Studies with References to Nepal) १८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

एकाइ दुई

२. सामाजिक अध्ययनको आधार (BASES OF SOCIAL STUDIES) २१
२.१ सामाजिक विज्ञानहरू (Social Sciences) २२
२.१.१ विधाको धारणा (Concepts of Discipline) २१
२.१.२ सामाजिक अध्ययन शिक्षा (Social Studies Education) २५
२.१.३ सामाजिक विज्ञानका आधारभूत धारणा र सामान्यीकरण (Basic concepts and Generalizaton of social sciences) २७
२.१.४ सामाजिक विज्ञानका धारणाहरू (Generalization of Social Sciences) २७
२.१.५ समाजको आवश्यकता (Needs of society) ३२
२.१.६ सिकारुको इच्छा र आवश्यकता (Needs and Interest of the Learner) ३३

एकाइ तीन

३. सामाजिक अध्ययनका उद्देश्यहरू (OBJECTIVES OF SOCIAL STUDIES) ३५
३.१ टेक्सोनोमीको शैक्षणिक उद्देश्यहरू (Educational objectives of Texonomy) ३५
३.१.१ संज्ञानी क्षेत्र (Cognitive Domain) ३५
३.१.२ प्रभावी क्षेत्र (Affective Domain) ३९
३.१.३ सीप क्षेत्र (Psychomotor Domain) ४१
३.२ शैक्षणिक र व्यावहारिक उद्देश्यका अवधारणाहरू (Concepts of instructional and behavioural objectives) ४३

एकाइ चार

४. सामाजिक अध्ययनको पाठ्यक्रम CURRICULUM IN SOCIAL STUDIES ४८
४.१ सामाजिक अध्ययनको पाठ्यक्रमको अर्थ : (Meaning of Social Studies Curriculum) ४८
४.२ सामाजिक अध्ययनको पाठ्यक्रम विकासका सिद्धान्तहरू (Principles of developing social studies curriculum) ४९
४.३ सामाजिक अध्ययनको पाठ्यक्रम संगठनमा पहुँच (Approaches to organising social studies curriculum) ५२
४.४. कक्षा ६ देखि १० सम्मको सामजिक अध्ययनको पाठ्यक्रमको संक्षिप्त अवलोकन (OVERVIEW OF THE SOCIAL STUDIES CURRICULUM OF GRADE SIX TO TEN) ५५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

एकाइ पाँच

५. सामाजिक अध्ययनको पाठ्यपुस्तक (TEXT BOOK IN SOCIAL STUDIES) ६६

५.१ माध्यमिक तहको पाठ्यपुस्तकको उपयोग र महत्त्व (Importance and Use of Textbook in secondary level) ६६

५.२ सामाजिक शिक्षाको असल पाठ्यपुस्तकमा हुनुपर्ने गुणहरू (Qualities of a good social studies textbook) ६९

५.३ कक्षा १० को सामाजिक शिक्षाको पाठ्यपुस्तकको पुनरावलोकन (Review of the Scial Studies Test Book of Grade X) ७४

एकाइ छ

६. सामाजिक अध्ययनमा सीपको विकास (DEVELOPING SKILLS IN SOCIAL STUDIES) ८०

६.१ परिचय (Introduction) ८०

६.२ पठन सीप (Reading Skill) ८१

६.२.१. सन्दर्भ सीप (Reference skills) ८२

६.२.२ धारणा सीप (Retantion skills) ८३

६.२.३ खोज विधि (Exploratory/Discovery Skills) ८४

६.३ वौद्धिक सीप (Intellectual Skills) ८४

६.४ सामाजिक सीप (Social Skills) ८६

एकाइ सात

७. सामाजिक अध्ययन शिक्षण विधि र प्रविधिहरू (TEACHING METHOD AND TECHNIQUES IN SOCIAL STUDIES) ९१

७.१ परिचय (Introduction) ९१

७.२ व्याख्यान विधि (Lecture Method) ९२

७.२.१ व्याख्यान विधिका गुण र दोषहरू (Merits and Demerits of lecture Method) ९४

७.३ छलफल विधि (Discussion Method) ९५

७.३.१ छलफल विधिका किसिमहरू (Types of Discussion Method) ९६

७.४ खोज विधि (Inquiry Method) ९८

७.४.१ उद्देश्य (Purpose) ९९

७.४.२ विधि (Procedure) ९९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

७.५ सूक्ष्म शिक्षण (Micro-Teaching) १००
७.५.१ सूक्ष्म शिक्षणको अर्थ (Meaning of Microteaching) १००
७.५.२ सूक्ष्म शिक्षणका उद्देश्यहरू (Purpose of Micro Teaching) १०१
७.५.३ सूक्ष्म शिक्षणका चरणहरू (Steps of Micro Teaching) १०१

एकाइ आठ

८. सामाजिक अध्ययनमा शिक्षण सामग्री
(TEACHING AIDS IN SOCIAL STUDIES) १०३
८.१ शिक्षण सामग्रीको अर्थ (Meaning of teaching aids) १०३
८.२ शिक्षण सामग्रीको वर्गीकरण (Classification of Teaching Aids) १०४
८.३ शैक्षिक सामग्रीको महत्त्व र प्रयोग
(Importance and use of Teaching materials) १०५
८.४. (क) शैक्षिक सामग्रीको महत्त्व
(Importance of Teaching Materials) १०५
८.४ (ख) शैक्षिक सामग्रीको प्रयोग (Use of Teaching Meterials) १०६
८.४.१ शिक्षण गर्दा प्रयोग हुने शैक्षिक सामग्रीहरू १०६
८.४.२ चित्र (Picture) १०६
८.४.३ प्रतिरूप (Model) १०८
८.४.४ नमुना वस्तु (Specimens) १०८

एकाइ नौ

९. सामाजिक अध्ययन शिक्षणका पूरक सामग्री (SUPPLEMENTS TO SOCIAL STUDIES TEACHING) ११०
९.१ परिचय (Introduction) ११०
९.२ समुदाय स्रोत (Community Resources) ११०
९.२.१ सामुदायिक भ्रमण (Community Visit) ११२
९.२.२ स्रोत व्यक्तिहरू (Resource Persons) ११४
९.३ समसामयिक घटना (Current Events) ११५
९.४ विवादास्पद सवालहरू (Controversial Issues) ११६
९.५ सामाजिक अध्ययन कक्षा (Social studies Room) ११७
९.६ सामाजिक अध्ययन शिक्षक (Social Studies Teachers) ११९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

एकाइ दश

१०. सामाजिक अध्ययनमा मूल्याङ्कन (EVALUATION IN SOCIAL STUDIES) १२२

१०.१ विषयगत र वस्तुगत परीक्षाको अर्थ र महत्त्व (Meaning and Importance of Subjective and Objective Test) १२२

१०.२ विषयगत परीक्षा (Subjective Test) १२३

१०.२.१ छोटो उत्तर आउने परीक्षा (Semi- Objective test / short answer test) १२३

१०.२.२ विषयगत परीक्षाको महत्त्व (Importance of Subjective Test) १२४

१०.३ वस्तुगत परीक्षा (Objective Test) १२४

१०.३.१ वस्तुगत परीक्षाको महत्त्व (Importance of Objective Test) १२६

१०.४ अवलोकन (Observation) १२६

१०.४.१ अवलोकनका साधनहरू १२७

१०.५ अभिवृत्ति परीक्षा (Attitude Test) १२७

१०.६ समाजमिति (Sociometry) १३०

१०.६.१ समाजमितिको महत्त्व (Importance of Sociometry) १३४

१०.७ विशेषीकरण चार्टको बनावट र प्रयोग (Construction and use of Specification Chart) १३४

एकाइ एघार

११. सामाजिक अध्ययनमा शैक्षणिक योजना (INSTRUCTIONAL PLANNING IN TEACHING SOCIAL STUDIES) १३६

११.१ परिचय (Introduction) १३६

११.२ शैक्षणिक योजना (Instructional Planning) १३६

११.३ कार्ययोजना (Work Plan) १३७

११.३.१ वार्षिक कार्ययोजनाको नमुना (Model of annual work plan) १३८

११.३.२ कार्ययोजना महत्त्व (Importance of Work Plan) १३९

११.४ एकाइ योजना (Unit Plan) १३९

११.४.१ एकाइ योजनाको नमुना (Model of Unit plan) १४०

११.४.२ एकाइ योजनाको महत्त्व (Importance of Unit plan) १४०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

११.५ पाठयोजना (Lesson Plan) १४१
११.५.१ पाठयोजनाबाट हुने फाइदाहरू १४१
११.५.२ पाठयोजनाका आवश्यक तत्त्वहरू १४२
११.५.३ पाठयोजनाको महत्त्व (Importance of Lesson Plan) १४७

एकाइ बाह्र

१२. सामाजिक अध्ययन शिक्षणका समस्या र सवालहरू
PROBLEMS AND ISSUES OF SOCIAL STUDIES TEACHING १४८
१२.१ पाठ्यक्रम एकीकृतका सवालहरू (Issues of Integrating the Curriculum) १४८
१२.२ पाठ्यक्रम लागू गर्दाका समस्याहरू (Problems of Implementing the Curriculum) १५१

एकाइ तेह्र

१३. "दाङ जिल्लाका माध्यमिक विद्यालयमा सामाजिक शिक्षा शिक्षण" एक अध्ययन १५७
१३.१ भूमिका १५७
१३.२ अध्ययनको उद्देश्य १५९
१३.३ अध्ययनको सीमा १५९
१३.४ अनुसन्धानको औचित्य १६०
१३.५ सम्वन्धित साहित्यको अध्ययन १६१
१३.६ अध्ययन विधि १६४
१३.६.१ अध्ययनको स्वरूप १६४
१३.६.२ अध्ययनको लागि छनोट गरिएका नमुना १६५
१३.६.३ तथ्याङ्क सङ्कलन १६५
१३.६.४ तथ्याङ्क तालिकीकरण १६६
१३.६.५ तथ्याङ्कको विश्लेषण १६६
१३.७ निष्कर्ष, सुझाव र सारांश १६६
१३.७.१ निष्कर्ष १६६
१३.७.२. सुझावहरू १६९
१३.७.३ सारांश १७१
सन्दर्भ सामग्री १७४
प्रश्नहरू परीक्षामा सोधिएका प्रश्नहरू १७६-१८६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

एकाइ एक

१. सामाजिक अध्ययनको परिचय (INTRODUCTION TO SOCIALSTUDIES)

१.१ सामाजिक अध्ययनको परिभाषा, क्षेत्र र महत्त्व (DEFINITION, SCOPE AND IMPORTANCE OF SOCIAL STUDIES)

१.१.१ परिभाषा (Definition)

वर्तमान विश्व वातावरणलाई अध्ययन गरेर आफ्नो व्यवहारमा परिवर्तन ल्याउन र समाजमा सुयोग्य नागरिक भएर जीवन निर्वाह गर्नको लागि मार्गनिर्देशनको काम सामाजिक अध्ययनले गर्दछ। आफ्नो आवश्यकताअनुसारको कार्ययोजनातर्जुमा गरी आफ्नो वातावरणमा समायोजन हुन सक्ने क्षमताको विकास यसले गर्दछ। समुदायमा शान्त स्वच्छ, वातावरणको सुसंगठन, संरक्षण र सम्वर्द्धन गरी मानवसम्बन्धलाई सुमधुर कायम गराउन सामाजिक अध्ययनको शिक्षण सुरु गरिएको हो। आज विश्व वातावरणमा असंख्य समस्याहरू देखा परेका छन्। ती विद्यमान समस्याको पहिचान गरी समाधानको लागि सामाजिक अध्ययन शिक्षाले एउटा कुशल, नैतिकवान, समाजसेवक, योग्य र सक्षम नागरिक तयार गर्ने काम गर्दछ। वर्तमान विश्व वातावरणमा हत्या, आतङ्क, लुटपाट, अन्धविश्वास, अहंकार, हाहाकार, कोलाहल, डर-त्रासले व्याप्त रहेको अवस्था छ। उक्त सामाजिक समस्या र विकृतिलाई डटेर समाधान गर्न सक्षम कुशल नागरिक तयार गर्ने कार्य सामाजिक शिक्षाको शिक्षणले पूरा गर्दछ। परिवर्तनशील समाजमा समयसापेक्ष मानव विकासले व्यवहारमा सुधार र परिवर्तन आउन नसके मानव समाजको नै कल्याण हुन नसक्ने देखिन्छ। समाजमा विद्यमान प्रौढहरूमा यो परिवर्तन आउन कठिन हुने हुनाले विद्यालयस्तरमा अध्ययन गर्ने साना कलिला वालबालिकाहरूलाई नै सामाजिक अध्ययन शिक्षाको माध्यमले मात्र उनीहरूको व्यवहारमा परिवर्तन ल्याउन सम्भव देखिएको हुँदा प्राथमिक विद्यालयवाटै सामाजिक अध्ययन शिक्षा अनिवार्य रूपमा शिक्षण गर्न पाठयक्रम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

पाठ्यपुस्तकको व्यवस्था गरिएको हो । मानिस शिक्षित भएर मात्र हुँदैन, उसमा सामाजिक भावना, समाजलाई व्यवहारले चिनाउँदछ । तसर्थ सबै विद्वान् वुद्धिमान् हुँदैनन् । सामाजिक अध्ययन शिक्षणको लक्ष्य केवल कोरा सिद्धान्तको ज्ञान गराउनु मात्र नभएर मानवको व्यावहारिक पक्षमा सामाजिक परिवर्तन ल्याउनु यसको प्रमुख लक्ष्य हुन आउँदछ ।

मानव जीवन सुचारूरूपले सञ्चालन गर्नको लागि सामाजिक अध्ययन शिक्षाले प्रमुख भूमिका निर्वाह गरेको पाइन्छ । वर्तमान अवस्थाको शिक्षार्जनले व्यक्तिमा केवल ज्ञान हासिल गर्नुमात्र नभएर समाजमा ठीक ढङ्गले सामाजिक व्यवहार गर्नु पनि हुन आउँदछ । तसर्थ भनिएको छ- "Facts feed attitudes and attitudes influences action" तथ्यले अभिवृत्ति र अभिवृत्तिले व्यवहारमा प्रभाव पारेको हुन्छ । तसर्थ सामाजिक अध्ययनले मानवलाई विचार र विवेकमा सक्षम बनाउने, आर्थिक कुशलता प्रदान गर्ने, मानव मात्रलाई सुमधुर सम्वन्ध स्थापित गराउने र नागरिक वोध गराउने भन्ने जस्ता विषयको जानकारी गराउँदछ । त्यसैले सामाजिक अध्ययन शिक्षाको केन्द्र नै मानिस कहलाउँछ । मानिसलाई मानिसमा हुनुपर्ने गुणको विकास गरी मानव बनाउने काम सामाजिक शिक्षाले गरेको हुन्छ । सामाजिक शिक्षालाई स्पष्ट पार्न विभिन्न विद्वानहरूले सामाजिक अध्ययनको परिभाषा निम्नअनुसार दिएकाछन् ।

एम. पी. मोफेटका अनुसार “सामाजिक अध्ययन ज्ञानको त्यो क्षेत्र हो, जसले युवकलाई आधुनिक सभ्यताको विकासको वारेमा वुझ्न सहयोग गर्दछ । यो प्राप्त गर्नका लागि उसले आफ्नो विषयवस्तु सामाजिक विज्ञानहरू र सामाजिक जीवनवाट प्राप्त गर्दछ"।

M.P.. Moffat, "Social studies may be condidered interm of knowledge drawn from the social scinces and contemporary life for instructional purpose in adding Youth to understand the growth modern civilization".

वर्तमान विश्व वातावरणलाई यथार्थरूपमा वुझ्नका लागि सामाजिक अध्ययनको अध्ययन र अध्यापनले मात्र सम्भव देखिन्छ । Binning and Binning ले यसरी परिभाषित गरेका छन् । “सामाजिक शिक्षाको विषयवस्तुद्वारा एउटा यस्तो आधार प्राप्त गर्न सकिन्छ । जसद्वारा हामी आफ्ना विद्यार्थी समक्ष आजको विश्वलाई सरल रूपमा स्पष्ट पार्न सक्दछौं । यसवाट विद्यालयमा निश्चित बानी र सीपको अनिवार्य प्रशिक्षण गर्न सकिन्छ साथै यस्ता अभिवृत्तिहरूका लागि प्रभावकारी सदस्यको रूपमा समाजमा प्रजातान्त्रिक उचित स्थान ग्रहण गर्न योग्य तुल्याउँछ" ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

(The materrials of the social studies provide the basic for making the world of today, Inteligible to the pupils for training them in certain skills and habits and for in calculating attitudes and ideals that will enable boys and girls to take their places as efficient and effective members of a democratic society)

त्यस्तै सामाजिक अध्ययन शिक्षाप्रति आधुनिक दृष्टिकोणको एउटा अंश यहाँ प्रस्तुत गरिएको छ ।

J.F. Forrester ले दिएको परिभाषा अनुसार- "सामाजिक अध्ययन शिक्षाको आधुनिक दृष्टिकोणको एउटा अंश हो जसको तात्पर्य तथ्यात्मक सूचनाहरूलाई संग्रह गर्नु वा एकीकृत गर्नुको सट्टा, मापदण्डहरू, अभिवृत्तिहरू तथा रुचिहरूको निमार्ण गर्नु हो "भनिएको छ । (Social studies are part of the modern approach to education, the aim of which is the formation of standard attitude ideas and interest rather then the accumulations of factual information).

सामाजिक अध्ययनले मानवलाई सामाजिक प्राणीका रूपमा अध्ययन गर्दछ । शैक्षिक अनुसन्धान विश्वकोशका अनुसार "सामाजिक अध्ययन त्यो अध्ययन हो, जसले मानव जीवनका रहनसहनको तरिका मूलभूत आवश्यकताहरू र क्रियाहरू तथा संस्थाहरूको बारेमा ज्ञान प्राप्त गर्दछ ।"

(Social studies are those studies that provide understanding of man's way of the basic needs of man the activities in which he engages to meet his needs and of the instiutions he has developed)

सामाजिक अध्ययन त्यो विषय हो जसमा मानव र समुदायको घनिष्ट सम्बन्ध रहेको हुन्छ । तसर्थ यसमा मानवीय सम्बन्धको अध्ययन गरिन्छ । मानिसको समुदाय, संघ संस्थाहरू र राज्यहरूसँग पनि सम्वन्ध रहेको हुन्छ । Lewnstein का अनुसार "सामाजिक अध्ययनले आफ्नो लागि बसोबास गर्ने मानवको, भूत, वर्तमान र भविष्यको रहनसहनको तौर तरिकाको बारेमा पनि अध्ययन गराउँछ । सामाजिक अध्ययन सामाजिक विज्ञानका विषयहरूबाट लिइएको विषय हो, जुन मुख्यरूपंमा मानव, मानवीय व्यवहार र संस्थाहरूसँग सम्बन्धित छ"

(Social studies deals with the main way of man living with his fellowman in the past, the present, and the future, it is subject content taken form the social sciences dealing primarily with human behaviour and human instututions)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सामाजिक शिक्षालाई डब्लु. एच. ग्रिफिन (W.H. Griffin) ले भनेका छन् सामाजिक अध्ययन छुट्टै विषय होइन। यो एउटा अध्ययन क्षेत्र हो, जस्ले मानिस मानिसहरूसँगको सम्वन्ध र वातावरणवारे अध्ययन गराउँछ।

वस्ले एन्ड रङ्की (Wesley and Wronski) का अनुसार-सामाजिक अध्ययन एउटा क्षेत्र हो जुन सामाजिक विज्ञानहरूमाथि आधारित छ। यसले मुख्य रूपमा मानवीय सम्बन्धको अध्ययन गराउँछ।

(Social studies is an area of the curriculum adopted on the social sciences dealing mainly with human relationship)

उपर्युक्त परिभाषाबाट यो स्पष्ट हुन्छ कि सामाजिक अध्ययन क्षेत्रको केन्द्रबिन्दु मानिस हो। तसर्थ सामाजिक अध्ययनले मानव र समुदायसँगको सम्वन्ध वा मानव र मानवबीचको सम्वन्ध, मानव र उसको क्रियाकलाप आदि विषयमा गहन अध्ययन गर्दछ। सामाजिक अध्ययनका विद्वानहरूले सामाजिक अध्ययनको बेग्लाबेग्लै परिभाषा दिए पनि, मूल तात्पर्य एउटै भएको हुनाले मानवलाई समुदायको एउटा सदस्यको रूपमा लिएर अध्ययन गरिन्छ। यसले व्यक्ति, व्यक्ति र समाजवीचको पनि अध्ययन गर्दछ। समुदायको एउटा व्यक्तिले समाजलाई नै सही दिशा निर्देशन गरी समाजको चौतर्फी विकासमा ठूलो योगदान पुऱ्याएको हुन्छ। जसको फलस्वरूप समुदायमा रहनको लागि योग्य कहलाउँछ। यसरी समुदायको विकासमा व्यक्तिको भूमिका रहेको हुन्छ भने एउटा असल समुदायले असल व्यक्तित्व विकास गर्न सहयोग पुऱ्याएको हुन्छ। सामाजिक अध्ययनमा मानवीय जालोसँग सम्वन्ध Web of human relationship को अध्ययन गरिन्छ। यसको अर्थ सामाजिक अध्ययन मानवीय जालोसँग सम्बन्धित छ।

१.१.२. सामाजिक अध्ययनको क्षेत्र (Scope of social studies)

सामाजिक अध्ययन शिक्षामा सामाजिक विज्ञानका विभिन्न विधाहरूवाट आवश्यकताअनुसार महत्त्वपूर्ण सारसंक्षेप छनोट गरेर जम्मा गरी सामाजिक शिक्षामा समावेश गरी, यसलाई पूर्ण विषय बनाउन प्रयास गरिएको छ। तर सामाजिक शिक्षामा विभिन्न सामाजिक विज्ञानका विषयहरूको सारसंक्षेप संकलन गरी तयार पारेर मात्र सामाजिक शिक्षा पूर्ण विषय हुन सक्दैन। यसलाई पूर्णता दिलाउनको लागि समय-समयमा विश्व वातावरणमा र समुदायमा घटेका विभिन्न घटनाहरू समुदाय र राष्ट्रमा आएका परिवर्तनहरू, सामाजिक समस्या र समाधानका उपायहरू समसामयिक विषयहरूलाई पनि यसमा समावेश गरिएको हुन्छ। सामाजिक अध्ययन वास्तवमा मानवसमुदाय र मानव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

क्रियाकलापबारे गरिने अध्ययन हो । आधुनिक समाजको विकाश र सामाजिक जटिलताका वारेमा प्रत्येक समुदायमा बसोबास गर्ने, प्रत्येक व्यक्तिलाई ज्ञान हुनु नितान्त आवश्यक हुन आउँछ । तसर्थ भविष्यको सामाजको लागि असल, कुशल, समाजोपयोगी नागरिक उत्पादन गर्ने लक्ष्य राखी उचित विषयवस्तु समेटेर सामाजिक ज्ञान र सीप उपलब्ध गराउनको लागि सामाजिक अध्ययनको पाठ्यक्रम र पाठ्यपुस्तक तर्जुमा गरिएको हो । समाजिक अध्ययन शिक्षण कार्यक्रमद्वारा दिइने सम्पूर्ण व्यापकता, यसको सिकाइ प्रकार र अनुभव नै यसका क्षेत्रभित्र पर्न आउँछन् । बालबालिकालाई भविष्यको एउटा समाजको कुशल नागरिक बनाउनको लागि विभिन्न आवश्यक सिकाइ सामग्रीको प्रयोग गरिएको हुन्छ । जसको अध्ययनले भविष्यको समाजलाई सही दिशातिर निर्देशित गर्न सकोस् ।

मानिस एउटा सामाजिक प्राणी भएकोले सामाजको अध्ययन, समाजको लागि समाजबाटै हुनु नितान्त आवश्यक हुन आउँछ । समुदायमा बस्ने एउटा व्यक्तिको लागि घरपरिवार, समाज, राष्ट्र र विश्वको बारेमा साधारण ज्ञानार्जन गर्नु सामाजिक जीवन बिताउनका लागि नभई नहुने विषयवस्तु हुन आउँछ । समाजको परिवर्तन व्यक्तिबाट हुने भएकोले समुदायमा बसोबास गर्ने व्यक्तिमा सिर्जना र संरक्षणको भावना हुनुपर्दछ । आफ्नो सामाजिक वातावरणलाई बुझी, समाजको सकारात्मक परिवर्तनका लागि प्रभावकारी भूमिका निर्वाह गर्न प्रत्येक व्यक्तिलाई सामाजिक अध्ययनको शिक्षणले सबल र सक्षम बनाउँछ । जसको लक्ष्य सामाजिक विज्ञानका विषयहरूको शिक्षण र अध्ययनवाट पूरा हुन सक्तैन । यसको लक्ष्य र क्षेत्र पूरा गर्नको लागि सामाजिक अध्ययनकै शिक्षण र अध्ययनबाट पूरा हुन सक्छ । तसर्थ सामाजिक अध्ययनको क्षेत्रलाई यहाँ यसरी स्पष्ट पार्ने काम गरिएको छ ।

१. **सामाजिकीकरण** :- बालबालिकालाई सामाजिकीकरण गर्न, भूगोल, इतिहास, अर्थशास्त्र, राजनीतिशास्त्र मानवशास्त्र, समाजशास्त्र, दर्शनशास्त्र, मनोविज्ञान र संस्कृतिजस्ता विषयहरूको शिक्षणले मात्र यो पूरा नहुने हुनाले, यी विषयहरूको आवश्यक तत्त्वहरू झिकी बालबालिकाहरूको रुची क्षमता, आवश्यकता र स्तरअनुसारका विषयवस्तु समावेश गरिएको हुन्छ । जुन विषयहरूको समावेशले वालवालिकाको अनुभवलाई पनि समेटिने हुनाले त्यसैको आधारमा प्रत्येक सिकारु सजिलैसँग सामाजिकीकृत हुन सक्छन् ।

२. **व्यक्तित्त्व निर्माण** :- व्यक्तिलाई असल नागरिक बनाउने प्रयत्न व्यक्तिवाटै हुनुपर्दछ । "Begin with the individual" भन्ने नाराले सामाजिक अध्ययनमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

महत्त्वपूर्ण क्षेत्र ओगटेको छ। समाजमा बसोबास गर्ने प्रत्येक व्यक्तिलाई असल नागरिक बनाउन सामाजिक अध्ययन शिक्षणमा सुधार ल्याउनु आवश्यक छ। जसको अध्ययनले व्यक्तिको व्यक्तित्व निर्माण गर्न सहयोग पुऱ्याउँदछ।

३. **समुदायको सहभागिता** :- मानिस समुदायको एउटा सदस्य मात्र नभई घर, परिवार, विद्यालय, सामाजिक संघ, संस्थाको पनि सदस्य भएकाले आफू बसोबास गरेको समुदायमा आफूलाई समाजिकीकृत गर्दै गएको हुन्छ। त्यसैले ऊ उक्त समुदायको एउटा सक्षम, कुशल, इमानदार, निडर र जिम्मेवारीपूर्ण उत्तरदायित्व बहन गर्न सक्ने नागरिक कहलाउँछ।

४. **वृत्तविस्तार** :- बालक समुदायमा जन्मन्छ, बढ्छ हुर्कन्छ, ठूलो हुन्छ। उसको शारीरिक विकासको साथै मानसिक विकास पनि भइरहेको हुन्छ। बालकमा मानसिक विकास हुँदा सामाजिक ज्ञान क्षेत्रको पनि विस्तार हुँदै जान्छ। जसअनुसार घर, परिवार, समुदाय, गाउँ जिल्ला राष्ट्र र अन्तर्राष्ट्रिय क्षेत्रसम्मको ज्ञान आर्जन गर्दछ। यसरी प्रत्येक समुदायमा रहेका व्यक्तिका सामाजिक ज्ञानको क्षेत्र विस्तार हुँदै गएको हुन्छ।

५. **ज्ञानचक्र** :- सामाजिक शिक्षाले विभिन्न विषयहरूको साहित्य, कला, दर्शन, मनोविज्ञान, मानवशास्त्र, समाजशास्त्र, स्वास्थ्य, कृषि, व्यापार र धर्म, संस्कृतिहरूको अनुभव र ज्ञानलाई समेटेको हुन्छ। यी विषयहरू एक आपसमा सम्बन्धित छन् र व्यावहारिक पनि छन्। तसर्थ यी माथि उल्लेख गरिएकै विषयहरूको ज्ञान चक्रको गहिरो समुद्रमा डुबुल्की मारी मोती निकाल्ने काम सामाजिक अध्ययन शिक्षाले गर्दछ। सामाजिक विज्ञानका विषयहरूलाई छानेर छुट्टै किसिमले गहन अध्ययन गरी प्रत्येक विषयका आवश्यक तत्त्वहरू झिकी तिनीहरूको संकलनबाट एउटा छुट्टै सामाजिक अध्ययनको क्षेत्र तयार गरिएको छ।

सामाजिक अध्ययनको क्षेत्रलाई छोटकरीमा यसरी उल्लेख गर्न सकिन्छ।

१. मानव र मानवीय सम्बन्धको अध्ययन।
२. प्राकृतिक र सामाजिक विज्ञानको अध्ययन।
३. व्यावहारिक विज्ञानको अध्ययन।
४. विभिन्न समुदायसम्बन्धी अध्ययन।
५. समसामयिक र तात्कालिक घटनासम्बन्धी विषयहरूको अध्ययन।
६. नागरिक र नागरिकताको अध्ययन।
७. अन्तर्राष्ट्रिय सम्बन्धको अध्ययन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

८. अन्तर्सांस्कृतिक सम्बन्धको अध्ययन ।
९. आधुनिक समाजका समस्या र समाधानसम्वन्धी विषयको अध्ययन ।
१०. विवादास्पद घटनासम्बन्धी विषयको अध्ययन ।
११. सामाजिक र भौतिक वातावरणमा एक आपसको सम्वन्धको अध्ययन ।

१.१.३. सामाजिक अध्ययनको महत्त्व (importance of Social Studies)

समाजमा घटेका विभिन्न घटनाहरूको अनुभव र सामाजिक विज्ञानका विषयहरूको अध्ययनबाट आर्जन गरेको ज्ञान भएकाले उक्त ज्ञानलाई व्यवहारमा उतार्नु सामाजिक अध्ययनको महत्त्व हुन आउँछ। सामाजिक अध्ययन शिक्षण र अध्ययनपछि विद्यार्थीहरूमा आउने व्यावहारिक परिवर्तनले नै सामाजिक शिक्षाको महत्त्वले समुदायमा स्थान पाएको हुन्छ। सामाजिक अध्ययनको महत्त्व यसरी प्रस्तुत गरिएको छ ।

१. प्रेम, सहानुभूति र भ्रातृत्व :- सामाजिक अध्ययनले प्रत्येक मानवमा आपसी प्रेम, सहानुभूति र भ्रातृत्वको भावना विकास गर्दछ । समुदायमा रहने प्रत्येक व्यक्तिले आफ्नो समुदायमा आइपर्ने कुनै पनि व्यक्तिगत वा सामूहिक समस्यासमाधानका लागि तत्पर रहेको हुन्छ। समुदायको कुनै पनि सदस्यको सुखमा खुसी व्यक्त गर्न सक्ने र दु:खमा दु:ख व्यक्त गर्न सक्ने क्षमता प्रत्येक नागरिकमा विकास भयको हुन्छ। यो मानव मात्रको प्रगतिका लागि अति आवश्यक छ ।

२. मानव समाजको विकासको ज्ञान :- मानव समाज विकासको इतिहास थाहा पाउनको लागि मानव विकास क्रमको जानकारी हुनुपर्दछ। उक्त विकास क्रमहरू कहिले कुन उद्देश्यका लागि भएका थिए, त्यसको इतिहास क्रम थाहा हुनु आवश्यक पर्छ। सामाजिक अध्ययन विषयमा मानव समाजको विकास क्रमको इतिहासलाई श्रृङ्खलाबद्ध जानकारी भएपछि वर्तमान समाजको अध्ययन गर्न सजिलो पर्दछ ।

३. विश्व नागरिकता :- वर्तमान अवस्थामा मानव मात्रलाई विश्व नागरिकताको ज्ञान हुनु अति आवश्यक पर्दछ । राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संगठन र संस्थाको माध्यमवाट एउटा देशले अर्को देशसँग नजिकको सम्बन्ध राख्न चाहन्छ। जसले गर्दा सद्भाव, शान्ति र प्रगतिमा सहयोग पुग्दछ । तसर्थ एक देशको अन्य मुलुकसँग आर्थिक, सामाजिक, धार्मिक, राजनैतिक, सांस्कृतिक आदि कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग भएको पाइन्छ ।

४. विशाल दृष्टिकोण र सहिष्णुता :- यो प्रजातान्त्रिक युग भएको हुँदा कुनै पनि देशमा वसोवास गर्ने प्रत्येक उमेर पुगेका नागरिकहरूले नागरिकताको अधिकारमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

दावा गरेका हुन्छन् । साथै प्रत्येक नागरिकलाई आफ्नो देशको राजनैतिक, सामाजिक र आर्थिक कार्यमा सहभागी हुने अधिकार प्राप्त भएको हुन्छ । नेपाल विभिन्न जातजातिको फूलवारी हो । यहाँ बसोवास गर्ने प्रत्येक जात, जाति, धर्म संस्कृति, भाषा-भाषीको संरक्षण र विकास गर्ने सम्पूर्ण नेपालीको दायित्त्व हुन आउँछ । एक आपसमा मेलमिलाप गरी जीवनयापन गर्नु नै सहिष्णुताको भावनाको विकास हुनु हो । तसर्थ यहाँका प्रत्येक नागरिकमा सहिष्णुता र विशाल दृष्टिकोणको भावनाको विकास सामाजिक शिक्षाले गर्दछ । यी सम्पूर्ण विषयको भण्डार सामाजिक शिक्षा भएकोले यसको महत्त्व बढी भएको हो ।

५. **समाजोपयोगी नागरिक** :- बालबालिकालाई समाजोपयोगी नागरिक बनाउन सामाजिक शिक्षाले ठूलो भूमिका निर्वाह गरेको हुन्छ । व्यक्ति समाजमा कसरी समायोजन हुनसक्छ भन्ने वारेमा पनि यसैवाट ज्ञान र सीप प्राप्त गर्न सकिन्छ । सामाजिक अध्ययन शिक्षाले वालबालिकालाई समाजमा आफ्नो स्तर उच्च राख्न र आदर्श नागरिक वन्नका लागि आर्जन गर्नुपर्ने ज्ञान, सीप र महान् विचार पनि सामाजिक शिक्षाको अध्ययनवाट प्राप्त गर्न सकिन्छ । तसर्थ विद्यालय तहमा सामाजिक शिक्षाको महत्त्व वढी भएको हो ।

६. **सामाजिक र राजनैतिक क्षेत्रमा सक्रिय हुने क्षमता** :- सामाजिक अध्ययन शिक्षाको माध्यमवाट वालवालिकाले समाज सेवाको भावना र समुदायलाई सही दिशामा निर्देशन गर्ने र नेतृत्व दिने काममा पनि अग्रसर गराउँछ । त्यस्तै समाजमा आइपर्ने समस्यालाई सजिलैसँग समाधान गर्ने क्षमताको विकास पनि गराउँछ । यसको अध्ययनले वालवालिकामा आत्मनिर्णय गर्ने, धैर्यधारण गर्ने, अरूको कुरालाई पनि धीर भएर सुन्ने र सहमति वा असहमति जनाउन सक्ने क्षमताको विकास हुन्छ । यसले आफूमा आइपरेको उत्तरदायित्व जिम्मेवारी पूर्ण तरिकाले वहन गर्ने सीपको विकास गराउँछ । यसरी सामाजिक शिक्षाको महत्त्व रहेको छ ।

सामाजिक अध्ययनको महत्त्वलाई यसरी दुई भागमा वर्गीकरण गरिएको छ ।
क) (व्यक्तिगत) individual
ख) (सामाजिक) Social

क) **व्यक्तिगत दृष्टिकोण** :- यसअन्तर्गत सामाजिक अध्ययनलाई यसरी उल्लेख गरिएको छ ।

१. व्यक्तिको व्यक्तित्व विकास र चरित्र निर्माण ।
२. व्यक्तिको मानसिक मनोवैज्ञानिक र शारीरिक शक्तिको विकास ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

३. व्यावहारिक समस्या समाधान गर्न सक्षम ।
४. आफ्नो जीवन निर्वाहको लागि पेशाको छनोट गर्न सक्षम ।
५. उत्तरदायित्त्व वहन गर्न समर्थ ।
६. समुदायमा समायोजन हुने क्षमता ।
७. वातावरणलाई आफ्नो अनुकूलमा ल्याउने क्षमता ।
८. विश्व वातावरणलाई बुझेर काम गर्ने क्षमता ।

ख) **सामाजिक दृष्टिकोण** :- वर्तमान अवस्थामा सामाजिक दृष्टिकोणले यसको महत्त्व निम्नअनुसार रहेको छ ।

१. सामाजिक शिक्षाको अध्ययनले बालबालिकामा स्वच्छ भावनाको विकास गराउँछ ।
२. बालबालिकामा एक आपसमा सहयोगी भावनाको विकास गराउँछ ।
३. यसको अध्ययनले बालबालिकामा आफ्नो देश प्रेम र सद्भावको विकास गराउँछ ।
४. समुदायको सामाजिक प्रगतिका लागि मार्गदर्शन गर्ने काम गर्दछ ।
५. सामाजिक शिक्षाको अध्ययनले समाजलाई एकरूपतामा ल्याउन प्रयास गर्दछ ।
६ यसले समाजलाई सहिष्णुताको पाठ सिकाउँछ ।
७. यसले अन्तर्राष्ट्रिय सद्भावनाको विकास गर्न सहयोग गर्दछ ।
८. समाजमा सामाजिक जागरूकता ल्याउँछ ।
९. यसको अध्ययनले पूर्वाग्रही भावना हटाउने कार्यमा सहयोग पुऱ्याउँछ ।
१०. समाजमा घटेका विभिन्न घटनाहरूलाई अध्ययन गर्ने, चिन्तन गर्ने, समीक्षा गर्ने र अन्तिम निष्कर्षमा पुग्ने क्षमताको विकास गराउँछ ।

१.२ सामाजिक अध्ययनका लक्ष्य र उद्देश्यहरू (Aims and Objectives of Social Studies)

कुनै पनि कार्य थालिनु अगावै योजनाबद्ध तरिकाले त्यसको लक्ष्य पनि निर्धारण गरिएको हुनुपर्छ । लक्ष्य र उद्देश्य बिनाको कार्यमा सफलता प्राप्त गर्न कठिन पर्दछ । लक्ष्य बिनाको कार्यमा त्यसबाट कुन उपलब्धि हासिल गर्नुपर्ने हो थाहा हुदैन । उपलब्धि नै थाहा नभएको क.र्यले व्यक्तिलाई सफल बनाउन सक्दैन । तसर्थ कार्य गर्नु पहिले योजना तर्जुमा गर्ने र त्यसबाट प्राप्त हुनसक्ने लक्ष्य पनि निर्धारण गर्ने गर्नुपर्छ ।

B.D. Bhatia का अनुसार "लक्ष्य र ज्ञानको अभावमा शिक्षक त्यो *नाविक* समान हुन्छ, जसले आफ्नो साधनलाई जान्दैन र वालक दाविलो बिनाको डुङ्गा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

समान हुनजान्छ। जुन पानीको लहरको ठक्कर खाँदै कुनै किनारामा गएर ठोकिन्छ। यसरी कार्यमा लक्ष्य निर्धारण नभएको अवस्थामा वहाना विनाको डुङ्गा हुनजान्छ।" "Without the knowledge of aims, the educator is like a sailor, who does not know his goal and the child is like a tudderless vessel, which will be drifted along some where a shore." तसर्थ कार्य थालनी अगावै लक्ष्य निर्धारण भएको हुनुपर्छ।

१.२.१. सामाजिक अध्ययन शिक्षणको लक्ष्य (Aims of Teaching Social Studies)

सामाजिक अध्ययन शिक्षणपछि त्यसवाट प्राप्त गरिने उपलब्धिलाई नै त्यस विषय शिक्षण/अध्ययनको लक्ष्य भनिन्छ। यसलाई C.V. Good ले स्पष्ट पार्न प्रयास गरेका छन्। "लक्ष्य पूर्व निर्धारित साधन हुन्छ" जसले कुनै कार्यलाई मार्गदर्शन गर्दछ। प्रत्येक विषयको लक्ष्य सामान्य शिक्षाको लक्ष्यको आधारमा निर्धारण गरिएको हुन्छ। सामाजिक अध्ययन शिक्षणले मानव सांस्कृतिक र नागरिक उद्देश्यहरू पूरा गर्ने लक्ष्य लिएको हुन्छ। यसका लक्ष्यहरू निम्नअनुसार निर्धारण गरिएको छ।

असल नागरिक (Good Citizen)

सामाजिक अध्ययन शिक्षाको मूल लक्ष्य एउटा असल नागरिक उत्पादन गर्नु हुन्छ। John Jarolimek ले यसलाई यसरी स्पष्ट पार्न प्रयास गरेका छन्। असल नागरिकमा सधैं आदर्शता रहेको हुन्छ। समाज र राष्ट्रले एउटा असल नागरिकवाट धेरै भन्दा धेरै उपलब्धि प्राप्त गर्ने आशा राखेको हुन्छ। असल नागरिकमा निम्न अनुसारका गुण हुनुपर्दछ।

१. समस्या समाधानको लागि पर्याप्त ज्ञान र सीप।
२. प्रभावकारी आर्थिक जीवनको लागि तत्परता।
३. परिवर्तित विश्वमा प्रभावकारी जीवनका लागि महत्त्वपूर्ण निर्णय गर्न सक्ने क्षमता।
४. प्रजातान्त्रिक सिद्धान्तलाई मनन गरी दैनिक जीवनमा त्यसको उपयोग।
५. मानवको आवश्यकता, आकांक्षा र सद्भावनाप्रति संवेदनशील रहने।
६. सवै व्यक्तिका वैयक्तिक स्वतन्त्रता र समानताको सिद्धान्तमा निहित रहने।
७. जीवनमा नयाँ कार्यको तथ्य तथ्याङ्क, सूचना, विचार र विवेकको पहिचान गर्ने र ग्रहण गर्ने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

८. आफ्नो देशले प्राप्त गरेको उपलब्धिमा गौरव गर्ने ।
९. विज्ञानले गरेको प्रगति र उन्नतिप्रति समर्थ नगर्ने र सजग रहने ।
१०. बहुमतको कदर गर्न सक्ने ।
११. कुनै पनि निर्णयमा सामूहिक उत्तरदायित्व स्वीकार गर्ने ।

- सामाजिक समस्याको ज्ञान (Knowledge of Social Problem)

बालबालिकाहरूलाई आफ्नो भौतिक र सामाजिक वातावरणले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । जसको प्रभाव बालवालिकाको मस्तिष्कमा पर्न गई उसको व्यवहारमा पनि परिवर्तन आउँछ । भौतिक वातावरणले बालवालिकाको रहन-सहन, खान-पान, भेषभूषा, बोलीचाली र व्यवसायमा प्रभाव पार्दछ भने सामाजिक वातावरणले सामाजिक प्राणीमा हुनुपर्ने गुणको विकास गरी मानवलाई गुणवान मानव तुल्याई समुदायमा रहन योग्य बनाउँछ । यसरी सामाजिक शिक्षाको अध्ययनले एउटा बालकलाई राष्ट्रको कुशल उपयोगी नागरिक वनाउने कार्यमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

- सामाजिक चरित्रको विकास (Development of Social Character)

मानिस एउटा सामाजिक प्राणी हो । उसको सम्पूर्ण विकास समाजवाटै हुन्छ । पहिले ऊ समाजमा जन्मन्छ, बढ्छ र सामाजिक सीप हासिल गर्दछ । सामाजिक अध्ययन सामाजिक विज्ञान भएकाले यसको मूल लक्ष्य बालकलाई सामाजिकीकरण गर्नु हो ।

वालवालिकाहरूको व्यवहारमा सकारात्मक परिवर्तन ल्याउनु, सामूहिक सामाजिक विज्ञानअन्तर्गत पर्दछन् । सामाजिक अध्ययनको प्रमुख लक्ष्य वालवालिकाहरूमा सामाजिक भावनाको विकास गराउनु हो । उनीहरूमा आफ्नो जिम्मेवारी वहन गर्न सक्ने क्षमताको विकास गराउनेजस्ता कार्यवाट नै सामाजिक चरित्रको विकास हुन आउँछ ।

- विभिन्न अभिवृत्ति तथा सीपको विकास (Development of Diffeent skills and Attitudes):-

सामाजिक अध्ययनको प्रमुख लक्ष्य बालबालिकाहरूमा विभिन्न सामाजिक सीप र अभिवृत्तिको विकास गराउनुहुन्छ । यसले समुदायमा विद्यमान जात, जाति, भाषा, धर्म, संस्कृति र रहनसहनको बारेमा अवलोकन, चिन्तन, मनन र अध्ययन गरी प्रत्येकले त्यसप्रतिको आफ्नो धारणा व्यक्त गर्न सक्नेछन् । वालवालिकाहरूमा सूचना तथा तथ्याङ्क संकलन गर्ने र त्यसलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

आवश्यकताअनुसार प्रस्तुत गर्ने रुचि र सीपको विकास गराउँछ ।

- **अन्तरनिर्भरताको भावनाको विकास (Development of the feeling of interdependenc):-**

सामाजिक शिक्षाको अध्ययन/अध्यापनवाट वालवालिकाहरूकमा भौतिक एवं सामाजिक वातावरणमा एक अर्कासँग राम्रो सम्वन्ध स्थापित गरिरहनुपर्छ भन्ने कुराको ज्ञान र सीप प्रदान गर्दछ । तर वर्तमान अवस्थामा विश्वमा कुनै पनि मुलुक आत्मनिर्भर हुन सकिराखेका देखिँदैनन् । यस्तो अवस्थामा सामाजिक शिक्षाले बालवालिकाहरूमा पहिले स्वयं आफैँ आत्मनिर्भर हुनुपर्दछ र त्यसपछि राष्ट्रलाई पनि आत्मनिर्भर वनाउने प्रयासमा लाग्नुपर्छ भन्ने कुराको भावनात्मक विकास गराउँछ ।

- **अन्तर्राष्ट्रिय र समझदारीको विकास (Development of international understanding):-**

सामाजिक अध्ययन शिक्षणको अर्को महत्त्वपूर्ण लक्ष्य अन्तर्राष्ट्रिय सद्भावको विकास गराउनु हो । यसले मानवीय सम्वन्धको व्याख्या र विश्लेषण गर्नुका साथै आफ्नैपनको विकास गराउँछ । यसको अभावमा आजको तनावपूर्ण विश्वमा शान्ति स्थापित गर्न कठिन देखिन्छ । तसर्थ सामाजिक शिक्षाको व्यापक अध्ययनले विश्व वातावरणमा देखिएको हत्या, हिंसा आतङ्क, र भयव्याप्त वातावरणलाई शान्त गर्ने कार्यमा ठूलो सहयोग प्रदान गर्दछ ।

- **आफ्नो भावनाको विकास (Development of sense of Belongingness):-**

सामाजिक अध्ययन शिक्षणको मूल लक्ष्य वालवालिकाहरूमा आफ्नोपनको विकास गराउनु हो । सामाजिक वातावरणले बालवालिकाहरूमा विभिन्न मानवीय सम्बन्ध स्थापित गरेको हुन्छ । त्यसैको अनुभवको आधारमा उनीहरूमा आफ्नो इच्छाअनुसारको ज्ञान र सीपको विकास गर्ने अवसर प्राप्त हुन्छ । जुन अनुभव प्राप्त हुन्छ, त्यसलाई व्यवहारमा प्रस्तुत गर्दछ, त्यही अनुभव बालकमा विकास हुन्छ । बालकले समुदायमा गरेको अनुभवलाई स्वतन्त्र रूपले विकास हुन दिनुपर्छ , समुदायले अनावश्यक दबाब दिनुहुँदैन र गलत वाटो हिंडनबाट बचाउनु पनि समुदायको प्रमुख दायित्व हुन आउँदछ ।

- **वर्तमानलाई स्पष्ट पार्नु (To explain the Present):-**

सामाजिक अध्ययन शिक्षा शिक्षणको प्रमुख लक्ष्य वर्तमान घटनाक्रमको अवस्थालाई स्पष्ट पार्नु हुन आउँछ । तसर्थ भनिन्छ सामाजिक अध्ययनको प्रमुख लक्ष्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

वर्तमान समस्याको उत्तम समझदारी प्राप्त गर्नु हो । The main aim of social studies is to give a better understanding of present problems सामाजिक अध्ययनको लक्ष्य यस्तो स्पष्ट र व्यापक रहेको छ ।

१.२.२. सामाजिक अध्ययन शिक्षणका उद्देश्यहरु (Objectives of Teaching Social Studies)

प्रत्येक विषय शिक्षणमा निश्चित उद्देश्यहरू रहेका हुन्छन् । सामाजिक अध्ययन विषय शिक्षणमा पनि आफ्नै किसिमका उद्देश्यहरू रहेका छन । यसको मूल उद्देश्य विद्यालयका सम्पूर्ण बालवालिकाहरूलाई सामाजिकी र मानवीकरण गर्दै लैजानु हो । यसको शिक्षण र अध्ययनले, बालबालिकालाई विद्यालयस्तरबाटै सामाजिक जीवन पद्धति, मूल्य मान्यता, आदर्श, मानवता, सहयोगी भावना, जस्ता विषयमा अग्रसर गराउँछ । यसको अध्ययनले बालबालिकालाई आवश्यक ज्ञान, सीप, धारणा, दक्षता र चरित्रनिर्माण गर्ने कार्यमा टेवा पुऱ्याउने काम गर्दछ । तसर्थ यसका आवश्यक केही आधारभूत बुँदाहरूलाई सामाजिक अध्ययन शिक्षामा तह र विद्यार्थीहरूको स्तर हेरी समावेश गरिएको छ । यस किसिमका गहन उद्देश्यलाई प्राप्त गर्न विद्यालय तहमा शिक्षकहरूले शिक्षण कार्य गर्दा विषयलाई टुक्रा-टुक्रा बनाएर शिक्षण गरी विषयको ज्ञान र सीपका माध्यमवाट विद्यार्थीहरूको व्यवहारमा चाहेको परिवर्तन ल्याउन प्रयास गरिएको हुन्छ । जुन विद्यार्थीद्वारा प्राप्त अनुभवको परिमाण हुन आउँछ । विद्यालयमा शिक्षण गर्दा सामाजिक शिक्षाका निर्धारित उद्देश्यहरू बढी व्यावहारिक हुन्छन् । यस्ता किसिमका उद्देश्यहरू पूरा गर्ने दायित्व शिक्षकहरूमा नै निर्भर रहन्छ ।

C.V. Good का अनुसार- *"उद्देश्य विद्यार्थीहरूको व्यवहारमा इच्छाहरूको परिवर्तन हो । जुन विद्यालय पथ प्रदर्शित अनुभवको परिणाम हुन्छ ।"*

विषयको प्रकृतिअनुसार, सामाजिक अध्ययन शिक्षाका उद्देश्यहरू व्यापक भएको पाइन्छ । तापनि यसका केही उद्देश्यहरू छोटकरीमा प्रस्तुत गरिएको छ

१. प्राकृतिक सम्पदाको संरक्षण र संवर्द्धन गर्नु ।
२. आवश्यकताअनुसार वस्तुहरूको उत्पादन उपयोग र उपभोग गर्नु ।
३. भौगोलिक वातावरणसँग परिचित हुनु ।
४. मानव र वातावरणसँग परिचित हुनु ।
५. मानव र वातावरणवीचको अन्तःसम्बन्धको पहिचान गर्नु ।
७. मूल्य-मान्यता र संस्कृतिलाई वचाउन प्रयास गर्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

८. आफ्नो संस्कृतिलाई हस्तान्तरण गर्ने परम्पराको विकास गर्नु ।
९. सिर्जनशील र उत्तरदायी नागरिकमा हुने गुणको विकास हुनु ।
१०. सकारात्मक भावनाको विकास गर्नुको साथै व्यवहारमा उतार्न प्रयासरत रहनु ।
११. व्यक्ति र समुदायमा सहानुभूतिपूर्ण व्यवहार गर्नु ।
१२. अन्तर्राष्ट्रिय समझदारीयुक्त भावनाको विकास गर्नु ।
१३. लोकतन्त्रमा आस्थावान् रहनु ।
१४. सहिष्णुताको भावना हुनु ।
१५. सहकारिताको भावनाका साथै त्यसलाई व्यवहारमा उतार्न प्रयासरत रहनु ।
१६. प्रजातान्त्रिक हिसावले जीवन निर्वाह गर्नु ।

१.२.३. लक्ष्य र उद्देश्यमा फरक (Difference between aims and objectives)

लक्ष्यहरू Aims	उद्देश्यहरू Objectives
१. लक्ष्यको क्षेत्र व्यापक हुन्छ ।	१. उद्देश्यले सीमित क्षेत्र ओगटेको हुन्छ ।
२. लक्ष्य एक सामान्य कथन हो ।	२. उद्देश्य एक निश्चित कथन हो ।
३. लक्ष्य प्राप्त गर्नका लागि सम्पूर्ण विद्यालयको कार्यक्रममा समाज तथा राष्ट्र उत्तरदायी हुन्छ ।	३. उद्देश्य छोटो हुन्छ । यसलाई प्राप्त गर्ने दायित्व शिक्षक र विषयवस्तुमा निर्भर रहन्छ ।
४. लक्ष्य आदर्शवादी हुन्छ । यसको पूर्णता प्राप्त गर्न कठिन हुन्छ ।	४. उद्देश्य प्राप्त गर्न सजिलो हुन्छ किनकि यसले व्यावहारिक पक्षलाई समेटेको हुन्छ ।
५. लक्ष्य प्राप्त गर्न धेरै समय लाग्छ ।	५. उद्देश्य पूरा गर्न बढी समय लाग्दैन ।
६. लक्ष्य ज्यादै vague हुन्छ ।	६. उद्देश्य विशिष्ट (specific) हुन्छ ।
७. यो Teaching strategy निर्माण गर्न सहायक हुँदैन ।	७. यो Teaching strategy निर्माण सहायक हुन्छ ।
८. यसमा Learner लाई स्पष्ट निर्देशित गरेको हुँदैन ।	८. यसले learner लाई स्पष्ट निर्देशित गर्छ ।

यसरी सामाजिक अध्ययन शिक्षामा लक्ष्य र उद्देश्य हेर्दा उस्तै देखिए पनि फरक रहेको पाइन्छ । वास्तवमा लक्ष्य एउटा दीर्घकालीन योजना हो र यसलाई पूरा गर्न धेरै समय लाग्छ भने उद्देश्य छोटो अवधिमा पूरा गर्न सकिने कार्य हो । उद्देश्यलाई कक्षाकोठामा पूरा गर्न पनि सकिन्छ । कतिपय उद्देश्यहरू एउटै कक्षाको एउटै पिरियडमा पनि पूरा गर्न सकिन्छ । तर लक्ष्यलाई त्यसरी पूरा गर्न सकिँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

१.३. सामाजिक अध्ययन र सामाजिक विज्ञान साथै सामाजिक शिक्षा र सामाजिक अध्ययन शिक्षामा फरक (Difference of social Studies from Social Sciences, social Education and social studies Education):-

१.३.१. सामाजिक अध्ययन र सामाजिक विज्ञानमा फरक (Difference between Social studies and Social Sciences)

सामाजिक अध्ययन र सामाजिक विज्ञान वाह्यरूपमा एकै देखिए पनि ती दुईमा व्यापक भिन्नता पाइन्छ । दुवै विषयले मानव सम्बन्धको बारेमा अध्ययन गर्दछन् । सामाजिक विज्ञानले मानवसम्बन्धको उच्च अध्ययन गर्छ भने सामाजिक अध्ययनले विद्यालयस्तरीय आवश्यकता पूरा गर्दछ । सामाजिक विज्ञानले उच्च अनुसन्धान र खोजी गर्ने काम पनि गर्दछ । सामाजिक विज्ञानका विषयहरूमा भूगोल, इतिहास, अर्थशास्त्र राजनीतिशास्त्र, समाजशास्त्र, मानवशास्त्र, न्यायशास्त्र, दर्शनशास्त्र र मनोविज्ञान जस्ता विषय पर्दछन् । उल्लिखित विषयहरूले मानवीय सम्बन्धको व्यवस्थित तथा प्रमाणित लेख र अनुसन्धान प्रस्तुत गर्दछन् । जसले वर्तमान विश्वको सामाजिक समस्या र समाधानका उपायहरू पनि प्रस्तुत गरेको हुन्छ । सामाजिक अध्ययन सामान्यतया सामाजिक विज्ञानका आवश्यक प्रारम्भिक विषयहरूको छनोट गरी तयार गरिएको विषय हो । सामाजिक अध्ययन सामाजिक विज्ञानका विषयहरूको सँगालो मात्र नभई यसमा वर्तमान समाजमा देखा परेका विभिन्न समस्याहरूको निराकरण गर्ने उपायहरू पनि समावेश गरिन्छ । सामाजिक अध्ययन र सामाजिक विज्ञानका विषयमा निम्नअनुसार फरक रहेको पाइन्छ ।

सामाजिक विज्ञान (Social Science)	सामाजिक अध्ययन (Social Studies)
१. सामाजिक विज्ञानको क्षेत्र ठूलो हुन्छ ।	१. सामाजिक अध्ययनको क्षेत्र सीमित र संकुचित हुन्छ ।
२. सामाजिक विज्ञान माथिल्लो तहका विद्यार्थीका लागि तयार पारिएको विषय हो ।	२. सामाजिक अध्ययन विद्यालय तहका बालबालिकाका लागि तयार पारिएको विषय हो ।
३. सामाजिक विज्ञानको बौद्धिक स्तर उच्च रहेको हुन्छ ।	३. सामाजिक अध्ययनको बौद्धिकस्तर न्यून रहेको हुन्छ ।
४. सामाजिक विज्ञान विद्यार्थीका लागि तयार गरिएको विषय हो ।	४. सामाजिक अध्ययन शिक्षकका लागि तयार गरिएको कार्यक्रम हो ।
५. सामाजिक विज्ञानका विषयहरूमा आफ्नै स्वरूप हुन्छन् ।	५. सामाजिक अध्ययनमा सामाजिक विज्ञानका विषयको सँगालो भएको हुँदा आफ्नो स्वरूप हुँदैन ।
६. सामाजिक विज्ञान विद्वत्तापूर्ण हुन्छ ।	६. सामाजिक अध्ययन शिक्षणका लागि तयार पारिएको हुन्छ ।
७. सामाजिक विज्ञानका विषयहरू आफैँमा पूर्ण छन् ।	७. सामाजिक अध्ययन सामाजिक विज्ञानका विषयहरूको मूलतत्त्व निकाली तयार गरिएको विषय हो ।
८. सामाजिक विज्ञानको मूल तत्त्व सधैँ एउटै हुन्छ । परिवर्तन हुँदैन ।	८. सामजिक अध्ययन निश्चित कार्यक्रमका लागि तयार पारिएको हुन्छ ।
९. सामाजिक विज्ञानले Adult approach अंगालेको हुन्छ ।	९. सामाजिक अध्ययन Child centre मा रहेको हुन्छ ।
१०. सामाजिक विज्ञानले ज्ञानमा जोड दिन्छ ।	१०. यसले कार्यक्रम र सीपमूलक पक्षलाई जोड दिन्छ ।
११. सामाजिक विज्ञानले विषय विशेषज्ञ र विद्वान तयार गर्दछ ।	११ यसले समाज र राष्ट्रका लागि सीपयुक्त नागरिक तयार गर्ने काम गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

यसबाट स्पष्ट हुन्छ कि सामजिक अध्ययनले सामाजिक विज्ञानका विषयहरूलाई आवश्यकताअनुसार जम्मा गरी आफ्नो सामाजिक अध्ययन विषयको स्वरूप तयार गर्दछ । तसर्थ सामाजिक अध्ययन नै सामाजिक विज्ञान हो । त्यसलाई निर्देशनात्मक अभिप्रायले सरलीकृत तथा पुनः संगठित सामाजिक विज्ञान हो । तसर्थ सामाजिक, विज्ञान र सामाजिक अध्ययनमा दार्शनिक सैद्धान्तिक अन्तर पाइँदैन । तर व्यवहार र सुविधाका दृष्टिले व्यापक अन्तर पाइन्छ ।

१.३.२ सामाजिक अध्ययन शिक्षा र सामजिक शिक्षामा फरक (Differences between Social Studies Eduction and Social Education)

सामाजिक अध्ययन शिक्षा भनेको आवश्यकताअनुसार सामाजिक विज्ञानका विभिन्न विषयहरूको मूल तत्त्व समेटी विद्यालयस्तरको पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेश गरिएको विषय हो । यसमा सामाजिक विज्ञानका विषयहरूको सार संक्षेप मात्र नभई वर्तमान विश्वमा घटेका विभिन्न घटनाक्रमहरूलाई समेत समावेश गरिन्छ । त्यस्तै समाजमा देखा परेका विभिन्न समस्या र विकृतिहरूलाई अध्ययन गरी समाधान गर्ने उपायहरू पनि समावेश गरिन्छ ।

सामाजिक शिक्षा यसरी तयार गरिएको पाठ्यक्रम र पाठ्यपुस्तकको अलावा विभिन्न सञ्चारका माध्यम, पत्रपत्रिका, सेमिनार गोष्ठी, सभा/सम्मेलन आदिबाट अनौपचारिक रूपमा प्राप्त गरिने शिक्षा पनि हो । यस किसिमको शिक्षा समाजमा रहने नागरिकहरूले सधैं प्राप्त गरिरहेका हुन्छन् । फलस्वरूप उसले विश्व परिवेश बुझी समाजमा कुशल नागरिक भएर जीवन निर्वाह गर्न सक्षम हुन्छ ।

सामाजिक अध्ययन शिक्षा (Social Studies Education)	सामाजिक शिक्षा (Social Education)
१. सामाजिक अध्ययन शिक्षा सु-संगठित पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित हुन्छ ।	१. सामाजिक शिक्षालाई पाठ्यक्रम र पाठ्यपुस्तकमा संगठित गरिएको हुँदैन ।
२. औपचारिक रूपमा शिक्षार्जन गरिन्छ ।	२. अनौपचारिक रूपमा शिक्षार्जन गरिन्छ ।
३. पाठ्यपुस्तकलाई प्रमुख स्रोतका रूपमा लिइन्छ ।	३. समुदाय र सञ्चारका माध्यमलाई प्रमुख स्रोतका रूपमा लिइन्छ ।
४. सामाजिक अध्ययन सामाग्रीको स्तर निर्धारण गरिएको हुन्छ ।	४. स्तर निर्धारण गरिएको हुँदैन ।
५. यो सामाजिक विज्ञानका विषयप्रति बढी केन्द्रित हुन्छ ।	५. यो समुदाय र समसामयिक घटनाप्रति केन्द्रित हुन्छ ।
६. यसमा विषय, उद्देश्य, विधिजस्ता विषयहरूको उल्लेख गरिएको हुन्छ ।	६. यसमा विषय, उद्देश्य र विधिहरूको उल्लेख गरिएको हुँदैन ।
७. यो निश्चित समयका लागि कार्यक्रमका रूपमा ल्याइएको हुन्छ ।	७. यो अनौपचारिक रूपमा सधै चलिरहन्छ ।
८. शिक्षण कार्य गर्ने शिक्षकलाई सामाजिक अध्ययन शिक्षण सम्बन्धमा तालिम दिने गरिन्छ ।	८. यसले मानवलाई सामाजीकरण गर्ने सम्बन्धमा प्रमुख भूमिका निर्वाह गरेको हुन्छ ।
९. यो विषयसँग सम्बन्धित हुन्छ ।	९. यसमा समाजका सामाजिक क्रियाकलाप अनौपचारिक रूपमा ग्रहण गर्ने काम हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

१.४ सामाजिक अध्ययन र विद्यालयका अरू विषयसँगको सम्बन्ध (Relation of Social Studies with other School Subjects)

विद्यालयमा शिक्षण गरिने सामाजिक विज्ञानका विषयसँग मात्र घनिष्ट सम्बन्ध नभएर अरू विषयसँग पनि सम्बन्ध रहेको हुन्छ। विद्यालयमा अध्ययन अध्यापन गरिने विषयहरू, अनिवार्य र ऐच्छिक कुनै पनि विषयसँग यसको राम्रो सम्बन्ध रहेको हुन्छ। अंग्रेजी, नेपाली, हिन्दी र अन्य भाषाका विषयमा त्यैं भाषाका माध्यमले मात्र सामाजिक शिक्षा विकास भएको हुन्छ। त्यस्तै गरी विज्ञान, कला, कृषि, वातावरणजस्ता विषयहरूले पनि सामाजिक शिक्षालाई प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुऱ्याइरहेका हुन्छन्।

१) भाषा विषयसँगको सम्बन्ध :- सामाजिक शिक्षाका विषयवस्तुहरू भाषाका माध्यमले मात्र व्यक्त गर्न सकिन्छ। विद्यालयमा शिक्षण गरिने भाषा-विषय जति राम्रो हुन्छ, सामाजिक शिक्षाका विषयहरूलाई पनि त्यत्तिकै राम्रोसँग व्यक्त गरेको हुन्छ। भूगोल, इतिहास, अर्थशास्त्र, राजनीतिशास्त्रजस्ता विषयहरूको सारसंक्षेप भाषाका माध्यमले मात्र कुशलतापूर्वक व्यक्तिन्छ। यसरी सामाजिक अध्ययन शिक्षाका विषयहरूलाई भाषाको सहायतावाट स्पष्ट पार्न सकिने हुनाले यसलाई भाषाले ठूलो सहयोग पुऱ्याएको हुन्छ। तसर्थ सामाजिक शिक्षा र भाषा विषयको घनिष्ट सम्बन्ध रहेको छ।

२) विज्ञानसँगको सम्बन्ध :- सामाजिक अध्ययन शिक्षामा समावेश गरिएका सम्पूर्ण विषयहरू प्राकृतिक, भौतिक र सामाजिक विज्ञानका विषयहरूबाट आवश्यकताअनुसार छनोट गरी यसमा समावेश गरिएका छन्। विज्ञानमा समावेश गरिएका विषयवस्तु मानव र मानव क्रियाकलाप सम्बन्धित भएका हुन्छन्। ती विषयहरू सामाजिक शिक्षामा पनि आवश्यकताअनुसार समावेश गरिएको हुन्छ। लागूऔषधी र यौनरोगका पाठहरू स्वास्थ्य विज्ञानमा रहेका हुन्छन् भने सामाजिक अध्ययनमा पनि यी विषयहरू समावेश गरिएका हुन्छन्।

३) गणितसँगको सम्बन्ध :- सामाजिक अध्ययनमा मानव र मानव क्रियाकलापवारे अध्ययन गरिन्छ। मानव सभ्यताको विकाससँगै गणितको पनि विकास भएकोले यिनीहरूवीच घनिष्ट सम्बन्ध रहेको हुन्छ। गणित व्यावहारिक विषय भएकाले यसलाई सामान्य परिस्थितिमा पनि प्रयोग गरिन्छ। यो प्रयोग समुदायले गर्ने हुँदा समुदायको अध्ययन नै सामाजिक शिक्षा मानिएको हो। त्यसैले समुदाय र गणितका सम्बन्धले नै सामाजिक अध्ययन र गणितको सम्बन्ध राम्रो रहेको पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

४) कलासँग सम्वन्ध :- मानव विकाससँगै कलाको विकास भएको हो । समाजमा कलाको महत्त्व छुट्टै किसिमको छ। कलालाई सामाजिक शिक्षाअन्तर्गत राखी समाजमा मानवले प्राप्त गरेको ज्ञान र सीप उल्लेख गरिएको हुन्छ। यस अन्तर्गत हस्तकला, चित्रकला, मूर्तिकला, आदि पर्दछन्। कलाले समुदायको सीपलाई प्रदर्शन गरेको पाइन्छ। तसर्थ सामाजिक शिक्षाले समुदायको सीप प्रदर्शन गर्ने हुनाले यी दुवैको घनिष्ट सम्वन्ध छ।

५) व्यावसायिक विषयहरूसँगको सम्बन्ध :- विद्यालय तहमा विद्यार्थीहरूले आफ्नो भविष्य निर्धारण गर्न वा पेशाको छनोट गर्न सकून् भन्ने लक्ष्य राखी व्यावसायिक विषयहरूको छनोट गर्न दिइन्छ। जुन विषय छनोटले विद्यार्थीहरूलाई भविष्यमा जीवन निर्वाह गर्ने पेशाको निर्धारण गर्न सहयोग पुऱ्याएको हुन्छ। जस्तै :- विद्यालयमा लेखा, कृषि, कला, गृहविज्ञान, पत्रकारिता, कम्प्युटर विज्ञान आदि विषयहरू समावेश गरिएका हुन्छन्। तीमध्ये आफूलाई मनपर्ने विषय छनोट गर्न दिइन्छ। परिणामस्वरूप विद्यार्थीहरूले आफ्नो भविष्यको निर्धारण गर्न सकेका हुन्छन्। तसर्थ व्यावसायिक विषय र सामाजिक शिक्षाको घनिष्ट सम्बन्ध रहेको हुन्छ।

६) जनसंख्या र वातावरणसँगको सम्वन्ध :- मानिस सामाजिक प्राणी हो। सामाजिक प्राणी भएका कारण ऊ समुदायमा वसेको हुन्छ। आजको अवस्थामा समुदायमा सुरक्षा पाउनुको सट्टा अशान्ति र असुरक्षाले छाएको छ। जसको फलस्वरूप वस्तुको अभाव, असुरक्षा, अशान्ति हुनुको प्रमुख कारण जनसंख्या वृद्धि हो। जनसंख्याको वृद्धिले नै सम्पूर्ण वातावरणमा अशान्ति फैलिएको हो। वातावरणमा यसरी अशान्ति हुनु उपभोग्य वस्तुको अभाव र प्राकृतिक स्रोतहरूको विनाश हुनु आदि जनसंख्याको वृद्धिकै परिणाम हुन्। वातावरणमा पैदा भएको यो अवस्थाको वारेमा सामाजिक शिक्षामा पनि अध्ययन गर्नुपर्ने भएकोले दुवैको सम्वन्ध घनिष्ट देखिन्छ।

माथि उल्लिखित विषयहरूवाहेक विद्यालयमा शिक्षण गरिने अन्य विषयहरूसँग पनि सामाजिक शिक्षाको त्यत्तिकै राम्रो सम्वन्ध रहेको हुन्छ। दर्शन, मनोविज्ञान, स्वास्थ्य शिक्षा, वातावरण स्वास्थ्य, धर्मशास्त्र, मानवशास्त्र र विज्ञानका विषयमा पनि राम्रो सम्वन्ध रहेको छ।

१.५ नेपालको सन्दर्भमा सामाजिक अध्ययनको विकास (Evolution of Social Studies with References to Nepal)

प्रथम विश्वयुद्धको हत्या आतङ्क दमन र पीडित मानव समाजको उत्थान जगेर्ना गर्ने लक्ष्यले विद्यालय तहमा सामाजिक अध्ययनको शिक्षण गर्न थालिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

हो । सर्वप्रथम सन् १९१६ मा संयुक्त राज्य अमेरिकाले आफ्नो विद्यालय तहको पाठ्यक्रममा सामाजिक अध्ययनलाई समावेश गरेको थियो । यो शिक्षा मानवलाई विद्यालय तहबाट दिएर लैजाँदा मानव मानवमा हत्या, आतङ्क, हिंसा र द्वन्दात्मक स्थिति कम हुने देखेर नै लागू गरिएको हो । अमेरिकापछि विस्तारै पश्चिमी मुलुकहरूले पनि विद्यालयको पाठ्यक्रममा सामाजिक अध्ययनलाई लागू गर्दै गएको पाइन्छ । वर्तमान विश्वमा देखापरेका हातहतियारको होडबाजी कम गराउन सामाजिक अध्ययनलाई कल्याणकारी विषयका रूपमा विद्यालय तहमा समावेश गरिएको हो । आज विश्व विश्वीकरण हुँदै गएको अवस्थामा "वसुवैध कुटुम्वकम्" भन्ने भावना विश्वका प्रत्येक नागरिकमा जगाउने हेतुले यसलाई विद्यालय पाठ्यक्रममा समावेश गरिएको हो ।

नेपालमा प्रजातन्त्रको स्थापना वि.सं.२००७ सालपछि विद्यालयस्तरमा सामाजिक विषयको अध्ययन-अध्यापन सुरुभएको हो । वि. सं. २०१७ सालमा ल्याबरोटरी माध्यमिक विद्यालय काठमाडौंले सामाजिक अध्ययनलाई परीक्षणका रूपमा राखेको थियो । त्यसैबेला नेपाल अधिराज्यका सवै प्राथमिक विद्यालयमा सामाजिक शिक्षाको पाठ्यक्रम लागू गरिएको थियो, तर उक्त पाठ्यक्रम पूर्ण थिएन । त्यसलाई पूरा गरी २०१८ सालदेखि सवै प्राथमिक विद्यालयहरूमा लागू गरियो ।

वि. स. २०२८ सालमा नेपालको शिक्षाले लिएको नयाँ मोड अनुसार "राष्ट्रिय शिक्षा पद्धतिको योजना" लागू भयो । उक्त योजनाले नेपालका माध्यमिक विद्यालयलाई तीन तहमा वर्गीकरण गरेको पाइन्छ- संस्कृत माध्यमिक विद्यालय, साधारण माध्यमिक विद्यालय र व्यावसायिक माध्यमिक विद्यालय गरी तीन किसिमका विद्यालयमा वर्गीकरण गरियो । प्राथमिक विद्यालय र निम्न माध्यमिक विद्यालयमा १०० पूर्णाङ्कको सामाजिक अध्ययन अनिवार्य विषयकारूपमा राखी माध्यमिक विद्यालयको वर्गीकरणअनुसार साधारण माध्यमिक विद्यालयमा भूगोल, इतिहास र पञ्चायतलाई १५० पूर्णाङ्कमा राखिएको थियो । जसमा भूगोल, इतिहासलाई १०० पूर्णाङ्क र पञ्चायतलाई ५० पूर्णाङ्क दिएको थियो । त्यस्तै व्यावसायिक विद्यालयमा ५० पूर्णाङ्कको मात्र राखिएको थियो । यो सामाजिक शिक्षामा भूगोल, इतिहास र पञ्चायतका विषयलाई मिलाएर राखिएको थियो ।

उक्त "राष्ट्रिय शिक्षा पद्धतिको योजना" को मूल्याङ्कन र परीक्षणबाट नेपालमा यो शिक्षापद्धति असफल भएको महसुस गरी वि. सं. २०३८ सालमा विद्यालयको पाठ्यक्रममा सामाजिक शिक्षालाई १०० पूर्णाङ्कको अनिवार्य विषयका रूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

राखियो । तर माध्यमिक विद्यालय कक्षा (८-१०) सम्म कायम गरियो र कक्षा ८ मा भूगोल ७५, इतिहास ७५, र पञ्चायत ५० पूर्णाङ्कको अनिवार्य विषय राखिएको थियो भने कक्षा नौ र दशमा सामाजिक विज्ञान समूहका, इतिहास, भूगोल, नागरिकशास्त्र र अर्थशास्त्रमध्ये कुनै एक विषयलाई ऐच्छिक विषयका रूपमा छनोट गर्न पाइने व्यवस्था गरिएको थियो । यी विषयहरूमध्ये ऐच्छिक विषय नलिएका विद्यार्थीले थप ऐच्छिक विषयका रूपमा लिन पाउने व्यवस्था थियो ।

प्रजातन्त्रको पुन:स्थापनापछि देशमा आएको प्रजातन्त्रको बाढीले शिक्षा क्षेत्रलाई पनि प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । त्यसैले पाठ्यक्रमलाई समय-सापेक्ष वनाउन प्राथमिक तहदेखि माध्यमिक तहसम्म व्यापक परिवर्तन गर्ने उद्देश्य राखी वि.सं. २०४९ सालवाट पाठ्यक्रममा परिवर्तन गर्न थालियो । पाठ्यक्रम परिवर्तन गर्ने क्रममा देशभरका शिक्षक प्राध्यापक, शिक्षाविद् ,वकिल, अभिभावक आदिको सुझाव अनुसार देशलाई आवश्यक, कुशल, दक्ष, लगनशील, सीपयुक्त जनशक्ति उत्पादन गर्ने लक्ष्य राखी वि.सं. (२०४९-२०५७) सम्म प्राथमिक विद्यालयवाट क्रमश: माध्यमिक विद्यालयसम्म प्रत्येक वर्ष एउटा कक्षाको दरले नयाँ पाठ्यक्रम लागू गर्ने निर्णय गर्नुको साथै त्यसको कार्यान्वयन पनि गरियो । यसरी विद्यालय तहमा आएको पाठ्यक्रम र पाठ्यपुस्तकको परिवर्तनले समाजमा सकारात्मक प्रभाव नपरेको होइन । तर त्यसको मूल्याङ्कन गर्ने उपयुक्त परिपाटी भएन, यसरी वि.सं.२०४९ सालबाट लागू गरिएको पाठ्यक्रममा सामाजिक शिक्षालाई प्राथमिक तहदेखि माध्यमिक तहसम्म अनिवार्य विषयको रूपमा राखिएको छ। यसलाई प्राथमिक तहमा सवै सामाजिक विज्ञान विषयलाई घुलनशील अवस्थामा राखिएको छ भने निम्न माध्यमिक र माध्यमिक विद्यालयमा छुट्टाछुट्टै एकाइमा राखिएको पाइन्छ । यसरी माध्यमिक विद्यालयमा सामाजिक विज्ञानका सवै विषयको सारसंक्षेप लिएर पाठ्यक्रम तयार गरिएको छ । तर मानविकी तथा सामाजिकशास्त्र विषयअन्तर्गत ऐच्छिक विषयमा भूगोल, इतिहास, नागरिकशास्त्र, अर्थशास्त्र र समाजशास्त्र विषयलाई समावेश गरिएको छ । यसरी सामाजिक शिक्षाको पाठ्यक्रमको विकास भएको पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

एकाइ दुई

२. सामाजिक अध्ययनको आधार
(BASES OF SOCIAL STUDIES)

सामाजिक विज्ञानका विषयहरूको सारसंक्षेप सङ्कलन गरी तयार गरिएको विषय नै सामाजिक अध्ययन हो । यो सामाजिक विज्ञान विषय आफ्नै किसिमको विधा नभएर विभिन्न विधाहरूको मिश्रणका रूपमा रहेको हुन्छ । यो शिक्षण कार्यक्रमको लागि तयार पारिएको विषय हो । यसमा भूगोल, इतिहास, अर्थशास्त्र, राजनीतिशास्त्र, समाजशास्त्र, मानवशास्त्र, दर्शनशास्त्र, नीतिशास्त्र र मनोविज्ञान जस्ता विषयहरूको सम्मिश्रण भएको हुन्छ । प्राकृतिक र सांस्कृतिक वातावरण, मानव उत्पति र सभ्यता सामाजिक मूल्य र मान्यता जस्ता विषयहरू पनि सामाजिक अध्ययनमा समावेश गरिएको छ । सामाजिक विज्ञानका सम्पूर्ण विषय नै सामाजिक अध्ययनको आधार स्तम्भ हो । R.E. Survey का अनुसार- "सामाजिक विज्ञानले कालान्तरमा मानव उसका कार्यलाई समेत्ने गर्दछ" सामाजिक अध्ययन अध्यापनको मूल लक्ष्य सामाजिक विज्ञानका मूलभूत सारतत्त्वको ज्ञान हासिल गर्नु हो । सामाजिक अध्ययनको प्रमुख स्रोत नै सामाजिक विज्ञानका विषयहरू हुन् । सामाजिक विज्ञानका विषयहरूको क्षेत्र व्यापक भएको हुँदा यिनीहरूमा सधै नयाँ विषयको खोजी हुने गर्दछ । सामाजिक विज्ञानमा खोजी भएका विषयहरू नै सामाजिक अध्ययनमा समावेश गरी तिनीहरूको शिक्षण गरिन्छ ।

२.१ सामाजिक विज्ञानहरू (Social Sciences)

२.१.१ विधाको धारणा (Concepts of Discipline)

सामाजिक अध्ययन शिक्षण सिकाइले सामाजिक विज्ञानका विषयहरूको मूलभूत जानकारी वा आधारभूत धारणाको विकास गराउँछ । सामाजिक विज्ञान शिक्षणको लक्ष्य सामाजिक अध्ययन शिक्षणको उद्देश्यका आधारमा निर्धारित हुन्छ । सामाजिक विज्ञानद्वारा नै सामाजिक अध्ययनमा प्रयोग गरिने शब्दावली, साधारण विषयको धारणा र त्यसमा प्रयोग हुने नियमहरूको जानकारी हुन्छ । त्यस्तै सामाजिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

विज्ञानले सामाजिक अध्ययनमा प्रयोग हुने सीपहरूबारे सूचना प्रदान गर्दछ। तसर्थ सामाजिक विज्ञानका प्रत्येक विषयहरूको सामाजिक अध्ययन स्रोतका रूपमा कसरी उपयोग गरिन्छ भन्ने विषयमा यहाँ उल्लेख गरिएको छ।

अ) भूगोल (Geography)

भूगोल एउटा भौतिक विज्ञान हो ता पनि यसले भौतिक र सामाजिक विज्ञानको पुलको काम गरेको हुन्छ। यसले भौतिक विज्ञानको साथै सांस्कृतिक, सामाजिक र आर्थिक वातावरण जस्ता विषयको बारेमा पनि अध्ययन गर्दछ। मानव विकास र क्रियाकलापमा भौगोलिक वातावरणले प्रत्यक्ष प्रभाव पारेको हुन्छ। मानिसको रहनसहन, व्यवसाय, लवाइ-खवाइ, र आवासमा समेत प्राकृतिक र सांस्कृतिक वातावरणको प्रभाव परेको हुन्छ। यी सम्पूर्ण विषयहरूको सूक्ष्म रूप सामाजिक अध्ययनमा पनि अध्ययन अध्यापन गरिन्छ। यी विषयहरूको मूल स्रोत भूगोल भएको हुँदा सामाजिक अध्ययन भूगोलको अभिन्न अङ्ग मानिन्छ।

आ) इतिहास (History)

इतिहास पनि सामाजिक विज्ञानका विषयहरूमध्येको एउटा महत्त्वपूर्ण विषय हो। यसले विगतमा घटेका महत्त्वपूर्ण घटनाहरूको वारेमा विवेचना गर्दछ। सामाजिक अध्ययनमा समावेश गरिएको इतिहाससम्वन्धी विषयले विगतमा घटेका घटना र समयक्रमको वोध गराउँदछ। यसले भविष्यमा घट्नसक्ने घटनाहरू, सभ्यताक्रम, मानव-मानवबीच फरक क्रियाकलापहरूका साथै समस्या र समाधानका बारेमा अपनाइएका क्रियाकलापको पनि अध्ययन गर्दछ। इतिहासको अध्ययन अध्यापनवाट विद्यार्थीहरूलाई आफ्नो पृष्ठभूमिको पहिचान हुन आउँछ। तसर्थ सामाजिक अध्ययनले इतिहासको अध्ययनको पूर्वाधारको काम गरेको हुन्छ।

इ) राजनीतिशास्त्र (Political Science)

राजनीतिशास्त्रले विश्लेषणात्मक दर्शनशास्त्र (Analytical Philosophy) र सामाजिक विज्ञान (Social science) दुवै क्षेत्रको अध्ययन गर्दछ। राजनीतिशास्त्र राज्य सरकारको विज्ञान हो। यसले राजनीति चरित्र भएको मानवसम्वन्धको बारेमा अध्ययन गर्दछ। शासक र शासित दुवैको वारेमा अध्ययन गरिन्छ। यसले देशमा शासन सत्ता सञ्चालन गर्ने कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको भूमिकाको बारेमा पनि अध्ययन गर्दछ। प्रजातन्त्र र सरकार जस्ता विषयहरूको पनि अध्ययन गर्दछ। जसले प्रजातान्त्रिक व्यवस्थामा नागरिक र नागरिकको कर्तव्य, नागरिकले खेल्नुपर्ने निर्णायक भूमिकाको वारेमा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

अध्ययन गर्दछ । त्यसैले सामाजिक अध्ययनमा राजनीतिकशास्त्रलाई स्रोतका रूपमा लिइन्छ ।

ई) अर्थशास्त्र (Economics)

अर्थशास्त्रलाई पनि सामाजिक विज्ञान विषयका रूपमा लिएको छ । वर्तमान समयमा यसको महत्त्व बढेर गएको पाइन्छ । मानिसलाई बाँच्नका लागि मात्र नभई आर्थिक क्रियाकलापमा पनि यसले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । अर्थशास्त्रले मानव क्रियाकलापमा आर्थिक विषयलाई लिएर अध्ययन अनुसन्धान गर्ने काम गरेको हुन्छ । सामाजिक अध्ययनअर्न्तगत अर्थशास्त्रले मानव जीवनका भौतिक आवश्यकता र ती आवश्यकता पूर्तिको प्रक्रियाहरूको अध्ययन गर्दछ । यसले व्यक्तिगत र सामूहिक आर्थिक समस्याहरूको समभ्रूदारी र त्यसको समाधानका लागि उपयुक्त दृष्टिकोणको विकास गर्न मद्दत गर्नुका साथै श्रम विभाजन र आयआर्जनको बारेमा पनि अध्ययन गर्दछ । अर्थशास्त्रले सबैका लागि उपयोगी वस्तुको उत्पादन वितरण र उपयोगसम्बन्धी प्रक्रियाका बारेमा अध्ययन गर्दछ । तसर्थ अर्थशास्त्र सामाजिक अध्ययनको मूल श्रोतका रूपमा रहेको छ ।

उ) मानवशास्त्र (Anthropology)

मानवशास्त्र मानव र उसका क्रियाकलापको अध्ययन गर्ने विज्ञान हो । यसले मानव प्रजाति र मानव कार्य (Human race and Human action) को बारेमा पनि अध्ययन गर्दछ । मानव उत्पत्ति र मानव वंशविस्तार (Generation to generation) को पनि अध्ययन गरिन्छ । त्यस्तै मानव अवशेष र मानव मापन (Human fossil and measusement of men) जस्ता विषयको पनि यसले अध्ययन गर्दछ । व्यावहारिक मानवशास्त्रले मानव-मानवबीचको समस्याको मूल जरो (root) पत्ता लगाई त्यसको समाधान गर्ने उपायको बारेमा अध्ययन गर्दछ । मानवको भौतिक र सांस्कृतिक दुबैपक्षको अध्ययनमा विभिन्न जातजातिको समयक्रममा भएको विकास, सभ्यता र संस्कृतिबीच एकअर्कासँगको सम्बन्ध र मानव-मानवबीच भएको अन्तरसम्बन्धको पनि अध्ययन गर्दछ । यसरी मानवशास्त्रले मानवको सम्पूर्णता (Holistic) को अध्ययन गर्दछ ।

ऊ) समाजशास्त्र (Sociology)

समाजशास्त्र समाजको विज्ञान हो । यसले मानिसको समूहव्यवहारको (man's group bheviour) बारेमा अध्ययन गर्दछ । यसले मानवीय वातावरणमा सामाजिक सम्बन्ध कायमगरी समूहमा मिलेर बस्न सिकाउँछ । यो एउटा समाजको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

अध्ययन गर्ने विषय भएकोले, समाजका मानिसहरूबीच हुने अन्तरक्रिया र सम्बन्धजस्ता विषय यस अन्तर्गत पर्दछन्। यसले समाजमा देखा परेका घटनाक्रमलाई अध्ययन अनुसन्धान र खोजी गरी प्रमाणित गर्ने काम गरेको पाइन्छ। समूह गठन गर्नु, लक्ष्य प्राप्तिका लागि कार्य योजना तयार गर्नु, कामप्रति रुचि पैदा गराउनु, समूहलाई सक्रिय गराउनु, आफूले गरेको कार्यप्रति सन्तोष लिन सक्नु, गरेका कामको मूल्याङ्कन गरी त्यसलाई सुधारात्मक शैलीमा लग्नुजस्ता पक्षहरू यस विषयअन्तर्गत पर्दछन्। समाजमा रहेको प्रत्येक व्यक्तिले समुदायका सदस्यसँग राम्रो सम्बन्ध कायम गरेर कार्य गर्दा समुदाय र व्यक्तिलाई पनि फाइदा हुन्छ भन्ने विषयमा ध्यान दिइएको पाइन्छ। तसर्थ सामाजशास्त्रलाई सामाजिक अध्ययनको मूल स्रोतका रूपमा लिइन्छ।

ए) दर्शनशास्त्र (Philosophy)

दर्शनशास्त्र सामाजिक चेतनाको एउटा विशिष्ट रूप हो। यसले न्याय, नैतिकता, मूल्य मान्यता, राजनीति, धर्म आदिमा आफ्नै अस्तित्व लिएर खडा भएको पाइन्छ। यसले यो स्पष्ट पार्न प्रयास गरेको छ कि, विश्व आफ्नै अस्तित्वमा छ अथवा आधिदैविक दैवीशक्तिमा अडेको छ। यो शास्वत सत्य हो, ईश्वरको वरदान हो, सिर्जना हो, आदिका बारेमा चर्चा गरिन्छ। संसारप्रति मानवको प्रवृत्ति र धारणा दर्शनशास्त्रको मूल समस्या बनेको छ। विश्वको दृष्टिमा दर्शनलाई समस्याको रूपमा लिने गरेको पाइन्छ। विभिन्न किसिमका ज्ञान र तिनीहरूको सम्बन्धबारे देखिएको समस्यालाई निराकरण गर्नु दर्शनशास्त्रको मूलध्येय हुन जान्छ। दर्शनशास्त्र एउटा मानवीय विषय भएकाले यसले मानव विकासका लागि चिन्तन, मनन र अन्वेषण गर्ने काम गरिरहेको हुन्छ। मानव समाजमा रहनका लागि समाजको आवश्यकता र समस्यालाई बुझेर काम गर्न सक्ने क्षमताको विकास गराउँछ।

ऐ) मनोविज्ञान (Psychology)

सामाजिक विज्ञानअन्तर्गत मनोविज्ञान एउटा प्रमुख विषयका रूपमा रहेको छ। यसमा मानव व्यवहार र त्यसलाई प्रभाव पार्ने तत्त्वहरूका बारेमा व्यापक अध्ययन गरिन्छ। सामाजिक अध्ययन सामाजिक मनोविज्ञानको प्रयोगात्मक रूप हो। जसले स्वयं मानववृद्धि र विकासको अध्ययन गर्दछ। (Social studies is an applied form of social psychology dealing with the growth of self as a result of a richer knowledge of other) उल्लेखित सामाजिक विज्ञानका विषयहरू सामाजिक अध्ययन शिक्षामा पूर्वाधारका रूपमा रहेका छन्। यसलाई सामाजिक अध्ययन शिक्षाको मूल स्रोतका रूपमा लिइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

२.१.२ सामाजिक अध्ययन शिक्षा (Social Studies Education)

सामाजिक अध्ययनमा मानव समुदाय केन्द्रित भएर रहेको हुन्छ। समुदायले आशा गरेको व्यक्तित्व निर्माण गर्ने काम पनि समुदायकै हो। एउटा समाजमा विभिन्न विचार बोकेका मानिसको जमघट हुन्छ। तर सामूहिक कार्यको लागि वा बहुजन हित हुने कार्यका लागि समुदायको एउटै मत हुन सक्छ। समुदायका व्यक्तित्त्वहरूले समुदायलाई सही दिशा निर्देशन गर्ने काम गर्दछन् भने उक्त समुदायले पनि आफ्नो समुदायको आवश्यकता पूरा गर्न विभिन्न सीपयुक्त व्यक्तित्वलाई इच्छा गरेको पाइन्छ। तसर्थ समुदायले व्यक्तिको विकासमा जोड दिएको हुन्छ भने व्यक्तिले पनि समुदाय र समाजको चाहना पूरा गर्ने काममा सघाउ पु-याउँछन्। कुनै पनि असल व्यक्ति रहेको समाजमा उसले कुनै न कुनै योगदान पु-याएको हुन्छ। तसर्थ समाजमा प्रत्येक व्यक्तिको व्यक्तित्त्व निर्माण र विकासमा सामाजिक वातावरणले ठूलो भूमिका निर्वाह गर्छ। यसलाई निम्न अनुसार व्यक्त गर्न सकिन्छ।

१) प्रजातान्त्रिक पुर्ख्यौली (Democratic Heritage)

प्रजातन्त्र एउटा शक्तिशाली महान् विचार हो, जसको आधारमा विश्वका ठूला र शक्तिशाली राष्ट्रहरूले शासन चलाएका छन्। जुनसुकै मुलुकले र जस्तोसुकै तानाशाहले पनि आफूलाई प्रजातन्त्रको हिमायती घोषित गरी शासन गर्ने प्रविधि स्वीकारेको छ। प्रजातन्त्र र प्रजातान्त्रिक मूल्य-मान्यता र संस्कारमा विकसित भएका मानव र महामानवले प्रजातान्त्रिक परिपाटीलाई यसरी व्यक्त गरेका छन्:-

क. मानिसमा स्वयं आफूलाई आफैँले शासन गर्ने इच्छा पैदा हुने।

ख. प्रत्येक व्यक्तिले स्वयं आफ्नो दायित्वलाई ग्रहण गर्ने।

ग. दमनको सट्टा सहयोगमा जोड दिने।

घ. समस्या समाधानमा बुद्धिको प्रयोगप्रति आस्था राख्ने।

ङ. मानवीय गरिमा र हितलाई जीवनको सर्वोत्तम मापनका रूपमा लिने।

च. मानवलाई अनन्त शक्तिको स्रोतको रूपमा लिने।

छ. प्रजातान्त्रिक मूल्य-मान्यता र प्रक्रियालाई अनुसरण गर्ने।

यसरी उपर्युक्त तथ्यबाट यो स्पष्ट हुन्छ कि मानवको प्रजातान्त्रिक पुर्ख्यौलीको अनुसरणले सामाजिक अध्ययन शिक्षणमा प्रमुख स्थान ओगटेको छ। जसको आधारमा विद्यार्थी वर्गले आधुनिक समाजलाई बुझेर काम गर्ने क्षमताको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

विकास गर्छ । हाम्रोजस्तो विविध भौगोलिक अवस्था, विभिन्न जातजाति, धर्म, भाषा र व्यवसाय भएको मुलुकका बारेमा गहन अध्ययन गरी त्यसलाई व्यवहारमा उतार्न सक्ने नागरिक तयार गर्नुछ । यस्तै मुलुकको शासन व्यवस्था, वहुदलीय प्रजातन्त्र, संवैधानिक राजतन्त्र, संसदीय शासन प्रणालीद्वारा देशमा चलिरहेको शासन व्यवस्थावारे अध्ययन, अनुसन्धान गर्ने र कमी कमजोरीलाई औंल्याउने क्षमता र सीपको विकास विद्यार्थीवाटै भएको हुनुपर्दछ । यसरी देशमा चलिरहेको शासन व्यवस्थामा आफूले आर्जन गरेको ज्ञान, सीप र धारणालाई निःसंकोच व्यक्त गर्नसक्ने क्षमतावान् नागरिक उत्पादन गर्ने समाजको ठूलो दायित्व हुन्छ ।

२) सामाजिक समस्या र परिवर्तनहरू (Social Problem and Chánages)

आज विश्व साँघुरो हुँदै गएको छ । एउटा देशको कुनैकुनामा घटेको सामान्य घटनाले अरू राष्ट्रमा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव परेको हुन्छ । विकसित मुलुकहरूले गरेको उन्नतिको सिको, विकासोन्मुख मुलुकले गर्न खोज्दा त्यसको सकारात्मक पक्षले भन्दा नकारात्मक पक्षले समाजलाई प्रभाव पारेको पाइन्छ । सम्पन्नताले पनि समाजमा ठूलो प्रभाव पारेको हुन्छ । 'जहाँ कंगाल त्यहाँ चण्डाल' भने जस्तै गरिव र दरिद्रताले जरा गाडेको समाजमा उन्नति र प्रगतिले सही दिशा लिन कठिन पर्छ । राष्ट्रिय सम्पत्तिको सदुपयोग हुन नसक्दा त्यसले समाजमा आउनुपर्ने लक्षित परिवर्तनमा समस्या खडा गर्दछ ।

हाम्रो मुलुकमा प्रजातन्त्र पुनर्स्थापनापछि समाजमा आएको परिवर्तनले समाजलाई नै सताइरहेको छ । आज प्रजातन्त्रका नाममा असुरक्षा, अनियमितता, हत्या, आतङ्कजस्ता विकृति भित्रिएका छन् । जसले गर्दा परिवर्तनको कुनै औचित्य देखिँदैन । समाज वा राष्ट्रलाई दिशा निर्देशन गर्ने नेतृत्व वर्गले समाज र राष्ट्रको लक्षित परिवर्तनमा ध्यान नपुऱ्याएको हुँदा परिवर्तनका नाममा विकृति फैलिएको छ ।

सामाजिक शिक्षाको आधारलाई निम्नलिखित समस्या र परिवर्तनका आधारमा उल्लेख गरिएको छ ।

क. **वैज्ञानिक तथा औद्योगिक परिवर्तन** :- औद्योगिकीकरण, यातायात, शिक्षा, स्वास्थ्य, सञ्चार आदि ।

ख. **जनसंख्या सम्वन्धी परिवर्तन** :- जन्म, मृत्यु, वसाइसराइ आदि ।

ग. **संस्थागत परिवर्तन** :- आर्थिक, सामाजिक, राजनैतिक, धार्मिक, ऐतिहासिक संघ, संगठन आदि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

घ. **मूल्य निर्धारणसम्बन्धी समस्या** :- विभिन्न वस्तुको मूल्यमा आएको उतार-चढावले गर्दा वस्तुको मूल्याङ्कन गर्ने, मापन गर्ने कार्यमा कठिनाइ ।

ङ. **प्रजातान्त्रिक इच्छा र आकांक्षाहरू** :- प्रजातन्त्रमा हुनुपर्ने गुण के हो ? त्यसमा मानवको भूमिका के हुनुपर्छ ? मानव-मानववीच, राष्ट्र-राष्ट्रवीचको सम्वन्धलई उल्लेख गरिएको छ ।

Brief Introduction to Basic Concepts and Generalization of social sciences (Geography, History, Political Sciences, Economics, Sociology, Anthropology, Psychology and Philosophy)

२.१.३ सामाजिक विज्ञानका आधारभूत धारणा र सामान्यीकरण (Basic concepts and Generalizaton of social sciences)

सामाजिक विज्ञानका धारणा (Concepts of social sciences) :

सामान्य अर्थमा कुनै वस्तु वा भावना, विचार, आदिको मानसिक चित्रलाई नै, धारणा भनिन्छ । मनमस्तिष्कमा कुनै पनि विषयवस्तुको यथार्थ चित्रण हुनु धारणा हो । मानसपटलमा धारणा बलियो भएपछि कुनै विषयवस्तुको यथार्थ चित्रण गर्नु वा फरक छुट्याउन र विश्लेषण गर्न सजिलो पर्दछ । त्यहाँ एउटा भावनात्मक मानसिक प्रतिभाको विकास भएको हुन्छ । आर. एफ. सर्वेका अनुसार- "धारणा एउटा व्यावहारिक संग्रह हो । जुन कुनै वस्तुको रूप, विशेष गुण, कुनै कार्य वा विचारसँग सम्वन्धित हुन्छ ।" John Jarolimak का अनुसार धारणा भन्नाले कुनै वस्तु विशेष, निश्चित स्थान, संस्थाहरू, सोचाइ भावना र व्यवहारलाई बुझाउँछ । उनका अनुसार धारणालाई दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।

क. **वस्तुगत धारणा** :- हिमाल, पहाड, मैदान, वनजंगल, नदी, हिमनदी, ताल, बाढी, पैह्रो, भूकम्प गाउँ, शहर, बजार, पाटी, पौवा, मन्दिर, गुम्वा, चैत्य आदि ।

ख. **भावनात्मक धारणा** :- इमानदारी, जिम्मेवारी, सहयोगी, सद्भाव, अधिकार, कर्तव्य, दृढता, उच्चमनोबल, निस्वार्थ, सहिष्णुता आदि ।

२.१.४ सामाजिक विज्ञानका धारणाहरु (Generalization of Social Sciences)

जब कुनै विषयवस्तुको धारणा मानव मनसपटलमा स्थायीरूपमा विकसित हुन्छ । तब त्यसलाई सजिलैसँग सामान्यीकरण गर्न सकिन्छ । सामान्यीकरण धारणाभन्दा जटिल र विस्तृत हुन्छ । यसमा सिद्धान्त, उपयोगिता र निष्कर्ष रहेका हुन्छन् । यसमा साधारणतया दुई वा दुईभन्दा बढी धारणालाई सम्वन्ध देखाएर सामान्यीकरण गरेको हुन्छ । साधारण अर्थमा धारणाहरूको सही प्रयोगवाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

निर्माण हुने सामान्य सारांशलाई सामान्यीकरण भनिन्छ । सामान्यीकरण धारणाहरूको वर्णन हो, जसले विषयलाई त्यसको आकारप्रकारका आधारमा प्रस्तुत गर्दछ । Jarolimek का अनुसार "सामान्यीकरणले सामान्य नियम वा सिद्धान्तको वर्णन गर्दछ । जुन विभिन्न परिस्थितिमा उपयुक्त वा समान विशेषताहरू हुन्छन् ।" "Generlization to involves the statement of general law or principle that may be applied to several situations having comman characteristics".

साधारणतया सामान्यीकरणलाई निर्देशिकाको रूपमा लिइन्छ । जसबाट मानिसहरूले आफ्नो कार्य सञ्चालन गर्दछन् । असल र कुशल जीवनयापनका लागि सामान्यीकरणलाई बौद्धिक कथनको रूपमा लिने गरिन्छ । नयाँ विषयको खोजी अनुसन्धान र आविष्कारले मानिसको जीवन पद्धतिमा परिवर्तन ल्याउँछ । मानिसलाई आफू बसेको वातावरणले प्रभाव पारेको हुन्छ भने वातावरणलाई पनि मानिसबाट प्रभावित तुल्याएको हुन्छ । यसरी कुनै पनि विषय शीर्षकमा व्यापक खोज, अनुसन्धान वर्णन र विश्लेषण गर्नु नै सामान्यीकरण हो । सामाजिक अध्ययन शिक्षामा सामाजिक विज्ञानका विषयहरूको आधारभूत धारणा र तिनीहरूको सामान्यीकरणको बारेमा तल उल्लेख गरिएको छ ।

अ) भूगोलसम्बन्धी धारणा र सामान्यीकरण (Geographical concepts and ceneralization)

भूगोलसम्बन्धी धारणाको विकास र त्यसको सामान्यीकरणअन्तर्गत पृथ्वीको स्थिति, क्षेत्रफल, अक्षांश, देशान्तर, भूस्वरूप, हिमाल, पहाड, उपत्यका, तराई, भूकम्प, ज्वालामुखी, सामुद्रिक धार, ज्वारभाटा, हावापानी, वनस्पति, जनावर, कृषि, उद्योग, व्यापार, जनसंख्या, वजार-व्यवस्था आदि पर्दछन् ।

यसका आधारभूत धारणालाई संगठित गरी एक अर्कोसँग सम्वन्ध देखाउने र एउटा कथनका रूपमा तयार गर्ने कार्यलाई नै सामान्यीकरण भनिन्छ । सामान्यीकरणले विषयको भेद खुल्नुको साथै विषय बोध गराउन सजिलो पर्छ । सामाजिक अध्ययनमा भूगोलसम्बन्धी धारणा र त्यसको सामान्यीकरणका बारेमा निम्नलिखित तथ्यहरू प्रस्तुत गरिएको छ ।

क. हिमाली क्षेत्रमा कृषियोग्य भूमि ज्यादै कम छ ।
ख. पहाडको उचाइले हावापानीमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ ।
ग. समुद्री किनारको बस्ती रम्य हुन्छ ।
घ. वनको संरक्षण गर्नु भनेको नै वातावरण बचाउनु हो ।
ङ. वाढी र पैह्रोबाट वच्नका लागि पनि वन जंगलको संरक्षण गर्नुपर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

आ) ऐतिहासिक धारणा र सामान्यीकरण (Historical concepts and ceneralization)

इतिहाससम्बन्धी धारणा र यसको सामान्यीकरणअन्तर्गत समय, दिन, रात, महिना, वर्ष, पिंढी, शताब्दी, संवत्, इसापूर्वकाल, प्राचीनकाल, मध्ययुग, वर्तमान युग, घटना, स्थान, जय, पराजय, शासन काल, प्रभुत्व, आदि यसअन्तर्गत पर्दछन् । त्यस्तै इतिहासको धारणालाई सामान्यीकरण गर्दा विगतका घटनाक्रमको अध्ययनले वर्तमानमा सजग र सचेत गराउँछ । इतिहासका मूलभूत विषयको धारणालाई लिएर सामान्यीकरण गर्दा विषयको स्पष्टभाव पाउन सकिन्छ ।

क. घटनाले समय र स्थानको जानकारी गराउँछ ।
ख. वि.सं.२००७ सालको घटनाले राणा शासकको अन्त्य भयो ।
ग. वि.सं. २०४६ सालको जनआन्दोलनले संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको स्थापना भयो ।
घ. वि.सं.२०१७ सालमा पञ्चायती व्यवस्थाको उदय भयो ।

इ) अर्थशास्त्रसम्बन्धी धारणा र सामान्यीकरण (Economic concepts and generalization)

अर्थशास्त्रका धारणा र सामान्यीकरणलाई वस्तु उत्पादन, वितरण, माग र पूर्तिको नियम, आवश्यकता, श्रम विभाजन, मुद्रा सेवा, मूल्य, नाफा-नोक्सान सावा, ब्याज, बचत, लगानी निकासी पैठारी आदि पर्दछन् । अर्थशास्त्रका धारणालाई सामान्यीकरण गर्नुपर्दा यसरी गरिन्छ ।

क. मानिसले मागअनुसारका वस्तु उत्पादन गरेर बढी मुद्रा आर्जन गर्न सक्दछन् ।
ख. जनसंख्याको बृद्धिले अभावको सिर्जना गर्दछ ।
ग. उत्पादनमा ह्रास आउनु पनि एउटा अभाव हो ।
घ. समस्या पनि आर्थिक अभावकै कारणले खडा भएको हो ।

ई) राजनीतिशास्त्रसम्बन्धी धारणा र सामान्यीकरण (Political science concepts and generalization)

राजनीतिशास्त्रसम्बन्धी धारणाहरू सरकार, संकटकाल, शासनकाल, स्वतन्त्रता, समानता, प्रजातन्त्र, समाजवाद, साम्यवाद व्यक्तिवाद, ऐन, कानुन, नीति, राजनैतिक दल, विधेयक, अध्यादेश, आदि हुन् । यसका धारणालाई यसरी सामान्यीकरण गरिएको छ :-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

क. मानिसमा आत्मानुशासनको विकास नहुँदासम्म प्रजातन्त्रले काम गर्दैन ।
ख. प्रजातन्त्रको उपयोग गर्न नजानेको अवस्थामा नराम्रा घटना घट्न सक्छन् ।
ग. शक्ति सञ्चयले ठूलो काम गर्न सक्छ ।
घ. समानता नारामा मात्र सीमित भए देश विकास हुन सक्दैन ।

उ) समाजशास्त्रीय धारणा र सामान्यीकरण (Sociological Concepts and Generalization) :-

समाजशास्त्रीय धारणा र त्यसको सामान्यीकरणका बारेमा उल्लेख गर्दा व्यक्ति, परिवार, समुदाय, समूह, समाज, सामाजिकीकरण, मूल्य मान्यता, संस्कृति, परम्परा आदि विषयहरू यसमा पर्दछन् । यसलाई सामान्यीकरण गर्दा यसरी गरिन्छ । मानिस एउटा सामाजिक प्राणी भएकोले समूहमा नै बस्न रुचाउँछ भन्ने धारणालाई स्पष्ट पार्न सकिन्छ । जस्तै :-

क. मानिस आफ्नो सुरक्षाका लागि पनि समूहमा बस्न रुचाउँछ ।
ख. समुदायमा बसेको मानव एक अर्कोमा निर्भर रहन्छ ।
ग. प्रत्येक व्यक्तिको आफ्नो समुदायमा कुनै न कुनै स्थान हुन्छ ।
घ. समुदायले कुनै पनि व्यक्तिको व्यक्तित्व विकासमा सघाएको हुन्छ ।

ऊ) मानवशास्त्रीय धारणा र सामान्यीकरण (Anthropological concepts and generalization) :-

मानवको विकासक्रम र सभ्यता क्रमका रुपमा विभिन्न अवस्थामा पृथक्-पृथक् भएको पाइन्छ । यसको धारणालाई लिनुपर्दा मानव सभ्यता, सभ्यताक्रम, सम्प्रदाय, समुदाय, सामाजिक संगठन, समाज, विश्वास, रीतिरिवाज आदि पर्दछन् । उल्लेखित मानवशास्त्रका धारणालाई संगठित गरी सामान्यीकरण गर्न सकिन्छ ।

क. सबै मानव जाति समानरुपले विकास भएको पाइँदैन ।
ख. स्किमो उत्तरी ध्रुवीय क्षेत्रमा बसोबास गर्ने एउटा जाति हो ।
ग. धर्म र संस्कृतिले पनि मानव विकासमा प्रभाव पारेको हुन्छ ।
घ. मानवसभ्यतालाई केलाएर हेर्दा आफ्नो वंशज उदाएको जानकारी पाउन सकिन्छ ।

ए) दर्शनशास्त्रीय धारणा र सामान्यीकरण (Philosophical concepts and generalization) :-

दर्शनशास्त्रसम्बन्धी धारणालाई लिंदा यसले चिन्तन, मनन, खोज र अनुसन्धान सम्बन्धी धारणाको विकास गराउँछ । ब्रह्माण्डको उत्पत्ति यसमा बसोवास गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

सम्पूर्ण मानव जीवनप्रतिको चिन्तनमनन गर्नुका साथै आफू को हो ? कहाँबाट आएको हो ? किन आएको हो ? र कहाँ जानुछ आदि बारेमा पनि यसले स्पष्ट गराउँछ । मानिसले जबसम्म आफूले आफूलाई चिन्दैन, तब अरूलाई चिन्ने प्रयास पनि गर्दैन । यस्ता धारणाको विकास भएपछि त्यसलाई सामान्यीकरण गराउन सकेको अवस्थामा विषयको अर्थ स्पष्ट खुल्नुको साथै व्यवहारमा ल्याउन पनि सजिलो पर्छ । दर्शनशास्त्रको धारणालाई यसरी सामान्यीकरण गरिएकोछ ।

क. स्वतन्त्र समाजले गरेको चिन्तनमननले समाजको कल्याण हुन्छ ।
ख. निरन्तर अभ्यासबाट नै मानिस व्यक्तित्वको धनी कहलाउँछ ।
ग. असल व्यक्तिले समाजलाई निर्देशित गर्न सक्छ ।
घ. असल समाजले "वसुधैव कुटुम्बकम्" यस उक्तिलाई सार्थक बनाउन प्रयास गर्दछ ।

ऐ) मनोवैज्ञानिक धारणा र सामान्यीकरणा (Psychological concepts and generalization)

मनोविज्ञानसम्बन्धी धारणाको विकास गराउनु भनेको मनोविज्ञानसँग सम्बन्धी शब्द भण्डारको अर्थपूर्ण विकास गराउनु हो । ती अर्थपूर्ण धारणालाई सामान्यीकरण गराउँदा वाक्य बनाउनुपर्दछ । जसले गर्दा शब्दको धारणा सामान्यीकरण हुन जान्छ । सामान्यीकरणका लागि प्रयोग हुने मनोवैज्ञानिक शब्दहरू रुचि, क्षमता, चेतना अभिवृत्ति, धारणा, संवेग, इर्ष्या, द्वेष, रिस, अहङ्कार, घमण्ड, संयम, नियत्, सन्तुष्टि, व्यक्तित्व, सामाजिकीकरण, नेतृत्व आदि पर्दछन् । मनोवैज्ञानिक धारणालाई सामान्यीकरण गर्दा :-

क. बालबालिकाको भविष्य उनीहरूको सङ्गतमा निर्भर रहन्छ ।
ख. बाल्यकालमा परेको छाप मेटाउन कठिन हुन्छ ।
ग. समुदायको व्यवहारले बालकको व्यवहारमा परिवर्तन आउँछ ।
घ. असलकार्यको गुणगान अरूले गाउँछन् र आफूलाई सन्तुष्टि आउँछ ।
ङ. अहङ्कार र घमण्डले मानिस आफैं मासिन्छ ।

यहाँ अरू सामाजिक विज्ञानका धारणालाई पनि लिएर त्यसलाई सामान्यीकरण गर्न सकिन्छ । त्यसैगरी सामाजिक विज्ञानका मूलभूत धारणाहरूलाई सामाजिक अध्ययनका विषयमा समावेश गरेको पाइन्छ । यसरी मूलभूत धारणालाई समावेश गर्दा सामाजिक अध्ययनका विषयमा बढी गहनता आएको छ । त्यस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सामाजिक विज्ञानका धारणालाई सामाजिक अध्ययनमा समावेश गर्ने र विकास गर्ने मात्र होइन त्यसलाई सामान्यीकरण गरिएको खण्डमा पनि सामाजिक शिक्षा वढी व्यावहारिक हुन जान्छ । साधारण धारणालाई सामान्यीकरण गर्दा शब्दको अर्थ खुलेको हुन्छ । जव शब्दलाई एकीकृत गरिएको हुन्छ । तब यसको अर्थ खुल्ने र वढी व्यावहारिक हुने हुँदा नै यसलाई सामान्यीकरण गर्ने काम गरिएको हो ।

२.१.५ समाजको आवश्यकता (Needs of society)

आज विश्व वातावरणलाई नै अशान्तिले अस्तव्यस्त बनाएको छ । सामाजिक वातावरणमा फैलिएको हत्या, आतङ्क, अनैतिकता, लुटपाट, दमन, अन्याय, अत्याचार र शोषण जस्ता विकृति व्याप्त छन् । धनी र सम्पन्न मुलुकले गरेको विज्ञान र प्रविधिको विकासले गरिव र विकासोन्मुख राष्ट्रहरू सिकार बन्न पुगेका छन् । उल्लिखित विषयमा ज्ञान गराई त्यसको विरुद्धमा समाजलाई अग्रसर गराउनु सामाजिक शिक्षाको मूल लक्ष्य हुन आउँछ । विश्व वातावरण विश्वीकरण (Globalization) हुँदै गइरहेको अवस्थामा मानव सम्बन्ध भने टाढिँदै गएको छ । विश्व साँगुरो भएजस्तै मानवको विचार र सोच पनि साँगुरिदै गएको छ । यसको अर्थ मानिस आफू अतिव्यक्तिवादी र स्वार्थी हुँदै गएको छ । मानिसले समाज र राष्ट्रलाई हेर्नुको सट्टा आफू र आफ्नो परिवारलाई मात्र हेर्न थालेको छ । तर विश्व साँगुरिदै गए झै मानव मस्तिष्कमा समानताको भावना फैलिँदै जानुपर्ने हो । तर यसो हुन सकेको छैन ।

आजको सामाजिक आवश्यकताको परिपूर्तिका लागि आवश्यक विषयको छनोट गरी सामाजिक अध्ययन शिक्षामा समावेश गर्ने काम गरेको पाइन्छ । जसको अध्ययन र अध्यापनले कुशल, सक्षम, राष्ट्र र राष्ट्रिय चिन्तन भएको समाजोपयोगी, कर्तव्यनिष्ठ नागरिक तयार हुन सक्दछ । यो नै हाम्रो सामाजिक आवश्यकता हो । मानव समुदायलाई नयाँ चेतनाले घचघच्याउने काम गरेको छ । त्यसको फलस्वरूप नागरिक समाज अधिकार, कर्तव्य, स्वतन्त्रता, राष्ट्रियता जस्ता विषयमा सचेत र सक्रिय हुँदै गएको पाइन्छ । सामाजिक अध्ययन शिक्षणको माध्यमले समुदायका प्रत्येक व्यक्ति असल र आधुनिक समाजको निर्माणका वाहक वनी राष्ट्र निमार्णमा सक्रिय भूमिका निर्वाह गर्नसकून् भन्ने धारणा लिएको छ । विश्व वातावरणमा देखा परेका सामाजिक असन्तुलन धनी र गरिव राष्ट्रवीचको असमानता, आणविक हतियारको होडवाजी, त्यसको प्रयोग, राजनैतिक हस्तक्षेप, सामाजिक विकृति, आर्थिक अनियमितता आदिलाई नियन्त्रण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

गर्न सामाजिक शिक्षा शिक्षण गर्ने काम गरिएको हो । जुन सामाजिक आवश्यकता भित्र पर्दछ । आजको विश्व वातावरणसँग परिचित हुन र विश्वको बारेमा व्यापक जानकारी प्राप्त गर्न घर, परिवार र समाजबाट मात्र प्राप्त गरेको शिक्षाले पुग्दैन । यसको बारेमा व्यापक चिन्तन, मनन,अध्ययन, अनुसन्धान गरेर मात्र समाजमा देखा परेका विकृति र विसंगतिलाई हटाउन सकिन्छ । त्यस्तै विश्व, वातावरणमा घटेका विभिन्न घटनाहरूको अध्ययन र मननबाट आवश्यक ज्ञान र सीपको विकास गरी समाजको लागि आवश्यक जुझारु, कर्मठ, योग्य नागरिक तयार गर्नु आजको सामाजिक आवश्यकता हो ।

यसको अतिरिक्त आजको समाजले राजनैतिक, शैक्षिक, वैज्ञानिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय समस्या भोग्दै जानुपरेको छ । आजको समाजको आवश्यकता, असल नागरिकमा हुनुपर्ने चरित्र निर्माण गर्ने, आफ्नो आवश्यकताको पहिचान गरी परिपूर्ति गर्न सक्ने नागरिक तयार गर्नु र पारिवारिक व्यवस्थापनमा सक्षम, नैतिकतावान् र कुशल नेतृत्व दिन सक्ने व्यक्तित्व निर्माण गर्नु सामाजिक आवश्यकताभित्र पर्न आउँछन् । आज राष्ट्रको लागि इमानदार, कर्तव्यनिष्ठ, कुशल, निडर, विश्वासिलो, सक्षम राष्ट्रसेवकको आवश्यकता नेपाली जनताले महसुस गरिरहेका छन् ।

२.१.६ सिकारूको इच्छा र आवश्यकता (Needs and Interest of the Learner)

समाजको आवश्यकताको साथै सिकारुको इच्छा र आकाँक्षालाई त्यसले जानेको हुनुपर्छ । सामाजिक अध्ययन शिक्षा शिक्षण गर्दा सिकारुको इच्छा र आकाँक्षालाई पनि ध्यान दिनपर्ने हुन्छ । समाजको आवश्यकताको साथै सिकारूको आवश्यकता र क्षमता र चाहनालाई ध्यान दिएर पाठ्यक्रम र पाठचपुस्तक तयार पारिएको हुन्छ । कार्यक्रम सफल बनाउन सिकारुमा रहेको विद्यमान मानसिक र शारीरिक अवस्थालाई सर्वप्रथम ध्यान दिनुपर्ने हुन्छ । कुनै पनि सिकारूमा भएका विद्यमान अवस्थाको शैक्षिक कार्यक्रम तय गर्नु अगावै अध्ययन गर्नुपर्दछ । जसले गर्दा सिकारुको आवश्यकता र इच्छा पहिचान गर्न सकिन्छ ।

क. सिकारुको पारिवारिक अवस्था ।
ख. सिकारुको आर्थिक अवस्था ।
ग. सिकारुको शारीरिक र मानसिक अवस्था ।
घ. सिकारुको जाति, भाषा, धर्म र संस्कृति ।
ङ. स्वास्थ्यको अवस्था ।
च. साथी सँगीसँगको सामाजिक र मनोवैज्ञानिक अवस्था

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

(रिस, क्रोध, चिन्ता, घमण्ड, द्वेष, लज्जा, संवेग, ईर्ष्या, र डाहा) कुनै पनि विद्यार्थीको आवश्यकता र इच्छाको पहिचान गर्नका लागि प्रत्येक बालकमा भएको व्यक्तिगत भिन्नताका बारेमा जानकारी हुनु आवश्यक पर्दछ। भनिएको छ- "The child is the book which the teacher has to learn from page to page " यसबाट यो थाहा हुन आउँछ कि सर्वप्रथम बालकको प्रत्येक क्रियाकलापबारे जानकारी हुनुपर्छ। यसरी सिकारुको व्यक्तिगत चरित्रका बारेमा जानकारी भएपछि उसको आवश्यकता र इच्छा बुझेर शिक्षण गर्न सजिलो हुन्छ। समूहमा शिक्षण गर्दा पनि सिकारुको इच्छा र आवश्यकतालाई ध्यानमा राखी शिक्षण गर्नुपर्ने हुन्छ। जसले गर्दा उसको चाहनामा कुनै बाधा अड्चन नआओस्। फलस्वरूप सिकारूले सजिलै हासिल गर्नुपर्ने ज्ञान, सीप र धारणा सिकाइको उद्देश्य र आवश्यकताअनुसार पूरा हुन आउँछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

एकाइ तीन

३. समाजिक अध्ययनका उद्देश्यहरू (OBJECTIVES OF SOCIAL STUDIES)

३.१ टेक्सोनोमीको शैक्षणिक उद्देश्यहरू (Educational objectives of Texonomy)

प्रत्येक शिक्षण सिकाइ कार्यक्रममा निश्चित उद्देश्यहरू समावेश गरिएको हुन्छ । यसरी शिक्षण सिकाइ कार्यक्रमबाट प्राप्त गरिने उद्देश्यहरूलाई विभिन्न विद्वान्हरूले वर्गीकरण गरेका छन् । शैक्षणिक उद्देश्यको वर्गीकरणको बारेमा विभिन्न विद्वान्हरूले व्यापक खोजी गरी सिद्धान्त प्रतिपादन गरेको पाइन्छ । सिद्धान्त प्रतिपादन गर्नेहरूमध्येमा Benjamin S. Bloom र Prof. David Croth Wohl द्वारा प्रतिपादित शैक्षणिक उद्देश्यहरूको वर्गीकरण सर्वाधिक मान्य रहेको छ । यस सिद्धान्तको खोजीमा अमेरिकाका विभिन्न विद्वान्हरूको सहयोग लिई Benjamin S. Bloom ले प्रतिपादन गरेको हुँदा वा प्रमुख प्रतिपादन नै Benjamin S. Bloom भएकोले प्रतिपादित उद्देश्यलाई Bloom Taxonomy भनिएको हो ।

सन् १९४८ मा Benjamin S. Bloom अमेरिकाको सिकागो विश्वविद्यालयका प्रमुख परीक्षक थिए । त्यसै समयमा Benjamin S. Bloom ले अन्य विद्वान्हरूको सहयोग लिएर मूल्याङ्कन र मापनसम्बन्धी अध्ययन गर्ने एउटा छुट्टै संस्था खडा गरे । त्यसपछि उनले विश्वविद्यालयले लिने परीक्षाहरूको मूल्याङ्कन र मापन प्रक्रियामा खोज र अनुसन्धान गर्न सुरु गरे । अनुसन्धानको अन्त्यमा खोजबाट आएको वा वर्गीकरण गरिएको उद्देश्य विश्वभर मान्य होस् भन्ने उनको धारणा थियो । अनुसन्धानको अन्त्यमा यो निष्कर्षमा पुगे कि उनीहरूको खोजी र अनुसन्धानलाई विश्वले मान्यता दिएको हुनुपर्छ । उनको प्रयासको फलस्वरूप यो उद्देश्यको वर्गीकरणले विश्वमा मान्यता पाएर अस्तित्वमा आयो । यसलाई प्रमुख तीन भागमा वर्गीकरण गरिएको छ ।

३.१.१ संज्ञानी क्षेत्र (Cognitive Domain)

यसले ज्ञानात्मक क्षेत्रका उद्देश्यलाई इङ्गित गरेको हुन्छ । हाम्रा मानसिक प्रक्रियाको क्रमिक विकास कसरी हुन्छ र यी क्रमिक तहहरू के कसरी सम्बन्धित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

छन् भन्ने कुरालाई स्पष्ट पार्दछ । यी प्राथमिक तहदेखि उच्च तहसम्म क्रमिक रूपमा रहेका हुन्छन् । यसले विभिन्न अभिव्यक्तिलाई उचित तहमा ठम्याउन सक्ने क्षमताको पनि विकास गरेको हुन्छ । यसरी कठिन र जटिल परिस्थितिलाई पार गर्दै तयार गरिएका उद्देश्यहरूले सिकारुको मानसिक र क्रमिक प्रक्रियाको लागि पनि मार्गदर्शन गर्ने काम गरेको हुन्छ । संज्ञान पक्षको आन्तरिक संरचनालाई समेत यसले स्पष्ट पार्ने काम गरेको हुन्छ । संज्ञानी क्षेत्रलाई छ भागमा वर्गीकरण गर्न सकिन्छ । ती यस प्रकार छन् ।

क) ज्ञान Knowledge
ख) संक्षेपीकरण बोध Comprehension
ग) प्रयोजन Application
घ) विश्लेषण Analysis
ङ) संश्लेषण Synthesis
च) मूल्याङ्कन Evaluation

क) ज्ञान (Knowledege)

यस तहमा सिकाइका प्रारम्भिक अवस्थामा देखा परेका विषयहरू पर्न आउँदछन् । ज्ञानतहको उद्देश्यले विशेष गरी स्मृतिको मनोवैज्ञानिक प्रक्रियामा जोडैं दिन्छ । यसअन्तर्गत स्वतः तथ्य, विधि, प्रक्रिया, शव्द धारणा, शव्दार्थ, प्रमुख तथ्यको ज्ञान, घटना मिति, घटना स्थान, आदि पर्दछन् । विचार व्यक्त गर्ने तरिकाको ज्ञान, आधार तथा क्रमको ज्ञान, जस्तै तथ्य, सिद्धान्त, व्यवहार, आदि पनि यसमा पर्दछन् । यसलाई पनि तीन तहमा वर्गीकरण गर्न सकिन्छ ।

१) **प्रमुख तथा आधारभूत तथ्यहरु** :- सूचनाहरू र शव्दावलीहरूको ज्ञान ।
२) **अध्यापनको प्रक्रियासम्बन्धी ज्ञान** :- संगठन, मूल्याङ्कन, क्रम निर्धारण, वर्गीकरण आदि ।
३) **शाश्वत कुराहरुको ज्ञान** :- प्रमुख सिद्धान्तहरू, संरचना, परिकल्पना र सामान्यीकरणजस्ता विषयहरूको ज्ञान ।

शिक्षण सिकाइ कार्यक्रमको प्रत्येक कक्षामा तहअनुसार उद्देश्य निर्धारण गएिको हुन्छ । विशेष गरी प्राथमिक तहमा निर्धारण गरिने उद्देश्यहरू विशेषत ज्ञान तहका नै बढी रहेका हुन्छन् । त्यस्तै माध्यमिक तहमा ज्ञान तहसँगै सीप र धारणा सम्वन्धी उद्देश्यहरू रहेका हुन्छन् । ज्ञान तहमा प्रयोग हुन सक्ने क्रिया पदहरू यसप्रकार छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

जस्तै : वर्णन गर्नु, कण्ठ गर्नु, परिभाषा दिनु, सूची तयार गर्नु, विश्लेषण गर्नु, नाम लेख्नु, चर्चा गर्नु, प्रष्ट पार्नु आदि ।

उदाहरण : नेपालका सबै नगरपालिकाका नाम लेख ।
आफ्ना परिवारका प्रत्येक सदस्यको नाम क्रम मिलाएर लेख ।

ख) संक्षेपीकरण बोध (Comprehension)

बोधअन्तर्गत खासगरी अनुवाद गर्ने, व्याख्या गर्ने, पुनर्गठन गर्नेजस्ता विषयहरू पर्दछन् । विचारहरूको रूपान्तरण गर्ने, विश्लेषण गर्ने, पुनर्गठन गर्ने जस्ता मानसिक प्रक्रिया र कार्यहरू यसअन्तर्गत पर्दछन् । यसका प्रमुख तीन अङ्गहरू यसप्रकार छन् ।

अ) अनुवाद (Translation) :- कुनै एक विचार अथवा घटनाको मूलभूत विषयवस्तु यथावत् राखी अर्को रूपमा परिणत गर्ने कार्यलाई अनुवाद गर्ने भनिन्छ । यस कार्यमा नयाँ भाषा, सूत्र वा कथनमा सम्बन्धित रहेको हुन्छ ।

आ) व्याख्या (Interpretation) :- व्याख्याले कुनै एउटा घटनाको क्रम देखाउने, कुनै कथा, कहानी, लेख, आदिको शीर्षक छनोट गर्ने र व्याख्या गर्ने काम गर्दछ ।

इ) वाह्यगणना (Extrapotaion) :- यसअर्न्तगत दिएका सूचनाहरूभन्दा बाहिरका कुराहरू उपलब्ध गराइन्छन् । भविष्यमा हुनसक्ने घटना वा कार्यलाई अनुमान गर्ने क्षमताको चित्रण गर्नु/कार्यान्वयन गर्नु सुझावहरू दिनु, भविष्यवाणी गर्नु, जस्ता विषयहरू यसमा पर्दछन् ।

बोधअन्तर्गत पर्ने क्रियापदहरू यसप्रकार छन् :- सम्झनु, प्राप्त गर्नु, बुझ्नु अडकल गर्नु, भविष्यवाणी गर्नु, निर्णय गर्नु, सुझाव दिनु, बदल्नु, सामान्यीकरण गर्नु आदि ।

ग) प्रयोजन (Application) :-

सिकारुले कुनै एक परिस्थितिमा सिकेका कुरालाई आवश्यकताअनुसार अर्को परिस्थितिमा व्यक्त गर्न, उपयोग वा प्रयोगमा ल्याउने प्रक्रिया यसअन्तर्गत पर्दछन् । धारणा, आधारभूत, नियम, तरिका, सिद्धान्त र सामान्यीकरण, जस्ता कुराहरूलाई ठीक तरिकाले प्रयोग गर्ने काम यसअन्तर्गत पर्न आउँछन् । प्रयोग भनेकै सिकाइको स्थानान्तरण हो । यो तहमा प्रयोग हुन सक्ने क्रियापदहरू :- प्रयोग गर्नु, देखाउनु, प्रदर्शन गर्नु, उपभोग गर्नु, पूरा गर्नु, सम्वन्ध देखाउनु,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

उल्लेख गर्नु, कार्यान्वयन गर्नु, भविष्यवाणी गर्नु, समाधान गर्नु, तयार गर्नु आदि पर्दछन् । उदाहरण :- वातावरणमा ह्रास ल्याउने प्रमुख तत्त्व मानिस नै हो भनी उल्लेख गर्न सक्नु । हावापानी र माटोले मानिसको व्यवसाय छनोटमा प्रमुख भूमिका निभाएको हुन्छ भनी सम्बन्ध देखाउन सक्नु ।

घ) विश्लेषण (Analysis) :-

प्रत्येक मानवमा रहेको मानसिक शक्ति यति सक्रिय हुन सक्दछ, कुनै एक संरचनामा रहेको आन्तरिक बनोटलाई केलाएर, छानबिन गरेर प्रत्येक अङ्गप्रत्यङ्गलाई विश्लेषण गर्न सक्दछ । यसरी विश्लेषण गर्ने संज्ञानी तहको मानसिक प्रक्रिया सक्रिय र चालूरहेको मानिन्छ । यो विश्लेषण प्रक्रियामा संगठनात्मक सिद्धान्तकै आधारमा हरेक तत्त्वलाई अलग-अलग गरी छुट्याउने काम गरिन्छ । त्यसैगरी तथ्य, सिद्धान्त र परिकल्पनाजस्ता विषयहरूलाई ठीक ठीक तरिकाले चिन्नसक्ने र फरक छुट्याउने क्षमताको विकास भएको पाइन्छ । यसरी हरेक विषयलाई सुरुसुरुमा केलाएर त्यसको समुचित क्रम, गठन, पुनर्गठन, कुन विषयवस्तु, कहाँ कसरी रहेको छ भन्ने कुराको पहिचान हुनु र त्यसको विश्लेषण गर्नु यसअन्तर्गत पर्दछ । यसमा प्रयोग हुने क्रियापदहरू :- विश्लेषण गर्नु, फरक देखाउनु, फरक छुट्याउनु, निष्कर्षमा आउनु, परीक्षण गर्नु, समालोचना गर्नु, बहसगर्नु, व्याख्या गर्नु, आदि पर्दछन् ।

उदाहरण :- मानव शरीरमा भएका प्रत्येक अङ्गको छुट्टाछुट्टै वर्णन गर्न । शहरी वातावरण वढी प्रदूषित हुनका कारण बताउन ।

ङ) संश्लेषण (Synthesis) :-

विश्लेषणले छुट्याउने कार्यको बोध गराउँदछ भने संश्लेषणले जोड्ने कार्य भन्ने जनाउँदछ । संश्लेषणले विभिन्न अङ्गहरू जोडेर पूर्ण वस्तु बनाउने कामको बारेमा जानकारी गराउँदछ । संज्ञान क्षेत्रमा यो तहलाई सिर्जनात्मक व्यवहारको प्रतिक्रियाको रूपमा लिइन्छ । यो तहमा सिकारूको रचनात्मक सीपको विकास भएको पाइन्छ । कुनै विषयवस्तुको पूर्ण अंशलाई, टुक्रा-टुक्रामा भाग लगाई एक अर्कोसँग अन्तरसम्बन्ध देखाई पूर्ण वस्तुको निर्माण गर्ने/संगठन गर्ने, एकअर्कोसँग अन्तरसम्वन्ध देखाई पूर्ण वस्तुको निर्माण गर्ने/संगठन गर्ने क्षमताको विकास यसै तहमा भएको पाइन्छ । जसको फलस्वरूप उपयोगी एकाइको निर्माण भएको हुन्छ । यसअन्तर्गत योजना तर्जुमा र निर्माण गर्ने, अनुभव र लेखहरूलाई सिर्जनात्मक प्रक्रियावाट तयार गर्ने आदि यसअन्तर्गत पर्दछन् । यसको प्रयोग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

विद्यालय तहमा भन्दा उच्च शिक्षामा बढी भएको पाइन्छ । यस तहमा प्रयोग हुने क्रियापदहरू :- मिलाउनु, जोड्नु, एकीकरण गर्नु, सारांश निकाल्नु, सामान्यीकरण गर्नु, निचोड निकाल्नु, संगठन गर्नु, पत्ता लगाउनु, निर्माण गर्नु, तर्जुमा गर्नु, ढाँचा तयार पार्नु सम्बन्ध देखाउनु आदि पर्दछन् ।

उदाहरण :- दिएको बुँदाको आधारमा निबन्ध लेख्नु । आफ्ना विद्यालयको वार्षिक कार्यक्रमको ढाँचा तयार गर्नु ।

च) मूल्याङ्कन (Evaluation) :-

सिकाइमा संज्ञानी पक्षको सर्वोच्च मानसिक प्रक्रिया मूल्याङ्कन हो । मूल्याङ्कन यस्तो एउटा उच्चस्तरीय संज्ञानी कौशल हो, जसको माध्यमबाट निर्णय लिने विचारको मूल्य निश्चित गर्ने, जटिल परिस्थितिमा पनि निर्णय लिन सक्नेजस्ता मापनका विषयहरू यसमा समावेश भएका हुन्छन् । मूल्याङ्कन गर्दा माथि उल्लेखित पाँचैवटा तहलाई ध्यान दिएर गर्नुपर्छ । यसलाई गुणात्मक र परिमाणात्मक दुवै तरिकावाट मापन गर्न सकिन्छ । यसले साधारण भाषामा मूल्य निर्धारण गर्ने भन्ने बुझाउँछ । यसमा प्रयोग हुने क्रियापदहरू यस प्रकार छन्: मूल्याङ्कन गर्नु, हटाउनु, निश्चित गर्नु, तुलना गर्नु, तोक्नु, लेखाजोखा गर्नु, आलोचना गर्नु, निचोड निकाल्नु, प्रतीक्षा गर्नु, समर्थन गर्नु, पुष्टि गर्नु आदि पर्दछन् ।

उदाहण :- सिकाइमा प्रभाव पार्ने प्रमुख तत्त्वहरू लेख्नु । वातावरणमा ह्रास ल्याउने प्रमुख तत्त्वहरूको सूची तयार गर्नु ।

३.१.२ प्रभावी क्षेत्र (Affective Domain)

प्रभाव क्षेत्रका उद्देश्यहरूले प्रवृत्ति, रुचि, अभिवृत्ति मनोवृत्ति, संवेग, इच्छा, आकांक्षा र चाहना, श्रद्धा, निष्ठा, लज्जा, क्रोध, ईर्ष्या आदि विषयलाई यसले समेटेको पाइन्छ । यसलाई पाँचवटा क्रमिक उद्देश्यहरूका ढाँचामा तयार पारिएको छ । ती यस प्रकार छन् ।

अ) प्राप्त गर्नु Receiving
आ) प्रत्युत्तर Responding
इ) मान्यता Valuing
ई) संगठन Organization
उ) चरित्रीकरण Characterization

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

अ) प्राप्त गर्नु (Receiving) :- यस तहमा प्रभाव पक्षका आधारभूत तथा प्रारम्भिक अनुभूतिका विषयहरू रहेका हुन्छन् । मानिसले तीन क्रमिक उच्च तहमा अनुभव गर्दछ ।

क. सिकारू सहज रहन्छ । तर उद्देश्य प्राप्तिमा त्यति ध्यान दिएको हुँदैन ।
ख विषय वस्तुमा इच्छा जागेको हुन्छ र त्यसलाई प्राप्त गर्न चाहन्छ ।
ग. विशेष रूपबाट ध्यान दिने गर्दछ । उसमा निश्चित उद्देश्य प्राप्त गर्ने धारणा रहेको हुन्छ ।

जसले गर्दा सुषुप्त अवस्थामा रहेको मस्तिष्कलाई घचघच्याइ सक्रिय बनाउने काम गर्दछ । यसमा प्रयोग हुने क्रियापदहरु ध्यान दिनु, प्राप्त गर्नु, सुन्नु, नियन्त्रण गर्नु, सचेत रहनु, पक्ष लिनु, ग्रहण गर्नु आदि पर्दछन् ।

उदाहरण : ध्यान दिएर समाचार सुन्दा नयाँ खवर प्राप्त गर्न सकिन्छ ।

आ) प्रत्युत्तर (Responding) :- यो प्रभाव क्षेत्रको दोस्रो तहमा पर्दछ । यस तहमा व्यक्ति/ सिकारु जागरुक मात्र नभएर उसमा रुचि पनि पैदा भएको हन्छ । सिकारुको सिकाइप्रति रुचि जागेर सन्तोष लिने, प्रत्युत्तर दिने, आदानप्रदान गर्ने प्रक्रिया हुनु नै यस तहको प्रमुख कार्य हो । सिकारुले शिष्टतापूर्ण, सुरुचिपूर्ण, ठीक-ठीक तरिकाबाट प्रत्युत्तर दिन्छ भने सिकारुमा प्रत्युत्तर तहको प्रभावी पक्षको विकास भएको मान्नुपर्छ । त्यसपछिमात्र सिकारु स्वयं कार्य क्षेत्रमा प्रस्तुत हुन सक्दछ र सन्तोष पनि प्राप्त गर्न सक्दछ । सिकारुमा रुचि पैदा हुनु, प्रत्युत्तरपछि, सन्तोषको अनुभव प्राप्त गर्नु, प्रभावी पक्षको प्रमुख लक्ष्य हो । यस तहमा प्रयोग हुने क्रियापदहरू यसप्रकार छन् :- प्रकट गर्नु, छान्नु, पूरा गर्नु, अभिलेख राख्नु, छलफल गर्नु, अनुकरण गर्नु, विकास गर्नु, सहयोग गर्नु, आदि पर्दछन् ।

उदाहरण:- पाठपाठ्यपुस्तकको अध्ययनगरी असल र खराव पक्षहरू छुटयाउनु ।
कक्षा दशको पाठचक्रममा भएका त्रुटिहरूलाई औंल्याउनु ।

इ) मूल्याङ्कन (Valuing) :- मूल्य मान्यता भन्ने कुरा कुनै पनि वस्तुको महत्त्वमा निर्भर रहन्छ । वस्तुको महत्त्वलाई मूल्याङ्कन गरी उपयुक्त स्थान दिने काम यसले गरेको हुन्छ । मान्यतालाई आकर्षित गर्न सकिन्छ, तर जवरजस्ती लाद्न सकिदैन । कुनै व्यक्तिले कुनै कुरालाई मान्यता दिने भनेको उसले त्यसलाई आत्मसात गर्नु, स्वीकार्नु वा आकर्षण हुनु हो । यहाँ प्रयोगमा आउने क्रियापदहरू यसप्रकार छन् । सहभागी हुनु, स्वीकार्नु, प्रशंसा गर्नु, व्याख्या गर्नु, अनुसरण गर्नु, प्राप्त गर्नु, वढाउनु आदि पर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

उदाहरण :- दुरशिक्षाले सञ्चाल नगरेको शिक्षा कार्यक्रममा सहभागी हुनु । शिक्षा क्षेत्रमा आएको ह्रासलाई कारणदीएर स्वीकार्नु ।

ई) संगठन (Organization) :- जब मानिसले कुनै एक मान्यतालाई आत्मसात् गर्दछ वा स्विकार्दछ, तब उसले स्वीकारेका मान्यताहरूलाई आन्तरिकीकरण गर्दछ र व्यवस्थित गर्ने काम पनि गर्दछ । यसरी मूल्य र मान्यता क्षेत्रको विकास हुन पुग्दछ । मान्यता र मूल्यलाई आन्तरिकीकरण गरेपछि त्यसको उपयुक्ततालाई बुझ्नु पर्दछ । यसमा सर्वप्रथम मूल्य र मान्यतालाई आपसमा संगठित गर्ने र सम्बन्ध देखाउने । अन्त्यमा मूल्य र मान्यताको कार्यान्वयन गर्ने काम यसै अन्तर्गत हुन्छ । यसमा प्रयोग हुने क्रियापदहरू यसप्रकार छन् । छलफल गर्नु, परिभाषा दिनु, संगठन गर्नु, सम्बन्ध देखाउनु, निर्माण गर्नु, सन्तुलित पार्नु, प्रतिपादन गर्नु, तौलनु आदि पर्दछन् ।

उदाहरण :- अधिकार र कर्तव्यको सम्बन्ध देखाउनु । हाम्रो समाजमा अनेकतामा एकता छ, भन्ने विषयलाई लिएर छलफल गर्नु ।

उ) चरित्रीकरण (Characterization) :- चरित्रीकरण मानव जीवनको सर्वोच्च र सर्वोत्कृष्ट स्थिति हो । यसले मानिसलाई आदर्श र उदाहरणीय बनाइदिन्छ । मानिस कुनै एक दर्शनमा उन्मुख हुन्छ । तव उसको सम्पूर्ण जीवनमानै नयाँ रूप रेखा देखा पर्न थाल्दछ । उसका व्यवहारमा परिवर्तन आई एक आकर्षक मानव नमुनाको रूपमा समुदायमा देखा पर्न थाल्दछ । उसको प्रभावकारी र प्रेरणादायी व्यक्तित्वले विद्यार्थीलाई कुनै निश्चित लक्ष्यमा पुग्न सहयोग गर्दछ । यसमा प्रयोग हुने क्रियापदहरू यसप्रकार छन् । आदेश दिनु, एकत्रित गर्नु, पुनरावलोकन गर्नु आदि ।

उदाहरण :- वर्तमान नेपालको राजनीतिलाई पुनरावलोकन गर्नु । गुरुले सुनाउनु भएको घटनालाई विश्वास गर्नु ।

३.१.३. सीप क्षेत्र (Psychomotor Domain)

मनःक्रियात्मक क्षेत्र बढी सीपसँग सम्बन्धित रहेको हुन्छ । यसमा प्रयोग हुने सीपलाई व्यावहारिक क्षेत्रमा पनि लिइन्छ । यसले साधनयुक्त र साधनरहित क्षेत्रको सीपसम्बन्धमा वर्णन गर्दछ । सामाजिक शिक्षाअन्तर्गत विभिन्न सीपको विकास गर्न यसलाई प्रयोगमा ल्याइन्छ ।

जस्तै :- नक्सा कोर्ने, ग्राफ चार्ट, र डायग्रामलाई तथ्याङ्क हेरेर तयार गर्ने, घटनाहरूलाई क्रम मिलाएर वर्णन गर्ने, दिएका तथ्याङ्कलाई विभिन्न प्रकारका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

ग्राफमा प्रस्तुत गर्ने, देखे सुनेका घटनालाई लिखित रूपमा प्रस्तुत गर्नु, आदि सीपहरूको विकास गर्ने काम यसले गर्दछ ।

मनःक्रियात्मक सीपको अर्थ अवलोकन, चिन्तन, मनन, प्रयोगात्मक विधिवाट प्राप्त सीप वा कुनै शिक्षक निर्देशनवाट प्राप्त ज्ञान, सीपमा मानसिक र शारीरिक दृष्टिकोणवाट तयार भई आवश्यक वा अनुकूल परेको अवस्थामा प्रस्तुत गर्न सक्नु हो । यस क्षेत्रअन्तर्गतका सीपलाई पाँच भागमा वर्गीकरण गर्न सकिन्छ ।

(क) प्रत्यक्ष Perception

(ख) तयारी Set

(ग) निर्देशित प्रतिक्रिया Guided Response

(घ) यान्त्रिकीकरण, Mechanism

(ङ) जटिलवस्तुको सरल प्रतिक्रिया, Complex overt response

(क) प्रत्यक्ष ज्ञान (Perception) :- प्रत्यक्ष ज्ञान क्षेत्रमा विद्यार्थीहरूलाई कुनै पनि वस्तु वा विषयलाई अवलोकनको माध्यमवाट, अनुभव, वर्णन र प्रत्यक्ष देखाएर वलियो धारणाको विकास गराउन सकिन्छ । यसलाई मनःक्रियाको पहिलो तहमा लिइन्छ । सामाजिक शिक्षाको अध्ययन गर्दा चित्र वा वस्तुको प्रत्यक्ष अवलोकनवाट विद्यार्थीहरूमा स्पष्ट धारणाको विकास हुन्छ । जुन अवलोकन र अनुभववाट प्राप्त धारणा वलियो भएको पाइन्छ ।

(ख) तयारी (set) :- तयारी मनःक्रियात्मक क्षेत्रको दोस्रो तह हो । यसमा विद्यार्थीले वा सिकारुले कुनै विषय सिक्नको लागि तयार भएको हुनुपर्छ । सिकारु मानसिक र शारीरिक अवस्थामा पनि तन्दुरुस्त हुनुपर्छ । सिकाइएको विषयमा व्याख्या ? वर्णन र रेखाङ्कन गर्न सक्षम भएको हुनुपर्छ । सिकाइएका विषयलाई कुनै पनि अवस्थामा उपयोगमा ल्याउन वा प्रयोग गर्न तयार भएको हुनुपर्छ ।

(ग) निर्देशित प्रतिक्रिया (Guided Response) :- यो सीप क्षेत्रको तेस्रो तह हो । सिकारु, विद्यार्थीहरू सिकाइका लागि कसैको निर्देशन, नियम र विधिको आधार लिएर सिकाइमा अग्रसर भएको पाइन्छ । जसले गर्दा सामाजिक शिक्षाको शिक्षणपछि त्यसको धारणा वलियो वनाउन विभिन्न किसिमका विधि अपनाई सिकारुले सजिलैसँग निर्धारण गरेको सीपको लक्ष सजिलैसँग हासिल गरेको हुन्छ ।

(घ) यान्त्रिकीकरण (Mechanism) :- यो मनःक्रियात्मक क्षेत्रको चौथो तह हो । यस तहमा विद्यार्थीहरू कसैको सहयोग र निर्देशविनानै अध्ययन गर्न सक्षम हुन्छ । विद्यार्थीले आफूलाई आवश्यक पर्दा सामाजिक अध्ययन शिक्षाका विषयहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

स्वयं आफैं, आफ्नो अनुभवलाई समावेश गरी अध्ययन गर्दा सिकारुमा आत्मविश्वास बढ्न जाने हुन्छ । यसरी स्वयं आफ्नो प्रयासवाट सिकाइ भएको विषयमा वढी यान्त्रीकरण हुने र व्यवहारमा पनि उक्त सिकाइको सीप वढी प्रयोगमा ल्याउन सकिन्छ ।

(ङ) जटिलवस्तुको सरल प्रतिक्रिया (Complex overt response) :- यो मन:क्रियात्मक क्षेत्रको अन्तिम तह हो । यस तहमा सिकारुले सिकेका विषय वा सीपलाई आवश्यक पर्दा जुनसुकै समयमा प्रयोग गर्न समर्थ भएको पाइन्छ । सामाजिक अध्ययनको कुनै पनि शीर्षक सर्वप्रथम शिक्षण गर्दा जति जटिल महसुस हुन्छ । त्यो जटिलता सिकारुमा हुँदैन किनकि सिकारुमा समस्यालाई सजिलैसँग हल गर्ने सीपको विकास भएको हुन्छ ।

उपयुक्त ज्ञान, प्रभाव र मन:क्रियात्मक तीनवटै क्षेत्रको अध्ययनले यो प्रष्ट हुन्छ कि सामाजिक अध्ययन शिक्षण वा अध्ययन गर्दा तीनवटै क्षेत्रलाई समेटेर गर्नुपर्ने हुन्छ । तीन क्षेत्रमध्ये कुनै एउटा क्षेत्रको उद्देश्यलाई मात्र वढी ध्यान दिएर अध्ययन गर्दा सिकारुको सिकाइमा पूर्णता आएको हुँदैन । तसर्थ सिकारुले अध्ययन गर्दा वा शिक्षकले शिषण गर्दा पनि सबै क्षेत्रलाई समेटर गर्नुपर्ने हुन्छ । जसले गर्दा सिकारुले हासिल गर्नुपर्ने उद्देश्य पूर्णरूपले हासिल गर्न सकेको हुन्छ । यसमा मूल्याङ्कन गर्नुपर्दा तीन वटै क्षेत्रलाई समेटर गर्नुपर्ने हुन्छ । जसले गर्दा सिकारुमा सवै क्षेत्रको ज्ञान र सीपको विकास भए नभएको वारेमा पत्ता लगाउन सकिन्छ ।

३.२ शैक्षणिक र व्यावहारिक उद्देश्यका अवधारणाहरू (Concepts of instructional and behavioural objectives)

शिक्षण सिकाइ कार्यक्रममा शिक्षण गर्नु अगावै योजना तर्जुमा गर्दा कुनै पनि विषय शीर्षकमा भएका उद्देश्यहरू छनोट गरिएका हुन्छन् । यसरी छनोट गरिएको उद्देश्यहरू प्राप्त गर्नका लागि विभिन्न शिक्षण विधि र शिक्षण सिकाइ क्रियाकलाप अपनाइएको हुन्छ । उक्त विधि र क्रियाकलापले शिक्षण सिकाइमा समावेश गरिएका उद्देश्यहरूलाई पूरा गर्ने काम गरेको हुन्छ । यसरी प्राप्त भएको शैक्षणिक उद्देश्यले सिकारुको व्यवहारमा केही न केही परिवर्तन आएको हुन्छ । उक्त परिवर्तन मापन गर्न योग्य होस् भन्नाका लागि त्यसलाई वढी व्यावहारिक बनाइएको हुन्छ । यस किसिमका उद्देश्यहरू कुनै पनि विषय शिक्षकले शिक्षण गर्नु अगावै तयार गरेका हुन्छन् । उक्त उद्देश्यहरू प्राप्त गर्ने विभिन्न शिक्षणविधि, प्रविधि र क्रियाकलाप अपनाएका हुन्छन् । यस किसिमको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

शिक्षणविधि प्रविधि र क्रियाकलापले लक्षित गरेका उद्देश्यलाई परिपूर्ति गर्न सहयोग गर्दछ । विषय शिक्षणबाट निश्चित समयमा प्राप्त गरिएको उपलब्धि वा उद्देश्य मापन योग्य हुनुपर्दछ । मापन योग्य भएका सम्पूर्ण उद्देश्यहरू नै बढी व्यावहारिक भएको पाइन्छ । जुन उद्देश्यहरू व्यावहारिक हुन्छन् । ती कामयावी पनि भएको पाइन्छ । ती नै उद्देश्यहरू सामान्यतया विशिष्ट र व्यावहारिक पनि हुन्छन् ।

आज शैक्षिक उद्देश्यलाई व्यावहारिक उद्देश्यमा नै तयार गर्नुपर्छ भन्ने विषयमा पनि जोड दिँदै आएको पाइन्छ । यसमा सामान्यतया जुन उद्देश्यहरू व्यावहारिक हुन्छन्, ती उद्देश्यहरू स्वतः विशिष्ट हुन्छन् । तर सबै विशिष्ट उद्देश्यहरू सबै व्यावहारिक हुन सक्तैनन् । तसर्थ आफ्नो शिक्षण सिकाइका लागि शिक्षकले उद्देश्यहरू निर्धारण वा छनोट गर्दा विशिष्ट तुल्याउनुका साथै व्यावहारिक पनि बनाउनुपर्दछ । जसले गर्दा सिकाइमा भएको प्रगति र व्यवहारमा आएको परिवर्तनलाई सजिलै मापन गर्न सकिने हुनुपर्छ ।

जबसम्म उद्देश्यलाई व्यावहारिक रूपमा तयार पार्न सकिँदैन तबसम्म उद्देश्य प्राप्तिको लागि कार्यक्रम तयार गर्न र प्रगतिको वा उपलब्धिको मूल्याङ्कन गर्न पनि सकिँदैन । खुला दिमागले सोच्न सक्नेछन् । जे जति जानेका छौँ व्यक्तगर । भन्दा उद्देश्यहरूलाई मापन गर्न कठिन हुन्छ । यी उद्देश्यहरू आफैंमा स्पष्ट छैनन् । तसर्थ उद्देश्यलाई यसरी स्पष्ट बनाउनुपर्छ, जसको उपलब्धि वा नतिजालाई सजिलैसँग मापन गर्न सकिने हुनुपर्दछ । सिकाइ गर्नुपर्ने विषयलाई पूर्णरूपमा सिकाइ नगरी टुक्रा पारेर शिक्षण सिकाइ गरेको अवस्थामा सिकाइ बढी प्रभावकारी हुनुको साथै जुन उद्देश्य प्राप्तिका लागि शिक्षण गरिएको हो, उक्त उद्देश्य पनि सजिलैसँग प्राप्न गर्न सकिन्छ ।

व्यावहारिक उद्देश्य निर्माणका लागि निम्नलिखित चार विशिष्ट र निश्चित चरणहरूले मार्गदर्शनको काम गर्दछन् ।

क. सिकारुले गर्नुपर्ने काम स्पष्ट निर्दिष्ट र संक्षिप्त रूपमा सुनिश्चित गरिनुपर्दछ ।

ख. सिकारुले छनोट गरेको समस्यालाई हल गर्न सुविधा एवं उपयुक्त समय निर्धारण गर्नुपर्दछ ।

ग. स्वीकार योग्य न्यूनतम प्राप्तिलाई परिभाषित गर्नुपर्दछ ।

घ. सिकारुले प्राप्त गरेको उपलब्धिलाई व्यवहारमा उतारेको छ/छैन अवलोकन गर्ने र उक्त उपलब्धि मापन गर्दा अपनाउने विधि पनि निर्धारण गर्नुपर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

शैक्षणिक उद्देश्य निर्धारण गर्दा प्रत्येक विषय शीर्षकबाट प्रथम, द्वितीय, तृतीय र चतुर्थ चरणमा वर्गीकरण गर्न सकिन्छ । तर प्राथमिक तहमा सामान्य कथन नै पर्याप्त हुन्छ भने माध्यमिक तहमा अपेक्षित गुणस्तर उच्च हुँदै गएको हुन्छ । उद्देश्य निर्माण गर्नुपर्दा विवरणात्मक र सम्बन्धात्मक दुवैलाई स्तरीय बनाउँदै लग्नुपर्दछ ।

शैक्षणिक उद्देश्यलाई मानवीय व्यवहारको अवलोकन र सम्पादन गर्न सकिने विषयका रूपमा लिइन्छ । उद्देश्यलाई एक विशिष्ट कार्य सम्पादनको अपेक्षाका रूपमा लिइन्छ । तिनै उद्देश्यहरूको आधारमा विद्यार्थीले प्राप्त गरेको दक्षता र सीपको मापन शिक्षकले अवलोकन र मूल्याङ्कनबाट गर्दछन् । तसर्थ विद्यार्थीको समूचित विकासको लागि वाञ्छित व्यवहारसम्बन्धी विभिन्न उद्देश्यहरू समायोजित गर्नुपर्ने हुन्छ ।

शैक्षणिक उद्देश्यलाई बढी वैधानतापूर्ण र सन्तुलित तुल्याउन सामान्य तथा विशिष्टीकरण तालिकाको निर्माण गर्नुपर्दछ । उक्त तालिकामा अध्ययन क्षेत्रलाई विश्लेषण गरेर सन्तुलित रूपमा शैक्षणिक उद्देश्यको निमार्ण गरिन्छ । पाठ्यक्रम र पाठ्यपुस्तकको एकाइमा समावेश गरिएका उद्देश्य नै शैक्षणिक उद्देश्य निर्माणको आधार हुन जान्छ । शिक्षकले ती साधारण उद्देश्यहरूलाई टुक्रयाएर, शैक्षणिक उद्देश्यमा परिणत गरी, त्यसअनुसार कक्षा शिक्षण गर्नुपर्दछ ।

साधारण उद्देश्य :- हाम्रा प्रमुख प्राकृतिक स्रोतहरूको वितरण संरक्षण र उपभोगको बारेमा व्यक्त गर्न ।

शैक्षणिक उद्देश्यहरू :-

१) हाम्रा मुख्य-मुख्य प्राकृतिक स्रोतको नाम बताउन सक्नेछन् ।
२) प्राकृतिक स्रोतको संरक्षणको बारेमा व्यक्त गर्न सक्नेछन् ।
३) प्राकृतिक स्रोतको उपयोग गर्ने तरिका बताउन सक्नेछन् ।
४) नेपालको आर्थिक उन्नतिको लागि जलस्रोतको भूमिका बताउन सक्नेछन् ।
५) राष्ट्रिय निकुञ्ज र आरक्षणको सूची तयार गर्ने ।
६) नेपालको नक्सामा कोइलाखानी भएको ठाउँ संकेत गर्ने र
७) वनको महत्त्वलाई उल्लेख गर्ने ।

यसरी शैक्षणिक उद्देश्यको छनोट गरेपछि त्यस विषयको वारेमा वलियो धारणाको विकास भएको पाइन्छ । फलस्वरूप उक्त विषयमा भएका उद्देश्यहरूको ज्ञान,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सीप, र अभिवृत्ति प्राप्त गर्न समर्थ हुनेछन् । त्यसलाई योग्य तुल्याउने प्रमुख तत्त्व उद्देश्य नै हुनेछ । शैक्षणिक उद्देश्यलाई यसरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।

योग्य तुल्याउने उद्देश्य (धारणा) हरू	शैक्षणिक र व्यावहारिक उद्देश्यहरू
१) नेपालमा भएका हिमालको महत्त्व बुझ्न सक्षम हुनेछन् ।	१) नेपालका हिमालको महत्त्वलाई बुँदागत रूपमा व्यक्त गर्न सक्नेछन् ।
२) वातावरणमा ह्रास ल्याउने प्रमुख तत्त्व मानिस नै हो भन्ने कुरामा सहमत हुनेछन् ।	२) वातावरणमा ह्रास ल्याउने प्रमुख तत्त्व मानिस नै हो भन्ने विषयलाई बुँदागतरूपमा व्यक्त गर्न सक्नेछन् ।

यसरी एकातिर सिक्नुपर्ने विषयवस्तु र अर्कोतिर विशिष्ट र व्यावहारिक उद्देश्यहरूसँगसँगै तयार पारिएको हुन्छ । यसमा सिकारुले सिक्नुपर्ने कुरा के थियो ? उसको व्यवहारमा परिवर्तन ल्याउनुपर्ने कुरा के थियो ? ती सम्पूर्ण विषयहरू उल्लेख गरिएको हुन्छ । सिकाइ त्यस बेलासम्म अस्पष्ट रहन्छ, जब सम्म सिकारूले सिकाइलाई आफ्नो व्यवहारमा उतार्न सकेको हुँदैन । योग्य तुल्याउने उद्देश्यअनुसार शिक्षण गरिएको विषयको धारणालाई वास्तविक स्थितिसँग सम्बन्ध स्थापित गराउँछ र सिकारुको व्यवहारमा पनि परिवर्तन आउँछ । यसरी जब सिकारूले लक्षित उद्देश्यलाई सम्वद्ध गराउँदछ, तब उसको सिकाइ अर्थपूर्ण हुन आउँदछ ।

शिक्षण सिकाइ प्रक्रियालाई उद्देश्यले निर्देशित गर्दछ । उद्देश्यअनुसारको शिक्षण प्रक्रियाको छनोट गरी त्यसैअनुसार शिक्षण गर्नुपर्ने हुन्छ । यसरी शिक्षण गर्दा शिक्षण सिकाइलाई बढी प्रभावकारी बनाउनको लागि सर्वप्रथम त शिक्षक नै शिक्षण गरिने विषयवस्तुमा पोख्त हुनुपर्दछ । जसले गर्दा शिक्षण सिकाइ बढी प्रभावकारी र अर्थपूर्ण हुन जान्छ ।

शैक्षणिक उद्देश्य निर्धारणका चरणहरू

बिषय शिक्षणमा, शैक्षणिक उद्देश्यको क्रम निर्धारण गर्दा शिक्षकको मनसपटलमा साधारण र विशिष्ट दुवै उद्देश्यहरू स्पष्ट रहेको हुनुपर्छ । कुनै पनि पाठ/ शीर्षकअन्तर्गत रहेका उद्देश्यहरूलाई गहिरिएर अध्ययन गर्नुपर्दा उद्देश्यलाई साना साना टुक्रामा छुट्याउनु पर्छ । जसको फलस्वरूप शिक्षणपछि उक्त उद्देश्यहरू व्यावहारिक रूपमा स्पष्ट देखा पर्न सक्दछन् । शिक्षण सिकाइमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

समावेश गरिने उद्देश्यहरूलाई सरलबाट जटिलतातिर लगिन्छ। जसले गर्दा सिकारूले सिक्नुपर्ने विषयलाई सजिलैसँग सिक्न सकेको हुन्छ। शैक्षणिक उद्देश्यको क्रमलाई यसरी उल्लेख गरिएको छ।

१) सिकारुले गर्नुपर्ने कामको बारेमा आफ्नो अपेक्षालाई सुनिश्चित गर्ने।

२) उक्त अपेक्षागत उद्देश्यलाई व्यावहारिक क्रियापदमा तयार पार्नुका साथै अपेक्षित स्तर तथा क्षमता परीक्षण गर्ने तरिका पहिल्याउने।

३) पूर्व तयारीलाई विचार पुऱ्याउने।

४) पूर्व तयारी कामलाई पूर्ण व्यावहारिक उद्देश्यमा परिणत गर्ने र क्रमिक आधारमा मिलाएर राख्ने।

५) हरेक उद्देश्यमा रहेको योग्यता र सिकाइ तत्त्वलाई पहिचान गर्ने र त्यसकै आधारमा उद्देश्य संरचनाको ढाँचा तयार पार्ने आदि पर्दछन्। यसरी शैक्षणिक उद्देश्यहरू निर्धारण गरिएका हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

एकाइ चार

४. सामाजिक अध्ययनको पाठ्यक्रम

CURRICULUM IN SOCIAL STUDIES

४.१ सामाजिक अध्ययनको पाठ्यक्रमको अर्थ : (Meaning of Social Studies Curriculum)

पाठ्यक्रमले आवश्यक विषयवस्तुलाई सङ्कलन गरी संगठित ढाँचामा क्षेत्र र क्रम मिलाएर प्रस्तुत गर्ने काम गर्दछ । यसले कुनै एउटा कक्षा वा तहमा समावेश गरिने विषयको वारेमा स्पष्ट उल्लेख गरेको हुन्छ । सामाजिक शिक्षाको पाठ्यक्रममा पनि कुनै एउटा कक्षा वा तह पार गर्दा सिकारुले हासिल गर्नुपर्ने, ज्ञान, सीप र धारणालाई स्पष्ट उल्लेख गरेको हुन्छ ।

पाठ्यक्रम शब्दको उत्पत्ति ल्याटिन भाषाको कुरर (Currer) शब्दबाट भएको हो जसको अर्थ दौडको मैदान (Race Course) भन्ने वुझिन्छ । "Curriculum is the runway to reach a goal". परम्परागत भाषामा पाठ्यक्रम भन्नाले विद्यालयमा अध्यापन गराइने विषयहरूको सूची भन्ने वुझिन्छ । तर आजको विश्वमा यसको क्षेत्र व्यापक भएको छ । आधुनिक शिक्षाविद्ले पाठ्क्रमलाई यसरी परिभाषित गरेका छन् ।

Smith Stanley and Shores का अनुसार "सामूहिक सोचाइ र कार्यको लागि विद्यालयमा विद्यार्थीहरूलाई अनुशासित गराउने हेतुले बनाइएको खँदिलो अनुभवहरूको क्रम नै पाठ्क्रम हो" "A sequence of potential experiences set up in the school for the purpose of disciplining children and youth in group ways of thinking and action" भन्ने कुरा स्पष्ट हुन्छ ।

Cunningham का अनुसार "पाठ्क्रम कलाकार (शिक्षक) को हातको एउटा यन्त्र हो जसवाट उनले आफ्नो सामग्री (विद्यार्थीहरू) लाई आफ्नो आदर्श लक्ष्यअनुसार आफ्नो कलागृह (विद्यालय) मा ढाल्दछ" । "Curriculum is a tool in the hands of the artist (Teacher) to mould his material (Pupil) according to his ideal (objective) in his studio -(School)"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

Munrroe का अनुसार "पाठ्यक्रम ती सम्पूर्ण अनुभव निहित हुन्छन्, जसलाई विद्यालयद्वारा शिक्षाको लक्ष्य प्राप्तिका निमित्त उपयोगमा ल्याउन सकिन्छ ।" "Curriculum embodies all the experiences, which are utilized by the school to attain the aims of education"

पाठ्क्रम विकास केन्द्रले दिएको परिभाषाअनुसार "निर्धारित सिकाइ उपलब्धिहरू हासिल गर्नका लागि विद्यार्थीहरूलाई विभिन्न अनुभवहरू उपलब्ध गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्क्रम हो ।" "Curriculum is the study programme designed to active the objctives of education" NESP

पाठ्क्रम औपचारिक शिक्षाको आधारभूत निर्देशक तत्त्व हो, जसमा कुनै देशको सरकार संस्कृति समाज र त्यस देश र समाजको आवश्यक उद्देश्य प्राप्तिका लागि शिक्षण गरिने विषय विधि, नीति र कार्यक्रम उल्लेख गरिएको हुन्छ । तसर्थ कुनै निश्चित निर्धारित शैक्षिक उद्देश्य प्राप्त गर्न वा लक्ष्यमा पुग्न मद्दत गर्ने माध्यम नै पाठ्क्रम हो । समग्रमा भन्नुपर्दा कुनै शैक्षिक लक्ष्य प्राप्तिका लागि तयार गरिएको कार्यक्रम नै पाठ्यक्रम हो ।

४.२ सामाजिक अध्ययनको पाठ्यक्रम विकासका सिद्धान्तहरू (Principles of developing social studies curriculum)

पाठ्यक्रम समय, परिस्थितिअनुसार परिवर्तन भइरहने कार्यक्रम हो । यो सदाको लागि सर्वगुण सम्पन्न हुँदैन । सामाजिक शिक्षा विषयको पाठ्यक्रम समयको परिवर्तन र देशको आवश्यकतालाई ध्यान दिएर तयार पारिएको हुन्छ । सामाजिक शिक्षाको पाठ्यक्रम व्यापक र जटिल पनि छ । यो हुनुमा यसको अध्ययन क्षेत्र विशाल हुनु हो । सामाजिक शिक्षाको पाठ्यक्रम तयार गर्दा होसियार हुनुपर्दछ । किनकि, यसको पाठ्यक्रम निर्माण गर्दा सिकारुको उमेर, क्षमता, तह र रुचिजस्ता विषयलाई ध्यान दिएर तयार पारिएको हुन्छ । वास्तवमा सामाजिक शिक्षाको पाठ्यक्रम सामाजिक विज्ञानका विषयहरू, सिकारुले समुदायबाट प्राप्त गरेको अनुभव, सामाजिक समस्या र निराकरणका उपायहरूलाई ध्यान दिएर तयार गरिएको हुन्छ ।

विद्यालय एउटा सामाजिक संस्था भएकोले समाजमा आएका परिवर्तनको प्रभाव यसमा पर्न जानु स्वाभाविक प्रक्रिया हो । तसर्थ शिक्षकले विद्यालयमा विद्यार्थीहरूलाई शिक्षण गर्दा विद्यालयको कक्षाकोठालाई जेल, कोठरीजस्तो वनाएर होइन, बालकलाई गाल्ने असल भाँडोको रूपमा उपयोग गरी, उपयुक्त शिक्षण विधिको प्रयोग र शौहार्द्रपूर्ण वातावरणमा मनोवैज्ञानिक विधिवाट शिक्षण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

गर्नुपर्दछ। जसको फलस्वरूप समुदाय र राष्ट्रले आशा गरेको वा चाहेको कुशल नागरिक तयार हुन सक्दछ। सामाजिक अध्ययनको उद्देश्य प्राप्त गर्न पाठ्यक्रम निम्न सिद्धान्तमा आधारित रहेको छ।

(१) उपयोगिताको सिद्धान्त (Principle of utility):- पाठ्यक्रम निर्माण गर्दा ध्यान दिनुपर्ने महत्त्वपूर्ण पक्षमध्ये एउटा पक्ष यो हो कि पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य प्राप्तिले सिकारुको भविष्यमा उपयोगी हुनुपर्दछ। सिकारुले आवश्यक विषयको मात्र अनुभव र अध्ययन गरेको हुनुपर्दछ। अनावश्यक विषयमा सिकारुको ध्यान जान नपाओस्, उसको सिकाइले असल भविष्य निर्धारण गर्न सकोस् र उसले सिकेका विषयले भविष्यमा सहयोग पुऱ्याउने काम गर्नुको साथै जीवनोपयोगी बनोस् भन्ने लक्ष लिएको हुन्छ।

२) जीवनसम्बन्धी सम्पूर्ण कार्य समावेश भएको सिद्धान्त (Principle of inclusion of all life activities):- पाठ्यक्रम निर्माण गर्दा समुदायमा भएका सम्पूर्ण जात जाति, भाषा, धर्म संस्कृति र प्रत्येक बालबालिकाको स्वास्थ्य, जीवन, विवेक, विचार, ज्ञान, सीप, क्षमता, धारणा, अभिव्यक्ति आर्थिक र सामाजिक अवस्थालगायत बालकको व्यक्तिगत चरित्रलाई पनि ध्यान दिनुपर्ने हुन्छ। पाठ्यक्रमले प्रजातन्त्रको सिद्धान्तलाई स्वीकार गर्न सक्ने हुनुपर्छ। पाठ्क्रममा समावेश गरिएका विषय बालककोलागि स्वीकारयोग्य हुनुको साथै प्रजातान्त्रिक विचार र धारणाको विकास गर्ने किसिमको हुनुपर्छ।

३) अनुभवहरूको पूर्णताको सिद्धान्त (Principle of the Totality of experiences):- बालकहरूले समुदायका विभिन्न क्रियाकलापको अनुभववाट प्राप्त गरेको ज्ञान र सीपलाई पाठ्क्रममा स्थान दिनुपर्छ। सिकारुले समुदाय, विद्यालय कक्षा कोठा, खेल्ने मैदान, प्रयोगशाला, पुस्तकालय आदि क्षेत्रवाट प्राप्त गरेको अनुभवलाई पाठ्यक्रममा समावेश भएको हुनुपर्दछ। समुदाय र विद्यालयका साथीबीचको सम्वाद, अन्तरक्रिया आदि पनि सम्पूर्ण जीवनको पाठ्यक्रम हो। समुदाय र विद्यालयको सम्पूर्ण कार्यकलाप नै मानव जीवनको पूर्वाधार हो।

४) विविधता र लचिलोपनको सिद्धान्त (Principle of variety and elasticity):- सामाजिक अध्ययन शिक्षाको पाठ्क्रममा विविधता र लचिलोपनको अति आवश्यक पर्दछ। पाठ्क्रम तर्जुमा गर्दा विद्यार्थीहरूको रुचि, क्षमता र व्यक्तिगत भिन्नताको साथै बालकको मनोवृत्तिलाई पनि ध्यान दिनुपर्छ। पाठचक्रममा विषयहरू समावेश गर्दा जटिल विषयवस्तुलाई मात्र लाद्नु हुँदैन। अनावश्यक र अरुचिपूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

पाठ्यक्रमले सिकारुमा सिकाइप्रतिको रुचि कम हुनुको साथै विषयवस्तुमा नै निराशाको भावना पैदा गर्दछ । तसर्थ पाठ्यक्रम निर्माण गर्दा सिकारुलाई प्रथम स्थान दिनुपर्दछ ।

५) सामुदायिक जीवनसँग सम्बन्धित सिद्धान्त (Principle of relationship with community life):- पाठ्यक्रममा सामुदायिक जीवनको सम्वन्ध स्पष्ट उल्लेख गरेको हुनुपर्दछ । सामुदयिक जनजीवनको महत्त्व, विशेषताको साथै समुदायका क्रियाकलाप पनि पाठ्यक्रममा उल्लेख भएको हुनुपर्दछ । पाठ्क्रम निर्माण गर्दा उत्पादन कार्यलाई बढी जोड दिनुपर्दछ । किनकि उत्पादन कार्य व्यवस्थित मानव जीवनको आधार हो । तसर्थ पाठ्यक्रम तर्जुमा गर्दा स्थानीय वातावरणको आवश्यकतालाई पनि ध्यान दिनुपर्दछ ।

स्थानीय वातावरण सामाजिक अध्ययन शिक्षाको पहिलो पाठ्यपुस्तक हो । सामुदयिक वातावरण पाठ्चक्रमको प्रयोगशाला हो । शिक्षा संस्कृतिको प्रतीक भएकोले पाठ्चक्रम निर्माण गर्दा संस्कृति र परम्परालाई पनि ध्यानदिनु पर्ने हुन्छ । तसर्थ पाठ्चक्रम निर्माण गर्दा सामुदायिक वातावरणको विशेषतालाई ध्यान दिएर तयार गर्नुपर्ने हुन्छ । पाठचक्रम बालक केन्द्रित हुने भएकोले यसमा बालकको अनुभवलाई प्रमुख स्थान दिनुपर्छ ।

६) अवकाशका लागि प्रशिक्षणको सिद्धान्त (Principle of training for Leisure):- पाठ्यक्रम बालबालिकाको काम र फुर्सदको समयमा पनि उपयोगी हुने किसिमको हुनुपर्दछ । जसले गर्दा बालबालिकाको सिकाइमा क्रमबद्धता र नियमितता रहिरहोस् भन्ने धारणा लिएको हुनुपर्दछ । तसर्थ पाठ्चक्रमले अध्ययन अध्यापनका विषय मात्र नभएर रोचक र मनोरञ्जनका विषयलाई पनि लिनुपर्ने हुन्छ । समुदाय भ्रमण, शैक्षिक भ्रमण, खेल, अवलोकनजस्ता विषय फुर्सदको समयलाई उपयोगमा ल्याउने गरी पाठ्क्रममा समावेश गरिएको हुनुपर्छ ।

७) क्रियाकलापको सिद्धान्त (Principle of Activity):- सामाजिक अध्ययन शिक्षाको पाठ्यक्रममा 4'H' को स्थान रहेको हुनुपर्दछ । 4'H' भनेका Head, Hand, Heart and Health हुन् । 4'H' को शिक्षा बालबालिकालाई दिनुपर्दछ । प्रयोजनवादका अनुसार पाठ्यक्रममा हात र मस्तिष्कको समन्वय हुनुपर्दछ । जसले गर्दा बालकहरू प्रकृतिको नियमअनुसार सक्रिय र क्रियाशील हुन्छन् । तसर्थ बालकको चाहनाअनुसारका विषयहरू पाठ्यक्रममा समावेश गरिएको हुन्छ ।

८) व्यक्तिगत आवश्यकताको सिद्धान्त (Principle of individual need):- यसलाई पाठ्यक्रम निर्माताले २ भागमा वर्गीकरण गरेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

(क) व्यक्तिगत आवश्यकता (Individual need):- व्यक्ति आफू समाजमा स्थापित हुनको लागि आफैं उत्प्रेरित हुने किसिमको पाठ्यक्रम तर्जुमा गर्नुपर्दछ । समुदायमा आफ्नो स्थान उच्च बनाउनको लागि उसले विभिन्न किसिमका क्रियाकलाप अपनाउनुपर्ने हुन्छ । यसरी समुदायमा व्यक्तिले आफ्नो स्थान उच्च बनाउनका लागि गर्ने गरेका क्रियाकलाप पाठ्यक्रममा समावेश गर्नुपर्ने हुन्छ ।

(ख) अरूहरूको आवश्यकता (Others need):- समुदायमा विभिन्न किसिमका मानिसहरूको बसोवास भएको पाइन्छ । सबै मानिसहरू समान सोचविचार भएको पाइँदैन । प्रौढहरूको सोचमा बालकहरू अरूको सहयोगबाट मात्र क्रियाकलाप गर्न सक्दछन् भन्ने हुन्छ । बालकको सुरक्षाका लागि पनि प्रौढहरूको सहयोगको आवश्यकता परेको हुन्छ । तसर्थ पाठ्यक्रम निर्माण गर्दा यस्ता विषयहरूलाई पनि पाठ्यक्रममा समावेश गर्नुपर्ने हुन्छ ।

समग्रमा यो भन्न सकिन्छ कि पाठ्यक्रम तर्जुमा गर्दा बालबालिकाले समुदायबाट प्राप्त गरेको अनुभवलाई मध्यनजर राखी पाठ्यक्रम बालकमा केन्द्रित हुनुपर्छ । सिकारुले विभिन्न समुदायबाट प्राप्त गरेको अनुभवलाई एक आपसमा आदानप्रदान गर्ने किसिमको पाठ्यक्रम हुनु नितान्त आवश्यक हुन्छ ।

४.३ सामाजिक अध्ययनको पाठ्यक्रम संगठनमा पहुँच (Approaches to organising social studies curriculum)

पाठ्यक्रममा कुनै पनि विषयको एउटा खाकालाई लिन सकिन्छ । जसले विषयको सम्पूर्ण क्षेत्र निर्धारण गरेको हुन्छ । कुनै पनि राष्ट्रले पाठ्यक्रम निर्माण गर्दा समाज, राष्ट्र राष्ट्रिय आवश्यकता, विद्यार्थी र समुदायको वातावरणलाई ध्यान दिएर निर्माण गरिएको हुन्छ । यसरी तयार गरिएको पाठ्यक्रमलाई सिकारुले सजिलैसँग ग्रहण गर्न सकून् भन्ने धारणा लिइएको हुन्छ । पाठ्यक्रमका विषयबस्तुको संगठन गर्दा शिक्षकको आवश्यकताभन्दा सिकारुको अवस्थालाई ध्यान दिएर तयार गर्नुपर्दछ । सामाजिक अध्ययनको पाठ्यक्रम निर्माण गर्दा विशेषगरी तीन पक्षलाई ध्यान दिनुपर्दछ ।

क) ज्ञान पक्ष (Cognictive domain)
ख) क्रियात्मक पक्ष, (Psychomotor Domain)
ग) प्रभावी पक्ष (Affective Domain)

पाठ्यक्रमको विषय संगठन गर्दा माथि उल्लेखित तीन पक्षलाई ठीकठीक तरिकाले सन्तुलन कायम गरी संगठन गर्नुपर्दछ । पाठ्यक्रममा विषय संगठन गर्दा ध्यान दिनुपर्ने विषयहरू बुँदागत रूपमा यहाँ उल्लेख गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

क) सिकारूको रुचिअनुसारको विषय संगठन (Subject organization according to learner interest):- पाठ्यक्रम संगठन गर्दा बालकलाई नै प्रमुख केन्द्र मानी गर्नुपर्दछ। पाठय्क्रम निर्माताले बालकको रुचि, क्षमता, अवस्था र आवश्यकतालाई ध्यान दिएर तयार गर्नुपर्दछ। उक्त पाठ्यक्रम समाज, समुदाय र राष्ट्रिय वातावरणलाई पनि पच्य हुने किसिमको हुनुपर्दछ। समुदाय र बालकमा केन्द्रित भएर तयार गरिएको पाठ्यक्रम पनि बालवालिकालाई अरुचि भएमा उक्त पाठ्यक्रमले शिक्षण सिकाइमा सफलता पाउन सक्दैन। तसर्थ पाठ्यक्रम निर्माण गर्दा बालबालिकाको रुचिलाई मध्यनजर राखी विषय संगठन गर्नुपर्दछ।

ख) क्षितिजीय र लम्बीय रुपमा फैलिएको पाठ्यक्रम (Curriculum extended in vertical and horizontal form) :- सामाजिक अध्ययन शिक्षाको पाठ्यक्रमको ढाँचा क्षितिजीय र लम्बीय रूपमा फैलिएको हुनपर्दछ। यसको अर्थ जुन कुनै विषय पनि तल्लो कक्षामा राखिएको विषय माथिल्लो कक्षामा राख्नु पर्दा केही क्षितिजीय रूपमा फैलिएको हुनुपर्छ। उपल्लो कक्षामा दिनुपर्ने विषयवस्तुको पूर्वाधार तल्लो कक्षामा सिकारुले केही ज्ञान आर्जन गरेको अवस्थामा विषयवस्तुलाई सजिलै ग्रहण गर्न सक्दछ। यदि यसरी नदिएको अवस्थामा विषयवस्तु अरू जटिल हुन जान्छ र शिक्षण सिकाइमा पनि कठिनाइ पैदा हुन्छ।

ग) सामाजिक विज्ञानका विषयहरू बीचको सम्बन्ध (Relationship between subjects of social sciences) :- सामाजिक अध्ययन शिक्षा विषय आफैंमा पूर्ण विषय होइन। यो सामाजिक विज्ञानका विभिन्न विषयहरूबाट आवश्यक विषयको छनोट गरी कक्षा र तहअनुसार पाठ्यक्रममा समावेश गरिएको हुन्छ। यसरी सम्पूर्ण सामाजिक विज्ञानका विषयहरूलाई समेटी पाठ्यक्रममा समावेश गर्दा पनि विषय अपूरो अवस्थामा नै देखिन्छ। किनकि उक्त पाठ्यक्रममा समाजमा घटेका विभिन्न घटनाहरू र व्यावसायिक विषयहरू पनि समावेश गर्दै जानुपर्ने हुन्छ। तसर्थ सामजिक अध्ययन शिक्षाको पाठ्यक्रमलाई पूर्ण पाठ्यक्रम मान्न सकिँदैन। उत्त पाठ्यक्रम पूरा गर्ने दायित्व स्वयं सामाजिक शिक्षा शिक्षण गर्ने शिक्षकमा नै रहेको हुन्छ। समुदाय र राष्ट्रमा आएको परिवर्तन अनुसार पाठ्यक्रलाई पनि परिवर्तन गर्नुपर्ने हुन्छ।

घ) वातावरणीय विषयवस्तु पाठ्यक्रममा समावेश (Inclusion of environmental subject matter in curriculum):- सामाजिक शिक्षाको पाठ्यक्रममा सामाजिक वातावरणसम्वन्धी विषयलाई समावेश गर्नु आवश्यक हुन्छ। बालकको सबैभन्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

नजिकको वातावरण घर, विद्यालय, छिमेक हुन् । तसर्थ उनीहरूलाई सामाजिक शिक्षा दिने काम उनीहरूको वरिपरिको वातावरणको अनुभवबाट नै सुरु गर्नुपर्दछ । यसरी बालकले आफ्नो समुदायबाट सुरु गरेको सामाजिक शिक्षाको अनुभव गाउँ, जिल्ला, राष्ट्र र अन्तर्राष्ट्रसम्मको ज्ञान हासिल गर्न सक्दछ । यसरी नै बालबालिकालाई विश्व वातावरणको ज्ञान गराउनुपर्दछ । यसलाई अर्को शब्दमा भन्नुपर्दा Principle of concentric growht को सिद्धान्त भनिन्छ । जसले घर परिवार, समुदाय, राष्ट्र र अन्तर्राष्ट्रसम्म पुऱ्याउँदछ ।

ङ) सरल सामग्रीको प्रयोग (Use of simple matterials) :- सामजिक अध्ययन शिक्षाको पाठ्यक्रमको ढाँचा तयार गर्दा सरल विषयवस्तु र भाषा पनि सरल प्रयोग हुनुपर्दछ । अघिल्ला कक्षाहरूको अनुभवको आधारमा पाठ्यक्रम तयार गर्दा विद्यार्थीहरूलाई सरलबाट ज़टिलतिर ज़ान सजिलो पनि हुन्छ । पाठ्यक्रममा विषयवस्तु समावेश गर्दा सिकारुको अनुभवलाई आधार मानेर सरल तरिकाले छनोट गरेर राखेको हुनुपर्छ । पाठ्यक्रममा समावे गरेका शब्द र वाक्य पनि सरल हुनुपर्दछ । विषयवस्तुमा प्रवेश गर्न कठिनाइ नआओस् भन्नका लागि वालकले प्राप्त गरेको अनुभब बाट नै शिक्षण सिकाइ कार्यक्रम सुरु गर्नुपर्ने हुन्छ । विद्यार्थीहरूको हितको लागि पाठ्यक्रममा पुनरावृत्तिको स्थान राखिएको हुनुपर्दछ ।

च) समयानुकूल पाठ्यक्रमको परिवर्तन (Change in curriculum according to time):- सामाजिक अध्ययन शिक्षाको पाठ्यक्रम परिवर्तनशील हुनुपर्छ । किनकि पाठ्यक्रममा नयाँ विषयवस्तुले प्रवेश पाइरहेको हुन्छ । एक पटक तयार गरेको पाठ्चक्रमले वर्षौंवर्ष जान सक्दैन । समुदाय राष्ट्र र अन्तर्राष्ट्रमा भएका परिवर्तनले यसलाई प्रभाव पारेको हुन्छ । जब समुदाय र राष्ट्रमा परिवर्तन आउँछ, तब सामाजिक शिक्षाको पाठ्यक्रममा पनि परिवर्तन गर्नुपर्ने हुन्छ । तसर्थ सामाजिक शिक्षाको पाठ्यक्रम सदा परिवर्तनशील भएको पाइन्छ ।

छ) समस्या समाधान विधि (Problem Solving Method):- सामाजिक शिक्षाको स्वरूप परम्परागत पनि हुन सक्छ । किनकि यसमा समावेश गरिने विषयहरू समुदायमा उत्पन्न हुने समस्या र समाधानका उपायहरू हुन्छन् । तसर्थ सामाजिक अध्ययनको सर्वोत्तम विधि भनेको समस्या समाधान विधि हो । उक्त विधिको उपयोगले समुदायका विभिन्न समस्याको पहिचान गरी समस्यालाई समाधान गर्ने र उक्त समस्या र विकृतिबाट बच्ने सीपको विकास बालबालिकामा भएको हुन्छ । तसर्थ सामाजिक शिक्षा शिक्षणमा समस्या समाधान विधिले महत्त्वपूर्ण भूमिका निभाएको हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

सामाजिक अध्ययन शिक्षाको पाठ्यक्रम संगठन ढाँचामा सामाजिक विज्ञानका विषयहरूको प्रमुख स्थान रहेको हुन्छ। समय र परिस्थितिका बावजुद समुदाय र राष्ट्रमा आउने परिवर्तनले पाठ्यक्रममा स्थान पाएको हुन्छ। तसर्थ सामाजिक शिक्षाको पाठ्यक्रम कहिल्यै पनि विषयले पूरा भएको हुँदैन। सामाजिक शिक्षाका कतिपय विषयहरू शिक्षक आफैंले खोजीगरी दिनुपर्नेहुन्छ। ती आवश्यक विषयहरू पाठ्यक्रममा क्रमशः थपिंदै गरिन्छ। पाठ्यक्रममा समावेश गरिएका विषयहरू अर्को वर्ष पुराना भएका हुन्छन्। तसर्थ सामाजिक शिक्षाले वर्तमानका समसामयिक विषयवस्तुलाई अध्ययन गराउँन अग्रसर गराउदछ। सामाजिक विज्ञानका विषयहरू पुस्तकमा उल्लेख भए तापनि वर्तमान समयमा प्राप्त नयाँ विषयलाई शिक्षक आफैंले खोजी गरी दिनुपर्ने हुन्छ। यसरी सामाजिक अध्ययन शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तक कक्षाअनुसारको लक्ष्य र उद्देश्य राखेर तयार गरिएको हुन्छ। प्रत्येक कक्षा वा तह पार गर्दा सिकारुले पाठ्यक्रममा निर्धारण गरेका उद्देश्य वा लक्ष्य प्राप्त गरेको हुनुपर्छ। सामाजिक शिक्षाको पाठ्यक्रममा निश्चित गरिएको उद्देश्य प्राप्त गर्न सकेको अवस्थामा शिक्षण सिकाइ सफल मानिन्छ।

४.४. कक्षा ६ देखि १० सम्मको सामजिक अध्ययनको पाठ्यक्रमको संक्षिप्त अवलोकन (OVERVIEW OF THE SOCIAL STUDIES CURRICULUM OF GRADE SIX TO TEN):-

पाठ्यक्रमलाई समयसापेक्ष बनाउन सुधार गर्नु एउटा निरन्तर प्रक्रिया हो। तसर्थ आवश्यकतानुसार पाठ्यक्रममा परिवर्तन भइरहेको हुन्छ। देशमा प्रजातन्त्रको पुनर्स्थापानासँगै शिक्षालाई पनि समय सापेक्ष बनाउन र विद्यालय तहको शिक्षालाई बढी व्यावहारिक र जीवनपयोगी बनाई व्यक्तिमा अन्तरनिहित प्रतिभालाई विकास गराई मानवीय मूल्य एवं सामाजिक मान्यताअनुकूल विकास गरेर देश निर्माणका लागि उपयुक्त मानव संसाधानको विकास गर्ने र सामाजिकीकरण र आधुनिकीकरणका माध्यमले प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गरी, सामाजिक सफलतालाई सुदृढ बनाई समाजका पछि परेका व्यक्ति वा समुदायलाई राष्ट्रिय मूल प्रवाहमा समाहित गर्ने उद्देश्यले विद्यालय तहको पाठ्यक्रमको विकास भएको हो। राष्ट्र, राष्ट्रियता र प्रजातन्त्रप्रति आस्थावान, सामाजिक र प्राकृतिक वातावरणप्रति जागरूक, भाषिक व्यवहारमा सक्षम, स्वास्थ्य, स्वावलम्बी, चरित्रवान्, नागरिक तयार गर्ने उद्देश्य लिएर राष्ट्रिय शिक्षा आयोग २०४८ अनुसार निर्माण गरी लागू भएको विद्यालय तहको पाठ्यक्रमलाई समाज र राष्ट्रको आवश्यकताअनुसार समसामयिक विषयमा परिवर्तन गर्ने राष्ट्रिय शिक्षा उच्च आयोग २०५५ ले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

गरेको सिफारिसअनुसार माध्यमिक विद्यालयको सामाजिक शिक्षाको पाठ्यक्रम यस रूपमा तयार भएको छ ।

यसरी तयार गरिएको पाठ्यक्रमलाई प्राथमिक विद्यालयदेखि क्रमश: upgrading गर्दै लगेर २०५७ सालको वैशाखमा पहिलो समूहले एस.एल.सी परीक्षा दियो । यसरी समुदाय र राष्ट्रको आवश्यकतालाई मध्यनजर राखी तयार गरिएको पाठ्यक्रममा पनि केही त्रुटि देखिएकाले त्यसलाई केलाई त्रुटिलाई औंल्याउने काम गरिएको छ । "सामाजिक शिक्षा" कक्षा ६ को एकाइ एकको हामी, हाम्रो समुदाय र राष्ट्रमा समुदायको परिचय, गाउँ विकास समिति, नगरपालिकाको परिचय र गठन, सामुदायिक सेवा र उक्त समितिका कार्यहरू पर्दछन् । एकाइ दुई हाम्रा विकासका पूर्वाधारहरूमा शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, खानेपानी विद्युत् छन् । त्यस्तै एकाइ तीन हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यतामा, सामाजिक समानता, सामाजिक सद्भाव, धार्मिक परम्परा, हाम्रा चाडपर्वहरू, राष्ट्र र राजमुकुट, राष्ट्रिय गान र राष्ट्रिय झन्डा, मान्यजनप्रति शिष्टाचार र राष्ट्रिय व्यक्तित्वहरू तथा ऐतिहासिक व्यक्तित्वहरू पर्दछन् । एकाइ चार समाज, सामाजिक समस्या र विकृतिमा समाजको उन्नति, समाजको विकास, सामाजिक समस्याका लक्षणहरू, सामाजिक समस्या र विकृति, समस्या निवारणका उपायहरू पनि पर्दछन् । एकाइ पाँचको नागरिक दायित्वमा नागरिकको परिचय नागरिकता प्राप्त गर्ने प्रक्रिया, नागरिक अधिकारहरू, नागरिक अधिकारको सुरक्षा र कर्तव्यहरू पर्दछन् । एकाइ छ को हाम्रो पृथ्वीमा पृथ्वीको परिचय, एसिया महाद्विपको प्राकृतिक, अवस्था र जनजीवन, नेपालको स्थिति, सीमाना र क्षेत्रफल नक्सा कार्य, नेपालका विभिन्न धरातलमा बसोवास गर्ने जनजीवन, जातजाति, धर्म संस्कृति र रीतिस्थितिलाई पाठ्यक्रममा समावेश गरिएको छ । एकाइ सातको मानव सभ्यता र हाम्रो विगतमा नेपालको प्राचीन कालको सामाजिक संरचना प्राचीनकालको राजनैतिक स्थिति र आर्थिक क्रियाकलापाका साथै कला र संस्कृतिलाई पनि समावेश गरिएको छ । सिन्धुघाँटीको सभ्यता र नील-नदीको सभ्यतालाई पनि यसै एकाइमा समावेश गरिएको छ । एकाइ आठको हाम्रो आर्थिक क्रियाकलापमा आर्थिक क्रियाकलापको परिचय, कृषि, औद्योगिक र व्यापारिक क्रियाकलाप र राष्ट्रसेवकसम्वन्धी पाठ शीर्षक समावेश गरिएको छ । त्यस्तै एकाइ नौको हाम्रो अन्तारा्ष्ट्रिय संवन्ध र सहयोगमा अन्तर्राष्ट्रिय सम्वन्ध र सहयोगको परिचय, सार्कको परिचय, आवश्यकता र उद्देश्य, नेपालका राष्ट्रिय हितमा सार्कको उपयोगिता र विश्वको गतिविधिमा खेलकुदजस्ता पाठ्यक्रम त्यस कक्षामा समावेश गरिएको छ ।

कक्षा सातको "सामाजिक शिक्षा" एकाइ एकको हामी, हाम्रो समुदाय र राष्ट्रमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

जिल्ला र अञ्चलको परिचय, जिल्ला विकास समितिको गठन, काम कर्तव्य र अधिकार र जिल्लाका विकास कार्यहरू पर्दछन् । त्यस्तै एकाइ तीनको हाम्रो परम्परा सामाजिक मूल्य र मान्यतामा जातजाति, भाषाभाषी सांस्कृतिक धार्मिक परम्परा र चाडपर्वहरू राष्ट्र र राष्ट्रियता, प्रजातान्त्रिक व्यवस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्व र सामाजिक संघ संस्थाहरू पर्दछन् । एकाइ चारको समाज, सामाजिक समस्या र विकृतिमा हाम्रो सामाज र सामाजिक जीवन, सामाजिक अन्तरसम्बन्ध, सामाजिक समस्याका कारणहरू, सामाजिक विकृतिबाट बच्ने उपायहरू, विकृति हुन नदिन व्यक्ति, परिवार र विद्यालयको भूमिका आदि पर्दछन् । एकाइ पाँचको नागरिक दायित्वमा नागरिकका गुणहरू, जन्मसिद्ध नागरिक, कृत्रिम नागरिक, नागरिक अधिकारको सदुपयोग र नागरिक कर्तव्यको पालना पर्दछन् । एकाइ छ को हाम्रो पृथ्वीको बनोटमा युरोप महादेशको प्राकृतिक अवस्था र सामाजिक जनजीवन आदि विषय समावेश गरिएको छ भने त्यस्तै नेपालका पूर्वाञ्चल, मध्यमाञ्चल क्षेत्रको प्राकृतिक नक्सा कोर्नुको साथै ती दुई क्षेत्रको सामाजिक र आर्थिक अवस्था, तीनै क्षेत्रमा पाइने प्राकृतिक सम्पदा वा स्रोत अन्तरबालीको सूची तयार पार्नु यसअन्तर्गत पर्दछन् । एकाइ सातको मानव सभ्यता हाम्रो विगतमा मध्यकालीन सामाजिक संरचना, राजनैतिक अवस्था र आर्थिक क्रियाकलापका साथै ह्वाङ्हो नदीको सभ्यता, मेसोपोटामिया र युनानी सभ्यता पर्दछन् । एकाइ आठको हाम्रो आर्थिक क्रियाकलापमा नेपालका प्राकृतिक सम्पदाहरू, कृषि व्यवसाय र उद्योगधन्दा, व्यापार विविधीकरण सेवा र अन्य पेशाहरू पर्दछन् । त्यस्तै एकाइ नौ को हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सार्क सचिवालय र यसका कार्यहरू, सार्कशिखर सम्मेलन, सार्कद्वारा सञ्चालित कार्यक्रमहरू, भूपरिवेष्ठित राष्ट्र, र तीनका समस्याहरू, विश्वका गतिविधि साहित्य र कलाजस्ता विषयको पाठ्यक्रम समावेश गरिएको छ ।

कक्षा आठको सामाजिक शिक्षा एकाइ एकको हामी, हाम्रो समुदाय र राष्ट्रमा हाम्रा विकास क्षेत्रहरू- विकास क्षेत्रको आवश्यकता, महत्त्व विकासका प्रमुख कार्यहरू र विकास कार्यमा जनसहभागिता छन् । एकाइ दुईको हाम्रा विकासका पूर्वाधारहरूमा उही कक्षा छ र सातको जस्तै शिक्षा, स्वास्थ्य, यातायात सञ्चार, खानेपानी विद्युत् र विकासका लागि जनशक्तिजस्ता शीर्षक समावेश गरेको छ । एकाइ तीनको हाम्रो परम्परा सामाजिक मूल्य र मान्यतामा सामाजिक र धार्मिक परम्परा, हाम्रा चाडपर्वहरू राष्ट्रिय सम्पदाको परिचय र तिनीहरूको संरक्षण, राष्ट्रिय र अन्तर्राष्ट्रिय व्यक्तित्व, सामाजिक संघ संस्थाहरूजस्ता शीर्षक यसमा समावेश गरेको पाइन्छ । एकाइ चारको समाज, सामाजिक समस्या र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

विकृतिमा विविध सामाजिक प्रचलन, सामजिक असमानता, सामाजिक समस्या र विकृति, विकृतिवाट वचाउन संघसंस्थाको भूमिका आदि पर्दछन्। एकाइ पाँचको नागरिक दायित्वमा बालअधिकार र कर्तव्य, बालवालिकाप्रति नागरिक दायित्व, व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाजस्ता शीर्षक यसमा समावेश गरिएको छ। एकाइ छ को हाम्रो पृथ्वीमा धरातलीय स्वरूपमा परिवर्तन ल्याउने तत्त्वहरू, पश्चिमाञ्चल, मध्यमाञ्चल र सुदूरपश्चिमाञ्चल क्षेत्रको प्राकृतिक सामाजिक र आर्थिक अवस्था र तीनै क्षेत्रको नक्सा कार्यको साथै उत्तर अमेरिका र अफ्रिका महादेशको सामाजिक जनजीवनजस्ता शीर्षक राखिएको छ। एकाइ सातको मानव सभ्यता र हाम्रो विगतमा श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको एकीकरण, राजेन्द्रलक्ष्मीको शासनकाल राणाकालीन प्रधानमन्त्रीहरूको सामाजिक कार्यहरू श्री ५ महेन्द्रको सामाजिक सुधार साथै रोमको सभ्यता र पुनर्जागरण शीर्षक यस एकाइमा रहेका छन्। त्यस्तै एकाइ आठको आर्थिक क्रियाकलापमा कृषि उत्पादनका प्रमुख क्षेत्रहरू, उद्योग सञ्चालित प्रमुख क्षेत्रहरू, कृषि र उद्योगवीचमा आपसी सम्वन्ध, उद्योगहरूवाट आर्थिक उपलव्धि, आर्थिक उन्नतिका लागि साना, मझौला र ठूला उद्योगहरूको परिचय, चीन, जापानसँगको सम्वन्ध र सहयोग, फ्रान्स र जर्मनीसँगको सम्वन्ध र सहयोग, संयुक्त राज्य अमेरिका र वेलायतसँगको सम्वन्ध र सहयोग, अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको योगदानको साथै विश्वका गतिविधि विज्ञान, प्रविधि र राजनीतिजस्ता शीर्षक पाठ्यक्रममा समावेश गरिएको छ।

कक्षा छ को एकाइ एकमा समुदाय, गाउँ समितिको परिचय, गठन र नगरपालिकाको परिचय र गठन दिएको छ। त्यस्तै कक्षा छ मा नै जिल्ला र क्षेत्रको पनि परिचय दिएको भए, कक्षा सातमा त्यसको कार्यवारेमा वर्णन गर्दा र कक्षा आठमा तिनीहरू प्रत्येकको संगठन ढाँचा र कार्यवारेमा वर्णन गर्दा पाठ्यक्रम अरू व्यवस्थित हुने थियो। एकाइ दुईमा कक्षा छदेखि आठसम्म शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, खानेपानी र विद्युत् दिएको छ। कक्षा आठमा कक्षा सातको भन्दा वढी विकासका लागि जनशक्ति राखिएको छ। एकाइ तीनमा कक्षा छ मा दिएको भन्दा वढी कक्षा सात र आठमा सामाजिक संघसंस्थाहरूकावारेमा दिएको छ। संघसंस्थाको परिचय कक्षा छ मा राख्दा राम्रो हुने थियो। कक्षा छ को एकाइ चारमा समाजको उत्पत्ति विकास, सामाजिक समस्याका लक्षणहरू, समस्या र विकृति, समश्या निराकरणका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

उपायहरू छन् भने कक्षा सातमा सामाजिक जीवनको अन्तरसम्बन्ध, सामाजिकीकरण समस्याका कारणहरू, सामाजिक विकृतिहरू र बच्ने उपायहरू, विकृतिबाट बचाउन व्यक्ति परिवार विद्यालयको भूमिका दिइएको छ । कक्षा आठमा सामाजिक प्रचलित सामाजिक असमानता, समस्या विकृति र विकृतिबाट बचाउन संघ/संस्थाको भूमिका दिएको छ त्यस्तै कक्ष छ, सात र आठको एकाइ पाँचमा क्रम मिलाएर राखेको पाइन्छ । जस्तै कक्षा छमा नागरिकको परिचय, नागरिकता प्राप्त गर्ने प्रक्रिया, अधिकार, अधिकारको सुरक्षा र कर्तव्यहरू समावेश गरेको पाइन्छ । त्यस्तै कक्षा सातमा यस एकाइमा नागरिकका गुणहरू जन्मसिद्ध र कृत्रिम नागरिक, नागरिक अधिकारको सदुपयोग र कर्तव्यको पालना राखेको पाइन्छ भने कक्षा आठमा बालअधिकार, कर्तव्य, बालबालिकाप्रति नागरिक दायित्व व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका समावेश गरिएको छ । कार्यपालिका व्यवस्थापिका र न्यायपालिकाको साधारण परिचय कक्षा सातमा नै दिनु उत्तम हुने देखिन्छ ।

एकाइ छ को हाम्रो पृथ्वीमा कक्षा छ, सात र आठमा दिएका विषयहरूको स्वरूप मिलेको छैन । पाठ्यक्रममा जसरी पृथ्वीको परिचय दिएर एसिया महादेश कक्षा छ मा युरोप र अस्ट्रेलिया कक्षा सातमा, उत्तर अमेरिका र अफ्रिका कक्षा आठमा राखिएको छ । त्यसलाई यसरी नदिएर कक्षा छमा पृथ्वीको परिचय र केही जिल्ला अञ्चल र क्षेत्रहरूको भौगोलिक अध्ययन र जनजीवनको बारेमा क्रमशः सजिलोबाट असजिलो र नजिकको वा टाढातिर गएको पाठ्यक्रम तर्जुमा गर्नुपर्ने हो । यसमा यसरी कक्षा छ, सात, र आठमा नेपालको बारेमा व्यापक अध्ययन गराएर कक्षा नौ र दशमा महादेशहरूको परिचय, हावापानी, वनस्पति, उद्योग, व्यापार, ठूला शहरहरूबारे पनि अध्ययन गराउनुपर्ने हुन्छ । साथै कक्षा नौ र दशको पाठ्यक्रममा नेपालको उद्योग, व्यापार, विकास क्रम, विकास योजना, भविष्यको कार्यक्रम आदि विषयको साथै नक्सा कोर्न भर्नजस्ता पाठ/शीर्षकलाई व्यापक अध्ययन गराउनुपर्ने देखिन्छ ।

एकाइ सातमा राखिएको इतिहाससम्बन्धी पाठ शीर्षकमा कक्षा छमा प्राचीन नेपालको सामाजिक आर्थिक र राजनैतिक अवस्था र कला संस्कृति समावेश गरिएको छ । त्यस्तै प्राचीन सभ्यताका विषयलाई लिएर सिन्धु घाँटी र नील नदीको सभ्यता राखिएको छ । सिन्धु घाँटी एसियाको सभ्यता केन्द्र भएकाले कक्षा ६ मा नै राख्न ठीक देखिन्छ । तर नील नदीको सभ्यतालाई कक्षा आठ वा नौ मा राख्नुपर्ने हो । नील नदीको ठाउँमा ह्वाङ्हो नदीको सभ्यता भएको भए पाठ्यक्रमको ढाँचा राम्रो हुने थियो । कक्षा सातमा नेपालको मध्यकालको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सामाजिक, आर्थिक, राजनैतिक, क्रियाकलापका विषयहरू राखिएको छ । त्यस्तै सभ्यताक्रमका विषयमा, मेसोपोटामिया र युनानी सभ्यता यसमा नै उपयोगी देखिन्छ । कक्षा आठको एकाइ सातमा आधुनिक नेपालको इतिहासले प्रवेश पाएको छ । यसमा दिएको सभ्यतामा रोम र पुनर्जागरणलाई विद्यार्थीको उमेर, सिकाइ क्रम हेर्दा ठीकै देखिन्छ ।

कक्षा छ एकाइ आठमा हाम्रो आर्थिक क्रियाकलापको परिचय दिई मुलुकको आर्थिक अवस्थालाई पहिलो प्राथमिकता दिँदै नेपालका बहुसंख्यक मानिसहरूको व्यवसाय कृषि हो, तसर्थ कृषिलाई पहिलो पंक्तिमा र त्यसपछि क्रमशः उद्योग, व्यापार, राष्ट्र सेवालाई क्रमशः पाठ्यक्रममा समावेश गरेको अवस्थामा पाठ्यक्रमको ढाँचा राम्रो हुने देखिन्छ । त्यस्तै कक्षा सातमा कृषि उद्योग, व्यापार, सेवा र खनिज सम्पदालाई राख्नुपर्नेमा पहिले खनिज सम्पदा राखेको छ । कक्षा आठमा कृषि र उद्योगलाई व्यापक अध्ययन गराउन खोजेको देखिन्छ । त्यो होइन कृषि र व्यापार राष्ट्रलाई भएको उपलब्धि र त्यसको बारेमा राष्ट्रले गनुपर्ने कार्यलाई पनि उल्लेख गर्नुपर्ने देखिन्छ । देशमा सञ्चलित, साना, मझौला र ठूला उद्योग सम्बन्धमा उद्योगबाट देशलाई भएको उपलब्धि, आदिको बारेमा कक्षा आठसम्म अध्ययन गर्ने उद्योगसम्बन्धी पाठ शीर्षक कक्षा नौ मा पनि समावेश गरिएको छ । कक्षा नौको पाठ शीर्षकमा उद्योगहरूको अवस्थालाई सुधार गर्न सक्ने अवस्था हाल नेपालमा भएका उद्योगहरूको अवस्था र यो अवस्थामा उद्योगहरू पुग्नुको कारण आदिको बारेमा व्यापक अध्ययन गरी उद्योग फष्टाउन गर्नुपर्ने कार्यको बारेमा सुझाव पनि उल्लेख गर्नुपर्ने हुन्छ ।

एकाइ नौको हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग शीर्षकमा कक्षा छमा सार्क राष्ट्रहरूको बारेमा साधारण परिचय दिन खोजेको छ । कक्षा सातमा गएर सार्क सचिवालय र सचिवालयका कार्यहरू, सार्कद्वारा सञ्चालित कार्यहरू समावेश गरिएको छ । त्यस्तै कक्षा छ को विश्व गतिविधिमा खेलकुद राखिएको छ । कक्षा सातमा साहित्य र कला राखिएको छ । कला र साहित्यलाई कक्षा छमा पनि साधारण परिचयसम्बन्धी शीर्षक राख्नुपर्ने देखिन्छ । त्यस्तै कक्षा आठमा मित्र राष्ट्रहरूको परिचय र सम्बन्ध चीन, जापान, फ्रान्स, जर्मनी, अमेरिका र बेलायतसँगको सम्बन्ध र तिनीहरूले गरेको सहयोग समावेश गरिएको छ । अन्ताराष्ट्रिय क्षेत्रमा नेपालले गरेको सहयोग कक्षा आठमा राखिएको छ । यसको बारेमा साधारण परिचय कक्षा छ र सातमा नै राख्नुपर्दछ । विश्व गतिविधिमा विज्ञान प्रविधि र विश्व राजनीतिको शीर्षक पनि कक्षा आठमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

राखिएको छ। ती पाठहरूलाई कक्षा सातमा परिचयका रूपमा राख्नुपर्ने हो। कक्षा छदेखि आठसम्मको पाठ्यक्रमलाई आवश्यक विषयहरू कहाँ ? कसरी समावेश गर्ने भन्ने बारेमा व्यापक रूपमा मिलान गरिएको छ। त्यस्तै कक्षा नौ र दशको पाठ्यक्रमलाई पनि यहाँ उल्लेख गरिएको छ।

कक्षा नौ र दशको पाठ्यक्रममा पनि सबैजसो विषयहरूको संगठन र फैलावट मिलाएर राखिएको छ। तर पनि यसलाई तल्ला कक्षाहरूमा र माथिल्ला कक्षामा विषयहरू के-केसरी मिलाएर राखिएको छ त्यसलाई केलाएर हेर्ने काम गरिएको छ। कक्षा नौको सामाजिक शिक्षाको एकाइ एकमा हामी, हाम्रो समुदाय र राष्ट्र पाठ शीर्षकमा विकास आयोजनाको वर्गीकरण, विकास क्षेत्रमा सञ्चालित आयोजनाहरू, विकास आयोजनाका फाइदाहरू, विकास आयोजनाको क्षेत्रीय तथा राष्ट्रिय महत्त्व शीर्षक राखिएको छ। कक्षा दशको शीर्षकमा विकास क्षेत्रको आवश्यकता र महत्त्वको साथै पूर्वाञ्चलदेखि सुदूरपश्चिमाञ्चलसम्मको अध्ययन र विकास क्षेत्रका समस्या र तिनको समाधानका उपायहरू राखिएको छ। त्यस्तै एकाइ दुई कक्षा नौमा हाम्रा विकासका पूर्वाधारहरू पाठ शीर्षकमा विकासका पूर्वाधारहरू शिक्षा, स्वास्थ्य स्थिति, यातायातको समस्या र समाधान, खानेपानी विकासका निम्ति विद्युत् तथा सञ्चारजस्ता शीर्षक समावेश गरिएको छ। त्यस्तै कक्षा दशको एकाइ दुईको खानेपानी, पाठ्यक्रममा विकासका पूर्वाधारहरूमा विकासका निम्ति दक्ष जनशक्ति विकासको पूर्वाधारका निम्ति दक्ष जनशक्तिको आवश्यकता, मानव विकासको मापन, दक्ष जनशक्ति आज भोलि मानवविकासमा महिला, दक्ष जनशक्तिका निम्ति अनुसन्धान र योजना आदि शीर्षक छन्। कक्षा दशमा राखिएको विकासका निम्ति दक्ष जनशक्ति भन्ने शीर्षकमा साधारण परिचय दिएको भए कक्षा दशमा व्यापक पाठ शीर्षक राख्न सजिलो पर्ने देखिन्छ। विकास भन्ने पाठ शीर्षक कक्षा सात र आठबाट नै राख्नुपर्ने देखिन्छ।

एकाइ तीनको हाम्रो परम्परा सामाजिक मूल्य र मान्यताहरूमा कक्षा नौमा धार्मिक सहिष्णुता श्रमप्रति आस्था, शासनसत्ताको मर्यादा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वहरू, हाम्रो रीतिरिवाज र कला, हाम्रा तीर्थस्थलहरू, हाम्रा विभूतिबाट राष्ट्रका लागि भएका योगदानहरू राखिएको छ। त्यस्तै कक्षा दशको यसै शीर्षकमा वा एकाइमा निःस्वार्थ सेवा, राष्ट्रिय चरित्र, बौद्धिक आकाशको उज्ज्वल नक्षत्र, नेपालको प्रसिद्ध शास्त्रीय संगीत र हाम्रा राष्ट्रिय दिवसहरू राखिएका छन्। कक्षा नौको श्रमप्रतिको आस्थालाई एकाइ आठमा राख्नु उपयुक्त हुन्छ र कक्षा दशमा रहेको प्रसिद्ध शास्त्रीय संगीत पाठ यसबाट हटाउन योग्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

देखिन्छ । किनकि शास्त्रीय संगीतको वारेमा प्राथमिक र निम्न माध्यमिक तहमा कहिँ पनि राखिएको छैन । त्यसको लागि शिक्षकलाई तालिम दिने व्यवस्था पनि गरिएको छैन । हाम्रा माध्यमिक विद्यालयमा शिक्षण गर्ने शिक्षकले यसको लय मिलाएर गाउन जानेका पनि हुँदैनन् । तसर्थ यस किसिमका पाठ्यक्रमहरू हटाउने सुझाव विद्यार्थी र शिक्षकहरूबाट आएको छ ।

कक्षा नौको एकाइ चारमा सामाजिक समस्या र विकृतिमा सामाजिक सेवासँग सम्बन्धित संस्थाहरूको योगदान, वालअधिकारसम्वन्धि योगदान, सामाजिक समस्या सम्बन्धी निराकरणमा अन्तर्राष्ट्रिय संस्थाहरूको भूमिका र नेपालको विकास कार्यमा विभिन्न क्लबहरूले खेलेको भूमिकाको साथै स्काउट, रेडक्रस लियो तथा लायन्स क्लव, युथक्लव आदि समावेश गरिएको छ । त्यस्तै कक्षा दशमा यस एकाइमा समावेश गरेका शीर्षकहरू अपाङ्ग र जनजीवन, अन्धोपन, अपाङ्ग, चेलीवेटी वे वविखन, शरणार्थी समस्या, लागूपदार्थ दुर्व्यसन, लागूपदार्थ निवारण, र एच.आई.भी.एड्स राखिएको छ । कक्षा दशमा दिएको शीर्षक अन्धा अपाङ्गको वारेमा कक्षा नौमा नै परिचय गराउनुपर्ने थियो । जवकि संघ संस्थाको अपाङ्ग र चेलीवेटी वेचबिखनमा के ? कस्तो ? भूमिका रहेको हुन्छ भन्नेवारेमा जानकारी हुनु तल्लो कक्षामा नै आवश्यक पर्दछ । एच.आई.भी. एड्ससम्बन्धी पाठ शीर्षकहरू निम्न माध्यमिक तहमा नै लागू गर्नुपर्ने देखिन्छ । माध्यमिक विद्यालयमा अध्ययन गर्ने वालवालिकाहरू १६, १७ वर्षका हुने र उनीहरूमा विपरीत यौन आकर्षण हुने वेलाले गर्दा पनि यसमा उनीहरूको मनमा चञ्चल स्वभाव भएर अनावश्यक बानीको विकास नहोस् भन्नाका लागि तल्लो कक्षाको पाठ्यक्रममा राख्नुपर्ने देखिन्छ ।

कक्षा नौको एकाइ पाँचमा नागरिक चेतना शीर्षकमा संविधानको परिचय, २०४७ सालको संविधानको विकास, नेपालको वर्तमान संविधानको विकास, मौलिक हक र कर्तव्य, संवैधानिक विकास र मानवअधिकार र मानव अधिकारसम्वन्धी संयुक्त राष्ट्रसंघ र नेपालजस्ता पाठ शीर्षक समावेश गरिएको छ । त्यस्तै कक्ष दशको पाठ शीर्षकमा नेपालमा संवैधानिक राजतन्त्र, व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका, संवैधानिक अङ्गहरू, राष्ट्रिय निर्वाचन प्रक्रिया, निर्वाचनमा प्रत्येक नागरिकले खेल्नुपर्ने भूमिका, राजनीतिक दलहरूको परिचय र भूमिका नागरिकता प्राप्त गर्ने तरिका, आदि पर्दछन् । यसमा पाठ शीर्षकमा निर्वाचनसम्वन्धी पाठको साधारण परिचय कक्षा आठवाटै दिनुपर्ने हुन्छ । निर्वाचन भन्नेको के हो ? भन्ने वारेमा तल्ला कक्षावाट सिकेर गएको अवस्थामा कक्षा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

दशमा पुग्दा निर्वाचनमा जनताको भूमिकाको बारेमा राख्दा पाठ्यक्रमको ढाँचा राम्रो हुनुको साथै सिकारुलाई पनि सजिलो हुन जान्छ। त्यस्तै- राजनीतिक दलहरूको बारेमा साधारण परिचय कक्षा नौमा नै भएको अवस्थमा यहाँ भूमिकाको पाठ राख्न उपयुक्त हुने देखिन्छ।

कक्षा नौ एकाइ छको भौगोलिक अध्ययनमा भौतिक र मानव भूगोल मौसम, विषम किसिमको मौसम, तापमण्डल, तापक्रम, हावाको चाप तथा चाप पेटी, वर्ष वायु, आवधिक वायु अनिश्चित वायु र नेपालको भूगोलमा कृषि उत्पादन हिमाल, पहाड, तराई, पशुपालन, विश्वको भूगोल, हाम्रो महादेश एसिया, एसियाका प्राकृतिक श्रोत र साधन, युरोप अस्ट्रेलिया, नक्सा कार्य दूरीसम्बन्धी ज्ञान नक्साको माध्यमबाट सूचनाको प्रवाह र नेपालको नक्सासम्बन्धी पाठहरू यहाँ समावेश गरिएको छ। कक्षा दशको भौगोलिक अध्ययनमा हावापानी र प्राकृतिक वनस्पति र त्यसका क्षेत्रहरू, उष्ण प्रदेश र यसको जनजीवन, अर्धोष्ण प्रदेश, जाडो प्रदेश, नक्सा कार्य नेपालको हावापानी र वनस्पति, नेपालको जनसंख्या, जनघनत्व, बसाइ सराइ, उत्तर अमेरिका र यसको प्राकृतिक साधन र उपयोग, उत्तर अमेरिका, आर्थिक क्रियाकलाप, दक्षिण र मध्य अमेरिका, दक्षिण-अमेरिका प्राकृतिक साधन, अफ्रिका, स्रोत साधनहरू, मानव साधन र स्थल साधन, अफ्रिका, आर्थिक क्रियाकलाप, समावेश गरेको पाइन्छ। महादेशहरूको पाठ शीर्षक कक्षा छ, सात र आठमा पनि समावेश गरिएको हुँदा कक्षा नौमा भौतिक भूगोलसम्बन्धी पाठहरू समावेश गर्न र कक्षा दशमा क्षेत्रीय भूगोल, महादेशहरूको बारेमा व्यापक अध्ययन गर्ने व्यवस्था मिलाउँदा भूगोलसम्वन्धी शीर्षकहरू बढीभन्दा बढी पाठ्यक्रममा समावेश गर्न सकिन्छ। कुनै पाठ कक्षा आठमा समावेश भएका पनि पुन: दोहोरिएका छन् भने कुनै पाठ शीर्षकको बारेमा विद्यार्थीले माध्यमिक विद्यालय पास गर्दा पनि केही जानेको हुँदैन। तसर्थ नेपालको भूगोलसम्वन्धी पाठहरू प्रत्येक कक्षामा केही न केही राखिएको छ। जसले गर्दा आफ्नो मुलुकको सम्पूर्ण भौगोलिक विषयसँग परिचित हुने अवसर पाएको हुनुपर्छ।

कक्षा नौको एकाइ सातमा ऐतिहासिक अध्ययन समावेश गरिएको छ। यस एकाइमा नेपालको इतिहास, एकीकरण आरम्भ, एकीकरणका बाधाहरू, श्री ५ पृथ्वीनारायण शाहको विभिन्न राज्यहरूसँग सम्बन्ध, नुवाकोट विजय, उपत्यका विजय, पूर्वपश्चिम विजय अभियान, नेपालअंग्रेज युद्ध, पूर्वनेपालको सामाजिक राजनीतिक र आर्थिक अवस्था, नेपाल-अंग्रेज युद्ध कारण परिणाम, अंग्रेजसँगको युद्धमा नेपाली वीरहरूको भूमिका, हाम्रा वीरहरू, राणाशासन स्थापनामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

जङ्गवहादुरको भूमिका, १०४ वर्षको राणाकालीन शासनका प्रमुख उपलब्धिहरू, राणाकालीन समयमा प्रशासनिक र आर्थिक उपलब्धि, विश्वको इतिहास, फ्रान्सको राज्यक्रान्तिका सामाजिक आर्थिक तथा राजनीतिक कारणहरू, फ्रान्सको राज्यक्रान्तिको परिणाम, अमेरिकी स्वतन्त्रता संग्राम र त्यसको परिणाम, भारतीय स्वतन्त्रता संग्राामजस्ता शीर्षकहरू समावेश गरेको पाइन्छ । त्यस्तै कक्षा दशको एकाइ सातको ऐतिहासिक शीर्षकमा राणाकालीन नेपाल, २००७ सालको क्रान्तिमा श्री ५ त्रिभुवनको योगदान, दिल्ली सम्झौता र क्रान्तिको असर, २००७ साल देखि २०१७ सालसम्मको आर्थिक र सामाजिक गतिविधि, २०१७ सालमा दलमाथिको प्रतिवन्ध, श्री ५ महेन्द्रका शासनकालमा भएका विकास कार्यहरू, जनमतदेखि जनआन्दोलनसम्म, श्री ५ वीरेन्द्र र विकासप्रति प्रतिवद्धता, प्रथम विश्वयुद्धका कारणहरू, विश्वयुद्ध, र त्यसको परिणाम, द्वितीय विश्वयुद्धका कारण र त्यसको परिणाम, संयुक्त राष्ट्रसंघको स्थापना तथा अङ्गहरू आदि समावेश गरेको छ ।

यसमा कक्षा नौमा शाहवंशको इतिहास र अंग्रेजसँगको युद्धमा शाहवंशको इतिहास प्राथमिक तहमा र निम्न माध्यमिक तहमा पनि राखिएको छ । तर अंग्रेजसँगको युद्ध सबै कक्षा नौमा मात्र नराखेर कक्षा दशमा पनि केही राखिनुपर्ने हुन्छ । राणा शासनकालको वारेमा कक्षा सात र आठमा नै केही विषयहरू राखेको अवस्थामा कक्षा नौमा पुग्दा यसलाई सजिलै ग्रहण गर्न सक्ने हुन्छन् । राणा शासनका घटनाहरू सबै कक्षा नौमा समावेश गर्ने र उपलब्धिहरू कक्षा दशमा राखेको अवस्थामा राणाशासनको सबै अध्ययन गर्न सजिलो पर्दछ । विश्वको इतिहासमा फ्रान्सको राज्यक्रान्ति र अमेरिकाको स्वतन्त्रता संग्रामलाई यहाँ राखे पनि भारतीय स्वतन्त्रता संग्रामलाई कक्षा आठमा नै राख्नुपर्दछ । वि.सं.२००७ सालको क्रान्ति र दिल्ली सम्झौता एउटै कक्षामा राखिनुपर्छ । वि.सं.२०१७ सालको दलमाथि लगाइएको प्रतिवन्धलाई कक्षा नौमा र २००७ सालदेखि २०१७ सालसम्मको अर्थिक र सामाजिक गतिविधि कक्षा दशमा राखेको अवस्थामा पाठ्यक्रमको ढाँचा राम्रो हुन्छ । प्रथम विश्वयुद्ध, विश्वयुद्ध हुनाका कारण र त्यसको परिणाम एउटै पाठ शीर्षकमा राखिनु उपयुक्त देखिन्छ । द्वितीय विश्वयुद्ध, हुनाका कारण र त्यसको परिणाम पनि एउटै शीर्षकमा राख्नुपर्ने देखिन्छ । संयुक्त राष्ट्रसंघको साधारण परिचय कक्षा आठमा नै दिनुपर्ने हुन्छ । त्यसलाई विस्तृत कक्षा नौमा दिएको अवस्थामा कक्षा दशमा त्यसको वारेमा दिनु आवश्यक पर्दैन ।

कक्षा नौको एकाइ आठमा आर्थिक तथा वातावरणीय अध्ययनमा आन्तरिक र वाह्य व्यापारको परिचय, आन्तरिक र वाह्य व्यापार, कृषि उद्योग व्यापारमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

आपसी सम्बन्ध, उद्योगको परिचय, उद्योग सुधारका उपायहरू, आर्थिक योजनाको सुरुवात, योजनारहित आर्थिक क्रियाकलापबाट वातावरणमा पर्ने असर, योजनारहित आर्थिक क्रियाकलापको परिचय आदि समावेश गरिएको छ ।

प्रदूषणका अन्य तत्त्व र तिनको असर, आर्थिक क्रियाकलापले वातावरण सन्तुलनमा ध्यान दिनुपर्ने कुराहरू आदि समावेश गरिएको छ । त्यस्तै कक्षा दशको यस एकाइमा पर्यटन गर्ने कारणहरू, नेपालमा पर्यटन तथ्य र तथ्याङ्क महत्त्व, आशा, र सम्भावना, पर्यटकहरूको आवश्यकता र तिनीहरूले ल्याउने समस्या, तराई र पर्वतीय पर्यटन, काठमाडौं उपत्यकामा पर्यटन, पर्यटन विकासका योजना, तराईको आफ्नो अनुसन्धान र योजना आदि समावेश गरेको पाइन्छ ।

कक्षा नौमा व्यापारको बारेमा स्पष्ट गरेर मात्र आन्तरिक र बाह्य व्यापारको बारेमा अध्ययन गरिने हुँदा त्यसमा पहिले व्यापारको बारेमा दिनुपर्ने हुन्छ । आन्तरिक र वाह्य व्यापार एउटैमा हुन्छ । उद्योगको परिचय त्यसपछि उद्योगको सम्बन्ध राख्नु उपयुक्त हुन्छ । उद्योग सुधारका उपायहरूसँगै नेपालका उद्योगहरू अस्ताउँदै जानुको प्रमुख कारण पनि समावेश गर्नुपर्छ । नेपालको उत्पादनले विश्ववजारलाई पुऱ्याएको सहयोगको बारेमा पनि राखिनुपर्ने हुन्छ । कक्षा दशमा पर्यटन उद्योगलाई मात्र जोड दिएको छ । यसमा कृषिसम्बन्धी, खानी सम्बन्धी वनस्पतिसम्बन्धी उद्योगहरूलाई वर्गीकरण गर्ने र त्यसले राष्ट्रलाई पुऱ्याउने सहयोगसम्बन्धी पाठ शीर्षक कक्षा नौ र दशमा राख्नुपर्ने हुन्छ । कक्षा दशमा पर्यटन उद्योगलाई मात्र जोड दिएको छ ।

हाम्रो सामाजिक शिक्षाको पाठ्यक्रम कक्षा ६ देखि १० सम्मलाई सरसर्ती केलाएर हेर्दा यसमा समावेश गरेका कतिपय विषयहरूलाई तल्लो कक्षामा दिएको छ । त्यसैलाई फेरि माथिल्लो कक्षामा पनि दिनुपर्दा केही विषयलाई फैलिएको अवस्थमा दिनुपर्ने तर त्यस्तो भएको पाइएको छैन । कतिपय विषयहरू तल्ला कक्षाबाट क्रमशः सजिलोबाट असजिलोमा परिणत गर्दै जानुपर्नेमा एकै पटक माथिल्लो कक्षामा राखिदिँदा त्यसलाई बुझ्न कठिन भएको पाइन्छ । त्यस्तै भूगोलसम्वन्धी पाठहरू पनि धेरै नै छन् । तर यो समयसापेक्ष हुन सकेको छैन । यो पाठ्यपुस्तकलाई समयसापेक्ष वनाउनका लागि पाठ्यक्रममा व्यापक परिर्वतन गर्नुपर्ने हुन्छ । यसरी भइराखेका अनावश्यक विषयलाई हटाएर वर्तमान परिस्थतिलाई अध्ययन गरी त्यस्ता विषयहरू अध्ययन गर्ने विद्यार्थीको रुचि पनि जागोस् र भविष्यमा काम लाग्ने हुन सकोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

एकाइ पाँच

५. सामाजिक अध्ययनको पाठ्यपुस्तक

TEXT BOOK IN SOCIAL STUDIES

सामाजिक शिक्षाका पाठ्पुस्तक अरू विषयको तुलनामा बढी पाठ्य विषय भएको देखिन्छ । सरसर्ती हेर्दा पाठ्पुस्तकमा विषयवस्तु पनि धेरै नै कोच्न प्रयास गरिएको पाइन्छ । सामाजिक शिक्षामा सबै सामाजिक विज्ञानका विषयहरूलाई समावेश गरेर मात्र नभएर समसामयिक घटनाहरूलाई पनि समावेश गरेको हुन्छ । त्यसैले यसमा राखिएका विषयका आधारमा पनि जटिल र कठिन विषयका रूपमा शिक्षण गर्ने शिक्षक र अध्ययन गर्ने विद्यार्थीले व्यक्त गरेको पाइन्छ । यसरी तयार भएको पाठ्यपुस्तक भएकोले विषयवस्तुलाई सूक्ष्म रूपमा समावेश गर्दा पनि आकारमा ठूलो भएको देखिन्छ । यदि पाठ्यक्रमले दिएका सबै विषयलाई व्यापक रूपमा वर्णन र व्याख्या गरेको अवस्थामा सामाजिक शिक्षाको पाठ्यपुस्तक धेरै ठूलो हुने देखिन्छ । तसर्थ यसमा समावेश गरिएका विषयहरू सन्दर्भ पुस्तकको सहयोगबाट मात्र अध्ययन अध्यापन गर्न सकिने गरी पाठ्यपुस्तक तयार गरिएको छ ।

५.१ माध्यमिक तहको पाठ्यपुस्तकको उपयोग र महत्त्व
(Importance and Use of Textbook in secondary level)

विद्यालयमा कक्षाकोठाको शिक्षण सिकाइ कार्यक्रममा पाठ्यपुस्तकलाई प्रमुख आधारस्तम्भको रूपमा लिइन्छ । सामाजिक शिक्षा शिक्षणमा पाठ्यपुस्तकलाई प्रमुखसामग्रीको रूपमा लिइन्छ । लिपि र छापाखानाको विकास हुनुभन्दा अगाडि सम्पूर्ण कार्य पाठ्यपुस्तकको अभावमा मौखिक वाचन र श्रुतिको रूपमा हुने गरेको पाइन्छ । पश्चिमी मुलुकहरूमा पनि पाठ्यपुस्तकको प्रयोग फ्रान्सिसी क्रान्तिपछि मात्र भएको पाइन्छ । पाठ्यपुस्तकको अभावमा शिक्षण कार्य गर्नु निकै कठिन भएको पाइन्छ । पुस्तकको अभावमा शिक्षण गर्न कठिन हुनु स्वभाविक प्रक्रिया हो । किनकि पाठ्यपुस्तकले शिक्षण कार्यका लागि निश्चित विषयवस्तु र निश्चित क्षेत्र पनि निर्धारण गरेको पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

सामाजिक अध्ययनको पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुलाई पाठ्यपुस्तकले आवश्यक मात्रामा विषयवस्तुको व्याख्या र विश्लेषण गरेको हुन्छ । जुन पाठ्यपुस्तक विद्यार्थी र शिक्षकलाई अध्ययन अध्यापन गर्नका लागि उपयोगी हुन आउँदछ ।

Hall and cliford का अनुसार "सामाजिक अध्ययनको पाठ्यपुस्तक सामाजिक सोचाइको अभिलेख हो । जुन शैक्षणिक उद्देश्यका लागि तयार पारिएको हुन्छ । शैक्षिक सामग्रीमध्येमा पाठ्यपुस्तक एउटा संगठित र व्यवस्थित पाठ्यसामग्री हो ।" "Social studies textbook is a record of social thinking organized for instructional purpose" सामाजिक शिक्षामा पाठ्यसामग्रीको महत्त्व यस प्रकार रहेको पाइन्छ ।

क) स्तरअनुसारको विषय छनोट :- पाठ्यक्रमले निर्धारण गरेका विषयवस्तुलाई पाठ्यपुस्तक लेखकले पुस्तकमा संगठित रूपमा प्रस्तुत गरेको पाइन्छ । कुन तह र कक्षामा कुन विषयलाई कति गहिराइमा जानुपर्दछ र कति फैलावटमा जानुपर्दछ भन्ने कुरालाई ध्यान दिएर तयार पारिएको हुन्छ ।

ख) एकरूपता कायम गर्न :- देशभरका सम्पूर्ण विद्यालय र विश्वविद्यालय तहको कुनै पनि पाठ्यक्रमले पाठ्यपुस्तक तयार गर्न निर्देशन गर्दछ । यसरी देशभरिका शिक्षण संस्थाहरूमा एकरूपता ल्याउनका लागि एकै किसिमको पाठ्यक्रम र पाठ्यपुस्तक तयार पारिएको हुन्छ । जसले गर्दा शिक्षण सिकाइमा एकरूपता कायम हुन आउँदछ ।

ग) समयको बचत :- शिक्षण सिकाइ क्रियाकलापमा पाठ्यक्रमअनुसारको पाठ्यपुस्तक तयार नभएको अवस्थामा धेरै पुस्तकको अध्ययन गरी शिक्षण गर्नुपर्ने हुन्छ । एउटै पाठ्यपुस्तक भएको अवस्थामा यो समस्या आउँदैन । तसर्थ समय र पैसा पनि कम खर्च गर्नका लागि एउटै पाठ्यपुस्तक तयार पारिएको हुन्छ । जसको अध्ययन र अध्यापनबाट प्रशस्त ज्ञान आर्जन गर्न सकिन्छ ।

घ) स्व-अध्ययनका लागि :- विद्यार्थीहरू सबैले सजिलै विद्यालय र विश्वविद्यालयमा नियमित अध्ययन गर्ने अवसर पाएका हुँदैनन् । त्यस्ता विद्यार्थीहरूका लागि पाठ्यपुस्तकले तोकिएको पाठ्यवस्तु तोकिएको समयमा पूरा गर्न सकेको पाइन्छ । विद्यालयमा र विश्वविद्यालयमा मात्र सिकेको विषयवस्तुले सन्तोष नहुने र गहन अध्ययन गर्न चाहने विद्यार्थीको लागि पनि पाठ्यपुस्तकको आवश्यकता पर्दछ । पुस्तकको गहन अध्ययनले सिकारुको ज्ञान, सीप र धारणामा व्यापक विकास भएको हुन्छ ।

Acc 25928 2/12/4

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

ङ) नवीन विषय :- सामाजिक अध्ययन एउटा नयाँ विषयको रूपमा प्रस्तुत भएको छ। हाम्रो देशका माध्यमिक विद्यालयमा यसले भरखर मात्र प्रवेश पाएको छ। यसमा सामाजिक विज्ञानका आधारभूत विषयहरू समुदायको बारेमा उल्लेख गरिएका विषयहरू र समसामयिक घटनाहरूलाई समावेश गर्नुपर्ने हुन्छ। यसरी बारम्बार नयाँ विषयहरूको प्रवेश सामाजिक शिक्षामा भईनै रहने हुनाले यसलाई नवीन विषयका रूपमा लिइन्छ। जसले गर्दा विद्यार्थीहरूमा बारम्बार नयाँ विधाले नयाँ विषयको जानकारी दिने काम गरेको हुन्छ।

च) पुस्तकालयको अभाव :- हाम्रो मुलुकमा पुस्तकालयको अभाव विद्यालयदेखि विश्वविद्यालयसम्म नै खड्की राखेको छ। कतिपय विद्यालय र क्याम्पसहरूमा नाममात्रका पुस्तकालय छन्। पुस्तकालय भएर पनि पुस्तकको अभाव छँदैछ। पुस्तक भएका पुस्तकालयमा पनि समय सापेक्ष पुस्तक पाउन दुर्लभ छ। योग्य शिक्षक, शिक्षाविद्, विषय विशेषज्ञहरूले पाठ्यक्रमअनुसारका पाठ्यपुस्तक तयार गरेको अवस्थामा शिक्षक वा विद्यार्थीले सजिलैसँग अध्ययन र अध्यापन गर्न सक्दछन्। पुस्तकको अभावमा शिक्षक विद्यार्थी दुवैलाई अध्ययन र अध्यापन गर्न कठिन भएको पाइन्छ।

छ) गृहकार्य गर्न सहयोग :- विद्यालय तहमा शिक्षकले कक्षामा दिएको गृहकार्य विद्यार्थीले घरबाट गरेर ल्याउनका लागि पुस्तकको सहयोग लिनुपर्ने हुन्छ। यसरी पुस्तकबाट लिएको सहयोगले विद्यार्थीले सजिलै गृहकार्य गर्नुको साथै विषयको अध्ययनमा पनि सहयोग पुऱ्याएको हुन्छ।

ज) पाठयोजना तर्जुमा गर्न :- शिक्षक कक्षामा जानु अगावै उसले शिक्षण गर्ने विषयको शीर्षकमा केही न केही सोच बनाएको हुनुपर्छ। शिक्षक कक्षामा प्रवेश गर्नु पहिले नै कक्षामा गएर शिक्षण गर्ने विषयलाई योजनाबद्ध रूपमा तयारगरी शिक्षण गर्नु शिक्षकको प्रमुख कार्य हुन्छ। यसरी कुनै पनि शीर्षकलाई शिक्षण गर्नु अगावै योजनाबद्ध रुपमा तयार गरेको कार्यलाई पाठयोजना भनिन्छ। पाठयोजनाले शिक्षकलाई विषयभित्र सीमा क्षेत्र पनि निर्धारण गरेको हुन्छ। यसरी योजनाबद्ध तरिकाले शिक्षण गर्दा शिक्षणले निर्धारण गरिएको उद्देश्य निश्चित समयमा प्राप्त गर्न सकिन्छ।

झ) सुपथमूल्यमा पाठ्यपुस्तक उपलब्ध गर्न :- पाठ्क्रममा दिएका विषयलाई एउटै पाठ्यपुस्तकमा समावेश गर्न सकेको अवस्थामा पुस्तक सुपथ मूल्यमा उपलब्ध हुने थियो। तर दिएको पाठ्यक्रमलाई विभिन्न सन्दर्भ पुस्तकबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

लिनुपर्ने भएको अवस्थामा धेरै पुस्तक खरिद गर्दा बढी मूल्य पर्न जान्छ । तसर्थ एउटै पाठ्यपुस्तकमा सम्पूर्ण पाठ्यक्रममा दिएका विषयलाई समावेश गर्न सकेको अवस्थामा मूल्यमा धेरै नै कम पर्न जाने देखिन्छ ।

पाठ्यपुस्तकको प्रयोग

पाठ्यपुस्तकको प्रयोग गर्दा विद्यार्थी र शिक्षकले निम्नअनुसार विषयमा ध्यान दिनुपर्दछ ।

क) पाठ्यपुस्तकले पाठ्यक्रममा उल्लेख गरिएका उद्देश्यलाई पूरा गर्न मद्दत गर्दछ

ख) पाठ्यपुस्तक विद्यार्थीको स्तर, रुचि, क्षमता र आवश्यकताअनुसारको हुनुपर्दछ

ग) प्राथमिक तहमा र उच्च शिक्षामा पाठ्यक्रमको निर्देशनमा तयार पारिएको पाठ्यपुस्तकको प्रयोग कम हुन्छ भने माध्यमिक तहमा भने यसको प्रयोग बढी भएको पाइन्छ ।

घ) पाठ्यपुस्तकमा भएका त्रुटि र शब्दलाई शिक्षकले सच्याएर शिक्षण गर्नुपर्दछ

ङ) पाठ्यपुस्तकमा समावेश गरिएका चित्र, ग्राफ, चार्ट र नक्सालाई राम्रोसँग व्याख्या गरिएको हुनुपर्छ ।

च) पाठ्यपुस्तकको तथ्याङ्कमा भएका त्रुटिलाई सच्याई अध्ययन अध्यापन गर्नुपर्छ ।

छ) पाठशीर्षकमा भएका उद्देश्यलाई स्पष्ट उल्लेख गर्नुपर्दछ ।

५.२ सामाजिक शिक्षाको असल पाठ्यपुस्तकमा हुनुपर्ने गुणहरू (Qualities of a good social studies textbook)

सामाजिक अध्ययनका कतिपय विषयहरू पाठ्यपुस्तकको अनुपस्थितिमा पनि शिक्षण गरिन्छ । किनकि सामाजिक अध्ययनका कतिपय विषयहरूलाई पाठ्यपुस्तकमा सुक्ष्म रूपमा राखिएको छ । त्यसलाई अध्ययन अध्यापन गर्दा सामाजिक विज्ञानका सम्बन्धित सन्दर्भ पुस्तकको सहायताले मात्र गर्न सकिन्छ । सामाजिक अध्ययनका विषयहरू समय र देशमा आएको परिवर्तनअनुसार परिवर्तन हुन्छन् । देशमा आवश्यक पर्ने जनशक्ति उत्पादन गर्ने किसिमको पाठ्यपुस्तक उत्पादन गर्नुपर्दछ । पाठ्यपुस्तकको लक्ष्य देशका लागि लगनशील, इमानदार, कर्मठ, जनशक्ति तयार गर्ने हुनुपर्दछ । त्यस किसिमको जनशक्ति तयार गर्नका लागि आवश्यक पाठ्यपुस्तकको तर्जुमा गरिएको हुन्छ । त्यसलाई नै असल पाठ्यपुस्तक भन्नुपर्ने हुन्छ । विशेष गरी पाठ्यपुस्तकको मूल्याङ्कन गर्नुपर्दा सामान्यतया भौतिक पक्ष, आध्यात्मिक पक्ष र शैक्षिक पक्षलाई आधार वनाई असल पाठ्यपुस्तकमा हुनुपर्ने गुणहरूको पुष्टि गरेको पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सामाजिक शिक्षाको पाठ्यपुस्तकलाई पुनर्मूल्याङ्कन गर्नुपर्दा त्यसको बाहिरी आवरण, कागज र त्यसमा प्रयोग भएको नक्सा, चित्र, ग्राफ, भाषा, शब्द र वाक्य समेतको अवलोकन गरी मूल्याङ्कन गरिन्छ । जसको आधारमा पुस्तकको पुनर्मूल्याङ्कन गर्न सजिलो पर्छ । कुनै पनि सामाजिक शिक्षाको पाठ्यपुस्तकलाई पुनर्मूल्याङ्कन गर्नुपर्दा मूलतः दुई तरिकावाट गर्न सकिन्छ ।

क) पाठ्यपुस्तकको भौतिक पक्ष
ख) पाठ्यपुस्तकको शैक्षिक पक्ष

क) पाठ्यपुस्तकको भौतिक पक्ष :- यस पाठमा कक्षा (६-१०) सम्मको पाठ्यपुस्तकको पुनर्मूल्याङ्कन गर्ने भनिएको छ । तर यहाँ पुस्तक लेखकले नमुनाका रूपमा कक्षा दशको पाठ्यपुस्तकलाई लिएर अध्ययन गरेको पाइन्छ । कक्षा दशको सामाजिक शिक्षाको पाठ्यपुस्तकको भौतिक पक्षमा भएका त्रुटिलाई यसरी औंल्याउन सकिन्छ ।

अ) पाठ्यपुस्तकको आकार :- विद्यालय तहमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि तयार गरिएको पाठ्यपुस्तकको आकार पनि उपयुक्त हुनुपर्दछ । जुन पुस्तक प्रयोग गर्नका लागि सजिलो हुनुपर्दछ । पाठ्यपुस्तकको आयातन पनि ठीकको हुनुपर्दछ । यदि विषयवस्तु बढी भएर ठूलो हुने अवस्था आएमा भाग एक र भाग दुई बनाउन पनि सकिन्छ । तर एउटै पुस्तक ठूलो बनाउनुहुँदैन ।

आ) पाठ्यपुस्तकको आवरण :- पाठ्यपुस्तक वाहिर देख्नका लागि पनि राम्रो हुनुपर्दछ । वाहिर आवरणमा विषयसँग मिल्दो रंगीन चित्रहरू भएको र आकर्षक हुनुपर्दछ । जसले गर्दा विद्यार्थीले मन पराउने हुनुपर्दछ । स्कुले विद्यार्थीहरू रंगीन पुस्तक मन पराउँछन् । उनीहरूको मनोभावनालाई बुझेर रंगीन चित्रहरू पुस्तकको वाहिरी आवरणमा राख्नुपर्ने हुन्छ । तर सामाजिक शिक्षाका पाठ्यपुस्तकको आवरण यस प्रकारका छैनन् ।

इ) पुस्तकमा प्रयोग भएको कागज :- पाठ्यपुस्तकमा प्रयोग गरेको कागज वाहिरको आवरण कडा, मोटो, चिल्लो र बढी समयसम्म टिकाउ हुने हुनुपर्छ । पुस्तकका भित्रका पानाहरू पनि चिल्ला, मसी नफुल्ने अथवा साधारण पानीले भिज्दा असर नपर्ने वा पसिना र शीतले भिझेर नबिग्रने किसिमको हुनुपर्छ । पुस्तकको भित्र प्रयोग गरिएको सबै कागज फुस्रो नराम्रो होइन, राम्रो असल गुण भएको हुनुपर्दछ । तर कक्षा दशको सामाजिक शिक्षाको पाठ्यपुस्तकमा प्रयोगभएको कागज यस प्रकारको छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

ई) **पाठ्यपुस्तक बाइन्डिङ्ग** :- पाठ्यपुस्तक विद्यार्थीले दैनिक रूपमा प्रयोग गर्नुपर्ने साधन भएकोले त्यसमा बाक्लो कभर राखेर राम्रोसँग सिलाइ गर्नुपर्ने हुन्छ। जसले गर्दा बारम्बार प्रयोगमा ल्याउँदा पनि त्यसका पानाहरू छुट्टिन नपाउन्। तर सामाजिक शिक्षाको पाठ्यपुस्तक यसरी बाइन्डिङ्ग गरेको छैन।

ख) पाठ्यपुस्तकको शैक्षिक पक्ष :- कक्षा दशको सामाजिक शिक्षाको पाठ्यपुस्तकलाई पुनर्मूल्याङ्कन गर्ने क्रममा यसको शैक्षिक पक्षलाई केलाएर हेर्नु पर्दा यसमा भएका कमी कमजोरीलाई यसरी औंल्याउन सकिन्छ।

सामाजिक शिक्षाको पाठ्यपुस्तकमा सबै विषयवस्तुलाई समेट्न प्रयास गरिएको छ। कक्षागत, तहगत विषयवस्तुको संगठनमा पनि ध्यान दिएको पाइन्छ। तर केही विषयहरू प्रत्येक कक्षामा उही दोहोरिएको र कुनै विषयलाई कक्षा नौ र दशमा मात्र लगेर नयाँ विषयलाई पाठ्यपुस्तकमा राख्दा विद्यार्थी र शिक्षकलाई समेत अध्ययन अध्यापन गर्न कठिन भएको कुरा शिक्षक विद्यार्थी दुवैको गुनासो "दाङ जिल्लाका माध्यमिक विद्यालयमा सामाजिक शिक्षा शिक्षण" को अध्ययन र अनुसन्धानकर्ता पुस्तक लेखकले पाएको कुरा बताउनुभएको छ। पुस्तकमा देखिएका शैक्षिक पक्षको कमजोरीलाई यसरी औंल्याउन सकिन्छ।

अ) विषय संगठन :- कक्षा दशको सामाजिक शिक्षामा विषय संगठनका हिसावले राम्रो छ। तर कक्षा दशमा राख्नुपर्ने कतिपय विषयहरू कक्षा नौमा राखिएको छ। त्यसलाई स्पष्ट बनाउन प्रयास गरिएको पाइएन। किनकि विषयवस्तु बढी भन्दाबढी कक्षा नौको पाठ्यपुस्तकमा कोचिएको छ। मूल विषय पनि सबैजसो नौमा नै राखिएको छ। दश कक्षामा नौ कक्षामा राखेर बाँकी बचेखुचेका विषयलाई राखिएको जस्तो छ। जस्तै अन्तिम पाठ अध्यायमा केवल पर्यटन उद्योग मात्र राखिएको छ। त्यसरी थोरै विषयमा व्यापक अध्ययन गर्ने भए कक्षा नौमा पनि गर्नुपर्ने थियो। तर कक्षा नौमा त्यसरी अध्ययन गर्ने व्यवस्था गरिएको पाइँदैन।

कक्षा दशको पाठ्यपुस्तकमा सबै सामाजिक विज्ञानका विषयहरूलाई समावेश गर्ने प्रयास गरेको पाइन्छ। कतिपय विषयलाई ठाउँको अभावले पनि छुट्न गएको हुन सक्छ। तर पनि विषयवस्तुलाई समावेश गर्दा विद्यार्थीको रुचि र क्षमतालाई ध्यान दिएर गरेको पाइन्छ।

आ) भाषा :- सामाजिक शिक्षाको पाठ्यपुस्तकमा प्रयोग गरिने भाषामा सरलता र मिठास पनि हुनुपर्छ। समुदायलाई सुहाउँदो, समुदायका विद्यार्थीले बुझ्न सक्ने किसिमको भाषा प्रयोग भएको हुनुपर्छ। पाठ्यपुस्तकमा प्रयोग भएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

भाषामा त्रुटिहरू हुनुहुँदैन । तर सामाजिक शिक्षाको पाठ्यपुस्तकमा प्रयोग भएका भाषामा प्रशस्त त्रुटिहरू पाइएको छ । त्रुटिले गर्दा विषयको अर्थको अनर्थ पनि हुनसक्छ । तसर्थ शुद्ध र सरल भाषाको प्रयोगले विषयलाई स्पष्ट पार्न सकिन्छ ।

इ) नक्सा सम्बन्धमा :- पाठ्यपुस्तकमा दिएका कतिपय विषयहरू भाषामा जति व्याख्या गरे पनि वुझ्न कठिन हुन्छ । जुन विषयलाई शैक्षिक सामग्री वा नक्साको प्रयोगले विषयमा सरलता आउनुको साथै सिकाइमा पनि स्थायित्त्व आएको हुन्छ । तर पाठ्यपुस्तकमा दिएका कतिपय नक्साहरू विद्यार्थी र शिक्षकले समेत बुझ्न कठिन भएको पाइन्छ । त्यस किसिमका नक्सालाई पाठ/शीर्षक अनुसार आवश्यक स्थानमा ठूलो वनाई प्रस्तुत गर्नुपर्दछ । एउटै नक्सामा धेरै विषयवस्तु दिनहुँदैन जसले गर्दा शिक्षक र विद्यार्थीलाई अध्ययन गर्न कठिन हुन्छ । तसर्थ नक्सा सरल, स्पष्ट र ठूलो आकारमा हुनुपर्दछ ।

ई) तथ्याङ्कहरु :- सामाजिक शिक्षाको पाठ्यपुस्तकमा तथ्याङ्कहरू पनि प्रयोग भएको हुन्छ । पाठ्यपुस्तकमा समावेश गरिएका तथ्याङ्कहरू गलत हुनुहुँदैन । गलत तथ्याङ्कले विद्यार्थीहरूमा गलत धारणाको विकास हुन्छ र उसले प्रयोग गर्दा पनि गलत नै तथ्याङ्कको प्रयोग गर्दछ । यसरी सिकारुमा गलत धारणाको विकास हुन नदिनको लागि सही सत्य तथ्याङ्कको प्रयोग गर्नुपर्दछ ।

उ) ग्राफ र चार्ट :- माध्यमिक विद्यालयको सामाजिक शिक्षाको पाठ्य विषयसँगै आवश्यकताअनुसार ग्राफ र चार्ट पनि समावेश भएको हुन्छ । यसरी प्रस्तुत गरिएका ग्राफ र चार्टमा गलत सूचना दिनुहुँदैन । सामाजिक शिक्षाको पाठ्यपुस्तकमा दिएको तथ्याङ्क, ग्राफ र चार्ट पनि गलत रूपमा प्रस्तुत गरेको पाइएको छ । गलत तथ्याङ्कले सिकारुको धारणा नै गलत हुन जान्छ र आवश्यकताअनुसार प्रयोग गर्दा पनि गलत रूपमा प्रयोग गर्दछ । तसर्थ यस्ता किसिमका ग्राफ र चार्ट प्रस्तुत गर्दा विचार पुऱ्याउनुपर्छ ।

ऊ) चित्र :- सामाजिक शिक्षाको पाठ्यपुस्तकमा प्रयोग भएका कतिपय चित्रहरू नै नबुझिने हुन्छन् । यहाँ चित्रको आधारमा विषयवस्तुलाई स्पष्ट पार्न भनेर नै चित्र दिएको हुन्छ । तर पाठ्यपुस्तकमा दिएको चित्र नै अस्पष्ट भएपछि, विषयवस्तुलाई त्यसको आधारमा स्पष्ट पार्न कठिन पर्दछ । चित्रहरू रंगीन प्रयोग गर्दा बढी आकर्षक र प्रभावकारी हुने देखिन्छ । तसर्थ पाठ्यपुस्तकमा विभिन्न किसिमका रंगीन चित्र आवश्यकताअनुसार प्रयोग गर्नुपर्ने हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MD

ए) अक्षरको आकार साइज :- पाठ्यपुस्तकमा प्रयोग हुने अक्षरहरू आवश्यक ठाउँ हेरी फरक-फरक प्रयोग गर्नुपर्दछ । जसले गर्दा पाठ्यपुस्तकको आकर्षण पक्षलाई शोभा दिएको हुन्छ । सिकारुलाई अध्ययन गर्न र शिक्षकलाई शिक्षण गर्न पनि सुविधा हुन्छ । पाठ्यपुस्तकको आकर्षण वढाउन अझ रंगीन अक्षर आवश्यक स्थानमा प्रयोग हुनुपर्दछ । जसले गर्दा विद्यार्थीहरूले बढी मन पराउने हुन्छन् । तर सामाजिक शिक्षामा यस किसिमका अक्षरको प्रयोग भएको छैन ।

ऐ) क्रियाकलाप :- पाठ्यपुस्तकमा दिएका क्रियाकलाप पाठ्यपुस्तकको विषयसँग सम्बन्धित हुनुपर्दछ । जुन विषयलाई क्रियाकलापमा राखिएको छ ती विषयलाई विद्यार्थीले पाठ्यपुस्तकमा अध्ययन गरेको हुनुपर्छ अथवा अनुभवबाट ज्ञान प्राप्त गरेको हुनुपर्दछ । यदि विद्यार्थीले अध्ययन पनि गरेको छैन र अनुभवबाट पनि ज्ञान प्राप्त गरेको होइन भने त्यस्तो विषयको क्रियाकलाप गर्न गराउन शिक्षक र विद्यार्थीलाई बढी कठिन हुन्छ । जसले गर्दा सिकारु सिक्ने अवसरबाट बञ्चित हुन पनि सक्दछ । सामाजिक विषयमा यस किसिमका समस्या विद्यमान छन् ।

ओ) नमुना प्रश्नहरू :- पाठ्यपुस्तकको कुनै पनि शीर्षक अध्ययनपछि परीक्षामा सोधिने किसिमका नमुना प्रश्नहरू समावेश गर्नुपर्ने हुन्छ । जसले गर्दा विद्यार्थीहरू स्वयं आफैंले पाठ्यपुस्तकको अध्ययन र नमुना प्रश्नको अभ्यास गरेर परीक्षाको तयारी गर्न सक्दछन् । यसरी परीक्षामा सोधिने नमुना प्रश्नहरू पाठ्यपुस्तकमा समावेश नभएको अवस्थामा परीक्षार्थीले आफ्नो परीक्षाको तयारीको लागि अभ्यास गर्न कठिन पर्दछ । नमुना प्रश्न समावेश गर्ने काम सामाजिक शिक्षामा गरिएको छैन ।

औ) सन्दर्भ सामग्री :- पाठ्यपुस्तकको अन्तिममा पाठ्यपुस्तकको विषयवस्तुलाई पूरा नभएको अवस्था प्रयोग गर्नुपर्ने सन्दर्भ पुस्तकहरूको नाम उल्लेख भएको हुनुपर्छ । सामाजिक शिक्षा धेरै विषयहरूको सँगालो भएकोले यसका विषयवस्तु पाउन धेरै पुस्तकहरू अध्ययन गर्नुपर्ने हुन्छ । यसरी अध्ययन गर्नुपर्दा आवश्यक पुस्तकहरू पाठ्यपुस्तकमा नै समावेश गरेको अवस्थामा शिक्षकलाई विषय शिक्षण गर्दा सहयोगी हुनुको साथै विद्यार्थीले पनि आफूले गहन अध्ययन गर्न खोजेको अवस्थमा पुस्तक उपलब्ध हुन सक्दछ । जसले गर्दा पाठ्यपुस्तकमा दिएका अपूरा देखिएका विषयहरू पूरा हुनुको साथै विषयवस्तुमा पनि सरलता आउँदछ । सामाजिक शिक्षाको पाठ्यपुस्तककमा यो व्यवस्था गरिएको छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

५.३ कक्षा दशको सामाजिक शिक्षाको पाठ्यपुस्तकको पुनरावलोकन (Review of the Social Studies Test Book of Grade X)

पाठ्यक्रम र पाठ्यपुस्तकलाई समयसापेक्ष बनाउन समयसमयमा सुधार गर्नु निरन्तर प्रक्रिया भएकोले आवश्यकताअनुसार परिवर्तन भइरहेको हुन्छ । देशमा प्रजातन्त्रको पुनर्स्थापनापछि शिक्षालाई पनि समयसापेक्ष बनाउन र विद्यालय तहको शिक्षालाई वढी व्यावहारिक, सीपयुक्त र जीवनोपयोगी बनाई व्यक्तिमा भएको अन्तरनिहित प्रतिभालाई विकास गरी, मानवीय मूल्य र सामाजिक मान्यतालाई विकास गरी, देश निर्माणका लागि उपयुक्त मानव संसाधनको विकास गर्ने र सामाजिकीकरण र आधुनिकीरणका माध्यमले प्राकृतिक वातावरण राष्ट्रिय संसाधनको संरक्षण र सदुपयोग गरी सामाजिक एकतालाई सुदृढ बनाई समाजमा पछि परेका समुदायलाई राष्ट्रिय मूल प्रवाहमा समाहित गर्ने उद्देश्यले विद्यालय तहको पाठ्यक्रम र पाठ्यपुस्तकको निर्माण भएको हो । देशमा आवश्यक राष्ट्र राष्ट्रियता र प्रजातन्त्रप्रति आस्थावान्, सामाजिक र प्राकृतिक वातावरणप्रति जागरुक, भाषिक व्यवहारमा सक्षम, स्वस्थ, स्वावलम्वी, चरित्रवान्, नागरिक तयार गर्ने उद्देश्य लिएर राष्ट्रिय शिक्षा आयोग २०४९ ले पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरी लागू भएको विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकलाई आवश्यकता अनुसार समसामयिक विषयमा राष्ट्रिय शिक्षा उच्च आयोग २०५५ ले परिवर्तन गरी सिफारिस गरेअनुसार माध्यमिक विद्यालयको सामाजिक शिक्षाको पाठ्यक्रमको आधारमा पाठ्यपुस्तक तयार गरिएको हो । यसमा कक्षा ६ देखि दशसम्मको पाठ्यपुस्तकलाई पुनरावलोकन गर्नुपर्ने देखिन्छ । तर समयाभाव र विषय पनि सबै एकै किसिमको भएकोले कक्षा दशको सामाजिक शिक्षाको पाठ्यपुस्तकलाई गरिएको पुनरावलोकनका आधारमा नै (६-९) सम्मका पाठ्यपुस्तकलाई त्यसैगरी पुनरावलोकन गर्न सकिन्छ ।पाठ्यपुस्तक पुनरावलोकन गर्ने विधि र धारणालाई यसबाट स्पष्ट हुन्छ ।

कक्षा दशको पाठ्यक्रम र पाठ्यपुस्तक सामाजिक शिक्षा र सामाजिक विज्ञानका विशेषज्ञ र शिक्षाविद्को अथक प्रयासवाट तयार गरिएको हो । यो विभिन्न सामाजिक विज्ञानका विद्वानहरूको प्रयासवाट तयार भएकोले पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेश गरिएका विषयहरू समयसापेक्ष समुदाय र राष्ट्रको आवश्यकतालाई परिपूर्ति गर्ने उद्देश्य लिएर तयार पारिएको हो । यसरी विभिन्न सामाजिक विज्ञानका विद्वान्हरूको अथक प्रयासवाट तयार पारिएको पाठ्यपुस्तकमा पनि पुनरावलोकन गर्दा प्रशस्त त्रुटिहरू र कमी कमजोरीहरू फेला परेका छन् । कक्षा दशको पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेश गरेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

सबै पाठ, शीर्षकहरू समयसापेक्ष देशको आवश्यकतालाई ध्यान दिएर तयार गरेको देखिन्छ। पाठ्यपुस्तकमा दिएका विषयवस्तुको अध्ययन र अध्यापनमा पनि रोचकता आउँदछ। तर पाठ्यपुस्तकलाई गहनरूपमा केलाउँदा यसमा पाइएका त्रुटिलाई यसरी प्रस्तुत गरिएको छ। पाठ्यपुस्तकमा समावेश गरिएका केही विषयहरूदेखि लिएर भाषागत, चित्र, तथ्याङ्क, ग्राफ, नक्सा, आदिमा त्रुटिहरू प्रशस्त पाइएका छन्। पुस्तक लेखकले कक्षा दशमा अध्ययन गर्ने छात्र छात्राहरूलाई कक्षा दशको पाठ्यपुस्तकमा समावेश गरिएका विषयहरू के सबै आवश्यक र उपयोगी छन् ? भनी विद्यार्थी र शिक्षकलाई प्रश्न गर्दा आवश्यक भन्दा बढी विषयले पुस्तकको आयतन ठूलो बन्न गएको छ भन्ने पाइयो। त्यस्तै माध्यमिक विद्यालयमा कक्षा दशमा सामाजिक शिक्षा शिक्षण गर्ने शिक्षकहरूलाई यही प्रश्नगर्दा पाठ्यपुस्तकका केही विषयवस्तुलाई नै हटाउनुपर्ने उल्लेख गरेको पाइन्छ। शिक्षक र विद्यार्थीको भनाइअनुसार यस पुस्तकमा समावेश गरिएका विषयहरूमा शास्त्रीय संगीतसम्वन्धी पाठ सबै हटाउनुपर्ने र भूगोल, इतिहास सम्वन्धी पाठहरूलाई कम मात्र समावेश गर्नुपर्ने उल्लेखगरेको पाइन्छ। भूगोल र इतिहाससम्बन्धी पाठको सट्टामा राष्ट्रिय र अन्तर्राष्ट्रिय घटनाहरू, समस्या र समाधानका उपायहरू पनि समावेश गर्नुपर्छ भन्ने भनाइ कक्षा दशमा शिक्षण गर्ने शिक्षकहरूको रहेको छ। त्यस्तै कक्षा दशमा अध्ययन गर्ने छात्रछात्राको भनाइमा, सामाजिक शिक्षा भनेको समुदाय उन्मुख हुनुपर्छ। समुदायको चाहनाअनुसारको समुयदायको बारेमा अध्ययन हुने किसिमको हुनुपर्छ। सामाजिक शिक्षाको अध्ययनले विद्यार्थीहरूमा आफूले भविष्यमा गर्ने व्यवसाय/पेशा छनोट गर्न सक्ने सीपको विकास गर्न सक्ने हुनुपर्छ। यो एउटा व्यावहारिक विषय भएकोले यसको अध्ययनले विद्यार्थीहरूको व्यवहारमा सकारात्मक परिवर्तन आएको देख्न अभिभावकहरू चाहन्छन्। तर हाम्रो कक्षा दशको सामाजिक शिक्षामा समावेश गरिएका विषयहरूको अध्ययनले विद्यार्थीहरूको व्यवहारमा कतिसम्म परिवर्तन ल्याउन सफल भएको छ। त्यसको बारेमा कुनै अध्ययन र अनुसन्धान गरेको पाइएको छैन। यस पुस्तकका लेखक स्वयं आफैंले पाठ्यपुस्तक र पठनपाठनको बारेमा "दाङ जिल्लाका माध्यमिक विद्यालयमा सामाजिक शिक्षा शिक्षण" को बारेमा अध्ययन गरेको पाइन्छ। पुस्तक लेखकका अनुसार सामाजिक शिक्षाको अध्ययनले विद्यार्थीहरूमा जुन परिवर्तन आउनुपर्ने हो त्यो परिवर्तन आएको छैन। सामाजिक शिक्षाको अध्ययनपछि विद्यार्थीहरूमा आउनुपर्ने जुन परिवर्तन हो, त्यो परिवर्तन नआउनुमा विविध पक्षहरूले असर पारेको पाइन्छ। जस्तैः- विषयअनुसारको शिक्षकको व्यवस्था नहुनु, उपयुक्त शिक्षण

Nepal Sanskrit University,.Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

विधि नअपनाउनु, विद्यालयको कक्षा कोठाको वातावरण उपयुक्त नहुनु, विद्यार्थीमा सहयोगी भावना नहुनु, विद्यार्थीमा अध्ययन गर्ने तीव्र इच्छा नहुनु, आदिले पनि प्रभाव पारेको हुन्छ। कक्षाकोठा र विद्यार्थी संख्या, तालिम प्राप्त शिक्षकको अभाव, शिक्षण सहयोगी सामग्रीको व्यवस्था आदिले पनि पाठ्यपुस्तकले राखेको उद्देश्य पूरा गर्न कठिन पर्दछ। वर्तमान समयको कक्षा दशको पाठ्यपुस्तकमा समावेश गरेका अधिकांश विषयहरू व्यावहारिक र उपयोगी छन् तर शिक्षकको शिक्षण अनुभव, शिक्षण विधि र विद्यार्थी संख्या र विद्यालय व्यवस्थापनका कारणले पनि शिक्षण सिकाइमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ। पाठ्यपुस्तकमा समावेश गरेका विषयहरू समुदाय केन्द्रित, वाल केन्द्रित छन्, तर हाम्रो शिक्षण सिकाइ, शिक्षक केन्द्रित भएको र सामाजिक शिक्षामा समावेश गरिएका विषयहरू प्रयोगात्मक रूपमा शिक्षण गर्नुपर्ने भएकोले विद्यार्थीले कम मात्र बुझेको पाइन्छ। सामाजिक शिक्षा शिक्षण गर्दा शिक्षकले कक्षामा व्याख्या गर्नुको सट्टा समुदायको अवलोकन गराउँदा वढी व्यावहारिक हुन्छ। यसरी विद्यार्थी स्वयं नै समुदायको सदस्य भएकोले समुदायको वारेमा विद्यार्थीवीचको छलफलले नै विषयलाई बढी रोचक बनाउन सकिन्छ। कतिपय पाठ्यपुस्तकमा दिएका क्रियाकलाप गराउन कठिन भएको पाइन्छ। सामाजिक शिक्षा सजिलो विषयको रूपमा लिएर पनि यसमा समावेश गरिएको विषय, शिक्षण विधि र पाठ्यसामग्रीको अभावले गर्दा यो एउटा कठिन विषयको रुपमा देखापरेको छ।

सामाजिक शिक्षाको पाठ्यपुस्तकको अध्ययनले जुन किसिमको ज्ञान सीप हासिल गर्नुपर्ने हो, त्यो पर्याप्त हुन नसकेको शिक्षक र विद्यार्थी र अभिभावकको भनाइ रहेको छ।

सामाजिक शिक्षा समुदाय उन्मुख र व्यवसाय उन्मुख हुनुपर्नेमा भूगोल, इतिहास र शास्त्रीय संगीतका विषयले भरिएको छ। सामाजिक शिक्षाको अध्ययनले देशको भौगोलिक, ऐतिहासिक, वातावरणलाई बुझेर आफ्नो देशका प्रत्येक क्षेत्रमा वसोवास गर्ने अल्पसंख्यक, लोप हुन लागेका जनजातिको वारेमा अध्ययन गर्ने। उनीहरूको आर्थिक, सामाजिक, सांस्कृतिक परम्पराको वारेमा अध्ययन गर्नुकोसाथै त्यसको वारेमा समुदायलाई जानकारी गराउने जस्ता विषय समावेश हुनुपर्दछ।

देशका विभिन्न सुगम वा दुर्गम क्षेत्रमा वसोवास गर्ने दलित, समुदाय वा विकासमा पछि परेका जनजातिको बारेमा अवलोकन, अध्ययन गर्ने र त्यस्ता जनजातिलाई विकासको गतिमा अग्रसर गराउन र भावनात्मक सहयोग गराउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

किसिमका विषयहरू पाठ्यक्रममा समावेश भएको हुनुपर्छ। विद्यालय छाडेपछि विद्यालयको अध्ययन अवधिमा हासिल गरेका ज्ञान र सीपलाई आफ्नो व्यवहारमा उतार्न योग्य हुनुपर्दछ।

देशको प्रत्येक क्षेत्रमा रहेका विद्यमान प्राकृतिक सम्पदाहरूको सुरक्षा गर्नको साथै प्रत्येक प्राकृतिक सम्पदा नै देशको मूल आयस्रोत हो भन्ने भावना विकास गराउने किसिमका विषयहरू पाठ्यपुस्तकमा समावेश हुनुपर्छ। मुलुकको विकट क्षेत्रमा बसोबास गर्ने नेपालीले भोग्नुपरेका दैनिक समस्या, जीवनमा बाँच्नका लागि सर्वसाधारण जनताले गर्नुपरेको संघर्षको बारेमा शहरमा बसोबास गर्ने सर्वसाधारणदेखि सम्पन्न विद्यार्थीले ज्ञान र सीप हासिल गर्ने किसिमको पाठ्यपुस्तक तयार हुनुपर्दछ। जसले गर्दा सामाजिक शिक्षाको अध्ययन पछि नेपालको सामाजिक मान चित्र सिकारुको दिमागमा स्पष्ट चित्रण हुन सकोस्।

नेपाल एउटा विकासोन्मुख मुलुक भएको र यहाँको भौगोलिक बनावट हावापानी, उब्जाउ र मानिसहरूको व्यवसाय र कोरा शिक्षाको विकासले गर्दा पनि देशले विकासको गति लिन सकेको छैन। यसरी देश विकासको गति मन्द हुनुको प्रमुख कारण विद्यार्थी वर्गलाई जानकारी हुन सकेको अवस्थामा पनि भोलिका दिनमा देश विकासको गतिमा तीव्रता आउन सक्दछ। यसरी माध्यमिक विद्यालयमा समावेश हुनुपर्ने विषयहरू धेरै छुट्न गएका छन्। अव आउने पाठ्यक्रम र पाठ्यपुस्तकको परिमार्जनमा यस्ता विषयहरूलाई समावेश गर्नुपर्ने देखिन्छ। कक्षा दशको सामाजिक शिक्षामा देखिएका त्रुटिहरूलाई यहाँ यसरी औंल्याउने काम भएको छ।

(क) भाषागत त्रुटिः- कक्षा दशको सामाजिक शिक्षामा पाइएका भाषासम्वन्धी त्रुटिलाई शव्द र वाक्यमा पनि पाइएको छ। सामाजिक शिक्षाको पुस्तकको पेज २१ म उष्ण मौसमी क्षेत्र पाठमा सिन्धु घाँटी र ह्वाङ् हो जस्ता सभ्यता पुराना मानवीय सभ्यताको विकास यस क्षेत्र संस्कृति ज्यादै धनी छ भनी लेखिएको छ।

उष्ण प्रदेश पेज ८८ मा दिएको सहारा, आटाकामा, कालाहारी, मरुभूमि कुन महादेशको कुन देशमा पर्दछ, महादेशको र देशको नाम उल्लेख गरिएको छैन। पेज १०८ उत्तर अमेरिकाको आदिवासीका रूपमा रहेका Skimo को बारेमा कुनै जानकारी हुन सकेको छैन। पेज १२३ मा अफ्रिकाको कृषि व्यवसायको क्रियाकलाप नं. १ को (क) मा यी तस्वीरहरूको राम्रो वर्णन गर्नुहोस् भनेको छ। वर्णन चाहिँ कहिँ दिएको छैन। यसरी पाठ्यपुस्तकमा दिएका विषयहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

विद्यार्थीहरूबाट वर्णन गर्न सक्ने कुरै भएन, जबकि शिक्षकलाई समेत कठिन पर्दछ । यस्ता भाषासम्बन्धी त्रुटिहरू प्रशस्त मात्रामा पाइन्छ ।

(ख) नक्सासम्वन्धी त्रुटिः- सामाजिक शिक्षा भाषामा मात्र उल्लेख गर्दा सबै बुझ्न कठिन हुनाले यसमा भएका सम्पूर्ण विषयहरूलाई नै व्याख्याकोसँगै सम्वन्धित विषयको चित्र प्रस्तुत गर्नुपर्ने हुन्छ । यसरी प्रस्तुत गरिएका चित्रले विषयको धारणा छिटो र सजिलै वस्न सक्दछ । सामाजिक शिक्षा कक्षा दशमा समावेश गरिएका नक्साहरू त्रुटिपूर्ण भएको पाइन्छ ।

पाठ्यपुस्तकमा दिएको नेपालको नक्सा ज्यादै सानो भएको र शिक्षकले शिक्षण गर्दा पनि पाठ्यपुस्तकमा राखिएको नक्सालाई नै वढीभन्दा बढी प्रयोग गर्दा शिक्षण सिकाइ प्रभावकारी हुँदैन । किनकि पुस्तकमा भएका नक्सा धेरै साना हुनुको साथै सबै ठाउँको नाम स्पष्ट बुझिने पनि देखिँदैन । नेपालको क्षेत्रीय नक्साहरू अनुसूचीमा दिएकोलाई ठूलो वनाई प्रत्येक पाठसँगै राखिदिंदा शिक्षण सिकाइमा सरलता आउँदछ । पेज १०२ मा दिएको विश्वको नक्सामा जनघनत्व देखाउन खोजेको छ । त्यो नक्सा नै स्पष्ट छैन जनघनत्व कसरी बुझ्न सकिन्छ ? त्यस्तै पेज १०८ को क्यानाडा राज्यमा दिएका संकेतहरू स्पष्ट छैनन् । पेज ११० मा दिएका सबै नै नक्सा स्पष्ट छैनन् । पाठ्यपुस्तकको पेज ११४, ११५ र ११९ मा दिएका नक्साहरू शिक्षक विद्यार्थीले वुझ्न् कठिन देखिन्छ । पाठ्यपुस्तकमा अधिकांश नक्साहरू अनुसूचीमा दिइएको छ । अनुसूचीमा दिएका नक्साहरू पनि धेरै साना भएकोले ठूला वनाई राख्नुपर्ने हुन्छ ।

(ग) तथ्याङ्क, ग्राफ, चार्ट र चित्रः- कक्षा दशको सामाजिक शिक्षाको पाठ्यपुस्तकमा तथ्याङ्क ग्राफ, चार्ट र चित्रको आवश्यकताअनुसारको प्रयोग भएको पाइन्छ । तर यहाँ प्रयोग भएका अधिकांश तथ्याङ्क चार्ट र चित्र गलत सावित भएका छन् । भौगोलिक क्षेत्रअनुसार २०४८ को जनगणनाले हिमाली, पहाडी र तराईको जनसंख्याको तथ्याङ्क नै फरक देखाएको छ । २०४८ का अनुसार हिमाली प्रदेशको कुल जनसंख्या १,४४,२२,३०६ हुनुपर्नेमा १४,४३,१३० हुन गएको छ । त्यस्तै मध्यमाञ्चल विकास क्षेत्रको जनसंख्या २९,४१० वर्ग कि.मि. हुनुपर्नेमा २७,४१० वर्ग कि.मि. उल्लेख भएको छ । त्यस्तै ग्राफ र चार्टमा पनि फरक परेको पाइन्छ । कक्षा दशको सामाजिक शिक्षाको पाठ्यपुस्तकको पेज १४ मा २०५१ सालको वाढी पैह्रोले पूर्वाञ्चलनमा पुऱ्याएको क्षतिमा अस्पष्ट रहेको छ । पेज १९ मा विकासका निम्ति दक्ष जनशक्ति पाठमा दिएका वृत्तचित्रहरू स्पष्ट छैनन् । पेज ४० मा दिएको राष्ट्रिय दिवसहरूको चित्र केहीठूला र स्पष्ट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

हुनुपर्छ । यसले दिन खोजेको विषयलाई स्पष्ट पार्न सकेको छैन । पेज ४४ मा पोलियोग्रस्त अपाङ्ग बालकको चित्र दिएको छ । बालक बसेको हुँदा उसका हात, गोडा देखिएका छैनन् । पोलियो ग्रस्त बालकको चित्रबाट जुन स्पष्ट पार्न प्रयास गरिएको विषय नै स्पष्ट हुन सकेको छैन । पेज १४५ मा २०४६ सालको जनआन्दोलनको विजय जुलुसको चित्र दिएको छ । तर त्यो चित्रको भाव खुलेको छैन । पेज ११९ अफ्रिका पाठको क्रियाकलापमा चित्रहरू दिएको छ । चित्रहरू र तल दिएका नामहरू मिलाऊ भनेको छ । त्यसमा दिएको चित्र स्पष्ट नभएकोले जोडा मिलाउन कठिन हुने देखिएको छ । पेज १७६ मा "अन्नपूर्ण आरक्ष केन्द्र र चिन्ह" ले के देखाउन खोजेको हो बुझ्न कठिन परेको छ ।

यसरी कक्षा दशको सामाजिक शिक्षाको पाठ्यपुस्तकमा भएका शब्द, वाक्य, तथ्याङ्क, ग्राफ, चित्रमा पनि प्रशस्त त्रुटिहरू फेला परेका छन् । यसरी पाठ्यपुस्तकमा भएका त्रुटिलाई औंल्याउन अरू सन्दर्भ सामग्रीको आवश्यकता पर्छ । सबै देशभरका विद्यालयले सन्दर्भ सामग्री वा सहायक पुस्तक उपलब्ध हुन सक्दैनन् र पाठ्यपुस्तकमा निर्भर रहनुपर्छ । पाठ्यपुस्तकमा निर्भर रहनुपर्ने कतिपय विद्यालयहरूले पाठ्यपुस्तकमा दिएका विषयवस्तु नै अस्पष्ट भएको अवस्थामा विद्यार्थीहरूको सिकाइ अधुरो र अस्पष्ट रहेको हुन्छ । यस्तो अवस्थामा परीक्षामा राम्रो अंक ल्याउन सक्ने कतिपय चलाख विद्यार्थीहरूले शिक्षक र पाठ्यपुस्तकको अभावमा आफ्नो सही अनुभवको ज्ञान आर्जन गर्ने अवसरबाट वञ्चित भएर अपूरा अस्पष्ट विषयको अध्ययनले परीक्षामा जानुपर्ने हुन्छ । पाठ्यपुस्तकमा देखिएका त्रुटिलाई हटाइ पुस्तक परिमार्जन गर्नुपर्ने र विद्यार्थीलाई शंकाबाट मुक्त हुन सहयोग गर्नुपर्ने देखिन्छ । आजका विद्यार्थी भोलिका देश निर्माण गर्ने प्रमुख दायित्व बोकेका हुनाले उनीहरूको सिकाइमा कुनै कमीकमजोरी आएको हुनुहुँदैन । सिकाइले विद्यार्थीको धारणा बलियो दिन नसकेको अवस्थामा विद्यार्थी कमजोर रहेको हुन्छ । हाम्रो पाठ्यपुस्तकमा दिएको विषयवस्तु, शब्द, वाक्य तथ्याङ्क चित्र, ग्राफ आदि स्पष्ट नभएको अवस्थामा विद्यार्थी द्विविधामा पर्न सक्दछ । यसरी द्विविधामा परेको कुनै पनि विद्यार्थीमा निर्णय गर्ने क्षमता कम भएको हुन्छ । जसले गर्दा विद्यार्थीले भविष्यमा काम गर्न कठिन हुनुको साथै निर्णय लिने अवस्थामा कमजोर हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

एकाइ छ

६. सामाजिक अध्ययनमा सीपको विकास
DEVELOPING SKILLS IN SOCIAL STUDIES

६.१ परिचय (Introduction) :-

मानिस एउटा सामाजिक प्राणी हो। ऊ समाजमा व्यवस्थित भएर बस्न चाहन्छ। समाजमा सामाजिक मूल्य, मान्यता र सुरक्षा पाउनको लागि उसमा सामाजिक सीपको केही न केही विकास भएको हुनुपर्छ। मानिस समाजमा समायोजन हुनको लागि "to take and to give skills" हुनु नितान्त आवश्यक हुन्छ। तसर्थ मानिस समाजमा बस्न र सामाजिक मान्यता पाउनको लागि सामाजिक सीपको विकास भएको हुनुपर्छ।

यहाँ सीप भन्नाले भनेर, गरेर, संकेत गरेर, संयोजन गरेर, देखाएर गरिने कार्य भन्ने बुझिन्छ। सीपसम्बन्धी कार्यका लागि शारीरिक र मानसिक दुवै शक्तिका प्रक्रियाहरू गतिशील हुन्छन्। वाइनिङ्ग एन्ड वाइनिङ्गका अनुसार "सीप सरल बानीहरूको एउटा मिश्रण हो, जसको प्रयोग कुनै उद्देश्यलाई ध्यानमा राखेर सावधानीपूर्वक गरिन्छ" सीप व्यक्तिको अन्तरनिहित क्षमतालाई प्रस्तुत गर्दा वा बाहिर देखाउँदा पहिचान हुने गुण हो। सामाजिक अध्ययनसँग सम्बन्धित केही सीपहरू यसप्रकार छन्।

अ) अवलोकन, सुनाइ, बोलाइ, लेखाइबाट जानकारी प्राप्त गर्नु।
आ) प्राप्त जानकारीलाई छनोट गर्नु।
इ) छनोट गरिएका जानकारीलाई संगठित गर्नु।
ई) संगठित जानकारीलाई व्यवस्थित रुपमा प्रस्तुत गर्नु।
उ) लिखित र मौखिक रूपमा जानकारीलाई व्यक्त गर्नु ।
ऊ) तयार भएका चित्र, ग्राफ र चार्टलाई मूल्याङ्कन गर्नु।
ए) नक्सा र ग्लोबलाई व्याख्या गर्नु।
ऐ) समूहलाई नेतृत्व गर्नु।
ओ) अरूसँग मिलेर काम गर्नु आदि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

सामाजिक अध्ययनमा भएका सीपहरूलाई तीन भागमा वर्गीकरण गरिएको छ ।

- पठन सीप (Reading Skills)
- बौद्धिक सीप (Intellectual skills)
- सामाजिक सीप (Social Skills)

उपर्युक्त तीन किसिमका सीपहरूको व्याख्या तल गरिएको छ ।

६.२ पठन सीप (Reading Skill):-

कार्यमा दक्षता वा निपूर्णता हासिल गर्नुलाई सीप प्राप्त गर्नु भनिन्छ । सिकारुले आफ्नो अध्ययन क्षेत्रमा सफलता पाउनको लागि व्यापक अध्ययन गर्ने सीपको विकास भएको हुनुपर्दछ । गहन पढाइको माध्यमबाट प्रत्येक सिकारुले विषयवस्तुको ज्ञानार्जन गर्न सक्दछन् । व्यापक अध्ययनबाट सिकारुले विषयवस्तुको ज्ञानको साथै अध्ययन गर्ने सीपको पनि विकास गर्न सक्दछ । अध्ययनवाट मात्र सबै कुराको ज्ञान हुन सक्दैन र सुनाइबाट पनि केही ज्ञानार्जन गर्न सकिन्छ । सुनाइबाटभन्दा अध्ययनबाट नै बढी सीप हासिल गर्न सकिने भएकोले सामाजिक अध्ययनमा अध्ययन सीप नै बढी महत्त्वपूर्ण हुन गएको छ । कुनै वस्तुको धारणा र सामान्यीकरणको लागि पठन सीप (Reading skills) नै वढी भरपर्दो देखिन्छ ।

ljBfyL{x¿ sf]nflu k7g ;Ik clt dxत्त्वपूर्ण बिषय हो । अध्ययन सीपको विकास नभएसम्म विद्यार्थीहरूमा स्व-स्वर वाचनदेखि लिएर भाषाको विकास, शब्द भण्डारको विकास र वाक्य निर्माण गर्ने जस्ता सीपको विकास हुन सक्दैन । यसमा कुनै विषयवस्तुको अध्ययन गर्नु अगावै केही कुराको जानकारी हुनुपर्दछ । जस्तो- अध्ययनको उद्देश्य के हो ? अध्ययन कसरी गर्ने ? पूर्ण रूपमा अध्ययनगर्ने वा आशिकरूपमा अध्ययन गर्ने स्पष्ट हुनुपर्दछ । कतिपय समस्याको खोजीमा गहन अध्ययन गर्नुपर्ने हुन्छ भने कतिपय खोजीको विषयलाई सूक्ष्म अध्ययन गर्दा पनि प्राप्त हुन्छ । How र Why जस्ता शब्दबाट अध्ययनको प्रश्न उठेको भए त्यसलाई गहन वा व्यापक अध्ययन गर्नुपर्दछ । तसर्थ अध्ययन सधैं एकनासको हुँदैन, परिस्थिति र आवश्यकताअनुसार अध्ययन गर्नुपर्ने हुन्छ ।

अध्ययन मानिसहरूले विभिन्न लक्ष्य वा उद्देश्य लिएर गरेका हुन्छन् । परीक्षा पास गर्न, साधारण जानकारी लिन, समय बिताउन, ज्ञान हासिल गर्न, मनोरञ्जन गर्न आदि पर्दछन् । यी सबै उद्देश्य पूरा गर्न एउटै किसिमको अध्ययनबाट सम्भव छैन । अध्ययन निंम्नअनुसार गर्न सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

- Scanning - आफूलाई चाहिएको आवश्यक विषयको खोजी गर्ने । पत्रिकामा आफूले चाहेको समाचार खोजी पढ्ने ।

ii) Explore - जानेको भन्दा अरू वढी ज्ञान आर्जनको लागि अध्ययन गर्ने

iii) Skimming - सरसर्ती हल्कासँग पढ्ने ।

iv) Detailed - सम्बन्धित विषयमा गहन अध्ययन गर्ने, आदि पर्दछ ।

मूलतः पठन सीपलाई तीन भागमा वर्गीकरण गर्न सकिन्छ ।

६.२.१. **सन्दर्भ सीप (Reference skills)** :- सन्दर्भ सीपअन्तर्गत सन्दर्भमा दिएको पाठ एकाइ वा पुस्तकलाई के-कसरी अध्ययन गर्ने भन्ने विषयको जानकारी गराउँदछ । कुन विषयवस्तु कुन पुस्तकमा छ , वा कुन पुस्तकको कुन पाठ एकाइवाट पाउन सकिन्छ भन्ने कुराको गहन अध्ययन गरी पत्ता लगाएर अध्ययन गर्ने सीप यसअन्तर्गत पर्दछ । कुनै समस्यालाई कहाँबाट कसरी समाधान गर्न सकिन्छ, त्यसको वारेमा व्यापक खोजी गरी पत्ता लगाउने काम यसअन्तर्गत पर्दछ । शव्दकोश (Dictionary) विश्वकोश (Encyclopedia) लाई प्रयोग गर्ने सीप पनि यसअन्तर्गत पर्दछन् ।

पाठ्यपुस्तक, शिक्षक विद्यार्थी दुवैको लागि अति उपयोगी सामग्री हो । यसलाई प्रयोग गर्ने सीपको विकास विद्यार्थीमा भएको हुनुपर्दछ । विषयमा अरू दक्षता प्राप्त गर्नको लागि पाठ्यपुस्तकवाहेक अन्य सन्दर्भ सामग्रीको अध्ययन गर्नुपर्ने हुन्छ । सन्दर्भ सामग्रीको रूपमा प्रयोग गरिने पुस्तकहरूको एकाइ, पेज पनि थाहा हुनुपर्दछ । आफूले खोजी गरेको विषय कुन पाठको कति पेजमा रहेको छ, उक्त सबै कुराको थाहा हुनसकेको अवस्थामा खोजी गर्न सजिलो र छिटो पनि हुन्छ । पुस्तकहरूमा कठिन शव्दहरूलाई उल्लेख गरिएको हुन्छ । त्यसलाई पनि अध्ययन गर्ने सीप हुनुपर्दछ । शिक्षण सिकाइ प्रक्रियामा पाठ्यपुस्तक वा सन्दर्भ सामग्री शिक्षक र विद्यार्थीले सजिलै प्रयोग गर्न सकेको अवस्थामा अध्ययन सीपको विकास भएको मानिन्छ । सन्दर्भ र पाठ्यपुस्तक अध्ययन गर्ने सीपको विकास सानै कक्षावाट गराउनुपर्छ । यस किसिमको विकास गराउनको लागि निम्न चार विषयमा ध्यान दिनुपर्दछ ।

अ) अध्ययनको उद्देश्य निर्धारण ।

आ) अध्ययन सामग्रीको छनोट ।

इ) अध्ययन विधि ।

ई) अर्थपूर्ण अध्ययन ।

अ) अध्ययनको उद्देश्य निर्धारण:- कुनै पनि विषयको अध्ययन गर्दा त्यसको उद्देश्य निर्धारण गरेको हुनुपर्छ । उद्देश्यविनाको अध्ययंन र खोजले लक्ष्यमा पुग्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

सकिँदैन । निश्चित उद्देश्य लिएर गरिएको अध्ययन सरल र सुलभ हुन्छ । जसले गर्दा शिक्षण सिकाइ सफल हुन्छ ।

आ) अध्ययन सामग्रीको छनोटः- अध्ययनको उद्देश्य निर्धारणपश्चात् आवश्यक अध्ययन सामग्रीको छनोट गर्नुपर्दछ । निर्धारण गरिएको उद्देश्यलाई पूरा गर्न कुन सामग्रीको छनोट र उपयोग गर्दा सजिलै उद्देश्य प्राप्त गर्न सकिन्छ, त्यस विषयलाई ध्यानमा राखी सामग्रीको छनोट गर्नुपर्दछ । छनोट गरिएको सामग्री कुन ठाउँमा उपलब्ध छ, त्यसपछि छनोट गरिएको सामग्रीको खोजी गर्नुपर्छ । प्राप्त सामग्रीबाट आवश्यक विषय अध्ययनका लागि उतार गर्न सकिन्छ ।

इ) अध्ययन विधि :- सर्वप्रथम छनोट गरिएको सामग्रीबाट अध्ययनका लागि आवश्यक पाठ र शीर्षक छनोट गरिन्छ । छनोट गरिएको शीर्षकवाट आवश्यक विषयहरू बुँदामा टिपोट गरिन्छ । जसले गर्दा निर्धारण गरिएको उद्देश्य परिपूर्ति गर्न मद्दत गर्दछ ।

ई) अर्थपूर्ण अध्ययन :- आवश्यक सामग्रीको छनोट गरी गहन र व्यापक अध्ययन गरेको अवस्थामा अर्थपूर्ण हुन जान्छ । अर्थपूर्ण अध्ययनले सिकाइ र सीपमा स्थायित्व आउँछ । फलस्वरूप आफूलाई आवश्यक पर्दा उक्त ज्ञान र सीपलाई प्रयोगमा ल्याउन सकिन्छ । जसले गर्दा सिकाइमा स्थायित्व आउनुको साथै अर्थपूर्ण अध्ययन हुन जान्छ ।

६.२.२ धारणा सीप (Retantion skills)

सिके, जाने र बुझेका विषयको धारणा बलियो बनाउने काम यस सीपअन्तर्गत पर्छ । यसलाई निम्नलिखित बुँदामा व्यक्त गर्न सकिन्छ ।

अ) नोट लेख्ने (Note making) :- पाठमा भएका मुख्य-मुख्य बुँदाहरूलाई टिपोट गर्नुलाई नोट लेख्ने भनिन्छ । यसरी उतार गरिएका बुँदालाई स्पष्ट बुझिने गरी क्रम मिलाएर राख्नुपर्दछ । यस किसिमका बुँदाहरूलाई सामान्यीकरण गर्दा विषय सरल हुनुको साथै धारणा बलियो हुन जान्छ ।

आ) व्याख्यान (Drill) :- एउटै कुरालाई भाषागतरूपमा विस्तृत व्यान गर्नुलाई Drill भनिन्छ । Drill भएका विषयको धारणा बलियो हुन्छ र व्यवहारमा पनि बढी प्रयोग हुन आउँदछ । 'It is known as practice and review' यसरी बारम्बार दोहोरिएर प्रयोगमा आउँदा विषयको धारणा अरू बलियो हुन जान्छ ।

इ) निरीक्षण अध्ययन (Supervised study) :- कुनै शिक्षक वा निरीक्षकको मातहतमा रहेर कुनै पनि विषयको अध्ययन गरिन्छ भने त्यस किसिमको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

अध्ययनमा वढी गहनता आउँदछ। यसरी अध्ययन गर्दा सम्वन्धित विषयको धारणा वलियो हुन जान्छ।

ई) **गृहकार्य (Assignment/Homework)** :- विद्यार्थीहरूलाई कुनै पनि पाठ, शीर्षक अध्ययन गर्नुपर्ने विषयमा गृहकार्य दिँदा त्यस विषयमा वढी खोजी गरी लेख्नुपर्ने भएकोले गहन अध्ययन हुन जान्छ। जसले गर्दा अध्ययन गरिएको विषयमा धारणा वलियो हुन्छ।

उ) **बुँदा टिपोट (Outlining)** :- अध्ययन गर्नुपर्ने विषयका मुख्य, मुख्य, बुँदाहरूलाई टिपोट गरेर वा पुस्तकमा अन्डरलाइन गरेर अध्ययन गरिन्छ, जसले गर्दा अध्ययन गरिएको विषयवस्तुको धारणा वलियो हुन जान्छ।

ऊ) **एस.क्यू. र आर.क्यू, (S.Q and R.Q)**:- धारणा सीपको विकास गराउँदा एस.क्यू. र आर. क्यू बारम्बार गराएको खण्डमा पनि धारणा वलियो हुन्छ। यसलाई Quationnair survey, Read, Recite, Review जस्ता क्रियाकलाप अपनाएको खण्डमा विद्यार्थीहरूको विकासमा सीपको स्थायित्व आउँदछ।

६.२.३ खोज विधि (Exploratory/Discovery Skills)

कुनै पनि विषयको वारेमा गहिरिएर अध्ययन गर्ने वा खोज गर्ने विधिलाई Exploratory/Discovery Skills भनिन्छ। यसमा वढी दक्षता हासिल गर्ने लक्ष्य राखेर अध्ययन गरिन्छ। यसले समय वढी लिए पनि अध्ययन गहन हुन जान्छ। विभिन्न विषयवस्तुको धारणाको विकास गर्न र सामान्यीकरण गर्नको लागि पनि यस किसिमको अध्ययन बढी उपयोगी हुन जान्छ। पाठमा भएका शब्दको राम्रो अर्थ लगाई अध्ययन गरिन्छ। यस किसिमको अध्ययनले निम्नअनुसारका सीपको विकास गर्दछ। सारांश लेखन, निचोड निकाल्ने, वास्तविकता पत्ता लगाउने, खराब र असल पक्ष छुट्याउनेजस्ता कार्यले खोजी गर्ने सीपको विकास गराउनुको साथै अध्ययन सीपको विषय पनि वलियो वन्न पुग्दछ।

६.३ बौद्धिक सीप (Intellectual Skills)

योग्य र दक्ष बन्नको लागि वौद्धिक सीप विकासको आवश्यक पर्दछ। बौद्धिक सीपको विकास त्यस समयमा भएको मानिन्छ जव कुनै व्यक्तिले अध्ययन गरेर आफ्नो वौद्धिकताको आधारमा कुनै विषय शीर्षकको विश्लेषण, संश्लेषण, निष्कर्ष अथवा मूल्याङ्कन गर्न समर्थ भएको हुन्छ। एउटा योग्य नागरिकको हैसियतले समाजमा समायोजन हुनको लागि वौद्धिक सीप हासिल गर्नु आवश्यक पर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

सामाजिक अध्ययनमा विकास गर्नुपर्ने सीपमध्ये बौद्धिक सीप पनि एक हो। मानिस एउटा सामाजिक प्राणी हो। यो समाजमा श्रेष्ठ प्राणीको हैसियतले बाँच्न चाहेको हुन्छ। समाजमा बाँच्नको लागि हासिल गर्नुपर्ने सामाजिक र बौद्धिक सीपहरू प्रशस्त छन्।

एक्काईसौ शताब्दीको प्रवेशले मानवलाई समाजमा समायोजन भएर स्वतन्त्ररुपले जीवन निर्वाह गर्नको लागि निम्न अनुसारका सीप हासिल गर्नुपर्ने हुन्छ। तसर्थ तथ्य र तर्कपूर्ण, विश्लेषण गर्ने क्षमता, निर्भय, निडर र समाजोपयोगी नागरिक भएर रहनको लागि जीवनमा आइपर्ने सामाजिक समस्यालाई गहन अध्ययन गर्ने, कारण पत्ता लगाउने र निराकरण गर्ने सीपको विकास यसले गर्दछ। यसरी समाजमा आइपरेका समस्यालाई केलाउनु, वास्तविकता पत्ता लगाउनु र आत्मनिर्णयमा पुग्न सक्नु नै बौद्धिक सीपअन्तर्गत पर्दछन्।

सामाजिक अध्ययनका विभिन्न विषयवस्तुहरूको शिक्षण र अध्ययन गर्दा केवल सूचना प्रदानगर्ने, धारणगर्ने, आवश्यक पर्दा पुनःस्मरण गर्ने किसिमको अध्ययन आज उपयुक्त हुँदैन। सामाजिक अध्ययन पछि विद्यार्थीहरूमा यस्ता किसिमका सीपको विकास होओस् कि विद्यार्थीहरूले त्यस विषयमा व्यापक विश्लेषण, निष्कर्ष र मूल्याङ्कन गर्न सकून्। हाम्रा पूर्वजले गरेका कामले हामीमा कस्तो प्रभाव परेको छ, हाम्रो परम्परा र संस्कृतिलाई हाम्रा पूर्वजले कति हामीलाई हस्तान्तरण गरें र कतिपय बीचमा नै लोप भए, कतिलाई हामीले सहज रूपमा लियौं र कतिपयलाई हामीले नकारी राखेका छौं आदि विषयलाई गहन अध्ययन गर्ने र समाजमा त्यसलाई आवश्यकताअनुसार उतार्ने काम यस सीपअन्तर्गत पर्दछ।

आजको युग प्रजातान्त्रिक युग हो। प्रत्येक नागरिकमा जिम्मेवारीपूर्ण व्यवहार गर्ने र कल्याणकारी समाजनिर्माण गर्ने दायित्व आएको छ। तसर्थ प्रत्येक व्यक्तिले आफ्नो सोच, विचार र विवेकलाई प्रजातान्त्रिक विचारले सोच्न सक्ने बनाएको अवस्थामा कल्याणकारी र सभ्य समाजको निर्माण हुन सक्दछ। विद्यालयका विद्यार्थीहरूलाई पठन-पाठनको अवस्थामा नै सामाजिक अध्ययनको उद्देश्यअनुसार व्यावहारिक पक्षमा बढी जोड दिन सके भोलिको सभ्य र कल्याणकारी समाज निर्माण गर्नका लागि योगदान पुऱ्याउने देखिन्छ। विद्यार्थीहरूलाई विद्यालयमा अध्ययन गर्दाको अवस्थावाट नै खराव र असल छुट्याउन सक्ने, विवेकी र विचार पुऱ्याएर काम गर्न सक्ने क्षमताको विकास गराउनुपर्दछ। समाजको लागि आवश्यक पर्ने जनप्रतिनिधि, समाजसेवक, राष्ट्रसेवक कस्तो हुनुपर्छ भन्ने वारेमा छानविन गर्न सक्ने निडर, निष्पक्ष र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

निर्णय लिन सक्ने बौद्धिक सीपको विकास यसले गर्दछ। यसरी सामाजिक अध्ययनको बौद्धिक सीपले समाजोपयोगी समाजसेवक वा राष्ट्रसेवक नागरिक तयार गर्ने काम गर्दछ।

६.४ सामाजिक सीप (Social Skills)

मानिस एउटा सामाजिक प्राणी भएकोले समुदायमा जीवनयापन गरिरहेको हुन्छ। सफल सामाजिक जीवन विताउन उसमा सामाजिक सीपको विकास भएको हुनुपर्छ। समाजमा रहनको लागि समाजलाई केही दिनु र लिनु पनि पर्छ। सामाजिक सीपको विकास गराउन सामाजिक अध्ययनको पठन-पाठनबाट मात्र सम्भव भएकोले विद्यालय तहदेखि नै यसको अध्ययनको आवश्यकता महसुस गरी शिक्षण सिकाइ सुरु गरिएको हो। सामाजिक सीपअन्तर्गत निम्न कार्यहरू पर्दछन्।

(क) समूह कार्य (Group work) :- व्यक्ति समुदायको सदस्य भएपछि समूहमा रहेर काम गर्ने सीपको विकास भएको हुनुपर्दछ। समाजमा के समस्या छ ? समाजको लागि के गर्नुपर्छ ? भन्ने जस्ता कुराको जानकारी समूहको सदस्यलाई हुनुपर्छ। साझा विचार, साझा लक्ष्य र उद्देश्य भएका व्यक्तिहरूको समूहलाई संगठन वा समूह कार्य भन्दछन्। समूहका सबै सदस्यहरूबीच मनोवैज्ञानिक तरिकाबाट सम्बन्ध स्थापित गरी समूह कार्य गर्न सकिन्छ। समूहका सदस्यहरूको विचार, लक्ष्य, उद्देश्य एउटै नभएको अवस्थामा समूह कार्य सफल हुन सक्दैन। तसर्थ समूह कार्यमा सफल हुनको लागि समूहमा समावेश हुने व्यक्तिहरूको समान विचार, समान लक्ष्य र उद्देश्य एउटै भएपछि मात्र समूहकार्य सफल हुन सक्दछ। समूहमा मिलेर कामगर्ने सीप, समूहमा रहने व्यक्तिमा नभै नहुने गुण हो।

समूह कार्यको लागि I feeling भन्ने भावनालाई हटाई We feling भन्ने भावनाको विकास हुनुपर्दछ। समूहका प्रत्येक सदस्यबीच अन्तर्क्रिया हुनुपर्दछ। समूहका कुनै पनि सदस्यले गरेका क्रियाकलापले समाज नै प्रभावित भएको हुन्छ। यदि समूहको सदस्यले असल काम गरेमा समाज समूहको कार्यप्रति सकारात्मक भावनाको विकास भएको हुन्छ भने समूहको एउटा सदस्यले वा कुनै समूहले खराब काम गरे समूहप्रति नकारात्मक भावनाको विकास भएको हुन्छ। समूहको सदस्य समुदायप्रति सदा उत्तरदायी रहनुपर्छ।

कुनै मानिसले आफ्नो भौतिक, सामाजिक र राजनैतिक स्वार्थ पूरा गर्नका लागि समूहको सदस्यता दिएको हुन्छ। समूह कार्यले समुदायलाई जति वढी प्रभावित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

पार्न सकेका हुन्छन् । त्यसमा सहभागीहरू पनि बढ्दै जान्छन् र समूहले विश्वास पनि प्राप्त गर्न सक्दछ । व्यक्तिले भौतिक, सामाजिक र राजनैतिक स्वार्थ पूरा गर्नका लागि पनि समूहको सदस्यता लिएको हुन्छ । समूह कार्यबाट समुदायलाई जति बढी प्रभावित पार्न सकेको हुन्छ । सहभागीहरू पनि बढ्दै जान्छन् र समुदायले विश्वास पनि प्राप्त गर्न सक्छ । समूहको सामाजिक आर्थिकस्तर बढ्दै जान्छ । समूहलाई दुई भागमा विभाजन गर्न सकिन्छ ।

अ) स्वयंसेवक समूह (Voluntary Group):- सामाजिक समूह, कलेजका विद्यार्थी र स्कुलका विद्यार्थीको उमेर समूह, खेल समूह आदि पर्दछन् । यस समूह अन्तर्गतका कुनै पनि सदस्यले निःशुल्क सेवा गरेका हुन्छन् । कुनै कसैका दवाबमा सदस्य बन्ने काम हुँदैन आफुखुसी समूहको सदस्य भएर समाज सेवा गर्ने प्रण गरेको व्यक्ति उक्त समूहको सदस्य बन्न सक्दछ । जस्तै- संगठन,क्लव, संघ, संस्था, आदिलाई स्वयंसेवक समूह (Voluntary group) मा राखिन्छ ।

आ) Non voluntary group:- यस समूहअन्तर्गत कुनै पनि व्यक्ति समूहको सदस्य हुनको लागि केही सर्तहरू रहेका हुन्छन् । जसले उक्त समूहमा काम गरेको अवस्थामा निश्चित सुबीधाहरू तोकिएको हुन्छ । त्यसको लागि छुट्टै समूहको ढाँचा तयार गरिएको हुन्छ । विभिन्न संघ संस्थामा काम गर्ने तलबी कर्मचारी यसअन्तर्गत पर्दछन् ।

कुनै पनि काम गर्नुपर्दा पहिले एउटै विचार भएका व्यक्तिहरूलाई एकत्रित गरी समूह गठन गर्नुपर्दछ । यसरी समूह वा संगठनमा उनीहरूको समूह वा संगठनले फाइदा वा हितको लागि काम गरेका हुन्छन् । यसमा शिक्षक विद्यार्थी बीच पनि राम्रो सम्बन्ध भएको हुनुपर्दछ । जसले गर्दा शिक्षकको निर्देशनमा समूहको गठन र कार्य हुन सक्दछ । विद्यार्थी-विद्यार्थीबीच र शिक्षक विद्यार्थीबीच पनि बारम्बार छलफल गर्ने निर्णयमा पुग्ने गर्नुपर्दछ । त्यसको फलस्वरुप विद्यार्थीहरूमा आत्मनिर्भरता बढ्छ र आफूमा भएको कमजोरीपन हटेर जान्छ । अन्तिममा व्यक्ति स्वयं नियन्त्रित हुन पुग्दछ ।

समूह कार्यमा नेता र सदस्यहरू रहेका हुन्छनन् । समूहलाई सफल बनाउनको लागि समूह नेता र सदस्यको गहन भूमिका रहेको हुन्छ । समूहलाई सफल बनाउनको लागि नेता र सदस्यले गर्नुपर्ने काम यस प्रकार छन् ।

नेताका कार्यहरू (Functions of leader)

१) आफ्नो समूहमा रहेका सदस्यलाई समूहले गरेको निर्णयको जानकारी दिने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

२) समूहमा सञ्चालन गर्नुपर्ने कार्यमा ध्यान दिनुपर्ने ।
३) समूह कार्यको आयोजनाको बारेमा चिन्तनमनन गर्ने ।
४) समूहले छनोट गरेका योजनाहरूको बारेमा सदस्यलाई जानकारी गराउने ।
५) सदस्यको समूहमा हुनुपर्ने भूमिका उल्लेख गर्ने ।
६) सदस्यहरूलाई कार्यको जिम्मा लगाउने ।
७) वैठकमा भएका गरेका निर्णयलाई सदस्य समक्ष जानकारी गराउने र कार्यान्वयन गर्ने ।
८) सदस्यहरूमा भएको सीप र दक्षतालाई बुझ्ेर सोहीअनुसार कामको जिम्मा दिने ।
९) कार्य विभाजन समान रूपले गर्ने ।
१०) समूहका सदस्यहरूलाई भएका र हुन बाँकी कामको जानकारी दिने ।
११) समूहका सम्पूर्ण सदस्यहरूवीच आपसी सद्भाव सहयोगको भावनाको विकास गराई मेलमिलाप कायम गर्ने ।

समूहको नेताले जस्तै सदस्यले गर्नुपर्ने कार्यहरूलाई यहाँ यसरी प्रस्तुत गरिएको छ ।

सद्स्यले समूहमा गर्नुपर्ने कार्यहरु

१. समूहको वीच विचार आदान-प्रदान गर्ने ।
२. नयाँ कार्ययोजना प्रस्तुत गर्ने र कार्यको लागि सहभागी बन्ने ।
३. समूहले गरेको काममा चित्त नबुझे रायसहित आफ्नो विचार व्यक्त गर्ने ।
४. समूहमा सामूहिक विचारलाई घात हुने काम नगर्ने ।
५. समूहवाट निर्णय भएका कार्यको कार्यान्वयनका पक्षमा एकजुट हुने ।
६. आफ्नो विचार सर्वमान्य नभएमा केही सुधार गरी अनुकूलतामा ल्याउने ।
७. अन्तिममा आफ्ना जिम्मामा भए गरेका कार्यमा स्पष्ट हुने ।
८. छलफलमा मीठो भाषा, सरल र असल आचरणमा प्रस्तुत गर्ने ।
९. आफूले गरेका कार्यको मूल्याङ्कन गर्ने ।
१०. सदस्यले एक अर्काको रुचिलाई बुझेर काम गर्ने ।
११. आफूले गर्ने कार्यको सहमति र असहमति व्यक्त गर्ने ।
१२. समूहका सुविधाहरू सवै सदस्य वा पदाधिकारीले उपयोग गर्ने ।
१३. समूहका सवै सदस्य र पदाधिकारीहरूमा सहयोगको भावना हुनुपर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

नेतामा हुनुपर्ने गुणहरू

१. नेताको व्यवहार उच्च श्रेणी र स्पष्ट हुनुपर्छ।
२. नेताको चरित्र असल हुनुपर्छ।
३. समाजमा सामाजिक स्तर उच्च भएको र क्षमतावान् हुनुपर्दछ।
४. नेतामा व्यक्तिगत व्यक्तित्व, क्षमतावान्, परिपक्व, सम्बन्ध राम्रो राख्नसक्ने, छिटो निर्णय लिनसक्ने, वुद्धिमान्, विवेकी, सामाजिक सचेतता भएको हुनुपर्दछ।
५. नेताले समस्यालाई राम्रो बुझ्न सक्ने हुनुपर्दछ।
६. नेतृत्व लिनको लागि उच्च शिक्षा हासिल गरेको र सामाजिक आर्थिक स्तर राम्रो भएको हुनुपर्दछ।
७. नेतृत्व लिने व्यक्तिलाई संस्थाको राम्रो ज्ञान भएको हुनुपर्दछ।
८. नेतृत्व लिने व्यक्ति समाजको प्रिय पात्र हुनुपर्छ।
९. समाजमा सहभागी, जाँगरिलो, जोशिलो र शारीरिक बनावट पनि, आकर्षक हुनुपर्छ।
१०. समूहका मानिसहरूलाई सीमाभित्र रहनको लागि निर्देशन दिन सक्ने हुनुपर्छ।
११. नेताले आर्जन गर्नुपर्ने गुणहरू - मीठो बोली, असल आचरण, सहयोगी भावना मिलनसारिता जस्ता गुण आर्जन गर्न सक्नुपर्छ।
१२. नेताले समूहको लक्ष्यलाई लिएर अघि बढ्न सक्नुपर्छ।
१३. समूहलाई रचनात्मक कार्यमा सरिक गराउनुपर्छ।
१४. समूहका सदस्यलाई सबै कार्यक्षेत्रमा सहभागी बनाउन प्रयास गर्नुपर्छ।

क. छलफल सीप (Discussion skill)

समस्यालाई समूहमा राखेर समूहबीच विभिन्न विचार विमर्श गरी निष्कर्षको निचोडमा पुग्नको लागि गरिने छलफल नै छलफल सीप हो। समस्या समाधानको अन्तिम निचोडमा पुग्नको लागि सामाजिक अध्ययन शिक्षणमा यो विधि अपनाइन्छ। एकको विचारभन्दा धेरैको विचारलाई समेटेर निर्णयमा पुग्दा उपयुक्त हुन्छ। भनिएको छ "Many heads are greater than one" एउटाको भन्दा धेरैको विचार नै सर्वमान्य हुन्छ। विद्यार्थीहरूलाई सामाजिक सीपको विकास गराउन छलफल सीपमा निपूर्ण गराउनुपर्छ। त्यसले विद्यार्थीहरूमा आपसी सद्भाव समझदारी र आत्मसम्मानजस्ता विषयको विकास हुन्छ । यो सीपको विकास गराउन विद्यार्थीहरूलाई समूहमा निम्नलिखित विषयमा अभ्यास गर्ने मौका दिनुपर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

१. छलफलको लागि छनोट गरिएको विषयमा व्यापक तयारी गर्ने।
२. सत्य, तथ्य कुरामा बढी जोड दिने।
३. क्रमशः बोल्ने बानीको विकास गर्ने।
४. बोल्दा तर्क दिएर बोल्ने र आवेशमा नआउने।
५. अरूको कुरालाई ध्यान दिएर सुन्ने।
६. व्यक्तिगत लाञ्छना कसैलाई पनि नलगाउने।
७. आफ्नो पालोमा क्रम मिलाएर बुँदागत रूपमा बोल्ने।
८. सकेसम्म सरल र मीठो भाषाको प्रयोग गर्ने।
९. आफूले बोलेको कुरा अरूले नस्वीकारे पनि चित्त नदुखाउने।
१०. बोल्दा समयलाई ध्यान दिएर बोल्ने।
११. विषयवस्तुभित्र रहेर बोल्ने।
१२. अरूले बोलेका कुरालाई नोट गर्ने।
१३. छलफलबाट निष्कर्षमा पुग्ने।
१४. निष्कर्षलाई कार्यान्वयनतर्फ लैजाने।

छलफल सीपलाई तीन चरणमा तयार गर्न सकिन्छः-
अ) तयारी (Preparation)
आ) छलफल (Discussion) र
इ) मूल्याङ्कन (Evaluation)

माथि उल्लेखित सीपहरूको विकास गराउन सामाजिक अध्ययन शिक्षणबाट मात्र सम्भव भएकोले यो शिक्षण गर्दा शिक्षकले वढी ध्यान दिनुपर्ने हुन्छ। जसले गर्दा विद्यार्थीले आवश्यक सीप हासिल गर्न सकून्। सामाजिक अध्ययन शिक्षा शिक्षणले आजका विद्यार्थीहरू भोलिका असल नागरिक बन्ने र समाजमा सजिलै समायोजन हुनुको साथै समाजलाई समय सापेक्ष नयाँ मोड दिन र नेतृत्व गर्न सक्ने सबल नागरिक तयार हुन्छन्। आजका बालक भोलिका असल राष्ट्रसेवक हुन सक्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

एकाइ सात

७. सामाजिक अध्ययन शिक्षण विधि र प्रविधिहरू
(TEACHING METHOD AND TECHNIQUES IN SOCIAL STUDIES)

७.१ परिचय (Introduction) :-

आधुनिक शिक्षण विधि अठारौं शताब्दीबाट सुरु भएको हो। Rousseau ले अठारौं शताब्दीको उत्तरार्द्धमा Learing by doing को सिद्धान्त प्रतिपादन गरेका थिए। यसमा विभिन्न शिक्षाविद्हरूले भनेका छन्:- "शिक्षण कार्य प्रभावकारी बनाउन शिक्षकले उपयुक्त शिक्षण विधिको छनोट गर्न सक्नुपर्दछ।" उपयुक्त शिक्षण विधिको छनोट हुन नसके शिक्षण कार्य प्रभावकारी हुन सक्दैन। शिक्षकले उपयुक्त विधिको साथै आवश्यक शैक्षिक सामग्रीको पनि छनोट गर्नु पर्दछ। तबमात्र शिक्षण सिकाइलाई प्रभावकारी बनाउन सकिन्छ। प्रभावकारी शिक्षण सिकाइमा शिक्षकको गहन भूमिका रहेको हुन्छ।

शिक्षण विधि आवश्यकताअनुसार परिवर्तन गर्न सकिन्छ। सबै तह र सबै पाठ शीर्षकमा एउटै शिक्षण विधिको प्रयोग गर्नुहुँदैन। एउटै पाठ शीर्षकमा पनि पाठको स्वभावअनुसार क्रम मिलाएर विभिन्न विधिको प्रयोग गर्न सकिन्छ। शिक्षण विधि अपनाउँदा पाठशीर्षक, विद्यार्थीसंख्या, विद्यार्थीको स्तर, रुचि क्षमता, आवश्यकता र कक्षाकोठाको वातावरणलाई ध्यान दिनुपर्दछ। यसरी उपयुक्त शिक्षणविधि अपनाउनुको प्रमुख उद्देश्य शिक्षणका लागि छनोट गरिएका शैक्षणिक उद्देश्यहरू सिकारुले सजिलैसँग प्राप्त गर्न सकून् भन्ने धारणा रहेको हुन्छ। यो एउटा असल शिक्षकको कार्य विधिभित्र पर्न आउँछ।

बेलायत र अमेरिकाजस्ता पश्चिमी मुलुकहरूमा सिकारुको व्यक्तिगत र सामूहिक क्रियाकलापमा बढी जोड दिएको पाइन्छ। यसले सिकारुमा सिकाइको प्रत्यक्ष प्रभाव पारेको हुन्छ। फलस्वरूप शिक्षण सिकाइपश्चात् बालकको व्यवहारमा अपेक्षित परिवर्तन आएको पाइन्छ। शिक्षण विधि अपनाउँदा प्रयोगात्मक र परियोजनाजस्ता विधिलाई प्रयोगमा ल्याइन्छ। सामाजिक शिक्षा शिक्षण गर्दा यही विधि यो पाठ शीर्षकका लागि उपयोगी छ भन्न सकिँदैन। किनकि कुनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

एउटै पाठ शिक्षण गर्दा पनि विभिन्न विधिको उपयोग गर्न सकिन्छ भने फरक शीर्षक शिक्षण गर्दा अवश्य पनि शिक्षण विधिमा फरक आउन सक्दछ । असल शिक्षण विधिका लक्षणहरू यस प्रकारका छन् ।

अ) सुरुचिपूर्ण हुनुपर्दछ ।
आ) अपेक्षित ज्ञान, सीप र धारणाको विकास हुनुपर्दछ ।
इ) वास्तविक स्थितिअनुसारको सिकाइ हुनुपर्दछ ।
ई) सिकाइमा सिकारुको इच्छा र चाख पैदा भएको हुनुपर्छ ।
उ) विद्यार्थीलाई बाटो देखाउने किसिमको हुनुपर्दछ ।
ऊ) सिकाइ अनुसन्धानमूलक हुनुपर्दछ ।
ए) सिकाइ अनुकरणीय हुनुपर्दछ ।
ऐ) सिकाइमा स्थायित्व आएको हुनुपर्छ ।
ओ) सिकाइपश्चात् विद्यार्थीको व्यवहारमा परिवर्तन आएको हुनुपर्छ ।

शिक्षण गर्दा शिक्षकले पाठ्यवस्तु, विद्यार्थीको तह, क्षमता, रुचि, आदिलाई ध्यानमा राखी शिक्षण विधिको छनोट गर्नुपर्दछ । जसले गर्दा पाठ्यपुस्तकबाट शिक्षणका लागि छनोट गरिएका उद्देश्यहरू सिकारुले सजिलैसँग प्राप्त गर्न सकेको हुन्छ । सामाजिक अध्ययन शिक्षण गर्दा उपयोगमा ल्याउन सकिने विधिहरू यसप्रकार छन् :-

१ पाठ्यपुस्तक विधि (Text book method)
२ 'व्याख्यान विधि (Lecture method)
३ छलफल विधि (Discusson method)
४ खोज विधि (Inquiry method)
५ प्रयोगशाला विधि (Laboratory method)
६ समस्या समाधान विधि (Problem solving method)
७ एकाइ विधि (Unit method)
८ योजना विधि (Project method)

उल्लेखित विधिहरूमध्ये केही महत्त्वपूर्ण विधिको यहाँ व्याख्या गरिएको छ । यहाँ सवै विधिको व्याख्या गरिएको छैन ।

७.२ व्याख्यान विधि (Lecture Method)

शिक्षण विधिमा पुरानो र प्रचलित विधिका रूपमा व्याख्यान विधिलाई लिन सकिन्छ । वर्तमान अवस्थामा शिंक्षा मनोविज्ञानको विकासले यो विधिको महत्त्व कम हुँदै गएको छ । यो विधि शिक्षकमा केन्द्रित विधि भएकाले विद्यार्थीहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

कक्षामा निष्क्रिय रहेका हुन्छन् । सिकारुलाई केवल श्रोताको रूपमा लिइन्छ । विद्यार्थीहरूको सहभागिता राम्रो हुँदैन केवल शिक्षकको व्याख्यान सुनिरहने हुनाले निष्क्रिय भएको अनुभव हुन्छ । यसमा विद्यार्थीको अनुभवको कुनै कदर हुँदैन । विद्यार्थीहरूलाई सक्रिय गराउन, कक्षा शिक्षणको बीच-बीचमा रोचक तुल्याउन, आकर्षक शैक्षिक सामग्रीको प्रयोग हुनुपर्दछ ।

व्याख्यान विधिको प्रयोग निम्नलिखित उद्देश्य पूरा गर्नका लागि गरिन्छ ।

१ **पाठ्यवस्तुप्रति उत्प्रेरित गर्न** :- शिक्षण गर्न लागिएको पाठ्यवस्तुप्रति सिकारु/विद्यार्थीमा उत्प्रेरणा जगाउनका लागि यो विधिको प्रयोग गरिन्छ । कुनै नयाँ पाठ सुरु गर्नुअगावै उक्त पाठको भूमिकाका बारेमा केही व्याख्या गरिन्छ ।

२ **पाठ्यवस्तुलाई स्पष्ट पार्न** :- शिक्षकले कुनै शीर्षकअन्तर्गतका सम्पूर्ण परिच्छेदलाई सरल भाषामा स्पष्ट पार्नका लागि यो विधिको उपयोग गरिन्छ ।

३ **पाठ्यवस्तुलाई पुनरावलोकन गर्न** :- शिक्षण कार्यपछि कुनै पाठ्यवस्तुको सम्पूर्ण सारसंक्षेपलाई सरल भाषामा उल्लेख गरिन्छ । जसले गर्दा उक्त पाठ्यवस्तुको भाव स्पष्ट हुन सक्दछ ।

४ **पाठ्यवस्तुलाई विस्तार गर्न** :- कठिन पाठ्यवस्तुलाई सरल भाषामा विस्तृत रूपमा व्याख्या गरिन्छ । जसले गर्दा कठिन विषयलाई पनि सिकारुले सहज रूपमा ग्रहण गर्न सक्दछन् ।

५ **विद्यार्थी संख्या धेरै भएको कक्षामा शिक्षण गर्दा** :- कक्षामा विद्यार्थी संख्या बढी भएको अवस्थामा व्याख्यान विधि प्रयोग गर्नुपर्ने हुन्छ । जसले गर्दा सिकाइमा सबै विद्यार्थीहरूले समान अवसर पाउन सक्दछन् ।

६ **थोरै समयमा धेरै विषयवस्तु शिक्षण गर्नुपर्दा** :- समयको अभावमा बढी विषयवस्तु शिक्षण गर्नु पर्दा यो विधि उपयोगी हुन आउँछ ।

७ **पाठ्यविषयलाई संक्षेपीकरण गर्नुपर्दा** :- विषयवस्तु धेरै छ र समयको अभाव छ भने त्यस्तो अवस्थामा विषयलाई सारांशका रूपमा प्रस्तुत गर्न यो विधिको प्रयोग गरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

७.२.१ न्याख्यान विधिका गुण र दोषहरू (Merits and Demerits of lecture Method)

क) व्याख्यान विधिका गुणहरू (Merits of lecture Methods) :-

१. व्याख्यान विधिले शिक्षण गर्दा समयको बचत हुन्छ ।
२. पाठलाई समयमा सक्न मदत गर्दछ ।
३. आर्थिक हिसाबले फाइदा छ ।
४. यस किसिमको शिक्षण विधिमा कुनै ल्याब र उपकरणको आवश्यकता पर्दैन ।
५. एउटै कक्षाकोठामा धेरै विद्यार्थीलाई कोचेर शिक्षण गर्न सकिन्छ ।
६. विद्यार्थीलाई असल वक्ता बन्ने प्रेरणा प्राप्त हुन्छ ।
७. तथ्यपूर्ण जानकारी उपलब्ध हुन्छ ।
८. यसले विद्यार्थीमा सुन्न सक्ने धैर्यता प्रदान गर्दछ ।
९. विद्यार्थीले कक्षामा सुनेर लेख्नुपर्ने भएकाले सुन्ने र लेख्ने दुवै सीपको सँगसँगै विकास हुन्छ ।
१०. सुनेको कुरालाई मनन गर्ने र आवश्यक पर्दा व्यक्त गर्न सक्ने क्षमता प्रदान गर्दछ ।
११. विषयलाई क्रम मिलाएर व्यक्त गर्ने सीपको विकास हुन्छ ।
१२. समसामयिक घटनालाई अध्ययन मनन र संगठित गरी व्यक्त गर्ने सीपको विकास हुन्छ ।
१३. निर्णयको महत्त्वपूर्ण धारणालाई सविस्तार व्यक्त गर्न सक्ने तुल्याउँछ ।
१४. विद्यार्थीहरूमा टिपोट गर्ने, सामग्री संकलन गर्ने, विषय संगठन गर्ने र अध्ययन सामग्री तयार गर्ने सीपको विकास हुन्छ ।
१५. यसले सिकारुलाई मनोगत र भावात्मकरूपमा बग्नसक्ने सीपको विकास गराउँछ ।

ख) व्याख्यान विधिका दोषहरू (Demerits of the lecture method)

व्याख्यान विधिका दोषहरू यस प्रकार छन् :-

१. यो शिक्षक केन्द्रित विधि हो ।
२. यसमा विद्यार्थी निष्क्रिय रहन्छन् ।
३. यो (learning by doing) गर र सिक सिद्धान्तको विरुद्धमा छ ।
४. यसले विद्यार्थीको व्यक्तिगत रुचि र क्षमताको ख्याल गर्दैन ।
५. यसले विद्यार्थीमा मृत एकाग्रताको विकास गराउँदछ ।
६. विद्यार्थीको क्रियाकलाप नाम मात्रको हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

७. व्याख्या गर्दा कहिलेकाहिँ अनावश्यक विषयमा पनि प्रवेश गर्दछन् ।
८. गरेर सिक्ने सिद्धान्तमा/प्रयोगात्मक कक्षामा यो विधि काम लाग्दैन ।
९. सिकारुको समस्या शिक्षकले बुझ्ने र त्यसको निराकरण गर्ने अवसर प्राप्त हुँदैन ।
१०. यस विधिवाट शिक्षण सिकाइमा स्थायित्व आउन कठिन पर्दछ ।
११. व्याख्या गर्दा कतिपय विषयको मूल रूप नै छुट्न जान्छ ।
१२. विद्यार्थीसंख्याको कुनै सीमा निर्धारण गरिएको हुँदैन ।
१३. यसले शिक्षण सिकाइलाई प्रभावकारी वनाउन सक्दैन ।
१४. विद्यार्थीमा हासिल भएको सिकाइको मूल्याङ्कन गर्ने अवसर कम हुन्छ ।
१५. विद्यार्थीमा गरेर सिक्ने वानीको विकास हुँदैन ।

यो विधि प्राचीन विधि हो, तरपनि वर्तमानमा यसको त्यत्तिकै महत्त्व रहेको छ । यो विधिमा भएका खरावी पक्षलाई हटाएर असल पक्षलाई अँगाल्दै पाठ्यवस्तु, विद्यार्थीसंख्या, कक्षाकोठाको वातावरण र शैक्षिक सामग्रीको प्रयोग आदिलाई ध्यानमा राखी बढी भन्दा बढी विद्यार्थीबीच छलफल विधि अपनाई शिक्षण गर्ने परम्परा भएकाले यही विधि अपनाउने गरिन्छ । आज पनि विद्यालय र विश्वविद्यालयमा यही विधिको प्रयोग बढी हुने भएकाले यसको महत्त्व रहेको छ ।

७.३ छलफल विधि (Discussion Method)

सामाजिक अध्ययन शिक्षण गर्दा प्रयोग गरिने सर्वाधिक महत्त्वपूर्ण शिक्षण विधिमध्ये छलफल विधि एक हो । सिकाइमा विद्यार्थीहरूलाई सक्रिय गराउन विशेष गरी यो विधिको प्रयोग गरिन्छ । सिकाइलाई स्थायित्व दिनका लागि विद्यार्थीलाई सक्रियगराउनु पर्छ । शिक्षण सिकाइमा विद्यार्थीहरूलाई सक्रिय सहभागी गराउन छलफल विधि नै उपयोगी देखिन्छ । यो विधिमा शिक्षक वा कुनै एक विद्यार्थीले समूहमा नेताको भूमिका निभाएको हुन्छ । विषय शीर्षकको छनोट भएपछि विद्यार्थी र शिक्षक एउटै समूहमा बसेर एक आपसमा स्वतन्त्र, स्वच्छ र खुल्ला वातावरणमा विचार विमर्श गर्दछन् । सैस्ल र फिलरका अनुसार-"छलफल दुई वा दुईभन्दा बढी मानिसद्वारा गरिएको विचार विमर्श र चिन्तन हो ।" जसलाई कुनै समस्याको जानकारी प्राप्त गर्नका लागि गरिने प्रयासमा सहयोगीको रूपमा विचार एवं सूचनाको जानकारी आदान-प्रदान गरिन्छ ।

सामाजिक अध्ययन शिक्षणमा यो विधि अत्यन्त प्रभावकारी मानिन्छ । यो विधिले विद्यार्थीहरूमा सामूहिक परिस्थितिमा पारस्परिक कार्यकलापबाट प्रशिक्षण प्रदान गर्दछन् । अरूको कुरा ध्यान दिएर सुन्ने, विश्लेषण गर्ने, आफ्नो कुरालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

प्रभावकारी तरिकाबाट व्यक्त गर्ने, पालो पर्खने, सामूहिक राय र विचारको आदर गर्ने, सामूहिक निष्कर्षमा पुग्नेजस्ता दक्षता र बानीको विकास गर्ने अवसर यसबाट मिल्दछ। सामाजिक अध्ययन शिक्षाले जागरुक प्रभावकारी नागरिक तयार गर्ने लक्ष्य राखेको छ। उक्त लक्ष्यलाई पूरा गर्ने प्रयास यस विधिले गर्दछ। यस विधिले विद्यार्थीमा भएको विद्यमान असमानताको भावना र त्रास, संकोच, लज्जा जस्ता कुराहरू हटेर जाने र एक असल स्रोता र सहभागीमा हुनुपर्ने गुणको विकास हुन्छ। छलफल विधिअन्तर्गत रहेका उद्देश्यहरू यसप्रकार छन्:

१. यस विधिमा विद्यार्थी स्वयं आफैँले गरेर सिक्ने अवसर पाउँछन्।
२. विद्यार्थीमा मिलेर काम गर्ने बानीको विकास हुन्छ।
३. मित्रता र सहयोगात्मक भावनाको विकास हुन्छ।
४. शिक्षक र विद्यार्थीबीच भएको असमानता र संकुचित भावनाको दूरी कम हुन्छ।
५. विद्यार्थीमा दायित्वबोधको विकास हुन्छ।
६. कमजोर तथा लज्जालु विद्यार्थीलाई मनोवैज्ञानिक रूपमा आत्मनिर्भर हुने प्रेरणा मिल्दछ।
७. विद्यार्थीहरूमा उत्तरदायी तरिकाले विचार गर्ने, सोच गर्ने, सहभागी हुने प्रतिवेदन तयार गर्ने क्षमताको विकास हुन्छ।
८. विद्यार्थीले भविष्यमा आइपर्ने राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक समस्यासँग जुध्न सक्ने क्षमताको विकास गर्दछन्।
९. विद्यार्थी स्वयं आफैं र एक अर्कालाई बुझ्न सक्षम हुन्छन्।

७.३.१ छलफल विधिका किसिमहरू (Types of Discussion Method)-

१. गोल वैठक छलफल (Round Table discussion)
२. प्यानेल छलफल (Panel Discussion)
३. मस्तिष्क झञ्जा (Brain storming)
४. गुञ्ज सेसन (Buzz session)
५. वादविवाद (Debate)
६. संगोष्ठी (symposium)

१. गोल वैठक छलफल (Round table Discussion):- यस विधिमा कम्तीमा तीन जना र बढीमा आठ जनासम्म एउटा टेवलमा रहेर छलफल गरिन्छ। छलफलमा भाग लिने सम्पूर्ण सदस्यहरूले छलफल गर्ने विषय शीर्षकमा व्यापक अध्ययन गरी त्यससम्वन्धी सूचनाहरू संकलन गनुपर्दछ। शिक्षक केवल निर्देशकका रूपमा रहेका हुन्छन्। समूहनेताले निर्देशन दिन सक्दछन् तर दवाब दिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

सक्दैनन् । यस किसिमको छलफलको अन्तिममा आएको निष्कर्ष नै त्यसको अन्तिम नतिजा हुन आउँदछ । उक्त निष्कर्ष नै समूहका सम्पूर्ण सदस्यको सर्वमान्य हुन जान्छ ।

२. **प्यानेल छलफल (Panel Discussion)** :- यस किसिमका छलफल विधिहरू कक्षामा भएका सम्पूर्ण विद्यार्थीलाई विभिन्न सानो-सानो समूहमा विभाजन गरी सहभागी गराउन सकिन्छ । यदि कक्षामा भएका विद्यार्थी थोरै भए थोरै समूह र धेरै भए धेरै समूहमा वर्गीकरण गर्न सकिन्छ । प्रत्येक समूहमा एउटा टोली नेताको छनोट गरिन्छ । प्रत्येक समूहलाई फरक स्थानमा अर्धचन्द्राकार बनाएर राखिन्छ । समूहलाई विषयबाट छनोट गरी कुनै एउटै शीर्षक सबैलाई दिन पनि सकिन्छ र फरक शीर्षक पनि दिन सकिन्छ । छलफलमा समूहका सदस्यले आफ्नो नेतालाई लिखित वा मौखिक सल्लाह दिन्छन् । प्रत्येक समूह सदस्यले छलफलपछि आएको निष्कर्षलाई सबैको सामु प्रस्तुत गर्दछ । यसमा सुरुबाट अन्तिम प्रतिवेदन तयार गर्दासम्म सबै विद्यार्थीको सहभागिता भएको हुन्छ । छलफल र प्रतिवेदन तयार गर्दासम्म पनि आउने समस्यालाई शिक्षकबाट सहयोग भएको हुन्छ । यसरी सामाजिक शिक्षा शिक्षण गर्दा प्यानेल छलफलले ठूलो सहयोग पुऱ्याएको हुन्छ । शिक्षण सिकाइको क्रममा यो विधि प्रयोग गरिन्छ ।

३. **मस्तिष्क झञ्जा (Brain storming)** :- सिर्जनात्मक शक्तिवृद्धिका लागि यो विधि अपनाइन्छ । यो वास्तवमा समूहका सबै मिलेर गरिने छलफल हो । यसमा बोल्नका लागि छोटो समय दिइन्छ । दिइएको वा तोकिएको समयमा जसले छिटो-छिटो सही उत्तर दिन्छ त्यसलाई राम्रो मानिन्छ । कुनै पनि समस्या छिटो समाधान गर्नुपर्दा Brain storming method अपनाउनुपर्छ । यसमा एउटाको सोचाइभन्दा धेरैको सोचाइ राम्रो हुन्छ । तसर्थ भनिएको छ- "Many heads are better than one" यस विधिबाट उद्देश्य पूरा गर्न धेरै विद्यार्थीहरूको विचार बटुलेर उत्तम निष्कर्ष निकाल्न सकिन्छ । यो विधिमा कुनै पनि समस्याको आलोचना र मूल्याङ्कन गर्न निषेध गरिएको हुन्छ ।

यस विधिको मूल तात्पर्य दिमागमा भएका विचारहरू समस्यासँग जुध्न वा समस्याको समाधान गर्न सदा तत्पर रहेका हुन्छन् । त्यसलाई सजिलैसँग प्रयोग गर्न सक्नु र दिमागबाट क्रमशः आइरहनु यसका प्रमुख विशेषता हुन् ।

४. **गुञ्ज सेसन (Buzz session)**:- यो विधि अपनाउँदा विद्यार्थीहरूलाई साना -साना समूहमा विभाजन गरिन्छ र समय पनि थोरै दिइन्छ । समूहमा विभाजन गरेका विद्यार्थीहरूलाई एउटै समस्या दिइन्छ । समस्या छिटो समाधान होस्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

भन्नाका लागि चलाख-कमजोर विद्यार्थीलाई सबै समूहमा मिलाएर राखिन्छ एउटा समूहमा चलाख र एउटा समूहमा कमजोर विद्यार्थी हुनेगरी समूह विभाजन गरिँदैन । एउटा समूहका विद्यार्थीको सबैको टाउको एकै ठाउँमा बनाई कुरा गर्न लगाइन्छ । एउटा समूहका विद्यार्थीले गरेका कुरा अर्को समूहका विद्यार्थीले सुन्न नसकून् भनेर सुस्त कुरा गर्न लगाइन्छ । समय छोटो भएको हुँदा समूहको नेताले लिखितरूपमा समस्याको समाधान गरी त्यसको सार समूहनेताले प्रस्तुत गर्नुपर्दछ ।

५. **वादविवाद (Debate):-** विद्यार्थीहरूलाई कुनै शीर्षक दिएर त्यसको पक्ष र विपक्षमा वकालत गर्न लगाइन्छ । यसमा आफ्नो समूहलाई विजयी बनाउन दिएको शीर्षकलाई विभिन्न उदाहरण र तथ्यहरू दिएर पुष्टि गर्न दुवै समूह सक्रिय रहन्छन् । यस कार्यक्रमलाई शिक्षकले विद्यार्थीहरूलाई कक्षाकोठामा राखेर आफैंले संरक्षण र मूल्याङ्कन गरिदिँदा राम्रो हुन्छ । अन्तिममा शिक्षकले दुवै समूहका छुटेका बुँदालाई उल्लेख गरी त्यसको नतिजा प्रकाशन गरिदिन्छन् । यो कार्यक्रम विशेष गरी विद्यालयका विद्यार्थीहरूलाई प्रयोग गरिन्छ ।

६. **संगोष्ठी (Symposium):-** सानो समूहमा कुनै विषयलाई लिएर छलफल गरी त्यसको निचोड पत्ता लगाउनका लागि तर्जुमा गरिएको कार्यक्रमलाई संगोष्ठी भनिन्छ । यसमा विशेष गरी बौद्धिक समूहको सहभागिता हुन्छ । वक्ताले विषयवस्तुलाई व्यापक अध्ययन गरी परिपक्व बनाएर आउनुपर्छ । वक्ता सहनशील र प्रश्नको ठीक उत्तर दिनसक्ने हुनुपर्छ ।

छलफल विधिले प्रतियोगीबीचमा झगडा हुन सक्दछ । यसमा शिक्षकको ठूलो भूमिका रहेको हुन्छ । छलफल गर्दा विषयवस्तु बाहिर जान दिनुहुँदैन । विषयभित्र रहेर छलफल गर्दा समूहबीचमा द्वन्द्व आउन नदिन समूहलाई शिक्षकले निर्देशन गरेको हुनुपर्दछ ।

७.४ खोज विधि (Inquiry Method)

शिक्षण सिकाइ कार्यकलापमा खोज विधि एउटा नवीन विधि हो । जसले अपेक्षित उद्देश्य सजिलैसँग हासिल गर्न सहयोग गर्दछ । यस विधिको मूल धारणा अनुसन्धानकर्ताको दिमागमा सदा स्वयं सक्रिय भएर एक निश्चित वैज्ञानिक बाटोबाट खोजीमा लागिरहन्छ । सामाजिक अध्ययनमा तयारी ज्ञान पनि विशाल छ, कुन आवश्यक र कुन अनावश्यक छुट्याउन कठिन पर्दछ । आजको अनुपयोगी भोलिको उपयोगी हुनसक्छ । विद्यार्थीलाई विषयवस्तुमा बढी ध्यान राखी खोज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

गर्न लगाइन्छ । यस किसिमको कार्यले व्यक्तिको विकास गर्नमा बढी मद्दत दिएको पाइन्छ । एउटा चिनियाँ उक्ति छ "कसैलाई एउटा माछा दिनुभन्दा माछा मार्ने तरिका सिकाइदिनु बेस हुन्छ" सीप सधैंका लागि उपयोगी हुन्छ । माछा मार्न जानेपछि खान इच्छा जागेको समयमा आफैं माछा मार्न सक्षम होस् । यसरी सीप हासिल भएपछि उक्त सीप आफ्नो आवश्यकतामा प्रयोग गर्न सक्दछ ।

सामाजिक अध्ययनले विषयमा भन्दा प्रक्रियामा बढी जोड दिन थालेको छ । के सिक्ने होइन ? कसरी सिक्ने हो ? सिकेका कुरालाई व्यवहारमा कसरी उतार्ने जस्ता कुरामा जोड दिएको छ । खोज विधि अन्य विधिभन्दा धेरै फरक भएकाले सबै क्षेत्रमा सजिलै उपयोग गर्न सकिँदैन । गहन अध्ययन गर्दा यसको कार्य प्रणाली ज्यादै सरल छ । खोज विधि भनेको कुनै परिकल्पित ज्ञान स्वरूपमाथि सक्रिय र सावधानीपूर्वक गरिने विचार हो । परिकल्पना वा स्वीकारिएको विषयवस्तुलाई विभिन्न तर्क दिएर पुष्टि गर्ने प्रणालीलाई खोज विधि भनिन्छ ।

७.४.१ उद्देश्य (Purpose)

खोज विधिका उद्देश्यहरू निम्नअनुसार रहेका छन् :

१. विद्यार्थीमा खोजी गर्ने बानीको विकास गर्ने ।
२. विषयवस्तुलाई गहिरिएर अध्ययन गर्ने बानी बसाल्ने ।
३. चरणबद्ध अध्ययन गर्ने ।
४. आवश्यक र अनावश्यक वस्तुहरू छुट्याउने ।
५. निर्णयमा पुग्ने ।
६. प्रतिवेदन लेख्ने सीपको विकास गर्ने ।

७.४.२ विधि (Procedure)

खोजविधिमा निम्नअनुसारका कार्यविधि अपनाइन्छ ।

१. **समस्यालाई परिभाषित गर्नु (Define the problem)**:- विद्यार्थीसामु समस्या खडा भएपछि त्यो समस्या के हो ? त्यसको बारेमा गहनअध्ययन गरी समस्याको पहिचान भएपछि मात्र त्यसलाई परिभाषित गर्न सकिन्छ । पहिचान र परिभाषित भएपछि व्याख्या/वर्णन गर्न सक्छन् ।

२. **परिकल्पनाको निर्माण (Formulation of Hypothesis)** :- समस्यालाई परिभाषित गसिकेपछि यो हुनुमा के-के सत्यता छ । यो हुन सक्छ या सक्दैन जस्ता कुरामा राम्ररी परिकल्पना तयार गर्नुपर्दछ । प्राप्त तथ्यहरूलाई कुन तथ्यलाई लिँदा प्रमाणित हुन्छ त्यसलाई लिने र प्रमाणित गर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

३. जानकारी र तथ्याङ्कको सङ्कलन (Collection of information and Data):- परिकल्पनाको निर्माण भएपछि सर्वप्रथम सूचना र तथ्याङ्कको सङ्कलन गनुपर्ने हुन्छ। जसका लागि पुस्तक र पत्रपत्रिकाको अध्ययन गरी आवश्यक जानकारी लिनुपर्छ। यसरी पुस्तक र पत्रपत्रिकाबाट लिएको तथ्याङ्क र जानकारीलाई पुष्टि गरिन्छ।

४. परिकल्पनाको परीक्षण (Test of Hypothesis):- परिकल्पना निर्माण गरेपछि त्यो परिकल्पनालाई विभिन्न स्रोतका आधारमा परीक्षण गरिन्छ। फलस्वरूप खोजी गर्ने विषयको पुष्टि हुन्छ। यसबाट कुनै समस्या सत्य सावित हुन्छ भने कुनै समस्या झुटो पनि हुनसक्छ।

५. प्रतिवेदन लेखन (Report writing):- अनुसन्धानको अन्तिम चरणमा पुगेपछि सङ्कलन गरिएको सामग्रीको आधारमा तथ्याङ्कलाई छानबिन गरी उपयुक्त तथ्याङ्क वा सामग्रीलाई प्रयोग गरी प्रतिवेदन तयार गरिन्छ। यसरी खोज विधिको पूर्णरूप तयार हुन्छ।

७.५ सूक्ष्म शिक्षण (Micro-Teaching)

७.५.१ सूक्ष्म शिक्षणको अर्थ (Meaning of Microteaching)

आधुनिक शिक्षण सिकाइलाई प्रभावकारी बनाउन विभिन्न प्रयासहरू भइरहेका छन्। ती प्रयासहरूमा सबैभन्दा प्रभावकारी र व्यावहारिक सूक्ष्म शिक्षण नै हो। सफल शिक्षण कार्यका लागि व्यावहारिक सूक्ष्म शिक्षण नै हो। सफल शिक्षण कार्यका लागि अन्वेषण भएको सबैभन्दा नयाँ र प्रभावकारी प्रविधि सूक्ष्म शिक्षण हो। यो शिक्षणविधि शिक्षक तालिमका लागि विकसित भएको नयाँ धारणा हो। यसले सेवाकालीन र पूर्व-सेवाकालीन शिक्षकहरूलाई आफ्नो पेशागत सीपको विकास गराउँछ। शिक्षण कार्यलाई बढी प्रभावकारी बनाउँदछ। सूक्ष्म शिक्षणले शिक्षकमा भएका कमजोरीलाई हटाउँदछ। सिकारु आफैँले कक्षा कोठामा भएको शिक्षण क्रियाकलाप र मूल्याङ्कनबाट स्तर पत्ता लगाउन सक्दछ।

सूक्ष्म शिक्षण नमूनाका रूपमा शिक्षकले पाठयोजनालाई छोटो बनाई तयार पार्दछन्। त्यस्तै कक्षा आकारलाई पनि सानो पार्दछन्। समस्यालाई छोटो बनाएको हुँदा सीपको प्रयोग पनि छोटो हुन्छ। शिक्षणलाई Video tape, Tape Recorder आदिमा Record गरिएको हुन्छ। त्यस Record लाई शिक्षकले कक्षा कोठामा प्रयोग गर्दछन्। त्यस प्रस्तुतिबाट सिकारुले शिक्षण क्रियाकलापहरू सजिलैसँग ग्रहण गर्न सक्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

सूक्ष्म शिक्षण प्रविधिमा पृष्ठपोषण (Feedback) प्राप्तिबाट आफ्नो योजनाको पुनःनिर्माण, पुनःप्रस्तुति गर्न शिक्षकलाई सजिलो पर्दछ । सूक्ष्म शिक्षण यसरी प्रभावकारी हुँदै गएकाले कक्षा-शिक्षणमा पनि यसको महत्त्व बढ्दै गएको हो ।

सूक्ष्म शिक्षणलाई शिक्षाविद्‌ले यसरी परिभाषित गरेका छन्- "कक्षा आकार, कक्षा समय छोट्याई शिक्षण गर्नुलाई सूक्ष्म शिक्षण भनिन्छ ।" (Allen)

"सूक्ष्म शिक्षण त्यस्तो शिक्षण प्रविधि हो जसले नवप्रवेशी र पुराना अनुभवी शिक्षकलाई आफ्नो शिक्षणमा सुधार गर्ने मौका प्रदान गर्दछ ।" David B.Young

"नियन्त्रित अवस्थाको शिक्षण अभ्यास पद्धति जसले विशिष्ट व्यवहार प्राप्तिमा केन्द्रीत योजनाबद्ध शिक्षण गराउँदछ, त्यसलाई सूक्ष्म शिक्षण भनिन्छ ।" (Allen and Ryan)

७.५.२ सूक्ष्म शिक्षणका उद्देश्यहरू (Purpose of Micro Teaching)

१ समयलाई छोट्याउन ।
२ कक्षा आकारलाई सानो बनाउन ।
३ थोरै समयमा धेरै सीपको विकास गर्न ।
४ तुरुन्त आफैं मूल्याङ्कन गर्न ।
५ तुरुन्त पृष्ठपोषण उपलब्ध गर्न ।
६ प्रभावकारी शिक्षक उत्पादन गर्न ।
७ पुराना र नयाँ शिक्षकहरूलाई सीपयुक्त गराउनु ।

७.५.३ सूक्ष्म शिक्षणका चरणहरू (Steps of Micro Teaching)

१. **सीपहरूको परिभाषा (Definition of skills)**: सूक्ष्म शिक्षण प्रविधि अपनाउँदा कुन सीपको प्रयोग हुन्छ त्यसका बारेमा परिचय दिइन्छ । सूक्ष्म शिक्षणमा प्रयोग गरिने सीपका बारेमा जानकारी गराइन्छ ।

२. **शिक्षण सीपको प्रदर्शन (Demostration of Teaching Skills)** :- यसमा सर्वप्रथम शिक्षण सीपको धारणा स्पष्ट गरिन्छ । शिक्षण सीपको छनोट गरी छानिएका शिक्षक वा विद्यार्थीलाई प्रस्तुत शिक्षण सीपको अवलोकन गर्न लगाइन्छ ।

३. **पाठयोजना (Lesson Plan)** :- आफ्नो शिक्षक वा सुपरिवेक्षकको सहयोगमा विद्यार्थी शिक्षकले सानो पाठयोजना बनाउँछ । जसमा उसले आफ्नो सीपको प्रदर्शन गर्नुपर्दछ ।

४. **नमुना पाठ प्रस्तुत (Presentation of model lesson)** :- विद्यार्थी शिक्षकले आफ्नो सानो समूहमा नमुना पाठ प्रस्तुत गर्दछ र त्यस प्रस्तुतिलाई सुपरिवेक्षक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

र सहपाठीले अवलोकन गर्दछन् । उक्त अवलोकनबाट मूल्याङ्कन पनि हुन्छ । यसमा भिडियो टेपरेकर्डर आदि सामग्रीको प्रयोग गर्न सकिन्छ ।

५ **छलफल (Discussion)**:- विद्यार्थी शिक्षकको सीपप्रदर्शनको बारेमा सहपाठी र सुपरिवेक्षकले छलफल गरी सुधारका लागि आवश्यक सुझाव दिन्छन् ।

६ **पुनर्योजना (Replanning)** :- सहपाठी र सुपरिवेक्षकको सल्लाह र सुझाव अनुसार पुनर्योजना निर्माण गर्नुपर्दछ ।

७. **पुनः शिक्षण (Re-teaching)** :- आफूले पहिले प्रस्तुत गरेको पाठलाई उही कक्षा र समूहमा उत्तिकै समयमा पहिलेको सीपद्वारा छात्र-शिक्षकले पुनः शिक्षण गर्दछन् ।

८. **पुनः छलफल (Re-Discussion)** :- पुनः शिक्षणमाथि सहपाठी र सुपरिवेक्षकले शिक्षण प्रभावकारी बनाउन पुनः सल्लाह दिई सहयोग गर्दछन् ।

९. **चक्र दोहोऱ्याई (Repeat the cycle)**:- आफूले इच्छ्याएको सीप प्राप्त नहुँदासम्म छोटो शिक्षण चक्रलाई माथिका बुँदाका आधारमा छात्र शिक्षकले दोहोऱ्याइरहनुपर्छ ।

सामान्य अर्थमाभन्दा छात्र-शिक्षकले पाँचवटा R(5Rs) लाई पूरा गर्नुपर्दछ । ती यस प्रकार छन् :



सूक्ष्म शिक्षण, शिक्षकलाई तालिम दिन वा शिक्षक उत्पादन गर्नका लागि राम्रो मानिन्छ । यो विशेष गरी कक्षागतभन्दा छात्र-शिक्षक र सुपरिवेक्षकले आपसमा विभिन्न सीपहरूको प्रयोग गरी गरिने शिक्षण हो । यस शिक्षण विधिलाई परम्परावादी शिक्षणभन्दा राम्रो र प्रभावकारी मानिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

एकाइ आठ

८. सामाजिक अध्ययनमा शिक्षण सामग्री (TEACHING AIDS IN SOCIAL STUDIES)

८.१ शिक्षण सामग्रीको अर्थ (Meaning of teaching aids)

वर्तमान शिक्षण सिकाइ कार्यक्रममा शैक्षिक सामग्रीको महत्त्व बढिरहेको पाइन्छ। सामाजिक अध्ययन स्वयं पनि शैक्षिक सामग्रीको अभावमा शिक्षण गर्न कठिन पर्दछ। सामाजिक शिक्षाको कुनै विषयमा शिक्षण गर्नुपर्दा त्यस विषयको धारणा बलियो बनाउनका लागि पनि शैक्षिक सामग्रीको आवश्यकता पर्दछ। शैक्षिक सामग्रीको प्रयोगले विषयको आकारप्रकार र प्रत्यक्ष अनुभवको महसुस गराउने काम हुन्छ। यसरी शैक्षिक सामग्रीको सहयोगले कुनै विषयको शीर्षकलाई लिएर जति स्पष्ट पार्न सकिन्छ, त्यति स्पष्ट पाठ्यपुस्तक घोकाएर कदापि हुन सक्दैन। कक्षामा शिक्षकले विषयवस्तुलाई जति रटाए पनि विषयको धारणामा स्थायित्व आउन सक्दैन। यहाँ विषय शिक्षणको साथै सामग्रीको प्रयोगले मनसपटलमा धाराणा अमीट हुनजान्छ। तसर्थ शिक्षणमा प्रत्यक्षीकरणको महत्त्व बढिरहेको छ। सामाजिक अध्ययन विषयले सम्पूर्ण ब्रह्माण्डलाई समेटेको छ। यो सम्पूर्ण ब्रह्माण्डको ज्ञान सबै प्रत्यक्ष दर्शनबाट मात्र दिन सकिँदैन र सम्भव पनि छैन। त्यसका लागि प्रतिरूपको आवश्यक पर्दछ। प्रतिरूपभित्र ग्लोब नक्सा, चित्र नमुना, आदि पर्दछन्। यी सम्पूर्ण सामग्री नै शैक्षिक सामग्रीभित्र पर्दछन्। फ्लानेल बोर्ड, कालोपाटी, सूचनापाटी आदि सामग्री पनि यसैभित्र पर्दछन्।

शैक्षणिक सामग्रीलाई श्रव्य-दृश्य सामग्री (Audio-Visual Aids) पनि भनिन्छ। विद्यार्थीहरूले सुनेर तथा देखेर विषयको ज्ञान र धारणाको विकास गर्दछन्। त्यसैलाई श्रव्य-दृश्यबाट भएको सिकाइ भनिन्छ। शैक्षिक सामग्रीको बारेमा यहाँ स्पष्ट पार्ने प्रयास गरिएको छ। शैक्षिक सामग्री भन्नाले ती सामग्रीलाई बुझाउँदछ, जुन सामग्रीले कक्षाकोठामा वा अन्य कुनै क्षेत्रमा शिक्षण गर्दा पाठ्य-सामग्रीमा दिएको विषयलाई स्पष्ट पार्न मद्दत गर्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

८.२ शिक्षण सामग्रीको वर्गीकरण (classification of Teaching Aids)

शैक्षिक सामग्रीलाई विशेष गरी तीन किसिममा वर्गीकरण गर्न सकिन्छ। ती यस प्रकार छन् :

१. **श्रव्य सामग्री (Audio Aids)**:- श्रव्य सामग्री भन्नाले सुनेर सिकिने विषयलाई बुझाउँदछ। यसले विषयवस्तुलाई कुनै सञ्चारको माध्यमबाट सुनेर त्यसलाई प्रयोगमा ल्याउने काम गरिन्छ। यसअन्तर्गत पर्ने सामग्रीहरू रेडियो, टेपरेकर्डर प्रवचन आदि पर्दछन्। जुन वस्तुको सहायताले सुनेर ज्ञान आर्जन गर्न सकिन्छ। यसरी आर्जन गरेको ज्ञानले सिकारुको व्यवहारमा परिवर्तन ल्याउने काम गर्दछ।

२. **दृश्य सामग्री (Visual Aids)** :- दृश्य सामग्री भन्नाले देखेर सिकिने विषयवस्तु भन्ने बुझाउँदछ। पाठ्य सामग्री मार्फत् सिकारुले देखेर विषयको ज्ञान आर्जन गर्नुका साथै बलियो धारणा पनि विकास भएको पाइन्छ। तसर्थ शिक्षण गर्न र सिकारुले सिक्न बढी सजिलो हुन्छ। यसअन्तर्गतलाई वास्तविक चित्र, नमुना, ग्लोब, चित्र, फोटो, मूर्ति आदि पर्दछन्। यीवाहेक वास्तविक विषय नै प्रत्यक्ष अवलोकन गराएर पनि शिक्षण गर्न सकिन्छ।

३. **श्रव्य र दृश्य सामग्रीहरू (Audio and Visual Aids)**:- शिक्षण सिकाइ कार्यक्रममा विषयलाई प्रत्यक्ष नदेखेर जति व्याख्या र वर्णन गरिन्छ त्यो भन्दा प्रत्यक्ष देखेर गरिएको वर्णनवाट सिकारुले सजिलैसँग सिकेको हुन्छ। तसर्थ कुनै विषय शिक्षण गर्दा कक्षाकोठामा व्याख्यान मात्र गर्नुभन्दा जुन विषयको वा वस्तुको व्याख्या गर्न लागिएको हो, त्यसको मूर्त चित्र प्रस्तुत गरेर व्याख्यान गर्दा स्पष्ट वुझिने र धारणा पनि बलियो बस्न गएको पाइन्छ। यसअन्तर्गत पर्ने सामग्रीहरू टेलिभिजन, भिडियो टेप, फिलिम, नाटक आदि पर्दछन्।

शिक्षण सिकाइ कार्यक्रमलाई बढी प्रभावकारी बनाउनका लागि उल्लेख्य सामग्रीको प्रयोग भएको पाइन्छ। यी सामग्रीहरू उपयुक्त पाठ शीर्षकको उपयुक्त व्याख्यामा र उपयुक्त समयमा प्रयोग गर्नुपर्ने हुन्छ। यसरी शिक्षण सिकाइ कार्यक्रममा आवश्यक सामग्रीको प्रयोगले शिक्षण सिकाइ कार्यक्रम प्रभावकारी र बढी व्यवस्थित भएको पाइन्छ। जसले गर्दा सिकारुमा प्रत्यक्ष प्रभाव परी उसले आफ्नो व्यवहारमा परिवर्तन ल्याएको हुन्छ। सिकारुको व्यवहारमा परिवर्तन ल्याउनुपर्ने शिक्षण सिकाइको प्रमुख उद्देश्य हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

८.३ शैक्षिक सामग्रीको महत्त्व र प्रयोग (Importance and use of Teaching materials)

शैक्षिक सामग्रीको महत्त्व र यसको प्रयोगलाई शिक्षण सिकाइमा महत्त्वपूर्ण स्थान दिइन्छ । विषयवस्तुलाई स्पष्ट पार्न नै यसको प्रयोग गरिन्छ भने विषयसँगै यो पनि आएको हुन्छ । शिक्षकलाई कक्षा कोठामा गएर विषयवस्तुको प्रस्तुतिका साथै शैक्षिक सामग्रीको प्रस्तुति पनि आवश्यक पर्न जान्छ । तसर्थ प्रत्येक सामाजिक शिक्षाको विषयसँग शैक्षिक सामग्रीको निकट सम्बन्ध रहेको हुन्छ । यहाँ यसरी शैक्षिक सामग्रीको महत्त्वलाई तल प्रस्तुत गरिएको छ ।

८.४.(क) शैक्षिक सामग्रीको महत्त्व (Importance of Teaching Materials)

१. **सर्वश्रेष्ठ उत्प्रेषकः-** शैक्षिक सामग्रीको प्रयोगले सिकारुको ध्यान सिकाइप्रति आकर्षण भएको पाइन्छ । यसले सिकाइमा रुचि जगाउनुका साथै उत्साह पैदा गर्दछ । जसले गर्दा सिकाइएका विषयमा धारणा बलियो बस्न जान्छ ।

२. **स्पष्ट दृष्टिकोण :-** विषय र शीर्षकको स्वभाव हेरी शैक्षिक सामग्रीको प्रयोगले सिकारुमा कठिन र जटिल विषयको पनि स्पष्ट धारणाको विकास भएको पाइन्छ ।

३. **मौखिक शिक्षणको आधार :-** शैक्षिक सामग्रीको सहयोगले कुनै पनि शब्दद्वारा दिन खोजिएको विषयको धारणा स्पष्ट र अर्थपूर्ण हुन जान्छ । जसले गर्दा सिकाइ प्रभावकारी हुन गएको पाइन्छ ।

४. **सार्थक अनुभव :-** सिकारुमा शैक्षिक सामग्रीको प्रयोगले अनुभव भएका विषयलाई बढी सार्थकता दिने काम गर्दछ । सिकारुको अन्तहृदयमा भइराखेका कतिपय अस्पष्ट विषयलाई सामग्रीले सार्थकता पैदा गर्दछ ।

५. **घोकन्ते बानी हटाउन :-** शैक्षिक सामग्रीको प्रयोगले विद्यार्थीमा वा सिकारुमा विकास भएको घोकन्ते बानीलाई हटाउँछ । सिकारुहरू घोकेर कण्ठ गर्ने बानीलाई छाडी धारणा बलियो बनाउने काममा लागेका हुन्छन् । यसको सहायताले सिकारुमा बुझेर अध्ययन गर्ने बानीको विकास हुन्छ ।

६. **विविध अनुभव :-** सिकारुले आफ्नो अनुभवका विषयहरूलाई शैक्षिक सामग्रीको सहयोगमा छलफल र प्रश्नोत्तर गरी कुनै पनि जटिल विषयलाई सरल तरिकाले ग्रहण गर्न सक्दछन् ।

यसरी शैक्षिक सामग्रीको सही छनोट र उपयोगले विद्यार्थीहरूमा कुनै पनि जटिल र कठिन विषयलाई सरल तरिकाबाट ग्रहण गरी बलियो धारणाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

विकास गर्न सक्दछ । यसको सहयोगले अप्रत्यक्ष रहेका विषयलाई पनि प्रत्यक्ष अनुभव गराउने काम गर्दछ ।

८.४ (ख) शैक्षिक सामग्रीको प्रयोग (Use of Teaching Meterials)

१) शिक्षणलाई बढी प्रभावकारी बनाउन शैक्षिक सामग्रीको प्रयोग गरिन्छ ।
२) शीर्षकलाई सुहाउँदो र उपयुक्त शैक्षिक सामग्रीको मात्र प्रयोग गर्नुपर्छ ।
३) शिक्षण सिकाइ क्रियाकलापमा आवश्यक पर्दा मात्र शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्छ ।
४) शैक्षिक सामग्रीको प्रयोगले सिकारुमा उत्सुकता जगाउनुका साथै विषयलाई रोचक तुल्याउने हुनुपर्छ ।
५) पाठ्यपुस्तकमा भएका कठिन विषय पनि शैक्षिक सामग्रीको सहयोगले सरल तुल्याएका हुन्छन् ।
६) विद्यार्थीमा वा सिकारुमा शैक्षिक सामग्रीको प्रयोगले विषयको धारणा बलियो बनाउने काम गर्दछ ।
७) शैक्षिक सामग्रीलाई, शिक्षण सिकाइ कार्यक्रममा पाठ्यविषयको सहयोगीका रूपमा लिने गनुपर्दछ ।
८) सामग्रीलाई शिक्षकले उपयुक्त स्थान र समयमा प्रयोग गर्न सक्नुपर्दछ/ जानेको हुनुपर्दछ ।

८.४.१ शिक्षण गर्दा प्रयोग हुने शैक्षिक सामग्रीहरू

कक्षा शिक्षणमा प्रयोग हुने सामग्रीहरूलाई शैक्षिक सामग्री भनिन्छ । सामाजिक शिक्षा शिक्षणका लागि विषयको स्वभावअनुसार शैक्षिक सामग्रीको छनोट गरिंन्छ । यसरी शिक्षण सिकाइमा प्रयोग गरिने शैक्षिक सामग्री प्रशस्त छन् । तर ती सबै सामग्रीको यहाँ विश्लेषण गर्न सम्भव नभएको हुँदा केही आवश्यक सामग्रीका बारेमा मात्र उल्लेख गरिएको छ ।

८.४.२ चित्र (Picture)

सामाजिक अध्ययन शिक्षण सिकाइमा चित्रको आफ्नै किसिमको महत्त्व रहेको हुन्छ । शिक्षण सिकाइ कार्यक्रममा चित्रले सम्बन्धित विषयवस्तुलाई मूर्तरूप दिने प्रयास गर्दछ । सामाजिक अध्ययन शिक्षा शिक्षण गर्दा चित्रको सहायता विना कुनै पनि विषयको बलियो धारणा दिन कठिन हुन्छ । चित्रले विषयको यथार्थ धारणाको विकास गराउँदछ । चित्रको प्रस्तुतिले प्रत्येक विषयवस्तुको शिक्षण कार्य बढी प्रभावकारी र रोचक हुन जान्छ । सामाजिक अध्ययन त्यस्तो एउटा विषय हो, जसले समाजका सत्य-तथ्य घटनाहरूलाई व्यापक पहिचान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

गराई सिकारुको व्यवहारमा उतार्ने प्रयास गर्दछ । सामाजिक अध्ययनमा समावेश गरिएका अधिकांश विषयहरू क्षेत्र भ्रमणबाट मात्र स्पष्ट हुन सक्ने भनिए तापनि सबै विद्यालयका सबै विद्यार्थीहरूलाई पाठ/शीर्षक शिक्षण गर्दा क्षेत्रभ्रमण गराउन सम्भव हुँदैन । यस्तो अवस्थामा विषयसँग सम्बन्धित चित्रको सहायताले शिक्षण गर्दा मात्र विषयको स्पष्ट धारणा दिन सकेको हुन्छ । जस्तै- जनकपुरको जानकी मन्दिर, पशुपतिनाथको मन्दिरका बारेमा शिक्षण गर्नु पर्दा उक्त मन्दिरहरूको चित्र देखाएर शिक्षण गरिन्छ । हिमाली क्षेत्रको पोशाक तथा तराईका जनजातिको पोशाकजस्ता वस्तुको धारणा विकास गर्न बालबालिकालाई उक्त क्षेत्रका मानिसले प्रयोग गर्ने गरेका पोशाक देखाउनुपर्ने हुन्छ ; मस्तिष्कमा गलत धारणाको विकास हुन नदिनका लागि पनि चित्रको प्रयोग गर्नु अति आवश्यक हुन्छ ।

सामाजिक शिक्षा शिक्षणमा चित्रको महत्त्व

१) चित्रको प्रयोगले विद्यार्थीहरू विषयप्रति छिटै आकर्षित हुन्छन् ।
२) चित्रले विषयबस्तुलाई स्पष्ट पार्दछ ।
३) चित्रको प्रयोगले शिक्षण सिकाइ बढी प्रभावकारी हुन्छ ।
४) यसले समयको बचत गर्दछ ।
५) विषयको धारणा बलियो र स्थायी हुन्छ ।
६) विषय शिक्षण सिकाइमा सरलता आउँदछ ।
८) विद्यालयका तल्ला कक्षाहरूमा यसको प्रयोग बढी हुन्छ ।
९) सिकारुमा चित्र कोर्ने बानीको विकास हुन्छ ।

चित्रको प्रयोग गर्दा शिक्षकले ध्यान दिनुपर्ने कुराहरु

१) चित्र, कक्षामा भएका सबै विद्यार्थीले देख्न सक्ने हुनुपर्दछ ।
२) विषयसँग मिल्ने गरी रंगाएका हुनुपर्दछ ।
३) समय सापेक्ष हुनुपर्दछ ।
४) सकेसम्म चित्रहरू विद्यार्थी र शिक्षकहरूबाटै तयार भएको हुनुपर्दछ ।
५) चित्र सरल र स्पष्ट बुझिने हुनुपर्दछ ।
६) धेरै विषयलाई एउटै चित्रमा देखाउन खोज्नुहुँदैन ।
७) चित्र जटिल र कठिन हुनुहुँदैन ।
८) चित्रमा स्पष्ट शीर्षक र संकेतहरू लेखिएको हुनुपर्दछ ।
९) चित्र आकर्षक र रोचक हुनुपर्दछ ।
१०) चित्रमा प्रयोग गरिने रंग नउड्ने र धेरै समयसम्म रहने हुनुपर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

८.४.३ प्रतिरुप (Model)

सामाजिक शिक्षा शिक्षणमा Model ले महत्त्वपूर्ण भूमिका निभाएको हुन्छ। Model कुनै वस्तुको प्रतिरूप हो। सामाजिक शिक्षाका विषयहरू भूगोल, इतिहास, अर्थशास्त्र र समाजशास्त्रका शीर्षकहरूलाई मोडेलको सहायताले शिक्षण गरिन्छ। वास्तवमा Model को प्रदर्शनले शिक्षण सिकाइ वढी प्रभावकारी रोचक र आकर्षक तुल्याउँदछ। धेरै ठूला, अति महङ्गा र ज्यादै साना वस्तुहरू कक्षाकोठामा ल्याएर शिक्षण गर्न कठिन हुन्छ। जुन विषयहरू कक्षामा ल्याएर प्रदर्शन गर्न सकिँदैन त्यस्ता वस्तुहरूको प्रतिरूप Model ल्याएर प्रदर्शन गरी शिक्षण सिकाइलाई वलियो धारणा दिन सकिन्छ।

सामाजिक शिक्षा शिक्षणमा Model को महत्त्व

१) Model ले अध्ययनलाई प्रत्यक्ष वनाउन प्रयास गर्दछ।
२) विषयलाई सरल वनाउँदछ।
३) सिकाइ गरेको विषयको धारणा वलियो हुन्छ।
४) शिक्षण सिकाइ प्रभावकारी हुन्छ।
५) साना कक्षाका विद्यार्थीहरूमा यसंले वढी रोचकता पैदा गर्दछ।
६) विषयप्रति रुचि जगाउँदछ।
७) शिक्षकलाई शिक्षण गर्न सजिलो पार्दछ।
८) Model तयार गर्ने सीपको विकास शिक्षक विद्यार्थी दुवैमा हुन्छ।
९) शिक्षण सिकाइमा स्थायित्त्व आउँछ।

Model को प्रयोग

१) शिक्षण गर्दा शिक्षण गर्न लागिएको वस्तुको रूप दुरुस्त आउनुपर्छ।
२) विषय शीर्षकसँग मिल्ने हुनुपर्दछ।
३) कक्षाका सवै विद्यार्थीले देख्न सकिने हुनुपर्दछ।
४) शिक्षण सिकाइमा भ्रम पैदा गर्ने किसिमको हुनुहुँदैन।
५) रंगीन र आकर्षक हुनुपर्छ।
६) सरल तरिकावाट प्रयोग गर्न सकिने हुनुपर्छ।
७) सकभर विद्यार्थी शिक्षकवाटै तयार भएको भए राम्रो हुन्छ।

८.४.४ नमुना वस्तु (Specimens)

सामाजिक अध्ययन शिक्षण गर्दा शैक्षिक सामग्रीको नितान्त आवश्यकता पर्दछ। त्यस किसिमका सामग्रीहरूमध्येमा नमुना वस्तु पनि एउटा सामग्री हो। नमुनालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

शिक्षण गर्दा शैक्षिक सामग्रीको रूपमा कक्षाकोठामा प्रस्तुत गर्न सकिन्छ । स्थानीय स्तरमा वा शैक्षिक भ्रमणमा जाँदा शिक्षक र विद्यार्थीहरूले कक्षामा सिकाइ हुने विषयलाई नमुनाको रूपमा सङ्कलन गरी कक्षा कोठामा वा विद्यालयको प्रयोगशालामा राख्न सकिन्छ । यसरी जम्मा गरिएका नमुनाहरूलाई कक्षामा शिक्षण गर्दा समयसमयमा प्रयोग गर्ने गर्नुपर्दछ । जसले गर्दा जटिल विषय पनि सरल हुन आउँदछन् । जम्मा गर्न सकिने नमुनाहरूमा खानीबाट उत्पादित वस्तुहरू, चट्टानहरू, वनस्पतिहरू, जनावरका अवशेषहरू, उद्योगबाट उत्पादित वस्तुहरू, कलकारखानाबाट तयार गरिएका वस्तुहरूलाई विद्यार्थी सामु प्रस्तुत गर्नुपर्दछ । यसरी विषय शिक्षकबाट नमुनाको प्रदर्शनले शिक्षण सिकाइ बढी प्रभावकारी हुनुको साथै विषयको धारणा बलियो बस्न गएको हुन्छ ।

नमुनाको महत्त्व (Importance of Specimens)

(१) नमुनाको आधारमा ठूला-ठूला वस्तुको अध्ययन गर्न सकिन्छ ।
(२) धेरै टाढाको वस्तुलाई नजिक ल्याउन सकिन्छ ।
(३) सही मूल्याङ्कन गर्न र पहिचान पाउन सकिन्छ ।
(४) नमुनालाई सजिलैसँग कक्षा कोठामा प्रदर्शन गर्न सकिन्छ ।
(५) यो बढी खर्चिलो हुँदैन ।
(६) शिक्षक र विद्यार्थीको प्रयासबाट तयार पार्न सकिन्छ ।
(७) यसले विद्यार्थीमा खोजीगर्ने बानीको विकास हुन्छ ।
(८) विद्यार्थीहरूमा रुचि पैदा गर्दछ ।

नमुनाको प्रयोग (Use of Specimens)

(१) नमुना कक्षाकोठाका सबै विद्यार्थीले देख्न सक्ने व्यवस्था हुनुपर्छ ।
(२) शिक्षण गर्ने विषय शीर्षक बुझिने हुनुपर्दछ ।
(३) नमुना सरल र स्पष्ट बुझिने हुनुपर्दछ ।
(४) बढी ठूलो वा बढी सानो हुनुहुँदैन ।
(५) धेरैको वीचमा फरक देखिने हुनुपर्दछ ।
(६) समय सापेक्ष हुनुर्पछ ।
(७) सङ्कलन गरिएका नमुनालाई व्यवस्थित रूपमा प्रयोग गर्ने गर्नुपर्छ ।
(८) प्रयोग गरिएका नमुनालाई व्यवस्थित रूपमा राख्नुपर्छ ।
(९) नमुनाहरू राख्नको लागि छुट्टै ल्याबको व्यवस्था गर्नुपर्छ ।
(१०) नमुनालाई होसियारीका साथ प्रयोग गर्नुपर्छ ।
(११) संकलन गरिएका नमुनालाई पुनः प्रयोगका लागि सुरक्षित राख्नुपर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

एकाइ नौं

९. सामाजिक अध्ययन शिक्षणका पूरक सामग्री

SUPPLEMENTS TO SOCIAL STUDIES TEACHING

९.१ परिचय (Introduction)

सामाजिक अध्ययन एउटा यस्तो विषय हो जुन विषयको पाठ्यवस्तु पाठ्यपुस्तकमा समावेश गरेको मात्र शिक्षण गर्दा कहिल्यै पनि पूरा हुँदैन। सामाजिक अध्ययनमा शिक्षण गरिने विषयहरूमा प्रत्येक वर्षमा केही न केही नयाँ विषयले प्रवेश पाएको हुन्छ। यस्तो पाठ्यपुस्तकमा नभएका नयाँ विषयको ,प्रवेशले शिक्षण गर्ने शिक्षकहरूलाई पनि सचेत गराइराखेको हुन्छ। किनकि पाठ्यपुस्तकमा भएका विषयहरूमा पनि कतिपय नयाँ विषयले प्रवेश पाएका हुन्छन्। सामाजिक शिक्षाको पाठ्यपुस्तक ठूलो हुने प्रमुख कारण पनि यही हो। पाठ्यपुस्तकमा भएका विषयवस्तु बढी भएको गुनासो पनि शिक्षकहरूको रहेको छ। नयाँ विषय थपिनु र पुराना अनावश्यक विषयहरूलाई पाठ्यपुस्तक परिमार्जन गर्दा हटाउँदै जाने पनि गरिन्छ। यसरी सामाजिक अध्ययनलाई समुदायमुखी नयाँ विषयको प्रवेश हुने विषयका रुपमा लिइन्छ। सामाजिक अध्ययन शिक्षामा समावेश गरेका अधिकांश विषयहरू विद्यार्थीहरूले आफ्नै समुदायमा अनुभव गरेको पाइन्छ। यसरी समुदायमा अनुभव गरेका विषयलाई पाठ्यपुस्तकमा समावेश गर्दा शिक्षण सिकाइ गर्न सजिलो भएको हुन्छ।

९.२ समुदाय स्रोत (Community Resources)

सामाजिक अध्ययन शिक्षण सिकाइमा समुदाय स्रोतलाई प्रमुख साधनको रुपमा लिने गरिन्छ। विद्यार्थीले समुदायमा गरेका अनुभवका विषयलाई शिक्षण गरिने हुँदा र ती विषयको पाठ्यपुस्तकमा समावेश नभएकोले यो विषय शिक्षण बढी प्रभावकारी भएको पाइन्छ। उसले समुदायमा गरेको अनुभवले पाठ्यपुस्तकमा दिएका विषय शिक्षकले शिक्षण गर्दा पनि समुदायलाई प्रमुख साधनका रुपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

उपयोग गर्दा बढी प्रभावकारी हुने देखिन्छ । समुदायबाट प्राप्त अनुभवलाई चिन्तन, मनन र विश्लेषण, परीक्षण र अन्वेषण गर्न यसले मद्दत गर्दछ । सामाजिक शिक्षा शिक्षणका लागि सामुदायिक साधन ज्ञानको एउटा भण्डार हुन आउँछ । यसैको उपयोगले नै सामाजिक शिक्षा शिक्षण गर्न सजिलो पर्दछ ।

सामुदायिक साधनका प्रमुख स्रोतहरू यसप्रकार छन्ः

(१) **भौगोलिक स्थान** :- हिमाल, पहाड, मैदान, तराई उपत्यका,उच्च *समस्थली* नदी, हिमनदी, ताल समुद्र आदि ।

(२) **स्थानीय सरकार** :-गाऊँ विकास समिति, नगरपालिका र जिल्ला विकास समिति आदि ।

(३) **शिक्षण संस्था** :- विद्यालय, क्यांम्पस, विश्वविद्यालय आदि ।

(४) **सामाजिक संघ-संस्था** :- अस्पताल, संघसंस्थाहरू आदि ।

(५) **धार्मिक स्थल** :- मठ, मन्दिर, गुम्बा, चर्च, पाटी, पौवा, धर्मशाला आदि ।

(६) **आर्थिक संरचना/औद्योगिक स्थलः**- कृषि फर्म, उद्योग, वाणिज्य केन्द्र, बैंकहरू आदि ।

(७) **वैज्ञानिक स्थानः**- जलविद्युत्, अनुसन्धान केन्द्रहरू आदि ।

उल्लेखित विषयहरूलाई सामाजिक शिक्षा शिक्षण गर्दा आवश्यकताअनुसार साधनका रूपमा उपयोग गर्ने गरेको पाइन्छ । सामुदायिक साधन उपयोग गर्नको लागि यसको स्रोत पत्ता लगाउनुपर्दछ । जुन स्रोतका आधारमा नै शिक्षण सिकाइमा सरलता आउँदछ ।

सामुदायिक साधन र स्रोत संकलन गर्ने विधिः

(१) **अध्ययन भ्रमणबाटः**- शैक्षिक भ्रमणबाट स्रोत प्राप्त गर्न सकिन्छ ।

(२) **आगन्तुक व्यक्तिबाटः**- विद्यालयको कक्षामा समुदायमा व्यक्तित्व विकास भएका व्यक्तिलाई आमन्त्रण गरी शिक्षण गर्न लगाएर ।

(३) **प्रकाशित सामग्रीबाटः**- खबर, कागज, बुलेटिन, पुस्तक आदि ।

(४) **व्यक्तित्त्व विकास भएका व्यक्तिको अन्तर्वार्ताबाटः**- डाक्टर, वकील, इन्जिनियर शिक्षाविद्, विषय विशेषज्ञ, यात्री, समाजसेवी समुदायका नेता आदि ।

(५) **सामाजिक संगठनः**- रेडक्रस, द-रेयुकाई, परोपकार, जनसेवा आदि ।

(६) **सेवा परियोजनाः** स्वास्थ्य, सरसफाइ आदि ।

(७) **दृश्य साधनः**- चित्र, मूर्तवस्तु आदिको प्रदर्शनबाट ।

(८) **स्थानीय घटनाः**- मेला, जात्रा, उत्सव, आदि ।

(९) **आरामदायी साधनः**- पार्क, पार्टी, पौवा, चौतारी आदि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सामाजिक शिक्षा शिक्षणका लागि उल्लेखित साधनहरूलाई नै प्रमुख साधनका रुपमा उपयोग गरिन्छ । कुनै जटिल विषयवस्तुको शिक्षण गर्नुपर्दा पनि सजिलोबाट असजिलो र नजिकवाट टाढा लग्ने क्रमअनुसार पनि समुदायका स्रोतलाई प्रमुख स्रोतका रुपमा लिइन्छ । विद्यार्थीलाई आफ्नै समुदायमा भए गरेका कार्य र घटनालाई परिचित गराएर मात्र शिक्षण सिकाइलाई अगाडि बढाइन्छ । तसर्थ समुदाय स्रोतलाई नै पहिलो साधनको रुपमा लिइन्छ ।

९.२.१ सामुदायिक भ्रमण (Community Visit)

विद्यालयहरूलाई समुदायमा बसोबास गर्ने मानिसहरू र तिनीहरूले आफ्नो समुदायमा गरेका क्रियाकलापको अवलोकनलाई समुदाय भ्रमण भनिन्छ । विद्यार्थीहरूमा भएको पुस्तकीय ज्ञानलाई व्यवहारमा उतार्नका लागि विद्यार्थीहरूलाई समुदायमा लगेर स्थान, बासिन्दा, धर्म, संस्कृति, व्यवसाय, बोलीचाली, भेषभूषा, जस्ता विषयमा गहन अध्ययन गराउन समुदायका मानिससँग बढी घुलमिल गराइन्छ । त्यस्तै समुदायमा भएका सार्वजनिक संघ, संस्था वा अड्डा अदालत, मन्त्रालय, कृषि फर्म उद्योगहरूको बारेमा भ्रमण गराई त्यसको ज्ञान गराइन्छ । समुदाय भ्रमणअन्तर्गत पर्ने क्षेत्रहरू यसप्रकार छन् ।

(१) स्थान, पहाड, पर्वत, मैदान आदि ।
(२) बाढी पैह्रो गएको क्षेत्र
(३) भूकम्पग्रस्त क्षेत्र
(४) हिमनदी र ताल
(५) कृषि फर्महरू
(६) उद्योग, कारखानाहरू
(७) हवाइ मैदान
(८) अड्डा-अदालत
(९) ऐतिहासिकस्थल
(१०) धार्मिकस्थल
(११) पुस्तकालय
(१२) पार्क
(१३) प्रेस
(१४) हुलाक
(१५) हाटबजार आदि

सामुदायिक भ्रमणमा आगन्तुक पाहुनालाई समावेश गर्न सकिन्छ । विद्यार्थीहरूलाई सामुदायिक भ्रमणमा लैजादा समुदायमा भएका विभिन्न पेशेवार व्यक्तिहरूको उपस्थितिमा अन्तर्वार्ता, छलफल, प्रश्नउत्तर, आदि विधिबाट आवश्यक सूचना संकलन गर्न सकिन्छ । समुदायका विभिन्न पेशेवार व्यक्तिहरूलाई विद्यार्थीहरूसँग संलग्न गर्न सकिन्छ । जस्तै: लेखक, कवि, कवयित्री, वकील, कलाकार, गीतकार/गायक, डाक्टर, इन्जिनीयर, प्राध्यापक, शिक्षक, समाजसेवी, साहू महाजन, पण्डित, उद्योगपति, पत्रकार, सिकर्मी, डकर्मी, कृषक, पशुपालक, कुमाले संघ-संगठनका पदाधिकारी आदिलाई लिन सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

समुदाय अध्ययन विद्यालयभित्र :

सामुदायका केही व्यक्तित्वहरू वा स्रोत व्यक्तिहरूलाई विद्यालयमा ल्याएर सामुदायिक भावनाको विकास गराउन सकिन्छ। त्यसको व्यवस्थित अध्ययनका लागि निम्नअनुसारका कार्य गर्न सकिन्छ।

१) **स्रोत व्यक्तिः-** समुदायका प्रतिष्ठित वा विज्ञ व्यक्तिलाई विद्यालयमा आमन्त्रण गरेर प्रवचन, छलफल, विचार-विमर्श, अन्तर्वार्ता आदि विषयमा विद्यार्थीहरूलाई संलग्न गराई सम्बन्धित विषयलाई स्पष्ट पार्न सकिन्छ।

२) **अभिभावक शिक्षा कार्यक्रमः-** विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूका अभिभावकहरूलाई विद्यालयको विभिन्न कार्यक्रममा सहभागी गराई वा शिक्षक विद्यार्थी र अभिभावकबीचमा छलफल गराई समुदायको यथार्थताको बारेमा विद्यालयमा अध्ययन गर्ने विद्यालयहरूलाई स्पष्ट पार्न सकिन्छ। जुन विषय-शिक्षकले कक्षाकोठामा शिक्षण गर्दा स्पष्ट हुन सकेको हुँदैन।

३) **सामाजिक सेवा कार्यः-** विद्यालयलाई समुदायको सामाजिक क्रियाकलाप गर्ने केन्द्रको रुपमा लिन सकिन्छ। दैनिक नयाँ खबरलाई विद्यालयको सूचना पाटीमा टाँस्ने पत्रपत्रिकाको संकलन गर्ने र पुस्तकालयमा राख्ने, र पढ्ने, सांस्कृतिक कार्यक्रम गर्ने, खेलकुद गर्ने स्थल, स्वास्थ्य परीक्षण गर्ने स्थल, चुनाव गराउने स्थल, आदि सामुदायिक कार्यकलापको लागि पनि विद्यालय भवनको प्रयोग भएको पाइन्छ। यसबाट पनि सामुदायिक शिक्षा विद्यार्थीहरूले आर्जन गर्ने मौका पाएका हुन्छन्। जसले गर्दा विद्यालय र समुदाय सम्बन्धको बारेमा विद्यार्थीहरूलाई जानकारी हुन्छ।

४) **उत्सवः-** राष्ट्रिय चाडपर्व, दिवस, जन्मोत्सव, मेला, जात्रा, विद्यालय वार्षिकोत्सवमा अपनाइने विभिन्न शैक्षिक र सांस्कृतिक क्रियाकलापबाट पनि समुदायमा भएका विभिन्न शिक्षार्जन गर्ने अवसर पाएका हुन्छन्।

समुदाय अध्ययन विद्यालयबाहिरः-

सामाजिक अध्ययनमा समुदाय अध्ययन गर्न विद्यालयबाहिर विद्यार्थीहरूलाई लग्ने काम गरिन्छ। अध्ययनबाट विद्यार्थीहरूमा समुदायका विभिन्न विषयहरूको ज्ञान, सीप र धारणाको विकास भएको हुन्छ। विद्यालयमा शिक्षण गरिने कतिपय विषयहरूको पूर्ण ज्ञान र सीप शिक्षक आफैंमा पनि नभएको पाइन्छ। यो विकास गराउनका लागि निम्न कार्य गरिएको हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

(१) शैक्षिक भ्रमणः- पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेश भएका विषयहरूलाई कक्षाकोठामा विद्यार्थीलाई थुनेर शिक्षण गर्दा त्यति प्रभावकारी नहुने हुँदा उक्त विषयहरू शिक्षण गर्न विद्यालय वाहिर भ्रंमण, अवलोकन र प्रतिवेदन तयार गर्ने जस्ता कार्य गर्नुपर्ने हुँदा शैक्षिक भ्रमणमा लगिन्छ। यसरी गरिएको शिक्षण र अध्ययनले विद्यार्थीहरूमा विषयवस्तुको धारणा वलियो हुनुको साथै विषय-वस्तुको स्थायित्त्व पनि हुन जान्छ। सामाजिक शिक्षाका पाठ्यपुस्तकमा दिएका अधिकांश विषयहरू अवलोकन, अध्ययन, अनुसन्धान गरेर मात्र सिकिने भएकोले उक्त विषय शिक्षणका लागि शैक्षिक भ्रमणको व्यवस्था गरिएको हुन्छ।

(२) समुदाय सेवाः- विद्यार्थीहरूलाई समुदायमा बसोबास गर्ने प्रत्येक व्यक्ति वा परिवारका सदस्यले समुदायमा के ? कसरी सेवा पुऱ्याइराखेका हुन्छन् भन्ने कुराको ज्ञान र सीपको विकास गराइ उसको धारणा वा सोचाइ र व्यवहारमा परिवर्तन ल्याउनको लागि अवलोकन गराइन्छ। समुदायमा भएका सार्वजनिक संघ, संस्था वा सार्वजनिक स्थलको सरसफाइ, संरक्षण, जस्तै सडक, पाटी, मन्दिर, धारा स्वास्थ्य केन्द्र विद्यालय, क्याम्पस, सार्वजनिक शौचालय, सामुदायिक वन आदिको सरसफाइ, संरक्षण निर्माणको वारेमा समुदायमा काम गर्ने मानिससँग अन्तर्वार्ता लिएर त्यसको वारेमा प्रतिवेदन तयार पार्न लगाउने।

३) सार्वजनिक सर्भेः- समाजमा भएका संघ-संगठन र त्यसको स्थापना र तिनीहरूको विकास निर्माण र ती संघ संस्थाले समुदायमा पुऱ्याएको योगदानको वारेमा अनुसन्धान र खोज गर्न लगाई त्यसको प्रतिवेदन तयार गर्न लगाउनु आदि पर्दछन्। यस्ता संघ संस्था वा क्लवले समुदायमा गर्ने कार्यहरूको सूची तयार गर्ने र तिनीहरूले गरेको कार्यप्रति समुदायको धारणा पत्ता लगाउनुको साथै उक्त संस्थाप्रति समुदायको विचार पनि उल्लेखित गर्न लगाइ भोलिका दिनमा आफूले समुदायमा गर्नुपर्ने दायित्वको वारेमा पनि जानकारी हुन्छ।

९.२.२ स्रोत व्यक्तिहरु (Resource Persons)

समाजमा विभिन्न किसिमका जनजातिहरूको बसोवास भएको पाइन्छ। त्यसमा पनि हाम्रो मुलुकमा त बहुजाति, बहुभाषाभाषी र बहुधार्मिक मानिसहरूको जमात भएको पाइन्छ। त्यसैले हाम्रो समुदायले विभिन्न व्यक्तिहरूले प्रतिनिधित्व गरेको हुन्छ। समुदायमा रहने कुनै पनि व्यक्तिले सामाजिक मूल्य र मान्यतालाई स्वीकारेको हुन्छ। समुदायमा बसोबास गर्ने डाक्टर, इन्जिनियर, प्राध्यापक, शिक्षक, वकील, पत्रकार, प्रशासक, व्यापारी, उद्योगपति, साहूमहाजन, कलाकार, गायक, समाजसेवी, गाविस, नपा सदस्य उपाध्यक्ष, अध्यक्ष, जिविस सभापति,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

सांसद, मन्त्री र समाजसेवी, आदि समुदायका मानवीय स्रोतहरू हुन् । सामाजिक अध्ययन शिक्षण गर्ने शिक्षकले सामाजिक अध्ययनको पाठ्यपुस्तकमा समावेश भएका विषयवस्तुलाई व्यावहारिक उद्देश्य प्राप्त गर्नका लागि समुदायका सम्बन्धित व्यक्तित्वहरूलाई छनोट गरी विद्यालयको कक्षा शिक्षणमा आमन्त्रण गर्न सक्नुपर्छ । आमन्त्रित व्यक्तित्त्वहरूले समुदायमा आफूले पुऱ्याउँदै आएको सेवाको बारेमा प्रवचन, व्याख्यान, प्रदर्शन कार्यबाट स्पष्ट पार्ने काम हुन्छ । यसरी पाठ्यपुस्तकमा दिएका विषयलाई प्रभावकारी शिक्षण गर्नका लागि अन्य देश विदेशबाट आएका व्यक्तित्वहरूलाई पनि आमन्त्रण गर्न सकिन्छ ।

स्रोत व्यक्तिको उपयोगले पाठ्यक्रम र पाठ्यपुस्तकमा भएका विषयहरूलाई स्पष्ट पार्ने काम भएको हुन्छ । जसले गर्दा विद्यार्थीहरूमा सम्वन्धित विषयवस्तुको ज्ञान, सीप र धारणाले बलियो स्थायित्व आएको हुन्छ । यसबाट विद्यार्थीहरूमा निम्नअनुसारको सीपको विकास भएको हुन्छ । जस्तैः- ध्यान दिएर सुन्ने, स्पष्ट जवाफ दिने, वार्तालाप गर्ने, छलफल गर्ने, सम्मानपूर्वक प्रश्नउत्तर गर्ने । शिक्षण सिकाइ कार्यमा स्रोत व्यक्ति विद्यार्थीहरूको वास्तविक जीवन केन्द्रित शिक्षाको महत्त्वपूर्ण मार्गदर्शक हुन्छ ।

९.३ समसामयिक घटना (Current Events)

सामाजिक अध्ययन शिक्षा यस्तो रोचक विषय हो जसको विषयवस्तु गतिशील रहेको हुन्छ । सामाजिक शिक्षामा दैनिक रूपमा नयाँ विषयले प्रवेश पाएको हुन्छ । यसको पाठ्यक्रम र पाठ्यपुस्तकमा दिएका विषयवस्तुको स्वभाव नै त्यस्तै किसिमको छ । उक्त विषय शिक्षणमा शिक्षकले नयाँ विषयको प्रसँग जोडेका हुन्छन् । सामाजिक शिक्षा शिक्षणको उद्देश्य विद्यालयका वालबालिकाहरूलाई आधुनिक विश्वसँग परिचित गराउनुहुन्छ । परिवर्तित विश्वको बारेमा ज्ञानार्जन गर्न समसामयिक घटनाहरूको अध्ययन गर्नुपर्छ । समुदायमा आफूलाई स्थापित गरी सफल जीवन विताउनका लागि विश्व वातावरणमा देखा परेका नयाँ गतिविधिसँग परिचित हुने र समुदायलाई पनि परिचित गराउनुपर्दछ । यसलाई John jarolimek ले यसरी परिभाषित गरेको छन्:- "समसामयिक शव्दावलीअन्तर्गत घटना र समस्या दुवै पर्न आउँदछन् । यसमा ती दुवैलाई एउटै रूपमा राख्न बढी प्रयास गरिएको छ ।" यो परिभाषाबाट यो स्पष्ट हुन्छ कि जुन घटना घट्छ, त्यसलाई पाठ्यक्रम र पाठ्यपुस्तकमा परिमार्जन गर्दा समावेश गरिएको हुन्छ । यसरी समावेश गरिएको विषयलाई सामाजिक विषयको सम-सामयिक घटना भनेर भनिन्छ । यसमा भौगोलिक,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

ऐतिहासिक, आर्थिक, राजनैतिक र सामाजिक क्षेत्रमा जुन घटनाहरू घट्दछन् ती सबै सम-सामयिक विषयका रूपमा लिएर सामाजिक अध्ययनमा समावेश गरिन्छ ।

सम-सामयिक घटनालाई यसरी प्रयोगमा ल्याउन सकिन्छ :

(१) समसामयिक घटनालाई विषयका रुपमा (Current events as a subject):- समसामयिक घटनालाई सामाजिक शिक्षाको विषयका स्रोतको रूपमा लिन सकिन्छ । आवश्यक घटनाहरूलाई संकलन गरी त्यसलाई सामाजिक शिक्षाको पाठ्यक्रम परिमार्जन गर्दा विषय शीर्षकमा परिणत गरी शिक्षण गर्ने गरिन्छ ।

(२) समसामयिक घटनालाई स्रोतका रुपमा (Current events as resources):- समसामयिक घटनालाई सामाजिक शिक्षा विषयको स्रोतका रुपमा लिइन्छ । घटनाहरूको संकलन गरी उक्त घटनाहरूलाई विषय शीर्षकमा परिणत गरी शिक्षण गरिन्छ ।

(३) समसामयिक घटनालाई विधिको रूपमा (Current events as a method):- समसामयिक घटनालाई सामाजिक शिक्षा शिक्षणका विधिका रूपमा लिने गरिन्छ । पाठ्यपुस्तकमा समावेश गरिएका घटनाहरूलाई शिक्षण विधिका रूपमा प्रयोग गर्ने गरिएको छ। नयाँ विषयवस्तुले विषयलाई रोचक र आकर्षक तुल्याएको हुन्छ ।

(४) समसामयिक घटनाले प्रेरणा जगाउँछ (Current events as a means of motivation):- सामाजिक शिक्षा शिक्षण गर्दा विषय शीर्षकको स्वभावअनुसार नयाँ विषयले प्रवेश पाइरहेको हुन्छ । यस्तो नयाँ विषयले विद्यार्थीहरूमा आकर्षण र प्रेरणा प्रदान गर्दछ । जसले गर्दा शिक्षण सिकाइ बढी प्रभावकारी हुन जान्छ ।

९.४ विवादास्पद सवालहरू (Controversial Issues)

आज विश्व सञ्चारका माध्यमले गर्दा धेरै साँगुरो भएको छ । फलस्वरूप विश्वका कुनै पनि एउटा कुनामा घटेका घटनालाई सजिलैसँग छिट्टै जानकारी लिन सक्छौं तर ती घटनाहरूको बारेमा यथार्थ जानकारी नपाउन पनि सकिन्छ । जुन घटनाको बारेमा सत्य तथ्य पाउन सकिएको हुँदैन त्यस किसिमको घटनामा विवादास्पद वा शंका पैदा हुन सक्दछ । घटनाहरूको बारेमा जे, जति जानकारी पाउन सकिन्छ ती घटनाहरूमध्ये केही जटिल घटनाहरूको छनोट गरी तिनीहरूको बारेमा व्यापक अध्ययन गरिन्छ । घटनाहरूको अध्ययन गर्दा, कहाँ ? कसरी ? किन ? घटना घटेको हो ? के समस्या थियो ? आदि विषयलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

केलाएर अन्तिम निष्कर्षमा पुग्न सकिन्छ । यस किसिमका घटनाहरूको अध्ययन गर्दा तथ्य विषयको संकलनको अभावमा विवाद आउन पनि सक्दछ । विवाद नआउका लागि घटनासँग बढीभन्दा बढी परिचित हुनुपर्छ ।

समसामयिक घटनाहरूको बारेमा तथ्य, तथ्याङ्कको सूचना संकलन गर्दा केही त्रुटि हुन गएमा पनि विवाद आउन सक्दछ। घटनालाई व्यापक अध्ययन गरी विद्यार्थीहरूको सामु कक्षामा राखिदिनुपर्छ । यसरी विद्यार्थी बीचमा प्रस्तुत घटना व्यापक छलफल गराएर निष्कर्षमा पुग्न कठिन भएमा त्यसको निष्कर्ष शिक्षकले नै दिनुपर्ने हुन्छ । यदि यसको अन्तिम निष्कर्ष शिक्षकसँग तयार नभएको अवस्थामा घटनालाई अघि सार्नुहुँदैन । यस किसिमको छलफल र निष्कर्षले विद्यार्थीहरूमा तर्क गर्न सक्ने क्षमताको विकास हुन्छ । समसामयिक घटनाहरूलाई शिक्षण गर्दा सामग्रीको अभावमा कठिन पर्न जान्छ । यस्ता घटनाहरूको शिक्षण गर्नुपर्दा छनोट गरिएको विषयलाई व्यापक बनाउन शिक्षक र विद्यार्थीलाई पनि अध्ययन सामग्री उपलब्ध गराउनुपर्दछ। उपलब्ध सामग्रीको गहन अध्ययन पछि मात्र विद्यार्थी बीचमा छलफलमा ल्याइन्छ, विद्यार्थीबाट अन्तिम निष्कर्ष आउन नसकेको अवस्थामा शिक्षकबाट त्यसको समाधान हुनुपर्छ। अन्यथा त्यो विषय नै विवादमा रहन्छ।

विवादास्पद सवाल शिक्षणमा शिक्षकको भूमिका (The Role of Teacher Teaching Controlersial Issues)

यस्ता किसिमका विषयलाई कक्षा कोठामा सधैं आउन दिनुहुँदैन । यस्ता विषयको प्रवेशले कक्षाकोठाको वातावरण नै दूषित पार्ने सम्भावना बढी हुन्छ । कक्षामा शिक्षण गर्ने विषय वार्षिक कार्यक्रमको आधारमा छनोट गरी उक्त शीर्षकलाई शिक्षकको निर्देशनमा विद्यार्थीबीचमा छलफल गराउनुपर्दछ। विद्यार्थीहरूको बीचमा व्यापक छलफल र विवादपछि शिक्षकले त्यसलाई अन्तिम निर्णयमा पुऱ्याउनुपर्दछ। यसरी शिक्षकबाट दिइएको निर्णयले विषय शीर्षकमाथिको विवाद अन्त्य हुनुपर्छ। यस्तो विषय शिक्षणपछिको कक्षाको वातावरण शान्त र सौहार्द्रपूर्ण कायम हुनुपर्छ। यस किसिमका समसामयिक घटनालाई सामाजिक शिक्षाको पाठ शीर्षकको सहायक वा पूरक सामग्रीको रुपमा लिनु नितान्त आवश्यक हुन्छ। यस किमिमका विषय शीर्षक शिक्षण गर्दा शिक्षकले शिक्षण अगावै विद्यार्थीहरूलाई नीति निर्देशन गर्नुपर्दछ। जसले गर्दा विद्यार्थीहरूले यस्ता विषयलाई सहजरूपमा ग्रहण गर्न सक्षम भएका हुन्छन्।

९.५ सामाजिक अध्ययन कक्षा (Social studies Room)

सामाजिक शिक्षा शिक्षण कार्यलाई बढी प्रभावकारी बनाउनका लागि कार्यकक्ष प्रयोगशाला, प्रदर्शन कक्षा र शिक्षण कक्षा बेग्लाबेग्लै व्यवस्था भएको हुनुपर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

साथै सामाजिक शिक्षा शिक्षणका लागि आवश्यक शैक्षिक सामग्रीको साथै ती सामग्रीको संरक्षणका लागि आलमारी, दराज, टेबल, मेच, कालोपाटी, भित्ते पाटी साथै सर्भेका सामग्री, टेप चेन, रेनगेज, कम्पास, स्केल, सेट स्क्वायर, टी स्क्वायर, थर्मामिटर, ब्यारोमिटर आदि पर्दछन् । त्यस्तै शिक्षण सहायक पुस्तक, पाठ्यक्रम, पाठ्यपुस्तक, शब्दकोश, एटलस, ग्लोव, शिक्षक निर्देशिका, ग्राफ, चार्ट, पत्रपत्रिका आदि आवश्यक पर्दछन् । सामाजिक अध्ययन शिक्षण सामग्रीहरू प्रत्येक कक्षाको यथास्थानमा सजाएर राखिएका हुन्छन् । सामग्रीको उचित व्यवस्था मिलाउन निम्न कार्य गर्नुपर्छ:-

(१) **प्रदर्शनकक्षाः-** सामाजिक शिक्षा शिक्षण गर्नका लागि सङ्कलन गरिएका सामग्रीहरूमा डिस्प्ले बोर्ड, बुलेटिन बोर्ड र च्याकमा पनि सजाएर राख्न सकिन्छ । यसरी संकलन गरेर राखिएका सामग्रीहरूमा विभिन्न जनजातिको भेषभूषा, मठमंन्दिर नमुना र पत्रपत्रिकाको कटिङ्ग गरेर राखिएका चित्रहरूलाई प्रदर्शन गर्न सकिन्छ । त्यस्तै चट्टानका नमुना, विभिन्न वनस्पतिका नमुना, आदिलाई पनि प्रदर्शन कक्षामा सजाएर राख्न सकिन्छ ।

(२) **भण्डारकक्षा :-** संकलन गरिएका सामग्रीलाई सुरक्षित राख्नका लागि एउटा भण्डार कक्षाको आवश्यकता पर्दछ । नक्सा, चार्ट, ग्राफ, ग्लोब र विभिन्न नमुनाहरूलाई सुरक्षित र व्यवस्थित गर्न विद्यालयमा भण्डार कोठाको व्यवस्था गरिएको हुन्छ । भण्डार कक्षा शिक्षण कक्षावाट नजिक पनि हुनुपर्दछ । शिक्षण सिकाइको समयमा आवश्यक सामग्रीहरू कक्षाकोठामा सजिलैसँग लैजान र ल्याउन सकिने हुनुपर्दछ ।

(३) **शिक्षणकक्षा :-** शिक्षण कक्षा योजनावद्ध तरिकाले निर्माण भएको हुनुपर्दछ । कक्षा कोठाको लम्बाइ, चौडाइ, मोहडा आदि मिलेको हुनुपर्दछ । कोठामा फिट गरिएका झ्यालढोकाको साइजले पनि कक्षाकोठाको वातावरणलाई प्रभाव पारेको हुन्छ । शिक्षणका लागि तयार गरिएका कक्षाकोठामा प्रकाश ज्यादै कम आउने र बढी प्रकाश आउने पनि हुनुहुँदैन । कोठामा राखिएको कालो पाटीको रंग साइज र स्थानले पनि शिक्षणमा प्रभाव पारेको हुन्छ । कालोपाटीबाहेक कक्षाकोठाको अवस्था ध्यान राखी डिस्प्ले बोर्ड, बुलेटिन बोर्ड आदिको व्यवस्था गरिएको हुनुपर्दछ । जसले गर्दा विद्यार्थीहरूले गर्नुपर्ने दैनिक क्रियाकलापहरू, नमुनाहरू, पत्रपत्रिकामा छापिएका महापुरुषहरूका तस्वीरहरू, विद्यार्थीले हस्त निर्माण गरेका विभिन्न प्रकारका जनावरको तस्वीर आदिं कक्षाकोठाका प्रदर्शनी बोर्डहरूमा राख्न सकिन्छ । जुन चित्र र तस्वीरको प्रदर्शनीले कक्षामा अध्ययन गर्ने अन्य विद्यार्थीहरूमा पनि चित्र, तस्वीर निर्माण गर्ने रुचि पैदा गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

कक्षाकोठामा शिक्षण सिकाइलाई व्यवस्थित र प्रभावकारी बनाउन मेच, टेबल, बेञ्चहरू पनि विद्यार्थीको चाहनाअनुसार क्रम मिलाएर राखिएको हुनुपर्छ। किनकि धेरै विद्यार्थी भएको कक्षामा शिक्षकले बोर्डमा लेखेको नदेख्ने समस्या पनि कति विद्यालयमा देखिएको छ। बोर्डलाई माथि राख्दा शिक्षकले लेख्न नपुग्ने, बोर्ड तल राख्दा कक्षामा पछि बस्ने विद्यार्थीले बोर्ड नै नदेख्ने आदि समस्यालाई विद्यार्थीको उचाइअनुसार बेञ्चको उचाइ कक्षको अगाडिबाट क्रमशः पछाडि उचाइ मिलाइएको हुनुपर्दछ। यसरी कक्षाको भुइँसँगै बेञ्चको उचाइ मिलाएमा बोर्ड नदेख्ने समस्या आउँदैन। कक्षा शिक्षणमा शिक्षकले सबै विद्यार्थीलाई बराबर दृष्टि पुऱ्याएको हुनुपर्दछ। जसले गर्दा सबै विद्यार्थी समान रूपमा शिक्षण सिकाइमा सहभागी हुन सकून्।

९.६ सामाजिक अध्ययन शिक्षक (Social Studies Teachers)

शिक्षण एक आध्यात्मिक प्रक्रिया हो। जसमा मस्तिष्कको मस्तिष्कसँग सोझो सम्बन्ध स्थापित भएको हुन्छ। यो सम्बन्ध स्थापित गर्ने काम शिक्षकले गर्दछन्। शिक्षण सिकाइ कार्यक्रममा शिक्षकको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। विद्यालय, कक्षाकोठा, शैक्षिक सामग्री, विद्यार्थी सम्पूर्ण भएर पनि शिक्षकको अभावमा कुनै शिक्षण कार्य हुन सक्दैन। तसर्थ शैक्षिक कार्यक्रममा शिक्षकको प्रमुख स्थान रहेको हुन्छ। John Adams का अनुसार शिक्षकलाई "Maker of Man" भनिन्छ। त्यसकारण सिकाइमा शिक्षकको महत्त्वपूर्ण स्थान रहेको हुन्छ।

सामाजिक अध्ययन शिक्षकका गुणहरू (Traits of Social Studies Teachers)

शिक्षक, ऊ आफू शिक्षक भएको नाताले आफ्ना विद्यार्थी र विद्यार्थीका अभिभावकको आदर एवं विश्वास प्राप्त गरेको हुनुपर्दछ। शिक्षक उद्यमी, इमान्दार, धैर्य, शुद्धता, तत्परता, सहयोगी भावना भएको उदाहरणीय हुनुपर्दछ। जसले पाठ्यक्रम चयनको सम्बन्धमा आफ्नो दायित्व सम्झने छन्। आफ्ना व्यावसायिक कार्यमा दक्षता प्राप्त गर्ने र विषयमा सरलता ल्याउनका लागि शिक्षण विधि र प्रविधिलाई समयसापेक्ष बनाउन सदा उत्सुक र तत्पर रहने छन्। आफ्नो विद्यार्थीलाई असल नागरिकमा हुने गुणको विकास गर्न निरन्तरता दिनेछन्। एक दार्शनिकको रूपमा आफ्नो जीवनप्रति सदा सकारात्मक दृष्टिकोण राख्नेछन्। तसर्थ शिक्षकमा सहिष्णुता एवं धैर्यताको गुण विकास भएको हुनुपर्छ।

न्युयोर्कको शिक्षा विभागले शिक्षकमा हुनुपर्ने गुण "Traits of a Good Teacher" लाई यसरी व्याख्या गरेको पाइन्छ। यसमा प्रत्येक अक्षरवाट शब्द वनाई स्पष्ट पार्न प्रयास गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

T - Thoughtfullness (विवेकपूर्ण)
R - Reliability (विश्वसनीयता)
A - Ability in leadership (नेतृत्वको क्षमता)
I - Integrity (इमानदारीता)
T - Tact (चातुर्य)
S - Sense of humour (नम्रस्वभाव)
O - Objectiveity (वस्तुनिष्ठता)
F - Fluency (वाक्पटुता)
A - Ability to do callegework (क्याम्पसमा काम गर्ने क्षमता)
G - Gregariousness (सामूहिकता)
O - Open mindedness (उदार विचारको)
O - Originality (मौलिकता)
D - Discernment (दूरदर्शिता)
T - Tidiness (सफापन)
E - Enthusiasm (उत्साह)
A - Adaptability (अनुकूलता)
C - Co-operativeness (सहकारिता)
H - Health (स्वास्थ्य)
E - Effeciency (कुशलता)
R - Resourcefulness (साधन सम्पन्नता)

सामाजिक शिक्षकमा हुनुपर्ने अन्य गुणहरुलाई यहाँ प्रस्तुत गरिएको छ ।

१. विषयवस्तुमा दक्षता ।
२. समुदायको नेता/मार्गदर्शक ।
३. तत्कालिक घटनाको ज्ञाता ।
४. उदार दृष्टिकोण भएको ।
५. समाजको प्रियपात्र ।
६. बौद्धिक र शारीरिक व्यक्तित्व भएको ।
७. दार्शनिक ।
८. मनोवैज्ञानिक ।
९. चातुर्य, धैर्यता, मित्रता, आशावादिता ।
१०. आत्मविश्वासी, साधन सम्पन्नता र कुशल संगठनकर्ता/आदि गुण भएको हुनुपर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

पहिले पौराणिककालमा चेलालाई शिक्षा दिने नाममा सुगा रटाइ गरिन्थ्यो । तर वर्तमान शिक्षा प्रणालीमा शिक्षकले विद्यार्थीको व्यक्तिगत आचरण र बानीको अध्ययन गरी विद्यार्थीहरूमा भएका मानसिक र शारीरिक कमजोरी पत्ता लगाई त्यसैको आधारमा शिक्षण गरिन्छ । यसको अर्थ विद्यार्थीहरूका व्यक्तिगत समस्यासँग पहिले शिक्षक परिचित हुनुपर्दछ । शिक्षकले सिकारुको इच्छा र आकांक्षालाई बुझेर मात्र शिक्षण गर्नु उपयुक्त हुन्छ । यदि सिकारुमा सिकाइप्रति रुचि जागेको छैन र शिक्षकले एकोहोरो कोच्याउने काम गरेको अवस्थामा सिकाइ प्रभावकारी नहुनुको साथै सिकाइ पनि हुन सक्दैन । त्यसैले विद्यार्थीहरूमा चाहेको परिवर्तन आउन सक्दैन र ऊ एउटा सफल शिक्षक पनि हुन सक्दैन ।

सामाजिक शिक्षाको विषय शिक्षकले शिक्षण गर्दा ध्यान दिनुपर्ने विषयहरूः

(१) सामाजिक शिक्षा शिक्षण गर्दा पाठ/शीर्षकको स्वभावअनुसार शिक्षण विधि र प्रविधि अपनाउनुपर्दछ ।

(२) शिक्षकले विभिन्न विषयमा निर्णय दिन सक्नुपर्दछ ।

(३) शिक्षकले अत्याधुनिक वस्तुको ख्याल गर्नुपर्दछ ।

(४) शिक्षण विधि प्रविधिको बारेमा शिक्षकलाई जानकारी हुनुपर्छ ।

(५) व्यवसायी र प्रयोगात्मक पक्षमा बढी जोड दिनुपर्दछ ।

सामाजिक शिक्षा शिक्षण गर्न शिक्षकले व्यापक अध्ययन गरेको हुनुपर्दछ । सामाजिक अध्ययन विषय शिक्षणका लागि सामाजिक विज्ञानका सम्पूर्ण विषयको जानकारी लिएर मात्रै पुग्दैन । सामाजिक अध्ययन भनेको समुदायको अध्यापन हो जसले समुदाय उन्मुख भएर अध्ययन गरेको हुन्छ । समुदायलाई नै सामाजिक शिक्षाको प्रयोगशाला भनिन्छ । तसर्थ विद्यार्थीहरूलाई व्यावहारिक ज्ञान दिनका लागि समुदाय भ्रमण गराइन्छ । समुदाय भ्रमणले समुदायको गहन अध्ययन हुन्छ । सामाजिक शिक्षाको व्यापकताले गर्दा यो विषय शिक्षण गर्ने शिक्षकमा ज्ञान, सीप र धारणाजस्ता विषयको विकास भएको हुनुपर्दछ । सामाजिक शिक्षाले समुदाय र राष्ट्रका लागि अनुशासित, परिश्रमी, इमानदार नागरिक तयार गर्नु राष्ट्रको लागि ठूलो राहत हो । देशमा दक्ष नागरिक उत्पादन गर्न दक्ष र सफल शिक्षकको खाँचो पर्दछ ।

सफल शिक्षण र कुशल नागरिक उत्पादन गर्नका लागि दक्ष, विद्वान् व्यवसायप्रति उत्तरदायित्व र बहुआयामिक व्यक्तित्व भएको शिक्षक हुनुपर्दछ । विद्यार्थीको व्यक्तिगत आचरणको अध्ययन गरी उसको व्यवहारलाई अपेक्षित परिवर्तन ल्याउन पनि सफल शिक्षकको कार्यभित्र पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

एकाइ दश

१०. सामाजिक अध्ययनमा मूल्याङ्कन
EVALUATION IN SOCIAL STUDIES

१०.१ विषयगत र वस्तुगत परीक्षाको अर्थ र महत्त्व (Meaning and Importance of Subjective and Objective Test)

मूल्याङ्कनलाई परीक्षामा सीमित गर्ने प्रचलन पनि रहेको छ। तर परीक्षा मूल्याङ्कनमध्येको एउटा प्रक्रिया हो। मूल्याङ्कन केवल एउटा औपचारिक रूपमा मात्र हुनुहुँदैन। सामाजिक अध्ययनमा मूल्याङ्कन गर्ने प्रविधिहरू धेरै विकास भइसकेका छन्। तीमध्ये हाम्रो देशमा प्रचलित मूल्याङ्कनका केही प्रविधिहरू यहाँ प्रस्तुत गरिएको छ।

(क) अवलोकन
(ख) अन्तर्वार्ता
(ग) समाज मिति
(घ) अभिवृत्ति परीक्षा
(ङ) शिक्षक निर्मित परीक्षा
(च) आत्ममूल्याङ्कन
(छ) समूह मूल्याङ्कन
(ज) व्यक्ति सञ्चय
(झ) रचनात्मक कार्य आदि पर्दछन्।

उल्लेखित मूल्याङ्कनका साधन विविध प्रकारका अपेक्षित उद्देश्यहरू मापन गर्नमा प्रयोग गरिन्छ। मूल्याङ्कनका साधनको छनोट गर्दा कुन उद्देश्य मापन गर्ने हो ? त्यसको ख्याल गर्नु नितान्त आवश्यक पर्दछ। विद्यार्थीको अभिवृत्ति, रुचि र गुणजस्ता विषयको मूल्याङ्कन गर्नुपर्दा अवलोकन, अन्तर्वार्ता र समाज मितिको प्रयोग गरिन्छ भने संगठन, शैली, व्याख्या विश्लेषणजस्ता विषयको परीक्षण गर्दा विषयगत परीक्षाको उपयोग गरिन्छ। तथ्यात्मक विषयवस्तुको लागि वस्तुगत परीक्षालाई नै प्रयोगमा ल्याइन्छ। विद्यार्थीहरूको उपलब्धि थाहा पाउनको लागि शिक्षक निर्मित परीक्षा (Teacher made test) को तर्जुमा गरिन्छ। यसले विद्यार्थीहरूको क्षमता र सीपको परीक्षण गर्दछ। शिक्षक निर्मित परीक्षाद्वारा विषयगत र वस्तुगत दुवै परीक्षालाई प्रयोगमा ल्याउन सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

१०.२ विषयगत परीक्षा (Subjective Test)

यो परीक्षा, विचारात्मक, ज्ञानात्मक र निबन्धात्मक भएकोले विद्यार्थीहरूको मौलिकताको मूल्याङ्कन गरिन्छ। प्राथमिक तहमा यो परीक्षा त्यति उपयोगी हुँदैन तर निम्न माध्यमिक र माध्यमिक तहमा यसले विद्यार्थीमा भएको अन्तर्निहित क्षमतालाई व्यक्त गर्ने अवसर प्रदान गर्दछ। विद्यार्थीहरूले आफूसँग भएको विषयवस्तुलाई आवश्यकताअनुसार क्रम मिलाएर स्वतन्त्र रुपमा व्यक्त गर्ने अवसर यो परीक्षाले प्रदान गर्दछ। शिक्षकलाई सबै एकाइ परीक्षामा समावेश गर्न कठिन भए तापनि विद्यार्थीहलाई लेखन शक्ति, विचारशक्ति, शब्दभण्डार आदि बलियो बनाउन मद्दत गर्दछ। विद्यार्थीहरूले आर्जिएको ज्ञानलाई स्वतन्त्र रुपमा सिर्जनात्मक, आलोचनात्मक तरिकाले आफ्नो मौलिकतालाई व्यक्त गर्ने अवसर यस परीक्षाले प्रदान गर्दछ।

यो परीक्षाबाट सही मूल्याङ्कन हुँदैन, मूल्याङ्कन गर्न कठिन हुन्छ। मूल्याङ्कन गर्दा प्रत्येक परीक्षकले फरक-फरक अंक प्रदान गर्छन् भन्ने जस्ता गुनासाहरू पनि नआएका होइनन्। तर पनि यसलाई मूल्याङ्कन गर्दा नमुना उत्तर र निश्चित मापदण्ड तयार गरी परीक्षा लिन सकिन्छ उक्त परीक्षामा सोधिने प्रश्नमा निश्चित उत्तर आउने हुनुपर्दछ। जसले गर्दा मापन गर्न सजिलो हुन जान्छ। यो परीक्षाको सामाजिक अध्ययनमा विशेष महत्त्व रहेको छ।

विषयगत परीक्षा निम्नलिखित ढाँचामा तयार गर्न सकिन्छ ।

(१) निबन्ध लेख
(२) वर्णन गर
(३) तुलना गर
(४) विचार देऊ
(५) छलफल गर
(६) विश्लेषण गर
(७) पुष्टि गर
(८) मूल्याङ्कन गर आदि शब्द यसअन्तर्गतको परीक्षामा प्रयोग गरिन्छ।

१०.२.१ छोटो उत्तर आउने परीक्षा (Semi-Objective test / short answer test)

विषयगत परीक्षा ज्यादै विस्तारित र वस्तुगत परीक्षा ज्यादै संक्षेपमा हुने भएकोले बीचको अर्धवस्तुगत परीक्षा (Semi- objective test) छोटो उत्तर आउने परीक्षाको प्रणालीले व्यापकता छाएको छ। केवल निर्धारित शब्द, वाक्य र हरफ र केही अपेक्षित बुँदा मात्र सोचेर लेख्नुपर्ने यस परीक्षा प्रणालीबाट परीक्षार्थी र परीक्षक दुवैलाई सुविधायुक्त मानिन्छ। यो प्रणाली परीक्षण गर्दा केही झन्झट लागे पनि उत्तर *कुञ्जिका* तयार गरी परीक्षण गर्दा अंकमा विश्वसनीयता आएको पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

लघु उत्तरात्मक प्रश्नहरू निम्न ढाँचामा तयार गर्न सकिन्छ ।

(१) परिभाषा देउ
(२) उदाहरण देऊ
(३) फरक देखाऊ
(४) परिचय देऊ,
(५) सूची तयार गर
(६) कारण देऊ
(७) टिप्पणी लेख
(८) छनोट गर
(९) संक्षेपीकरण गर
(१०) के, को, कहाँ, कसरी, कहिले आदि शव्दजस्ता प्रयोग गरी प्रश्न बनाउने

यस्ता प्रश्नहरूवाट निश्चित र निर्धारित गरिएको उत्तर आउने भएकोले फरक-फरक शिक्षकबाट परीक्षण गर्दा पनि अंकनमा कुनै फरक आउँदैन ।

१०.२.२ विषयगत परीक्षाको महत्त्व (Importance of Subjective Test)

(१) विद्यार्थीको उपलब्धिको वैधतापूर्ण मापन गर्न सकिन्छ ।
(२) विषयवस्तुलाई संगठन गर्ने र क्रमवद्ध सिलसिला मिलाएर लेखे-नलेखेको मूल्याङ्कन गरिन्छ ।
(३) यसबाट मौलिकता मापन गर्न सकिन्छ ।
(४) विद्यार्थीले क्षमता प्रदर्शन गर्ने मौका पाउँछन् ।
(५) विद्यार्थीमा स्वत: विचार गरेर कामगर्ने सीपको विकास हुन्छ ।
(६) प्रश्न पत्र निर्माण गर्न सजिलो हुन्छ ।
(७) प्रश्नको प्रतिलिपि बनाइरहनु पर्दैन ।

१०.३ वस्तुगत परीक्षा (Objective Test)

वस्तुगत परीक्षाले वास्तविक वस्तुस्थितिको निर्णय दिने काम होइन । यसले विषयको विशाल क्षेत्रको प्रतिनिधित्व गर्ने भएकोले तथ्य तथ्याङ्कसँग सम्वन्धित यो परीक्षाको आफ्नै किसिमको महत्त्व छ । यसमा सुरुका प्रश्न केही सरल रूपका हुन्छन् । पछि आउने प्रश्न केही कठिन बनाइन्छ । प्रश्न तयार गर्दा समूह छुट्याएर गरिन्छ । प्रश्नहरू धेरै हुने भएकाले सबै एकाइ समेटेर प्रश्न निर्माण गरिन्छ । यसमा प्रश्न निर्माण गर्न जति कठिन हुन्छ, उत्तर पुस्तिका परीक्षण गर्दा धेरै सजिलो हुन्छ । परीक्षणका लागि key तयार गरिने भएकोले जो परीक्षकले पनि परीक्षण गर्न सक्दछ । परीक्षणपछिको अंकमा पनि फरक आउँदैन । एकाइ परीक्षा बारम्वार लिने गरेको छ भने त्यही परीक्षाबाट प्रश्न छनोट गर्दा अन्तिम परीक्षा तयार गर्न सजिलो हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

यो परीक्षाबाट विद्यार्थीहरूको सिकाइ, सोचाइ र मौलिकताको मापन गर्न कठिन हुन्छ। प्रश्नहरू निर्माण गर्दा उद्देश्य र तहअनुसार हुनुपर्दछ। यो परीक्षाको आफ्नै किमिको महत्त्व रहेको छ। यसलाई चार तहमा वर्गीकरण गर्न सकिन्छ।

अ) वहु-वैकल्पिक छनोट (Multiple Choice):- यस परीक्षाबाट ज्ञान, सीप, धारणा, समझदारी तथा सम्बन्धको परीक्षण गर्नु उपयुक्त देखिन्छ। यो वहु निर्वाचनले प्राप्त ज्ञानलाई मान्यता (Recognition) दिलाउन मद्दत गर्दछ। यसमा एउटा प्रश्न र त्यसको सम्भावित उत्तर विकल्पको रूपमा चार (४) वटासम्म दिएका हुन्छन्। त्यसमध्येका ठीक उत्तरमा दिएको संकेतअनुसार गोलो लगाउने वा (√) ठीक चिन्ह लगाउने (o) र √ लगाउन भनिन्छ। एउटा प्रश्नमा चारवटामध्ये एउटै मात्र ठीक उत्तर हुन्छ। तर हेर्दा चारवटै उस्तै देखिन्छन्। त्यसमा गहन अध्ययनले मात्र फरक छुट्याउन सकिन्छ। वर्तमान समयमा यो परीक्षा बढी प्रचलनमा आएको छ।

आ) जोडा मिलाउने (Matching):- जोडा मिलान प्रश्न वस्तु वा स्थिति एक अर्कोसँगको सम्बन्ध देखाउन प्रयोग गरिन्छ। यस परीक्षामा समय, घटना, स्थान, व्यक्ति वा वस्तुको एक अर्कोसँग सम्बन्ध देखाउन वा जोडा मिलाउन सकिन्छ। यसमा शब्द र तस्वीर दिएर शब्दसँग तस्वीर क्रमिक रूपमा मिलाएर राख भन्न सकिन्छ। साथै खण्ड (क) र (ख) बनाएर क्रमशः क र ख मा दिएका वस्तुलाई मिलाऊ भन्ने प्रश्न तयार गर्न सकिन्छ। जसले गर्दा विषय, समय, आदिको तथ्यता पाउन सकिन्छ। यो परीक्षा विशेष गरी प्राथमिक र निम्न माध्यमिक विद्यालय तहसम्म पनि प्रयोगमा ल्याउन सकिन्छ। तर उच्च शिक्षामा यसको प्रयोग हुँदैन।

इ) ठीक वेठीक (True and False):- यो परीक्षा विद्यार्थीहरूका लागि धेरै सजिलो भएको महसुस हुन्छ। त्यसैकारण यसलाई प्राथमिक तहमा बढी प्रयोग गरिन्छ। किनकि त्यस तहमा विद्यार्थीलाई कुनै पनि विषयको धारणा बलियो बनाउनको लागि यो परीक्षाको प्रयोग गरिन्छ। यसमा पुस्तकको कुनै वाक्य दिएर हो या होइन, ठीक छ वा छैन भन्ने कुरालाई परीक्षण गरिन्छ। यसमा वाक्यको अन्तिममा ठीक भए ठीक र बेठीक भए बेठीक लेख्न लगाइन्छ। ठीक भए (√) र बेठीक भए (×) चिन्ह प्रयोग गर्न भनिन्छ। यो परीक्षालाई परीक्षणको निम्न साधनको रूपमा लिइन्छ। तसर्थ यसलाई तल्ला तहका विद्यार्थीको लागि प्रयोग गरिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

ई) खाली ठाउँ भर्न (Completion or fill in):- परीक्षाका साधनहरूमा खाली ठाउँ भर्ने पनि एउटा साधन हो । यो परीक्षा पनि विशेष गरी विद्यालय तहमा प्रयोगमा ल्याइन्छ । प्रश्न निर्माण गर्दा प्रश्नको बीचमा खाली ठाउँ राखी विद्यार्थीहरूलाई भर्न भनिन्छ । विद्यार्थीहरूले दिएको खाली ठाउँमा आफूले अध्ययन गरी आर्जेको ज्ञान र सीपको आधारमा त्यही शब्द चयन गर्न सकून जुन शब्द त्यस खाली ठाउँको लागि उपयुक्त हुन्छ । यसमा यस्तो प्रश्न दिइन्छ, खाली ठाउँ पूरा गर्दा वाक्य पूरा हुनुको साथै त्यसको पूर्ण अर्थ पनि लाग्दछ । चाहेको उत्तर आउँदा अर्थ स्पष्ट खुल्ने हुन्छ । खाली ठाउँमा घटना, समय, स्थान, कुनै एक शब्द मात्र लेख्नुपर्ने हुन्छ । सुरुमा खाली ठाउँ राख्ने, वढी शब्द भर्नुपर्ने, अनिश्चित उत्तर आउने, अनुमान गर्न सकिने प्रश्न बनाउनुहुँदैन ।

१०.३.१ वस्तुगत परीक्षाको महत्त्व (Importance of Objective Test)

(१) परीक्षण गर्न सजिलो हुन्छ ।
(२) अंकनमा फरक आउँदैन ।
(३) Key को प्रयोगले कुनै पनि शिक्षकबाट परीक्षण गर्न सकिन्छ ।
(४) उद्देश्यलाई मापन गर्न सजिलो हुन्छ ।
(५) कमजोर बिद्यार्थी छिट्टै पत्ताल गाउन सकिन्छ ।
(६) विद्यार्थीको विविध उपलब्धिलाई मापन गर्न सकिन्छ ।

१०.४ अवलोकन (Observation)

शिक्षण सिकाइपछि कक्षाभित्र र बाहिर पनि विद्यार्थीहरूको व्यवहारमा आएको परिवर्तनलाई लेखाजोखा गर्न सकिन्छ । यसरी लेखाजोखा गर्ने क्रमलाई अवलोकन भनिन्छ । अवलोकनबाट विद्यार्थीमा देखा परेका उपलब्धि र विकासका संकेतलाई बुझेर उनीहरूमा रहेका विद्यमान समस्याहरूको गहन अध्ययन गरी त्यसलाई समाधान गर्न सकिन्छ । अवलोकन सुनियोजित (Systematic) र उद्देश्यमूलक (Objectivity) हुनुपर्दछ । अवलोकनलाई व्यवस्थित गर्नका लागि केही मापदण्ड निर्धारण गर्न सकिन्छ । अवलोकनका क्रममा मूल्याङ्कनकर्ता सँग एउटा नोटवुक र कलम हुनुपर्छ, उक्त नोटवुकमा अवलोकनका क्रममा देखा परेका आवश्यक बुँदाको टिपोट गरिन्छ । रुचि र धारणाजस्ता विषयको अवलोकन गर्दा नोट/टिप्पणीले धेरै फाइदा गर्छ । अवलोकन कुनै पनि घटनामा आधारित र क्रमबद्ध हुनुपर्दछ ।

(क) विद्यार्थीको व्यवहार

(१) साथीसँग मिलेर काम गर्ने ।
(२) अरूको काममा वाधा नगर्ने ।
(३) जिम्मेवारीपूर्ण काम गर्ने आदि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

(ख) **स्थितिअनुसार अवलोकन गर्नेः** कुनै काम विद्यार्थीलाई गर्न लगाउने र त्यो काम विद्यार्थीले कसरी गऱ्यो अवलोकन गर्ने ।

(ग) **विद्यार्थीको अभिलेख राख्नेः** विद्यार्थीको क्रियाकलापको व्यक्तिगत अभिलेख राख्ने र त्यसैको आधारमा प्रतिवेदन तयार गर्ने ।

अवलोकनबाट मूल्य, मान्यता, दृष्टिकोण, व्यक्तित्व आदिको परीक्षण गर्न सकिन्छ । त्यस्तै अन्तर्वार्ताले विद्यार्थीको मनोभावना बुझ्न सकिन्छ । अवलोकनबाट विद्यार्थीमा भएको विशेष रुचि, दृष्टिकोण, व्यक्तित्व र साक्षात्कार रूप थाहा पाउन सकिन्छ । तर यसलाई सहानुभूतिपूर्ण स्वच्छ ढंगले छलफलको वातावरण तयार गरी विचार पुऱ्याएर प्रस्तुत गर्नुपर्छ ।

विद्यार्थी आफ्नो व्यवहारको प्रगति तथा नतिजाको गुण ग्रहण गर्न प्रत्यक्ष अवलोकन सहायक हुन्छ । विद्यार्थी समूहमा रहँदा कसरी रहन्छ र प्रतिवेदन पेश गर्दा, वा प्रस्तुत गर्दा कसरी गर्दछ, उक्त विषयको बारेमा शिक्षकले अवलोकनबाट मापन गर्न सक्दछन् ।

१०.४.१ अवलोकनका साधनहरू

१. शिक्षकले हेरेका, देखेका कुराहरू नबोलिकन अवलोकन गर्न सकिन्छ ।
२. घटनावृत्ति अभिलेखनबाट विद्यार्थीको व्यक्तिगत मूल्याङ्कन गर्न सकिन्छ ।
३. स्तर निर्धारण गरेर जस्तैः A, B, C र D बाट मूल्याङ्कन गर्न सकिन्छ ।
४. (क) अक्षरबाटः क, ख, ग, घ आदि लेखी मूल्याङ्कन गर्न सकिन्छ ।
   (ख) प्रतिशतद्वारा २५, ५०, ७५ इत्यादि ।
   (ग) शिक्षक निर्मित परीक्षा विधिबाट ।
   (घ) शिक्षकले कुन विधिबाट अवलोकन गर्ने हो ? र कसी लगाउने हो ? शिक्षकहरूद्वारा नै निर्धारण हुन्छ ।

१०.५ अभिवृत्ति परीक्षा (Attitude Test)

सामाजिक शिक्षा अध्ययन अध्यापनका क्रममा मूल्याङ्कन गर्दा प्रयोगमा आउने परीक्षामध्ये अभिवृत्ति पनि एउटा प्रमुख परीक्षाभित्र पर्न आउँदछ । समुदायमा देखापरेका समसामयिक सामाजिक, राजनैतिक, आर्थिक समस्या र घटनाहरूको अध्ययन अनुसन्धान गरी यथार्थ पत्ता लगाउनका लागि मापन गर्ने प्रमुख साधनका रुपमा यसलाई उपयोग गर्न सकिन्छ । कुनै एउटा घटनाको सवाललाई लिएर कुनै निश्चित क्षेत्रमा अनुसन्धानका लागि छनोट गरिएका प्रश्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

उत्तरदाताहरूको व्यक्तिगत *अभिवृत्तिको* मत प्रश्नावली र अन्तरवार्ताबाट लिइन्छ। प्रत्येक प्रश्न उत्तरदाताबाट संकलन गरिएको अभिवृत्तिको मतको विश्लेषणबाट अध्ययन गर्न खोजिएको विषय वा घटनाप्रतिको अभिव्यक्ति पत्ता लाग्दछ।

अभिवृत्ति परीक्षाको इतिहास धेरै लामो छैन। यो परीक्षा बीसौं शताब्दीमा आएर विकास भएको पाइन्छ। सर्वप्रथम सन् १९३० मा यो परीक्षाको उपयोग भएको देखिन्छ। उक्त समयमा यो परीक्षा व्यवस्थित र वैज्ञानिक थिएन। यसले समुदायको व्यापार, व्यावसाय, राजनीतिक संघ, संगठन, सञ्चारका साधन, सरकार र विभिन्न शैक्षिक अनुसन्धानका विषयमा अभिवृत्ति मत सर्भेक्षण गर्ने काम गरेको पाइन्छ। यस किसिमको परीक्षा अमेरिकाको चुनावी अभियानमा मत खसाउनु अगावै मत संकलन गर्न प्रयोग भएको पाइन्छ। जसले गर्दा कुन पार्टी वा उम्मेदवारले कति मत प्राप्त गर्न सक्छ भन्ने कुराको अनुमान गर्न सकिन्छ। यसरी गरिएको चुनावी मत सर्भेक्षणले चुनावपछि आउने नतिजासँग मिल्दोजुल्दो देखाउने भएकोले पनि यसले अरू विश्वसनीयता पाएको हो। वर्तमान समयमा यो परीक्षा विशेषगरी सामाजिक, आर्थिक र राजनैतिक क्षेत्रको अभिवृत्ति मत संकलन गर्न प्रयोग भएको पाइन्छ। विद्यालय, विश्वविद्यालय र विभिन्न अनुसन्धान कार्यमा पनि यो परीक्षाको उपयोग गरिन्छ। यस किसिमको परीक्षाका लागि अभिवृत्ति मत सर्भेक्षण गर्दा स्थानीय भौगोलिक, सामाजिक, आर्थिक, वातावरणले प्रभाव पार्दछ। अभिवृत्ति मत सर्भेक्षण जातजाति, भाषा, धर्म, उमेर, लिङ्गजस्ता तत्त्वहरूले प्रमुख भूमिका निभाएका हुन्छन्। यस किसिमको परीक्षालाई प्रभाव पार्ने प्रमुख तत्त्व शिक्षा नै हो। शिक्षार्जन गर्ने व्यक्ति र निराक्षर व्यक्ति बीचमा अभिवृत्ति मत सर्भेक्षण गर्दा धेरै अन्तर आउँदछ। साथै यसलाई व्यक्तिको व्यक्तिगत इच्छा र उसको व्यक्तित्त्वले पनि प्रभाव पारेको हुन्छ। तसर्थ यस किसिमको परीक्षाबाट सही सूचना संकलन गर्न ज्यादै कठिन हुन्छ। विद्यालय तहमा शिक्षण गरिने सामाजिक शिक्षाजस्ता विषयमा भएका विद्यमान समस्याको बारेमा अनुसन्धान र खोजीमा यस किसिमको परीक्षालाई उपयोग गर्न सकिन्छ।

अभिवृत्ति निर्धारक तत्त्वहरू (Elements of attitude Determinents)

कुनै पनि व्यक्तिको अभिवृत्तिमा प्रभाव पार्ने प्रमुख तत्त्वहरूलाई यहाँ उल्लेख गरिएको छ।

१. सामाजिक वा सांस्कृतिक तत्वहरू (Social or Cultural factors)
२. मनोवैज्ञानिक तत्त्वहरू (Psychological factors)
३. कार्यगत रूपमा प्रभाव पार्ने तत्त्वहरू (Functional Factors)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

अभिवृत्ति मापन (Measurment of attitude)

विभिन्न व्यवसाय सामाजिक, आर्थिक, राजनैतिक क्षेत्रमा कार्यरत व्यक्तित्वहरू र विद्यालय, विश्वविद्यालयमा अध्ययन अध्यापन गर्ने व्यक्तित्वहरूको अभिवृत्ति मत संकलन गरी निम्नअनुसार मापन गर्न सकिन्छ।

(a) Direction (for and against) पक्ष र विपक्ष
(b) Degree (तह)
(c) Intensity/strength/depth तीव्रता, बल, गहिराइ
(d) Consistency स्थायित्व

उल्लेखित विधिबाट अभिवृत्ति मापन गर्नुपर्दा आवश्यकताअनुसार मत संकलनगर्न प्रश्नावली, अन्तर्वार्ता र अवलोकनको माध्यमबाट गर्न सकिन्छ। अभिवृत्ति मापनका लागि विभिन्न विद्वानहरूले आ-आफ्नो मापनको स्केल वा नापो यहाँ उल्लेख गरेका छन्।

१. **Thurstan's attitude scale :-**

यो नापो ज्यादै प्रचलित छ। तर यसले बढी समय लिने र मापन गर्न कठिन हुने भएकोले उनले प्रतिपादन गरेको अभिवृत्ति मापन स्केलकै आधारमा अन्य अभिवृत्ति मापन स्केलहरू विकसित हुनुको साथै बढी प्रचलनमा आएको पाइन्छ। तसर्थ Thurstan's attitude scale को प्रयोग कम हुँदै गएको छ।

२. **Likert's five point scale :-**

यो नापो Thurtrstan को भन्दा ज्यादै सजिलो छ। अनुसन्धानकर्ताले यो विधि सजिलैसँग प्रयोग गर्न सक्दछन्। यसमा प्रस्तुत गरिने तथ्यहरू सोभै विषय वा घटनासँग सम्बन्धित हुन्छन्। सम्बन्धित विषय वा घटनाबाट प्राप्त अनुभवको अभिवृत्ति मत लिन उत्तरदातालाई कुनै पाँचबटा बिन्दु विकल्पका रूपमा दिइन्छ। उक्त सवै बिन्दु विषय वा घटनासँग सम्बन्धित हुन्छन्। अभिवृत्ति मत सर्भेक्षण प्रश्नावलीमा पाँचवटा विकल्प दिइएको हुन्छ। जस्तै : धेरै असहमत, असहमत, तटस्थ, सहमत, धेरै सहमत। उक्त पाँचवटा विकल्पमध्ये आफ्नो स्वविवेकले कुनै एउटामा मत दिन सक्दछन्। यसरी समुदायका बहुसंख्यक व्यक्तिहरूको अभिवृत्ति मत संकलन गरेर विश्लेषण गरेको अवस्थामा घटनाप्रतिको सामूहिक अभिवृत्ति प्राप्त गर्न सकिन्छ। Likert को नापोबाट कुनै पनि विषय वा घटनाप्रतिको व्यक्तिगत र सामूहिक अभिवृत्ति मत मापन गर्न सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

३. Bogardus social distance scale

यसमा सामाजिक दूरी मापनको बारेमा उल्लेख गरिएको छ । मानिस सामाजिक प्राणी हो । एउटै समाजमा वा नजिक रहेर पनि आफ्नो सांस्कृतिक, परम्परा, लेनदेन, आवागमन आदि नमिलेको अवस्थामा सामीप्य र मित्रता कायम हुन सक्दैन । जबकि कुनै समुदायवाट धैरै टाढा रहेर पनि सांस्कृतिक मूल्य मान्यता भेष-भूषा, भाषा शैली, व्यापार, व्यवसायको घनिष्ट सम्बन्धले सामाजिक दूरतालाई नजिक वनाएको हुन्छ । लेनदेन र आवागमनमा बारम्बारता आएको अवस्थामा पनि सामाजिक सम्बन्ध ज्यादै नजिक भएको महसुस हुन्छ । यसरी दूरीको आधारमा नभएर सामाजिक सम्बन्धको आधारमा सामाजिक दूरताको मापन गरिन्छ ।

४. Scale of attitude towards teaching

Coombs and travers ले शिक्षण सम्बन्धमा अभिवृत्ति मापन गर्ने Scale निर्धारण गरेका छन् । शिक्षण सिकाइ व्यवसायमा लागेका व्यक्तिहरूको अभिवृत्ति मापनका लागि यो Scale को प्रयोग गरिन्छ । यस किसिमको मापनमा प्रयोग गरिने प्रश्नावलीले केवल हो वा होइन भन्ने उत्तर खोजेको हुन्छ । यसमा आफूलाई ठीक लागे हो र ठीक नलागे होइन भन्ने उत्तर दिए पुग्दछ ।

उल्लेखित मापन विधिहरू विद्यालय र विश्वविद्यालयमा अध्ययन अध्यापन गर्ने शिक्षक विद्यार्थीहरूको लागि पनि उपयोगी हुने देखिन्छ । यस किसिमको अभिवृत्ति मापन केवल शिक्षण सिकाइमा मात्र प्रयोग नभएर विभिन्न व्यापार व्यवसाय, सामाजिक संघ-संस्था, सरकारका कार्य राजनीतिक पार्टी आदिको वारेमा पनि व्यक्तिगत अभिवृत्तिको मत संकलन गरी सम्वन्धित विषय वा घटनाप्रतिको यथार्थ अभिवृत्ति पत्ता लगाउन सकिन्छ । अभिवृत्ति मत संकलन गर्दा स्थानीय वातावरणमा रहेका विद्यमान सामाजिक, आर्थिक, राजनैतिक समस्याका कारणले गर्दा पनि अभिवृत्ति मत संकलनमा प्रभाव पारेको हुन्छ । जसको फलस्वरुप विषय वा घटनाको वारेमा पत्ता लगाउन खोजिएको तथ्य नआउन पनि सक्छ ।

१०.६ समाजमिति (Sociometry):

सामाजिक सम्वन्ध विकासको मूल्याङ्कन गर्न वा मापन गर्न समाजमितिको प्रयोग गरिन्छ । विद्यालयमा अध्ययन गर्ने वालबालिकाले आफ्नो साथीहरू बारम्वार वदलिरहने हुनाले उनीहरूमा आएका परिवर्तनको मूल्याङ्कन समाज मितिबाट गर्न सकिन्छ । जव वालवालिका ११, १२ वर्षमा पुग्छन् तब उनीहरूमा स्थायी साथी वनाउने वानीको विकास भएको हुन्छ । एउटै कक्षामा अध्ययन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

गर्ने विद्यार्थीहरूबीच भएको सामाजिक सम्बन्ध र मेलमिलाप कस्तो हुन्छ ? कक्षामा कसलाई सबै भन्दा बढी मन पराउँदछन् र कसलाई कम मन पराउँछन्? आदिको मूल्याङ्कन यस विधिबाट गर्न सकिन्छ। जुन विद्यार्थीलाई कक्षामा सबैले बढी मनपराउँछन् उसले कक्षामा सबैसँग मेलमिलाप र सामाजिक सम्बन्ध पनि राम्रो राखेको हुन्छ। उसले अरू विद्यार्थीलाई आवश्यक पर्दा सहयोग गर्न र सहयोग लिन पनि सक्दछ। उसको सहयोगले अरू विद्यार्थीमा पनि सामाजिक सम्बन्धको विकास हुन्छ। जुन विद्यार्थीलाई कक्षामा अरू विद्यार्थीले हेयको दृष्टिकोणले हेरेका हुन्छन्, उसलाई सामाजिक अवस्थामा मानसिक तनाव र मनोवैज्ञानिक तवरबाट पनि सामाजिक डोमिनेट भएको महसुस गरेको हुन्छ। जसको फलस्वरूप उसले कक्षामा हासिल गर्नुपर्ने ज्ञान, सीप र सामाजिक व्यवहारमा आउनुपर्ने परिवर्तन पनि आउन सकेको हुँदैन। समाजमा उसको उच्च मनोबलको विकास हुन पनि सक्दैन।

समाजमिति परीक्षाले विद्यार्थीमा आउने सामाजिक परिवर्तन र विद्यार्थी विद्यार्थीबीचको घुलमिलको बारेमा मूल्याङ्कन गर्न सकिन्छ। यसबाट निम्न अनुसारको फाइदा हुन्छ।

(१) कक्षामा प्रभावकारी नेताको छनोट गर्न।
(२) कक्षामा बढी मन पराउने विद्यार्थीको छनोट गर्न।
(३) विद्यार्थीको सामाजिकस्थिति पत्ता लगाउन।
(४) कक्षामा वा अन्य कुनै पनि क्षेत्रमा कार्य व्यवस्थापन राम्रोसँग सञ्चालन गर्न।

विद्यार्थीहरूबीचमा साथीको छनोट गर्दा त्यहाँको वातावरणले पनि प्रभाव पारेको हुन्छ। कक्षामा कुन विद्यार्थीले कोसँग कस्तो सम्बन्ध राखेको छ ? कसलाई बढी साथीले मन पराउँछन् कसलाई कम साथीले मन पराउँछन् र कसलाई कोही पनि साथीले मन पराउँदैनन् आदि विषय समाजमिति परीक्षाबाट पत्ता लगाउन सकिन्छ। कोही विद्यार्थी समूह बनाउने र समूहमा हिंड्न मन पराउँछन् भने कोही विद्यार्थी कोही पनि साथी नपाएर एक्लै एकलकाटे हुन्छन्। यी सबै कुरा थाहा पाउन सामाजिक स्तर गणना (Sociometric status score) का लागि तीन तहका कार्यहरू पूरा गर्नुपर्छ।

क) प्रश्न तयार गर्ने।
ख) तालिकामा तथ्याङ्क प्रस्तुत गर्ने।
ग) विश्लेषण गर्ने।

(क) प्रश्न तयार गर्नेः- विद्यार्थीहरूले कार्य ढाँचा र अवस्थाअनुसार सहयोगी साथीहरूको छनोट गर्दछन्। खेल खेल्दा कुनै साथीसँग सम्पर्क गर्दछन् भने कक्षामा अध्ययन गर्दा अर्कै साथीको छनोट गर्दछन्। अरू काम गर्दा अर्कै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

साथीको छनोट गर्दछन् । तर केही विद्यार्थीहरू कुनै पनि समयमा जहाँ रहँदा पनि एउटै साथीलाई मात्र बनाएको हुन्छ । कक्षामा कसका कति साथीहरू छन् ? कक्षामा सबैभन्दा प्रिय को छ ? आदिको मापन समाजमितिवाट गरिन्छ । यसलाई मापन गर्न निम्न प्रकारका प्रश्नहरू तयार गरिएको हुन्छ ।

(१) खेल खेल्दा कोसँग खेल्न चाहन्छौं ? (अ) .... । अर्को (आ) .... । फेरि अर्को (इ)..............................

(२) कक्षामा सँगैबस्दा कसलाई मन पराउँछौ ? (अ)........................। अर्को (आ) .... । फेरि अर्को (इ) ....

(३) गृहकार्य कोसँग बसेर गर्न चाहन्छौं ? (अ) .... अर्को (आ) ....। फेरि अर्को (इ) ....

तीनवटा प्रश्नले प्रत्येक तीन-तीन वटा साथीको छनोट गर्नुपर्छ । प्रत्येक विद्यार्थीले ९ जना साथी छान्दछन् । प्रश्न प्रयोग गर्दा आवश्यकताअनुसार विद्यार्थीको वसाइँलाई पनि परिवर्तन गर्नुपर्ने हुन्छ । कक्षामा विद्यार्थीको बसाइ मिलाएर मात्र समाजमिति परीक्षा लिन सकिन्छ ।

ख) तालिका बनाउनेः- कुन विद्यार्थीले कुन प्रश्नमा कति अंक पाएको छ । त्यसलाई तालिकामा प्रस्तुत गर्नुपर्दछ ।

विद्यार्थी	कृष्ण	सञ्जय	सुबोध	सरला	संगीता	संपना	सघनता गणना
कृष्ण	-	010	101	111	-	111	4
सञ्जय	100	-	011	110	011	101	5
सुबोध	011	110	-	011	100	101	5
सरला	111	010	101	-	100	011	5
संगीता	111	001	110	-	-	111	4
सपना	110	101	011	010	101	-	5
प्रश्नगत छनोट	4 4 3	2 3 2	3 3 4	2 4 2	3 1 2	4 3 5	
प्राप्ताङ्ग	11	7	10	8	6	12	
छानोट संख्या	5	5	5	4	4	5	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

ग) विश्लेषणः- प्रस्तुत तालिकाबाट कक्षाका विद्यार्थीहरूमा कुन विद्यार्थीलाई बढी मन पराउँदा रहेछन् र कुन विद्यार्थीलाई कम मन पराउँदा रहेछन् भन्ने कुरा स्पष्ट देखिन्छ । कृष्णले पहिलो प्रश्नमा सुबोध, सरला, सपनालाई छानेको छ । दोस्रोमा सञ्जय, सरला र सपनालाई छानेको छ भने तेस्रो प्रश्नमा सुबोधा सरला र सपनालाई छानेको छ । त्यस्तै सञ्जयले पहिलो प्रश्नमा कृष्ण, सरला र सपनालाई छानेको छ। त्यस्तै दोस्रो प्रश्नमा सुबोध, सरला र संगीतालाई छानेको छ भने तेस्रोमा सुबोध, संगीता, र सपनालाई छानेको छ। त्यसैगरी सुबोध, सरला संगीता र सपनाले पनि आफूलाई मन परेका साथीको छनोट गरेका छन् ।

तालिकाको दायाँ छेउमा सघनता राखिएको हुन्छ भने तल प्रत्येक विद्यार्थीले प्रत्येक प्रश्नमा आफूले प्राप्त गरेको अंक राखिएको छ। जस्तै कृष्णले प्राप्त गरेको पहिलो प्रश्नको अंक ४, दोस्रोमा ४ र तेस्रोमा ३ रहेको छ। उसले प्राप्त गरेको जम्मा अंक ११ र सघनता ४ भएको पाइन्छ। त्यस्तै सञ्जयले पहिलो प्रश्नमा २, दोस्रो ३ र तेस्रोमा २ अंक प्राप्त गरी जम्मा ७ अंक पाएको छ भने उसलाई ५ जना विद्यार्थीले मन पराएका रहेछन्। त्यस्तै सपनाले पहिलो प्रश्नमा ४, दोस्रोमा ३ र तेस्रोमा ५ अंक गरी जम्मा १२ अंक प्राप्त गरी सबैभन्दा बढी अंक पाएकी छन् । उनलाई सबैभन्दा बढी विद्यार्थीले मन पराउँदा रहेछन् । संगीताले पहिलो प्रश्नमा ३, दोस्रोमा १ र तेस्रोमा २, अंक प्राप्तगरी जम्मा ६ अंक पाएकी छन् अर्को सघनता पनि ४ छ। उनलाई कम विद्यार्थीले मन पराउँदा रहेछन् ।

प्राप्त कुल छनोटलाई समाजमितिय स्तरगणना (Sociometric status score) भनिन्छ । तथ्याङ्कको विश्लेषण तालिकाको आधारमा गर्न सकिन्छ ।

(१) धेरै छनौट पाउने विद्यार्थी, ज्यादै बुद्धिमान्, नेतृत्व लिने किसिमको, मिलनसार, व्यक्तित्व भएको हुनुपर्दछ ।

(२) धेरै छनोट नपाउने विद्यार्थी समाजमा मिल्न नसक्ने मानिन्छ । ती विद्यार्थी, वेढङ्गी, कुरुप, अपाङ्ग, बामपुड्के, कालो, दुब्लो, बढी मोटोजस्ता पर्दछन् ।

(३) कक्षामा केटाले केटामात्र र केटीले केटीमात्र छानेको भए संकुचित भावना भएको मानिन्छ । केटाकेटी दुवैलाई मिलाएर छनोट गरेको खण्डमा त्यस्तो भावना देखिंदैन ।

(४) १०, १२ पढेका केटाकेटीमा समलिङ्गी छनोट गर्ने प्रवृत्ति पाइन्छ ।
प्राप्त अंक ०-३ औसत भन्दा धेरै कम ।
प्राप्त अंक ४-८ औसत भन्दा कम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

प्राप्त अंक ९ औसत
प्राप्त अंक १० औसत भन्दा माथि
प्राप्त अंक १५ औसत भन्दा धेरै माथि ।

प्रत्येक विद्यार्थीले एउटा प्रश्नमा तीन र तीनवटा प्रश्नमा ९ जनालाई छनोट गर्न पाउने भएकोले ५ विद्यार्थीले त ४५ अंक प्राप्त गर्न सक्दछन् । प्राप्त अंकलाई ५ ले भाग गर्दा औसतमा ९ आउँदछ । यसमा केटा र केटी दुवै छानेका छन् । कक्षामा बढी सबैले मन पराएकी केटीमा सपना र केटामा कृष्ण छन् । किन कि सपनाले १२ अंक र कृष्णले ११ अंक पाएका छन् । कक्षामा कम विद्यार्थीले मन पराउने केटीमा संगीता केटोमा सञ्जय हुन् । संगीताले छ अंक र सञ्जयले ७ अंक पाएका छन् । यों प्राप्त अंक औसत भन्दा तल पर्दछ । कक्षामा वा कुनै पनि सामाजिक कार्य क्षेत्रमा कसको सामाजिक सम्वन्ध कस्तो छ भनेर हेर्नको लागि समाजमितिको प्रयोग गरेर मूल्याङ्कन गर्न सकिन्छ ।

१०.६.१ समाजमितिको महत्त्व (Importance of Sociometry)

(१) समाजमितिवाट विद्यार्थीको सामाजिक सम्वन्ध थाहा पाउन सकिन्छ ।
(२) सवैभन्दा वढी र सबैभन्दा कम मन पराउने साथी थाहा पाउन सकिन्छ ।
(३) सामाजिक सम्वन्ध राख्न नसकेका विद्यार्थीलाई सामाजिक सम्वन्ध स्थापित गराउन सकिन्छ ।
(४) नेताको छनोट गर्न सजिलो हुन्छ ।

१०.७. विशेषीकरण चार्टको बनावट र प्रयोग (Construction and use of Specification Chart)

शिक्षण सिकाइ कार्यक्रममा व्यावहारिक उद्देश्यको छनोटलाई तालिकामा व्यक्त गर्न सकिन्छ। छनोट गरिएको उद्देश्य पूरा गर्नको लागि विभिन्न प्रकारका प्रश्नपत्र तयार गरिन्छ । ज्ञान, सीप, अभिवृत्ति वा धारणा, पाठ्यवस्तु, प्रश्नपत्रका प्रकार र संख्या अंकभार आदि समावेश गरी तयार गरिएको तालिकालाई विशेषीकरण तालिका भनिन्छ । अर्को शब्दमा भन्नुपर्दा विशेषीकरण तालिका दुई आयाम भएको तालिका हो । जसले शैक्षिक उद्देश्यलाई पाठ्य विषयसँग सम्वन्धित गराएर प्रत्येक सिकाइको व्यावहारिक उद्देश्य वा उपलब्धिलाई जोड दिनुपर्ने कुरा तोकेको हुन्छ ।

यसमा निम्न बुँदाहरू समावेश छन् ।
(१) विषयवस्तु र व्यावहारिक उद्देश्यको रूपरेखा ।
(२) पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

(३) परीक्षामा सोधिने प्रश्नहरूको स्तर ।
(४) प्रश्न संख्या र अंक भार ।
(५) प्रश्नहरू निर्माण गरिनुपर्ने स्वरूपको झलक

विशेषीकरण तालिकाको नमुना (specification chart)

कक्षा: मिति:
विषय: एकाइ:

क्र.सं.	व्यावहारिक उद्देश्य			पाठ्यवस्तु	प्रश्नको विवरण	नमुना प्रश्न	प्रश्न संख्या	प्रश्नमा अंक भार
	ज्ञान	सीप	अभिवृत्ति					
१								
२								
३								
४								
५								

....
विषय शिक्षक प्रधानाध्यापक

विशेषीकरण तालिकाको प्रयोग (Use of specification chart)

(१) शिक्षण सिकाइ कार्य सजिलो र प्रभावकारी बनाउँदछ ।
(२) विद्यार्थीको तह, क्षमता सीपलाई मध्यनजर गरी प्रश्नहरू तयार गरिन्छ ।
(३) प्रश्न छनोट गर्दा सबै पाठ्यांशलाई ढाकेर वा समेटेर तयार गरिन्छ ।
(४) प्रश्नहरू सजिला र असजिला सबै मिलाएर दिइन्छ ।
(५) प्रश्नमा देखिने अड्चन र सुराक हट्दछन् ।
(६) नमुना प्रश्नहरू पर्याप्त प्राप्त हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

एकाइ एघार

११. सामाजिक अध्ययनमा शैक्षणिक योजना

(INSTRUCTIONAL PLANNING IN TEACHING SOCIAL STUDIES)

११.१ परिचय (Introduction)

कार्य सञ्चालन गर्नु अगावै योजना तर्जुमा गर्नाले कार्यमा सजिलै सफलता प्राप्न गर्न सकिन्छ । शिक्षणजस्तो जटिल, मनोवैज्ञानिक कलात्मक कार्यको लागि पूर्व निर्धारित योजनाको आवश्यकता पर्दछ । शिक्षण योजना भन्नाले शिक्षण कार्यमा समावेश सम्पूर्ण कार्यको यस्तो योजना तयार गरिएको हुन्छ जसबाट अधिकतम उपलब्धि हासिल गर्न सकिन्छ । सामाजिक अध्ययन शिक्षण योजना भन्नाले निर्धारित उद्देश्य प्राप्तिका लागि गर्नुपर्ने कार्यक्रमको एउटा रुपरेखा हो । निर्धारित समयमा पूरा गर्न र छनोट गरिएको सीमित उद्देश्य प्राप्त गर्नको लागि उपयुक्त विधि र प्रविधि आवश्यक शैक्षिक सामग्री सम्बन्धमा पूर्व सोचाइ लिनु आवश्यक हुन्छ । जुन शिक्षणप्रतिको पूर्व सोचाइ हो, त्यो नै शिक्षण योजना हुन आउँदछ । बिना योजनाको शिक्षण बिना वहनाको डुङ्गा जस्तै हुन्छ । योजना बिना नै शिक्षण गर्दा निर्धारित समयभन्दा पहिले पाठ सकिने, समयमा पाठ नसकिने आदि हुन सक्दछन् । यस्तो अवस्थामा सामाजिक अध्ययनको पाठ्यक्रमले तय गरेका उद्देश्यहरू पूरा हुन नसक्ने अवस्था आउँदछ । तसर्थ भनिन्छ शिक्षण योजना असल शिक्षणको आधार हो ।

असल शिक्षण योजनाले शिक्षण कार्यक्रमको उद्देश्य प्राप्त गर्नको लागि विषयवस्तु र समयलाई बाँडफाँड गरी क्रमिक रुपमा शिक्षण कार्य गर्नका लागि मार्गदर्शन गर्दछ । सामाजिक अध्ययन शिक्षणमा निम्न अनुसारका योजना तर्जुमा गरी शिक्षण गर्न सकिन्छ ।

११.२ शैक्षणिक योजना (Instructional Planning)

कुनै पनि कार्य सञ्चालन गर्नु अगावै योजना तर्जुमा गरी सञ्चालन गर्नाले सजिलै सफलता प्राप्त गर्न सकिन्छ । शिक्षणजस्तो जटिल, मनोवैज्ञानिक र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

कलात्मक कार्यको लागि पूर्वनिर्धारित योजनाको अति आवश्यकता पर्न जान्छ। शिक्षण योजना भन्नाले शिक्षण कार्यक्रममा समावेश ती यस्ता योजनाहरू तयार गरिएका हुन्छन् जसले गर्दा शिक्षणबाट निर्धारित उद्देश्य प्राप्तिका लागि गर्नुपर्ने सम्पूर्ण कार्यक्रमको एउटा रूपरेखा हुन आउँछ। शिक्षण योजनामा प्राप्त गर्नुपर्ने उद्देश्य, विद्यार्थीको क्षमता, शिक्षकको दक्षता, पाठको स्वरूप, कक्षा कोठा, भौतिक साधन शैक्षिक सामग्री, समय आदि पर्दछन्। निर्धारित समयमा, निर्धारित उद्देश्य प्राप्त गर्नको लागि उपयुक्त शिक्षण विधि र प्रविधिमा पूर्व सोचाइ लिनु आवश्यक हुन्छ। जुन पूर्व सोच हो, त्यो नै शिक्षण योजना हुन आउँदछ। बिना योजनाको शिक्षण वहना बिनाको डुङ्गा हुन जान्छ।

योजना बिनाको शिक्षणले समयमा पाठ नसकिने, समयभन्दा धेरै पहिले पाठ सकिने, कुन पाठबाट कुन उद्देश्य प्राप्त गर्न खोजिएको हो, त्यो जानकारी नहुने हुँदा शिक्षण कार्यक्रमको उद्देश्य प्राप्त गर्नको लागि समय र विषयवस्तुलाई योजनाबद्ध तरिकाबाट बाँडफाँड गरी क्रमिक रूपमा शिक्षण कार्य गर्न मार्गदर्शन गर्दछ। सामाजिक अध्ययन शिक्षणका लागि निम्नअनुसारका योजना तर्जुमा गर्न सकिन्छ।

११.३ कार्ययोजना (Work Plan)

निर्धारण गरिएको समय अवधिभित्र उद्देश्य पूर्ण गरिने कार्यको रूपरेखाको तर्जुमा नै कार्ययोजना हो। Good का अनुसार "कार्य योजना अनेकौं प्रकारका कार्यहरू अनुभवहरूको एउटा केन्द्रित विषय हो, जसको चारैतिर एउटा संगठन हुन्छ, जुन शिक्षकको निर्देशनमा एउटा विद्यार्थी समूहद्वारा सहयोगपूर्ण ढंगले विकसित हुन्छ। जसमा योजना, योजनाको कार्यान्वयन र परिणामको मूल्याङ्कन पनि समावेश हुन्छन्।" "Work plan is an organization of a various activities experience and types of learning around a central theme, problem and purpose developed cooperatively by a group of people (Pupil) under director (teacher) leardership involves planning execution of plan and evaluation of results"

प्रत्येक विद्यालयले एक शैक्षिक सत्रका सम्पूर्ण कार्यक्रमहरू, पढाइ हुने दिन, सार्वजनिक विदा, चाड, पर्व उत्सव, परीक्षा र अन्य विद्यालयभित्र वा वाहिर गरिने कार्यकलापहरू उल्लेख गरेर कार्यतालिका (Operation Calender) तयार पारेका हुन्छन्। कार्यतालिकामा उल्लेख भएका दिनहरूको आधारमा समय-तालिका तयार पारिएको हुन्छ। कार्यतालिका र समय तालिकालाई ध्यानमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

राखी वार्षिक कार्ययोजना तर्जुमा गरिन्छ । यसमा समय अवधिलाई पहिलो प्राथमिकता दिइएको हुन्छ । शिक्षण कार्यमा समयलाई पाठ्यक्रम र पाठ्यपुस्तकको आधारमा बाँडफाँड गरिन्छ । सामाजिक अध्ययनका शिक्षकले वार्षिक कार्य योजना तयार गर्दा विद्यालय समयतालिकामा उपलब्ध घण्टीलाई ध्यानमा राखी उक्त समयको आधारमा पाठ्यपुस्तकमा उल्लिखित पाठ/शीर्षक एकाइलाई पढाइ हुने दिनको आधारमा बाँडफाँड गर्नुपर्छ । जसले गर्दा तोकिएका उद्देश्यहरू तोकिएको समयमा हासिल गर्न सकियोस् ।

११.३.१ वार्षिक कार्य योजनाको नमुना (Model of annual work plan)

कक्षा: ८ विषय : सामाजिक शिक्षा शै.स. २०६१

मिति	एकाइ पाठ/शीर्षक	परीक्षा	सहकार्यक्रम
२०६१/१/१०-०६१/१/१६ ०६१/६/१२-०६१/६/२०	आ-आफ्नो समुदाय र राष्ट्र (क) विकास क्षेत्रमा सञ्चालित आयोजनाहरू	———	———
	———	एकाइ परीक्षा	———
	———	———	———
———	———	———	———
———	———	———	———
२०६१/८/२५	———	———	विद्यालयको वार्षिकोत्सव
———	———	———	———
२०६१/१२/१५/२४	———	वार्षिक परीक्षा	———
———	———	———	———

....
 शिक्षक

....
 प्रधानाध्यापक

यो कार्य योजनामा प्रत्येक विद्यालयको क्रियाकलाप फरक-फरक पनि हुन सक्दछ । यसमा कक्षा सञ्चालन नहुने दिनहरू, एकाइ परीक्षाहरू, अर्धवार्षिक र वार्षिक परीक्षाहरू पनि उल्लेख गरिएका हुन्छन् । यसमा विद्यालयले एक वर्षभित्र गर्ने सम्पूर्ण कार्यहरू जस्तै वार्षिक उत्सव, जन्मोत्सव, विदा र अन्य विदाहरू उल्लेख गरिएको हुन्छ । वार्षिक कार्ययोजनाले शिक्षण सिकाइमा प्रमुख भूमिका निभाएको हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

११.३.२ कार्ययोजनाको महत्त्वः-

(१) कार्य योजनाले शिक्षण सिकाइमा क्रमवद्धता ल्याउँदछ।
(२) ठीक समयमा पाठ सक्न मद्दत गर्दछ।
(३) पाठ्यपुस्तकले दिएका उद्देश्य प्राप्त गर्न सहयोग गर्दछ।
(४) शिक्षण सिकाइमा शिक्षक र विद्यार्थीलाई सहीबाटो हिँड्न निर्देशन गर्दछ।
(५) शिक्षण सिकाइमा एकरुपता ल्याउन प्रयास गर्दछ।
(६) हचुवा शिक्षणमा रोक लगाउँदछ।
(७) आवश्यक शैक्षिक सामग्रीको निर्माण र प्रयोग गर्ने सीपको विकास गराउँदछ।
(८) शिक्षकलाई योजना तर्जुमा गर्ने सीपको विकास गराउँछ।

११.४ एकाइ योजना (Unit Plan)

कुनै खास पाठ्यांशको खास एकाइ शिक्षणमा निश्चित उद्देश्यहरू तयार पारिने शिक्षण क्रियाकलाप शैक्षिक सामग्री, मूल्याङ्कन र मूल्याङ्कनका प्रक्रियासमेत उल्लेख भएको योजनालाई एकाइ योजना भनिन्छ। यो योजना कुनै निश्चित एकाइको शिक्षण प्रक्रियासँग सम्बन्धित पूर्व तयारी कार्यक्रम हो। यसमा एकभन्दा बढी पाठ्यवस्तु समावेश गरिएको हुन्छ। यसका प्रत्येक पाठ्यवस्तुलाई बेग्लाबेग्लै उद्देश्य राखी अनेक पाठयोजना वनाउन सकिन्छ। यसमा एकभन्दा बढी पाठ्यवस्तु रहेको हुँदा पिरियड पनि एकभन्दा बढी नै रहेका हुन्छन्। त्यस्तै एउटा वार्षिक कार्य योजनाभित्र धेरै एकाइ योजनाहरू रहेका हुन्छन्। एउटा योजनामा समावेश गरिएका विषयवस्तुलाई एकभन्दा बढी पाठमा विभाजन गरी शिक्षण कार्य गर्नुपर्ने हुन्छ। यस योजनामा कुनै खास एकाइको अध्यापनका निमित्त लाग्ने समय अवधि, आवश्यक शैक्षिक सामग्रीको लेखाजोखा गरिने हुँदा यस योजनामा कुनै एकाइलाई के कति पाठमा टुक्राएर शिक्षण गर्नु आवश्यक र उपयुक्त हुन्छ भन्ने जस्ता कुराको समेत विचार गरिएको हुन्छ।

वार्षिक कार्य योजना र एकाइ योजनाले पाठयोजनाका लागि मार्ग निर्देशन गर्दछ। यसमा एउटा एकाइ योजनाअन्तर्गत एकभन्दा बढी पाठयोजनाहरू रहन सक्दछन्। एकाइ योजनाले कुन पाठमा के कति ज्ञान, सीप, हासिल गर्न, के कस्ता शिक्षण सामग्रीको प्रयोग गर्ने ? के कति समय दिएर शिक्षण काम गर्नु उपयुक्त हुन्छ भन्ने कुराको पहिचान हुने भएकोले शिक्षण कार्यको सफलताको लागि यस्तो योजना तयार गर्नु अत्यन्त फाइदाजनक हुन्छ। कुनै विषयवस्तुको शिक्षण गर्दा अनावश्यक रूपले लामो समय लगाउने र कतिपय विषयवस्तुको शिक्षण गर्दा समय नपुग्ने स्थितिहरू सिर्जना हुन नदिएर सबै विषयवस्तुको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

शिक्षण कार्यका निमित्त समुचित समय र महत्त्व दिएर उपयुक्त ढंगले सम्पूर्ण पाठ्यविषयको शिक्षण कार्य गर्ने काममा सफलता प्राप्त गर्नका लागि एकाई योजनाले ठोस योगदान पुऱ्याउँदछ ।

११.४.१ एकाइ योजना (Unit plan) को नमुना

विषय :- सामाजिक शिक्षा
एकाई :- हाम्रा विकासका पूर्वाधारहरू
कक्ष :- नौ शै. स.२०६०/६१

क्र.स.	विषय शीर्षक	शिक्षण उद्देश्य	शिक्षण विधि	शिक्षण सिकाइ क्रियाकलाप	शिक्षणसामग्री	मूल्याङ्कन	कैफियत

....
विषय शिक्षक

....
प्रधानाध्यापक

११.४.२ एकाइ योजनाको महत्त्व

(१) एकाइ योजनाले शिक्षण सिकाइमा क्रमवद्धता ल्याउन प्रयास गर्दछ ।
(२) यसैको आधारमा पाठयोजना तयार गरिन्छ ।
(३) एकाइमा सम्वन्धित पाठका सम्बन्धित उद्देश्यहरू उल्लेख गरिएको हुन्छ ।
(४) प्रत्येक पाठ शीर्षकका लागि आवश्यक शैक्षिक सामग्री उल्लेख गरिएको हुन्छ ।
(५) पाठयोजनाको पूर्वाधार नै एकाइ योजना हो ।
(६) शिक्षण सिकाइ र मूल्याङ्कनजस्ता कार्य उल्लेख गरिएको हुन्छ ।
(७) एउटा एकाइवाट अनेकन पाठयोजना तयार गर्न सकिन्छ ।
(८) निश्चित समय अवधिमा कार्य सम्पादन गर्न यसले सहयोग गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

११.५ पाठयोजना (Lesson Plan)

कुनै पनि विषय शिक्षण गर्दा शिक्षक कक्षाकोठामा प्रवेश गर्नु अगावै सम्बन्धित विषय शीर्षकमा शिक्षणका लागि तयार गरिएको योजनालाई पाठ योजना भनिन्छ। शिक्षकले शिक्षणका निम्ति कक्षा कोठामा प्रवेश गर्नु अगावै सम्बन्धित पाठमा कुनै सोच, चिन्तन, गरेको छैन भने शिक्षण कार्य प्रभावकारी हुन सक्दैन। पाठक्रममा कुनै पाठ समावेश गर्नुका पछाडि त्यसमा के-कस्ता उद्देश्यहरू रहेका छन् ? के-कस्ता शैक्षिक सहयोग सामग्रीको आवश्यकता पर्छ,? के कस्तो शिक्षण क्रियाकलाप अपनाउनु पर्छ ? र शिक्षणपछिको हासिल उपलब्धिको मूल्याङ्कन के कसरी गर्नुपर्छ? आदि कुराको विचार गरी पाठयोजनाको निर्माण गर्नुपर्छ तसर्थ बढी रोचक, चाखलाग्दो, उपयुक्त ढंगले शैक्षिक सामग्री र शिक्षण क्रियाकलापको संयोजन गरी कुनै निश्चित पाठ शिक्षण गरेर विद्यार्थीहरूमा जे जस्तो ज्ञान, सीपको विकास गर्ने उद्देश्य राखिएको हुन्छ, त्यसको परिपूर्तिका निम्ति सम्बन्धित शिक्षकले त्यो पाठ शिक्षण गर्नु अगावै पाठयोजना तयार गर्नुपर्छ। पाठ्यपुस्तकमा उल्लेख गरिएका विषयवस्तुका सम्बन्धमा विद्यार्थीलाई ज्ञान र सीप हासिल गराउनको लागि योजना गर्नु भनेको शिक्षकलाई कार्य बोझ थपिनु हो, त्यसबाट के उपलब्धि भइहाल्छ ? के उन्नित हुन्छ ? भन्ने विभिन्न तर्क वितर्क पनि बेला मौकामा सुन्न पाइन्छ। तर यस्ता तर्कको पछिल्तिर कुनै युक्तिको आधार रहेको हुँदैन। किनकि कुनै सोच विचार नगरी गरिएको कामभन्दा सोचविचार गरेर गरेको काम बढी फलदायी भएको अनुभवसिद्ध छ। तसर्थ पाठ योजनाले पनि अध्ययन अध्यापन कार्यलाई बढी प्रभावकारी बनाएको हुन्छ। पाठ योजनाअनुरूप गरिने अध्ययन कार्य र पाठ योजना बिना गरिने अध्यपन कार्यमा निश्चिय पनि पाठ योजना तयार गरी गरिने अध्यपन कार्य बढी प्रभावकारी र फलदायी हुनु स्वभाविक हो। किन कि पाठयोजना तर्जुमा गर्दा विषयवस्तुमा जुन चिन्तन, मनन, अध्ययन र विश्लेषण गरिन्छ, त्यो नै एउटा विषयवस्तुको गहन अध्ययन हो। जसको प्रभाव शिक्षण सिकाइ क्रियाकलापमा पर्दछ।

११.५.१ पाठयोजनाबाट हुने फाइदाहरू

(१) योजनाले शिक्षकमा भएको ज्ञान र सीपको सम्बन्धमा आत्मविश्वासको अनुभूति पैदा गर्दछ।

(२) योजनाले सम्बन्धित पाठको अध्ययन अध्यापन कार्यलाई उपयुक्त दिशा प्रदान गर्दछ।

(३) यसले विद्यार्थीहरूका रुचि, चाख, आवश्यकता र व्यक्तिगत भिन्नताका बीचमा सामान्जस्य कायम गराउन प्रयास गर्दछ।

(४) योजनाले शिक्षकको आफ्नो कार्यको मूल्याङ्कन गर्न सघाउँदछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

यिनै तथ्यहरूले गर्दा अध्ययन कार्यलाई बढी प्रभावकारी र फलदायी बनाउन पाठयोजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षाशास्त्रका विद्यार्थीहरूमा पाठयोजना तयार गर्ने तौरतरिकाको ज्ञान, सीप, विकास गराउने अभिप्रायले यसको सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेत पाठ्यक्रमले समेटेको हुन्छ । पाठ र शीर्षकको आधारमा योजना तर्जुमा गर्नुपर्छ भन्ने कुरा शिक्षकले बिर्सनु हुँदैन । योजनाले समग्र परिस्थितिलाई ध्यानमा राखेको हुनुपर्छ । पाठयोजनामा उद्देश्य, शैक्षिक सामग्रीको पहिचान, एवं संकलन, उपयुक्त शिक्षण क्रियाकलापको चयन वा अवलम्वन र मूल्याङ्कनजस्ता बेग्लावेग्लै पक्षहरू रहेका हुन्छन् । यी पक्षहरूको आवश्यकता र महत्त्वका विषयमा पनि चर्चा गर्नु प्रासाङ्गिक हुन आउँछ ।

११.५.२ पाठयोजनाका आवश्यक तत्त्वहरु:

(१) उद्देश्य
(२) शैक्षिक सामग्री
(३) शिक्षण सिकाइ क्रियाकलाप
(४) मूल्याङ्कन
(५) गृहकार्य

१. उद्देश्य

यो पाठको लक्ष्यविन्दु हो । उद्देश्य व्यावहारिक र स्पष्ट हुनुपर्छ । यो व्यावहारिक र स्पष्ट भएमात्र विद्यार्थीले विषयवस्तुलाई सजिलैसँग ग्रहण गर्न सक्दछ । यदि उद्देश्य व्यापक र अव्यावहारिक भए तोकिएको समयमा लक्ष्य पूरा हुन सक्दैन । यस्तो भएमा पाठ पढाउनुको कुनै औचित्य रहँदैन । पाठयोजनामा उद्देश्य यसको मूलकडी वा आधारस्तम्भको रूपमा रहेको हुन्छ । पाठयोजनाको उद्देश्यले विद्यार्थीहरूमा के कस्तो ज्ञान, सीप र धारणाका विकास गराउने हो त्यसको निर्देशन दिएको हुन्छ । उद्देश्य निर्धारण गर्दा शिक्षकले निम्न चार कुरामा विचार पुऱ्याउनुपर्छ । उद्देश्य मापनीय, विशिष्टता, व्यावहारिक हुनुपर्छ । स्पष्ट र अवलोकन गर्न सकिने उद्देश्य नै मापनीय हुन्छ । स्पष्ट उद्देश्य व्यावहारिक र व्यावहारिक उद्देश्य विशिष्ट हुन्छ ।



उद्देश्य तयार गर्दा त्यसमा प्रयोग गरिने भाषा स्पष्ट हुनुपर्दछ । सम्बन्धित विषय शिक्षणवाट विद्यार्थीहरूले, वुझ्नेछन्, थाहा पाउनेछन्, ज्ञान गर्नेछन्, सुन्नेछन्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

सिक्नेछन्, सम्झनेछन् जस्ता क्रियापद प्रयोग गर्नुहुँदैन । किनकि यस्ता क्रियापदले उद्देश्य मापन गर्न सकिँदैनन् । तसर्थ शिक्षकले उद्देश्य निर्धारण गर्दा, भन्न सक्नेछन्, बताउन सक्नेछन्, सूची तयार गर्न सक्नेछन्, व्याख्या गर्न सक्नेछन् जस्ता क्रियापदको प्रयोग गर्नुपर्दछ । यस्ता क्रियापद प्रयोग गरेर तयार गरेका उद्देश्यहरू स्वभावत मापनीय, स्पष्ट विशिष्ट र व्यावहारिक हुन्छन् । उद्देश्य छनोट गर्दा ध्यानदिनु पर्ने कुराहरू यस प्रकार छन् ।

(१) पाठ्यपुस्तक वा सम्बन्धित शीर्षक छनोट पाठ योजनाको कार्य हुन आउँदछ ।

(२) पाठ्यपुस्तकको शीर्षक/उपशीर्षक कुन अध्ययन गराउने त्यसमा शिक्षक स्पष्ट हुनुपर्छ ।

(३) उद्देश्य निर्धारण गर्दा विद्यालय वातावरण, विद्यार्थीको रुचि, क्षमता आवश्यकता र विद्यार्थी संख्यालाई पनि ध्यान दिनुपर्दछ ।

(४) पाठ/शीर्षकको आधारमा उद्देश्य निर्धारण गरिन्छ (ज्ञान, सीप, कुन हासिल गर्नुपर्ने हो ।

(५) पाठ योजनामा एउटाभन्दा बढी उद्देश्य पनि राख्न सकिन्छ (पाठको स्वरूप, विद्यार्थी संख्या, कक्षाकोठाको वातावरण, आदिलाई ध्यान दिएर)

(६) विद्यार्थीलाई रटाउने किसिमका उद्देश्य पाठयोजनामा समावेश गर्नुहुँदैन ।

(७) शिक्षक केन्द्रित नभएर विद्यार्थी केन्द्रित हुने उद्देश्यहरू समावेश गर्नुपर्छ ।

२. शैक्षिक सामग्री (Teaching Material)

शैक्षिक सामग्रीलाई दोस्रो महत्त्वपूर्ण पक्ष मानिन्छ । पाठयोजनाले लक्षित गरेका उद्देश्य परिपूर्तिका निमित्त शैक्षिक सामग्रीको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । तोकिएको उद्देश्य पूरा गर्नका लागि शिक्षकले शिक्षण कार्य प्रभावकारी र व्यावहारिक बनाउन कक्षाकोठामा जे जस्ता सामग्री उपयोग / प्रयोग गर्दछन् ती सबै शैक्षिक सामग्रीअन्तर्गत पर्दछन् । दैनिक शिक्षण कार्यका लागि उपयोगमा आउने कालोपाटी, चक डस्टर आदि सामग्री पनि यसअन्तर्गत पर्दछन् । तर पाठयोजना तयार गर्दा यस किसिमका सामग्रीहरू सधैं पाठ योजनामा उल्लेख गर्नुपर्दैन । यस्ता सामग्रीहरू एउटै शब्द, दैनिक उपयोगमा आउने शैक्षिक सामग्रीभन्दा पुग्दछ ।

सामाजिक अध्ययन शिक्षा शिक्षण गर्दा पाठको स्वरूप अनुसार प्रत्येक शीर्षकमा फरक-फरक शैक्षिक सामग्रीको आवश्यकता पर्दछ । शिक्षण सामग्रीको प्रयोगले नै शिक्षण सिकाइ बढी प्रभावकारी र स्थायित्त्व पनि हुन जान्छ । कक्षामा प्रयोग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

गरिने शैक्षिक सामग्री सम्भव भएसम्म शिक्षक विद्यार्थी आफैंले तयार गर्नुपर्छ। तयार गर्न असम्भव सामग्री बजारबाट खरिद गर्नुपर्छ। शैक्षिक सामग्री पाठ शीर्षक र विद्यार्थीको रुचि, क्षमता र स्तरअनुसारको हुनुपर्दछ। जसको प्रयोगले शिक्षण सिकाइ वढी प्रभावकारी र उपलब्धिमूलक हुन जान्छ।

३. शिक्षण सिकाइ क्रियाकलाप (Teaching learning Activities)

शिक्षण सिकाइ क्रियाकलाप पाठयोजनाको तेस्रो महत्त्वपूर्ण पक्ष हो। पाठयोजनामा लक्षित गरिएको उद्देश्य पूरा गर्न शिक्षकले कक्षामा अपनाउने क्रियाकलाप उल्लेख गर्दछन्। शिक्षण सिकाइ कार्य विद्यार्थी-शिक्षक बीचमा हुने क्रियाकलापसँगै मूल्याङ्कन पनि हुनुपर्दछ। एउटा सफल शिक्षकले पाठयोजना तयार गर्दा शिक्षण सिकाइ क्रियाकलापहरूमा ध्यान दिनुपर्ने कुराहरू यस प्रकार छन्।

अ) रूचिपूर्णः- शिक्षक कक्षाकोठामा प्रवेश गरेपछि विद्यार्थीहरूलाई आफूप्रति र विषयवस्तुप्रति आकर्षण गराउनु उसको पहिलो दायित्व हो। पाठ जस्तोसुकै अरुचिपूर्ण, सुक्का, जटिल भए पनि शिक्षकले कार्यकलापद्वारा रुचिपूर्ण, सरल र सहज बनाई प्रस्तुत गर्नुपर्दछ।

आ) पृष्ठभूमिः- शिक्षण गर्न लागेको पाठको बारेमा विद्यार्थीहरूलाई पूर्व ज्ञान छ/छैन थाहा पाउनुपर्दछ। शिक्षकले पाठयोजनामा क्रियाकलाप गर्दा विद्यार्थीहरूको संख्या आदिलाई ध्यान दिनुपर्दछ। विद्यालय वातावरणलाई ध्यानमा राखी कार्यकलाप अपनाउनुपर्दछ।

इ) विद्यार्थी सहभागिताः- शिक्षण क्रियाकलापमा विद्यार्थीहरूको सक्रिय सहभागिता हुनुपर्दछ। शिक्षण गर्न लागिएको विषयवस्तुप्रति विद्यार्थीको रुचि पैदा हुनु पर्दछ। यदि विद्यार्थीहरूमा रुचि जागेन र सक्रिय सहभागी भएनन् भने शिक्षण अर्थहीन हुनपुग्दछ। एउटा कक्षामा भएका सम्पूर्ण विद्यार्थी एकनासका नभएर कोही उत्तम, मध्यम र कनिष्ठ पनि हुन सक्दछन्। एउटा असल शिक्षकले योजना तर्जुमा गर्दा सबै विद्यार्थीलाई समेटेर गर्नुपर्दछ। ती विद्यार्थीलाई फरक-फरक समूहमा राखेर पनि शिक्षण गर्न सकिन्छ र एकै समूहमा राखेर कमजोर विद्यार्थीलाई बढी निगरानी गरेर पनि शिक्षण गर्न सकिन्छ। कक्षाकोठामा शिक्षक एउटा निर्देशकको रुपमा रहेको हुन्छ।

ई) क्रमबद्ध उद्देश्यः- उद्देश्य बढी वस्तुगत र व्यावहारिक हुनुपर्दछ। योजनामा उल्लेख गरिएको उद्देश्य शिक्षण गर्दा क्रमबद्ध हुनुपर्दछ। जसले गर्दा विद्यार्थीहरूले सजिलैसँग पाठ योजनाले लक्षित गरेका उद्देश्यको उपलब्धि प्राप्त गर्न सकून्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

उ) कार्यकलापमा विविधताः- शिक्षण सिकाइ कार्यको क्रियाकलापमा विविधता आउनुपर्दछ। एउटा भन्दा बढी उद्देश्य योजनामा उल्लेख भएको भए उद्देश्य अनुसारको क्रममा क्रियाकलाप गरिन्छ। कुनै पाठमा एउटै उद्देश्य प्राप्त गर्न पनि विभिन्न क्रियाकलाप गर्न सकिन्छ। विभिन्न क्रियाकलाप पाठ अनुसार अपनाउँदा विद्यार्थीमा रुचि पैदा हुन्छ। योजना तर्जुमा गर्दा एउटै मात्र विधि र प्रविधिले क्रियाकलाप गर्नुहुँदैन।

ऊ) स्पष्टताः- शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक-विद्यार्थीबीचको अन्तरक्रिया प्रस्तुत गरिन्छ। योजना तर्जुमा गर्दा शिक्षकले कुन समयमा आफूले निर्देशन दिने र कुन समयमा विद्यार्थीलाई सक्रिय गराउने भन्ने कुराहरू योजनामा स्पष्ट उल्लेख गरेको हुनुपर्छ।

ए) शैक्षिक सामग्रीको प्रयोगः- पाठयोजनामा उल्लेख गरिएका शैक्षिक सामग्रीहरू संकलन गरी शिक्षण क्रियाकलापको अवसरमा प्रस्तुत गर्नुपर्दछ। सामग्रीको प्रयोग गर्दा कक्षामा भएका विद्यार्थी संख्या, कोठाको अवस्थालाई पनि ध्यान दिनुपर्छ। विद्यार्थी संख्या बढी भएको अवस्थामा केही विद्यार्थीको सहयोग लिएर सबै विद्यार्थीले हेर्ने वा प्रयोग गर्ने अवसर प्रदान गर्नुपर्छ। थोरै विद्यार्थी संख्या भएको अवस्थामा शिक्षक आफैंले सजिलै प्रदर्शन र अवलोकन गराउन सक्दछन्। पाठयोजनामा उल्लेखित सामग्रीहरू कक्षा शिक्षणमा राम्रो प्रयोग हुन सकेनन् भने ती सामग्रीको कुनै औचित्य रहँदैन।

ऐ) समयको बाँडफाँडः- पाठयोजना तर्जुमा गर्दा वा क्रियाकलाप गर्दा समयलाई बढी ध्यान दिनुपर्दछ। शिक्षक कक्षा कोठामा प्रवेश गरेपछि, कति समय क्रियाकलापमा बिताउने शैक्षिक सामग्री कुन समयमा प्रयोग गर्ने, कति समय लगाउने मूल्याङ्कन कसरी र कति समय लगाएर गर्ने आदि विषयको बाँडफाँड गरी शिक्षण गर्नुपर्दछ। अन्तिममा गृहकार्य दिन भुल्नुहुँदैन। जुन शिक्षकले यी सम्पूर्ण विषयलाई ध्यान दिएर शिक्षण गर्दछ, त्यो शिक्षण कार्य नै बढी प्रभावकारी र उपलब्धिमूलक हुन आउँछ।

ओ) उत्प्रेरक प्रविधिको खोज र अवलम्बनः- शिक्षण क्रियाकलापको चयन गर्दा शीर्षकको आधारमा विद्यार्थीहरू बीचमा के-कस्ता चाख र रुचि पैदा गराउन सकिन्छ। त्यसलाई कक्षा अवधिभर कसरी कायम राख्न सकिन्छ भन्ने विषयमा शिक्षक सजग हुनुपर्दछ। यसप्रकारको सजगतामा नै शिक्षण कार्य बढी प्रभावकारी हुन आउँदछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

औ) निष्कर्षः- शिक्षणका उद्देश्य परिपूर्ति गर्ने क्रममा शिक्षण क्रियाकलापको प्रमुख भूमिका रहेको हुन्छ। क्रियाकलापको अन्त्यमा पाठ्यवस्तुको सारांश शिक्षकले विद्यार्थी सामू स्पष्ट गर्नुपर्छ। पाठको स्वभावअनुसार केही विषयवस्तु बढी जटिल पनि हुन सक्दछन्। ती विषयवस्तुको सार सरल भाषामा उल्लेख गर्नुपर्दछ। जसले गर्दा विषयमा रहेको कठिनाइ पनि सजिलैसँग हटेर जाओस्। शिक्षकले पाठयोजना तयार गर्दा बुँदाहरूलाई ध्यान दिएर क्रियाकलाप अपनाएको खण्डमा शिक्षण कार्य बढी प्रभावकारी र व्यावहारिक पनि हुन आउँदछ।

(४) मूल्याङ्कन (Evaluation):- पाठयोजनामा उल्लेख गरिएका उद्देश्यहरू प्राप्त भए, भएनन् भनी विद्यार्थीको मूल्य निर्धारण गर्नु नै मूल्याङ्कन हो। तोकिएको पाठ, तोकिएको समय अवधिभित्र योजनावद्ध ढङ्गले शिक्षण गरिसकेपछि विद्यार्थीले कति उपलब्धि हासिल गरे भनेर लिइने परीक्षालाई मूल्याङ्कन भनिन्छ। योजनामा उल्लेख गरिएका उद्देश्यहरू पूरा भए भएनन् भनेर जाँच्ने कसी नै मूल्याङ्कन हो। शिक्षणको अन्त्यमा विभिन्न किसिमका प्रश्नहरूको प्रयोग गरी विद्यार्थीको उपलब्धिको मूल्याङ्कन गर्न सकिन्छ।

(५) गृहकार्य (Homework):- यो पाठयोजनाको अन्तिम पक्ष हो। पाठयोजनाअन्तर्गत उद्देश्यले निर्दिष्ट गरेको पाठ्यवस्तुको शिक्षणलाई पूर्णता प्रदान गर्न गृहकार्य राखिएको हुन्छ। गृहकार्य भनेको कक्षा कार्यकलापभन्दा अतिरिक्त थप अभ्यासका लागि गृहकार्य राखिएको हुन्छ।

(१) पाठ्यपुस्तकभित्रैबाट निश्चित पाठ्यांशलाई बुझाउने।
(२) पाठ्यपुस्तकको अतिरिक्त अन्य सहायक सामग्री प्रयोग गर्ने।

गृहकार्य दिँदा पाठयोजनाको उद्देश्यलाई लक्षित गरेर केही खोजी र मौलिकतालाई ध्यान दिएर गर्नुपर्ने किसिमका प्रश्नहरू दिनुपर्छ। प्रश्नहरू सहजै पुस्तकबाट सार्न नमिल्ने केही चिन्तनमनन र अध्ययन गर्ने वा केही स्रोत व्यक्तिसँग सोधखोज गर्ने किसिमका हुनुपर्दछ। विद्यार्थीलाई शिक्षकले स्रोत उपलब्ध गराउनु पर्दछ। त्यसको सम्वन्धित ठाउँ उल्लेख गरिदिनुपर्दछ।

गृहकार्य कक्षा कार्यकै पूरक अंश हो। कक्षामा सिकेका कुरालाई अरू व्यवस्थित र स्पष्ट हुने गरी बुझ्न सक्नु र पढ्ने, लेख्ने, खोजी गर्ने, चिन्तनमनन गर्ने बानीको विकास होस् भनेर गृहकार्य दिने व्यवस्था गरिएको हुन्छ। गृहकार्य दिनको तात्पर्य विद्यार्थीलाई थप अभ्यास गराई विषयवस्तुको धारणा वलियो वनाउनु हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MD

११.५.३ पाठयोजनाको महत्त्व (Importance of Lesson Plan):-

(१) पाठयाजनाले शिक्षकमा नियमित तथा संगठित रूपमा काम गर्ने बानीको विकास गराउँदछ ।

(२) योजनाले शिक्षणमा आत्मविश्वास बढेको हुन्छ ।

(३) समयको बचत हुन्छ ।

(४) विभिन्न विषयमा सह-सम्बन्ध स्थापना गर्न सहयोग प्राप्त गर्दछ ।

(५) योजनाबद्ध शिक्षणले शिक्षक जहिले पनि लक्षित उद्देश्य भयो भएन भन्ने विषयमा सक्रिय रहन्छ ।

(६) योजनाबद्ध शिक्षणले महत्त्वपूर्ण बुँदा छुट्ने सम्भावना हुँदैन ।

(७) योजनाबमोजिमको शिक्षणले विद्यार्थीमा धारणा बलियो बस्दछ ।

(८) यसले शीर्षकमा लक्षित गरका उद्देश्यहरू, ज्ञान, सीप र अभिवृत्ति सबैको समानरूपले विकास हुन्छ ।

(९) शिक्षणमा स्वतन्त्रता ल्याउन सकिन्छ ।

(१०) योजनाबद्ध शिक्षण विद्यार्थी केन्द्रित हुन जान्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

एकाइ बाह्र

१२. सामाजिक अध्ययन शिक्षणका समस्या र सबालहरू

PROBLEMS AND ISSUES OF SOCIAL STUDIES TEACHING

१२.१ पाठ्यक्रम एकीकृतका सबालहरू (Issues of Integrating the Curriculum)

पाठ्यक्रम निर्माण गर्नु यसै पनि कठिन विषय हो। विद्यालयको पाठ्यक्रम निर्माण गर्दा विभिन्न तह र कक्षामा समावेश गरिने विषयहरूमा कुन विषयलाई अनिवार्य कुन विषयलाई ऐच्छिक विषयमा राख्ने, कुन विषयको कति पाठ्यांश कुन तहमा राख्ने आदि बारेमा निर्णय लिनु यसको प्रमुख समस्याको विषय हुन आउँदछ। यसरी कुनै एउटा तह वा कक्षाको विषयवस्तुलाई छनोट गर्दा विद्यार्थीहरूको रुचि, क्षमता, चाहनाको साथै समुदाय र राष्ट्रको आवश्यकतालाई पनि ध्यान दिनुपर्ने हुन्छ। पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुको स्वरूप र स्तरबाट नै पाठ्यक्रमको मूल्याङ्कन गर्न सकिन्छ। उक्त पाठ्यक्रमले विद्यार्थी, समुदाय र राष्ट्रको कतिसम्म आवश्यकतालाई परिपूर्ति गर्न सक्दछ भन्ने विषयको पनि मूल्याङ्कन गर्न सहयोग गर्दछ। यसरी विद्यालय तहमा समावेश गरिएका प्रत्येक विषयको पाठ्यक्रमले आफ्नै किसिमको विषयवस्तुको क्षेत्रलाई समेटेको हुन्छ। जुन कुनै विद्यालय तहमा समावेश गरिएको पाठ्यक्रमले पनि आफ्नै किसिमको ज्ञान, सीप र धारणाको विकास गराउनको लागि उक्त विषयको कक्षा गत र तह गत उद्देश्य पनि निर्धारण गरेको हुन्छ। पाठ्यक्रमले निर्धारण गरेको उद्देश्यलाई परिपूर्ति गर्ने सबालमा पाठ्यपुस्तक, विद्यार्थी, शिक्षक र विद्यालयको वातावरणको प्रमुख भूमिका रहेको हुन्छ।

विद्यालय तहमा समावेश गरिएका विभिन्न विषयका पाठ्यक्रमलाई आफ्नै स्वरूप र ढाँचामा तयार पारिएको हुन्छ। त्यस्तै माध्यमिक विद्यालयको सामाजिक अध्ययन शिक्षाको पाठ्यक्रम तयार गर्दा सामाजिक विज्ञानका सम्पूर्ण विषयको सारतत्त्वलाई लिएर कुन कक्षा वा तहमा कति विषयवस्तु राख्ने भन्ने बारेमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

पनि पाठ्यक्रमविद्ले व्यापक विचार गर्नुपर्ने हुन्छ। विश्वविद्यालयमा वा उच्च शिक्षामा अध्ययन गर्दा सामाजिक विज्ञानका विषयहरू भूगोल, इतिहास, अर्थशास्त्र, राजनीतिशास्त्र, समाजशास्त्र, मानवशास्त्र र मनोविज्ञानजस्ता विषयलाई छुट्टाछुट्टै अध्ययन गर्नका लागि पाठ्यक्रम तयार गरिएका हुन्छन्। तर सामाजिक अध्ययन शिक्षाको पाठ्यक्रम निर्माण गर्दा प्रत्येक सामाजिक विज्ञानका विशेषज्ञबाट कुन कक्षा र कुन तहमा कुन विषयवस्तुलाई कति पाठ्यभार दिने र सबै विज्ञानका विषयलाई कसरी समायोजन गरी पाठ्यक्रममा समावेश गर्ने भन्ने बारेमा पनि छुट्टै समस्याका रूपमा रहेको हुन्छ। किनकि प्रत्येक विषयका विशेषज्ञले सम्बन्धित विषयको आधारभूत कुरा यो पाठ्यक्रममा दिन प्रयास गरेको पाइन्छ। यसरी प्रत्येक सामाजिक विज्ञानका विषय, समुदायका मानव क्रियाकलापसम्बन्धी पाठहरू पनि समाबेश गर्नुपर्दा सामाजिक अध्ययनको पाठ्यक्रम र पाठ्यपुस्तकमा विषयस्तु बढी हुनुको साथै पुस्तकको आयतन पनि ज्यादै ठूलो हुन जाने देखिन्छ। यसरी प्रत्येक विषयलाई आवश्यकताअनुसार पाठ्यक्रममा समावेस गर्न पनि सम्भब नहुने र कतिपय सामाजिक विज्ञानका विषयहरूको पूर्वाधारसम्म पनि माध्यमिक तहमा दिन नसकिएको हुँदा उच्च शिक्षामा अध्ययन गर्ने विद्यार्थीहरूमा सामाजिक विज्ञानका विषयको अनुभव कम हुन जाने देखिन्छ। फलस्वरूप उच्च शिक्षा अध्ययन गर्दा यसले कुनै पूर्वाधारको रूपमा सहयोग पुऱ्याउन नसक्ने कुराको जानकारी प्राप्त हुन्छ। सामाजिक अध्ययन शिक्षाले समुदायको अध्ययन, गर्ने समुदायमा भए गरेका वा घटेका घट्नाहरू र परिवर्तनका बारेमा पनि गहन अध्ययन गर्ने भएकोले यसलाई सधैं नयाँ विषयको रुपमा लिने गरिन्छ। यस किसिमको पाठ्यक्रम सदा परिवर्तन हुने गर्दछ। तसर्थ सामाजिक अध्ययन शिक्षाको पाठ्यक्रम तर्जुमा गर्दा नयाँ विषयहरूलाई समावेश गर्ने ठाउँ रहने गरी धेरै सोच विचार पुऱ्याएर गर्नुपर्ने हुन्छ।

सामाजिक अध्ययन शिक्षामा सामाजिक विज्ञानका सम्पूर्ण आधारभूत ज्ञानलाई समेटेर पाठ्यक्रम निर्माण गर्दा यसै पनि कठिन भएको छ। त्यसमा पनि कतिपय विषयहरू व्यावहारिक ज्ञान, समुदाय भ्रमण, समुदायको अध्ययन शैक्षिक भ्रमण र प्रतिवेदन लेखनजस्ता विषयलाई अनिवार्य रूपमा समावेश गर्नुपर्ने भएकोले पनि पाठ्यक्रम र पाठ्यपुस्तक निर्माणमा कठिनाई देखापरेको छ। सामाजिक अध्ययनको पाठ्यक्रमले दिएको सम्पूर्ण विषयवस्तुलाई व्यापक रूपमा पाठ्यपुस्तकमा विश्लेषण गर्न सकिएको छैन। पाठ्यक्रममा समावेश गरिएका कतिपय विषयवस्तुलई क्रियाकलापबाट पूरा गरिन्छ भने कतिपय विषय विद्यार्थी र शिक्षकको समुदाय अनुभव र अध्ययनबाट पूरा गर्ने गरिन्छ। सामाजिक अध्ययनले सामाजिक विज्ञान र अन्य समुदायसँग सम्बन्धित विषयलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

पनि व्यापक रूपमा समेट्नुपर्ने भएकोले कतिपय विषयहरू यसमा छुट्न गएका छन् भने कतिपय विषयहरू पाठ्यक्रममा दोहोरिएका पनि देखिएको छ । यसरी माध्यमिक विद्यालयको अरू विषयको तुलनामा सामाजिक अध्ययन शिक्षाको पाठ्यक्रम तयार गर्दा विषय संगठन र क्रमको संयोजन गर्न कठिन भएको देखिन्छ । माध्यमिक विद्यालयको पाठ्यक्रमलाई लिएर हेर्दा अरू विषयहरू सबैको एउटै सीमित क्षेत्रबाट लिएर तयार गरिएको हुन्छ । एउटा विषयको अध्ययनले सम्पूर्ण पाठ्यभार शिक्षण गर्न सक्ने पनि हुन्छ । तर सामाजिक अध्ययनको पाठ्यक्रम तयार गर्दा जसरी सबै सामाजिक विज्ञान र विज्ञानका विशेषज्ञहरूको आवश्यकता पर्छ, त्यस्तै विषय शिक्षणमा पनि शिक्षकको समस्या देखिएको छ । सामाजिक अध्ययन समुदायको अध्ययन भएकोले यसले समुदायलाई नै प्रमुख स्थान दिएको पाइन्छ । यो सामाजिक अध्ययन शिक्षाको पाठ्यक्रमको स्वभाव हो । यो अरू विषयभन्दा फरक हुनुको साथै पाठ्यक्रम निर्माणमा पनि कठिन हुन्छ ।

सामाजिक अध्ययनको पाठ्यक्रम एकीकृत गर्दाका सवालहरू :-

(१) वर्तमान समुदाय र राष्ट्रको आवश्यकतालाई ध्यान दिएर निर्माण गर्नुपर्ने ।

(२) सबै सामाजिक विज्ञानका प्रत्येक विधाहरूको क्षेत्र र क्रम मिलाएर राख्नुपर्ने

(३) सामाजिक विज्ञानका प्रत्येक विधाहरूबाट विषय छनोट गर्दा कक्षागत र तहगतलाई ध्यान दिनुपर्ने ।

(४) पाठ्यक्रममा समावेश गरिएका विषयहरू विद्यार्थीहरूको रुचि र समुदायको आवश्यकताअनुसार हुनुपर्ने ।

(५) प्रत्येक सामाजिक विज्ञानका विषयलाई आवश्यक महसुस गरी पाठ्यक्रममा कोच्न खोज्दा पाठ्यक्रम र पाठ्यपुस्तकको आयतन ठूलो हुनुको साथै विषयवस्तु वढी हुने ।

(६) सामाजिक विज्ञानका विषयलाई मिलाएर प्रत्येक कक्षा र तहमा नछुट्याइ राख्नुपर्दा विषयको क्षेत्र र क्रममा फरक पर्न जाने ।

(७) सामाजिक विज्ञानको पूर्वाधार नै माध्यमिक विद्यालयमा तयार गर्नुपर्ने हुँदा कतिपय विषयवस्तु अपूरा नै रहने ।

(८) वर्तमान समयको मागअनुसार सामाजिक शिक्षा आयमूलक र व्यावसाय उन्मुख, हुनुपर्नेमा पुरानै विषयको सँगालो वनेको जनगुनासो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MD

(९) नयाँ विषयको प्रवेशले ठाउँ नपाएको गुनासो ।

(१०) सामाजिक अध्ययन शिक्षाको अनुभवले हाम्रो समुदायको अनुहार प्रत्यक्ष देख्न सक्ने हुनुपर्ने ।

(११) आवश्यकभन्दा वढी विषयलाई समावेश गर्दा समुदाय उन्मुख र राष्ट्रोन्मुख हुन नसकेको गुनासो ।

(१२) समुदाय र शैक्षिक भ्रमणजस्ता विषयलाई पाठ्यक्रममा समावेश गरिएको छ । तर त्यसलाई प्रयोगात्मक रुपमा ल्याउने काम भएको छैन । जबकि भ्रमण जाने प्रतिवेदन तयार गर्ने र प्रयोगात्मक बाह्य परीक्षा हुने र अंक दिने व्यवस्था गरिएको छैन ।

(१३) सामाजिक विज्ञानका विषयहरूको सारसंक्षेप लिएर त्यसलाई कक्षागत र तहयगत उद्देश्यसमेतको निर्धारण गर्न कठिन भएको देखिन्छ ।

(१४) यसले धेरै सामाजिक विज्ञानका विषयहरूको ज्ञान सीप हासिल गर्न खोज्दा थोरै विषयको ज्ञान र सीप पनि उपलब्ध नहुने देखिन्छ । यसरी अर्ध दक्ष हुनुभन्दा थोरै विषयमा भए पनि दक्षता हासिल गर्नु पर्ने यसको मूल लक्ष्य हुन आउँदछ ।

यसरी सामाजिक अध्ययन शिक्षाको पाठ्यक्रम निर्माण गर्दा सबै सामाजिक विज्ञानका विषयहरूबाट आवश्यक विषयको छनोट गर्ने र कक्षागत र तहगत उद्देश्य निर्धारण गर्ने काम हुन्छ । त्यस्तै मानव समुदायको क्रियाकलापको वारेमा अध्ययन गर्ने र प्रतिवेदन लेख्ने काम पनि यसले उल्लेख गरेको छ । त्यस्तै शैक्षिक भ्रमणमा जाने र त्यसको प्रतिवेदन तयार गर्न लगाउने र मूल्याङ्कन गर्ने काम पनि उल्लेख गरेको छ । तर हाम्रा विद्यालयले ती पाठ्यक्रम र पाठ्यपुस्तकले निर्देशित गरेका कार्य कति पूरा गर्ने गरेका छन् । हाम्रो पाठ्यक्रमले राखेको उद्देश्य साधारण विद्यालयले पूरा गर्ने गरेका छन्, छैनन् त्यसको वारेमा कुनै पाठ्यक्रम निर्माण गर्ने निकायका विद्वानहरूबाट अध्ययन अनुसन्धानगरी पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सिकाइमा र मूल्याङ्कन गर्ने प्रक्रियामा समेत देखापरेका कमीकमजोरीलाई सुधार गरी परिमार्जन गर्ने काम भएको छैन ।

१२.२ पाठ्यक्रम लागू गर्दाका समस्याहरू (Problems of Implementing the Curriculum)

माध्यमिक विद्यालयमा अध्ययन गराइने विभिन्न विषयहरूमध्ये अनिवार्य विषयमा सामाजिक शिक्षा पनि एउटा विषय हो । यसलाई वर्तमान माध्यमिक विद्यालयमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

एउटा नयाँ विषयको पाठ्यक्रमको रूपमा समावेश गरिएको छ। वि.सं. २०२८ सालको पाठ्यक्रम निर्माण गर्दा पनि सामाजिक अध्ययन शिक्षालाई माध्यमिक तहमा अनिवार्य विषयको रूपमा समावेश गरिएको थियो। तर वि.सं. २०३८ सालको पाठ्यक्रम निर्माणगर्दा सामाजिक शिक्षालाई अनिवार्य विषयबाट हटाई सामाजिक विज्ञानका विषयहरू भूगोल, इतिहास, अर्थशास्त्र र नागरिकशास्त्र जस्ता विषयलाई ऐच्छिक र थप ऐच्छिक विषयका रूपमा राखिएको थियो।

२०४९ सालमा निर्माण गरेको पाठ्यक्रमअनुसार माध्यमिक तहमा सामाजिक अध्ययन शिक्षालाई अनिवार्य विषयका रूपमा समावेश गरिएको छ। यसको पाठ्यक्रम तयार गर्दा जति कठिन महसुस भएको थियो, त्योभन्दा कठिन त विद्यालयमा उक्त विषय शिक्षण गर्न भएको छ। विद्यालयमा शिक्षण गरिने अरू विषयको तुलनामा सामाजिक शिक्षा अरू जटिल भएको पाइन्छ। अन्य विषय शिक्षण गर्ने शिक्षकले जुन विषयमा आफूले उच्च शिक्षा हासिल गरेर आएको हुन्छन्, त्यही विषय शिक्षण गर्दा शिक्षकलाई सजिलो पर्दछ। आफूले उच्च शिक्षा हासिल गर्दा एउटा विषयमा गरेको हुन्छ, तर शिक्षण गर्दा पूर्वाधारै नबनेको विषयमा गर्नुपर्दा ज्यादै कठिन भएको पाइन्छ। हाम्रो माध्यमिक विद्यालयको सामाजिक शिक्षामा सामाजिक विज्ञानका विषयहरूमात्र नभएर अन्य समुदायमा भएका परिवर्तन र त्यसको अनुभवसमेत संकलन गरेर बनाएको पाठ्यक्रमलाई को ? कसले ? कसरी शिक्षण गर्ने हो ? त्यसको बारेमा पाठ्यक्रम निर्माताले के ? कस्तो ? योजना बनाएर पाठ्यक्रम निर्माण गरेको हो, त्यस किसिमको पाठ्यक्रमले विद्यालयमा सामाजिक शिक्षा विषय अध्ययन अध्यापन गर्ने शिक्षक, विद्यार्थी र प्रधानाध्यापकलाई पनि समस्या परेको देखिन्छ। किनकि सामाजिक विज्ञानका विषयहरू जहाँ जसरी सङ्कलन गरेर पाठ्यक्रम तर्जुमा गरिएको हो, शिक्षण गर्ने शिक्षकले पनि ती सबै विषयका सन्दर्भसामग्रीको संकलन गरी गहन अध्ययन गरेको हुनुपर्ने देखिन्छ। तर त्यो प्रत्येक विद्यालयमा भएको पनि छैन र हुन सम्भव पनि देखिएको छैन।

यसरी माध्यमिक विद्यालयमा सामाजिक शिक्षा शिक्षण गर्ने प्रत्येक शिक्षक सामाजिक विज्ञानका सबै विषय अध्ययन गरेको शिक्षक पाउन यसै पनि कठिन छ। तर पनि विद्यालयमा शिक्षण गर्ने शिक्षकले पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, पुनर्ताजकी, तालिमजस्ता विषयको अनुभवले शिक्षण गरेको पाइन्छ। सामाजिक अध्ययन शिक्षण गर्नको लागि सामाजिक विज्ञानका विषयहरूको ज्ञाता र सबै विषयलाई समान रूपले शिक्षण गर्न सक्ने शिक्षकको दुर्लभता नै देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

सामाजिक अध्ययन शिक्षा शिक्षण गर्दा विद्यालय तहमा आइपरेका समस्यालाई यसरी प्रस्तुत गरिएको छ ।

(१) पाठ्यक्रमको स्वरूप :- सामाजिक अध्ययन शिक्षाको पाठ्यक्रम निर्माण गर्दा सम्पूर्ण सामाजिक विज्ञानका आधारभूत विषयको छनोट गरी एकीकृत रुपमा तयार गरिएको छ । विद्यालयमा शिक्षण गर्ने शिक्षकले कुनै एउटा सामाजिक विज्ञानका विषयमा स्नातक गरेको हुन्छ । यसरी एउटा विषयमा स्नातक गरेको शिक्षकले सामाजिक शिक्षामा भएका ती सम्पूर्ण सामाजिक विज्ञानका विषयको गहन अध्ययन गरेर शिक्षण गरेको पाइँदैन । यसरी सबै विषयको अध्ययन गरेर शिक्षण गर्न पनि सजिलो छैन र अध्ययनगर्ने सामग्री पनि सबै विद्यालयमा उपलब्ध छैनन् । तसर्थ यो पाठ्यक्रमको जुन एकीकृत स्वरूप छ, त्यसले गर्दा पनि माध्यमिक तहको सामाजिक शिक्षा एउटै शिक्षकले शिक्षण गर्न कठिन भएको छ ।

(२) अपूरा पाठ्यपुस्तक :- पाठ्यक्रमले दिएका सबै विषयवस्तु पाठ्यपुस्तक लेख्ने लेखकले लेखिदिएको भए पनि शिक्षकले त्यही पाठ्यपुस्तकको आधारमा शिक्षण गर्न सजिलो हुने थियो र विद्यार्थीहरूले पनि पाठ्यपुस्तक पाएपछि त्यसैलाई अध्ययन गरेर आफ्नो विषयवस्तु तयार गर्ने थिए । तर पाठ्यपुस्तकले कतिपय विषयवस्तुलाई छोएर, संकेत गरेर मात्र छाडेको छ भने कतिपय विषय वस्तुलाई क्रियालाप गरेर सिक्नुपर्ने हुन्छ । पाठ्यपुस्तकमा दिएका कतिपय क्रियाकलाप शिक्षकलाई नै समस्याकारूपमा देखापरेका छन् । यसरी सामाजिक अध्ययनको पाठ्यक्रम र पाठ्यपुस्तकले अपूरा विषयलाई दिएर शिक्षकलाई शिक्षण गर्न र विद्यार्थीलाई अध्ययन गर्न पनि कठिन बनाएको छ ।

(३) आवश्यकभन्दा बढी विषयको बोझ :- माध्यमिक विद्यालयको सामाजिक अध्ययन शिक्षाको पाठ्यक्रममा सबै सामाजिक विज्ञानका विषयको आधारभूत ज्ञान पनि दिनुपर्ने समय सापेक्ष घटनाहरूलाई समावेश गर्नुपर्ने । यसरी संकलन गर्दा पाठ्यक्रममा बढी विषयले प्रवेश पाएको छ । जुन विषयले विद्यार्थीको रुचि र भविष्यलाई पनि कुनै सहयोग गर्ने देखिँदैन । संगीतका विषय र भूगोल इतिहासका विषयलाई बढी राखी दिंदा वर्तमान समयमा अध्ययन गरेर त्यसले विद्यार्थीको भविष्यको पेशाको छनोटमा सहयोग पुग्नेजस्ता विषयहरूको अभाव देखिएको छ ।

(४) सन्दर्भ सामग्रीको अभाव :- वर्तमान अवस्थाको माध्यमिक विद्यालयको पाठ्यक्रम तयार भयो त्यसैका आधारमा यो पाठ्यपुस्तक तयार गरियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

जिल्लाजिल्लाका विद्यालयमा पठाउने काम पनि भयो। तर ती पाठ्यक्रम र पाठ्यपुस्तकको परीक्षण गर्ने र शिक्षण उपलब्धि कस्तो आउँदैछ त्यसवारेमा अध्ययन गरिएको छैन। पाठ्यपुस्तकमा पाठ्यक्रमले संकेत गरेका विषयवस्तु पूरा दिएको पनि छैन र त्यसको लागि आवश्यक सन्दर्भ सामग्रीको व्यवस्था पनि गरिएको छैन। सामाजिक अध्ययन शिक्षा यस्तो विषय हो जसको सन्दर्भ सामग्रीको रुपमा एउटा विषयको पुस्तक अध्ययन गरेर पुग्दैन। यसको लागि सम्पूर्ण सामाजिक विज्ञानका पुस्तकहरू र दैनिक वा साप्ताहिक, पाक्षिक र मासिक पत्रपत्रिकाको पनि आवश्यकता पर्दछ। तर जिल्लामा भएका सरकारी विद्यालयले यी सम्पूर्ण विषयको व्यवस्था गर्न कति सम्भव हुन्छ। जबकि कुनै जिल्लामा शैक्षिक सत्र सुरु भएको छ महिना बितिसक्दा पनि त्यहाँ पाठ्यपुस्तकको अभाव भएको पाइन्छ। यसरी सामाजिक शिक्षाको सन्दर्भ सामग्रीको अभाव देखिन्छ।

(५) शिक्षण सामग्रीको अभाव :- सामाजिक शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तक तयार गर्दा नै शिक्षण सिकाइको लागि छनोट गरीएका कुनै पनि उद्देश्य पूरा गर्न र प्राप्त उपलब्धिलाई व्यावहारिक बनाउन शिक्षण सहयोगी सामग्री आवश्यक मानिन्छ। हाम्रा माध्यमिक विद्यालयमा शिक्षण सहयोगी सामग्रीको व्यवस्था र प्रयोग पनि ज्यादै न्यून रहेका छन्। कतिपय विद्यालयमा पाठ्यपुस्तकको अभावमा नै शिक्षण भइरहेको हुन्छ भने शैक्षिक सामग्रीको व्यवस्था र प्रयोगको कुरा त धेरै टाढा हुन्छ। शैक्षिक सामग्रीको प्रयोग बिना नै गरीएको शिक्षण कति प्रभावकारी र व्यावहारिक हुनसक्छ त्यो आफनै ठाउँमा छ। शैक्षिक सामग्रीको अभावभन्दा पनि सामग्री संकलन व्यवस्थित गर्ने, प्रयोगगर्ने चाहना र सीप नभएको देखिन्छ।

(६) दक्ष शिक्षकको अभाव :- विद्यालयमा शिक्षण गर्ने शिक्षकले आफूले परीक्षा दिएर पास गरेको प्रमाणपत्र देखाएपछि विद्यालयमा शिक्षण गर्न पाइन्छ। तर कुन विषयमा उच्च शिक्षा लिएको छ। कति अंक आएको छ। उसले शिक्षण गर्न लागेको विषयमा तालिम लिएको छ, छैन आदि विषयमा अध्ययन गरेर मात्र विद्यायलमा प्रवेश दिनुपर्ने हो। तर यहाँ त्यसरी अध्ययन र अवलोकन गर्ने र निरीक्षण गर्ने कुनै परिपाटीको विकास भएको छैन। उसले एउटा विषयमा पास गरेको छ अर्को विषय शिक्षण गरेको हुन्छ। त्यसमा शिक्षण एकाइलाई व्यवस्थित गर्नुभन्दा पनि एउटा जागिर गर्ने लक्ष्य मात्र देखिन्छ। शिक्षकले शिक्षण गर्न विषयको समस्या आएको हो। त्यसमा पनि सामाजिक विषयमा दक्षता हासिल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

गर्न वढी कठिन छ। किनकि सबै सामाजिक विज्ञानका विषयको सँगालो नै सामाजिक अध्ययन शिक्षा हो। त्यसले गर्दा यसलाई शिक्षण गर्ने शिक्षक दक्ष हुन ज्यादै परिश्रम गर्नुपर्ने हुन्छ।

(७) पुनर्ताजगी तालिमको व्यवस्था नहुनु :- वि.सं. २०४९ सालबाट क्रमशः प्राथमिक विद्यालयदेखि माध्यमिक विद्यालयसम्म प्रत्येक वर्षमा एउटा कक्षामा नयाँ पाठ्यक्रम लागू हुँदै गयो। यसरी लागू भएको पाठ्यक्रम र पाठ्यपुस्तक शिक्षण गर्नको लागि शिक्षण गरिरहेका शिक्षकलाई पनि नयाँ पाठ्यक्रम कसरी शिक्षण गर्ने भन्ने बारेमा तालिमको व्यवस्था गर्नुपर्ने हो। त्यो तालिमको व्यवस्था हुन सकेन भने सही शिक्षण हुन सक्दैन। विद्यालयमा भएका पाठ्यक्रम र पाठ्यपुस्तक पहिलेका जस्ता छैनन्। त्यसमा फरक विधि अपनाएर शिक्षण गर्नुपर्ने हुन्छ। तर फरक विधि भन्नाले पाठ्यपुस्तकको विषयवस्तुले चाहेको विधि अपनाउने हो। त्यो हुन सकेको छैन। त्यसैले गर्दा पनि वर्तमान अवस्थाको माध्यमिक विद्यालयको सामाजिक अध्ययन शिक्षण प्रभावकारी हुन सकेको छैन। शिक्षण सिकाइ प्रभावकारी वनाउनको लागि पुनर्ताजगी तालिमको व्यवस्था हुनुपर्छ।

(८) विद्यालय निरीक्षणको राम्रो व्यवस्था नहुनु :- विद्यालयको शैक्षिक र प्रशासनिक कार्यहरू कति व्यवस्थित र सुचारु रुपले चलेका छन् भन्ने बारेमा प्रत्येक विद्यालयमा जिल्ला शिक्षा कार्यालयबाट विद्यालय निरीक्षक , शिक्षा विभाग र शिक्षा मन्त्रालयबाट बारम्बार निरीक्षण हुनुपर्ने देखिन्छ। तर विद्यालयको बारेमा के, कस्तो शैक्षिक गतिविधि छ ? के कसरी शिक्षण सिकाइ भएको छ ? त्यसलाई व्यवस्थित रुपले निरीक्षण र मूल्याङ्कन गर्ने र सुधारका लागि सुझाव दिने काम विद्यालयमा भएको पाईंदैन।

(९) शैक्षिक भ्रमणमा देखा परेका समस्याः- पाठ्यक्रम र पाठ्यपुस्तकमा विद्यार्थीहरूलाई समुदाय भ्रमण गराउने प्रतिवेदन लेखाउने र त्यसको मूल्याङ्कन गर्नुपर्नेजस्ता विषय समावेश गरिएको छ। तर यसको विद्यालयमा आफ्नै समस्या रहेको छ। विद्यालयबाट विद्यार्थीहरूलाई नजिक होस् या टाढा, विद्यालयबाट वाहिर जानु पर्दा विद्यार्थीको अभिभावकसँग स्वीकृति लिनुपर्ने हुन्छ। विद्यालयले बजेटको व्यवस्था मिलाउनुको साथै निर्देशन दिनको लागि शिक्षकको व्यवस्था मिलाउनु पर्‍यो आदि कारणले विद्यालयलाई समुदाय भ्रमण र शैक्षिक भ्रमणलाई एउटा ज्ञान र सीप आर्जन गर्ने विषयको रूपमा नभएर समस्याको रूपमा आएको महसुस गरेको पाइन्छ। विद्यालयको व्यवस्थापन पक्षको सोचमा त कक्षाकोठामा विद्यार्थी थुन्ने र एकोहोरो रटाउने प्रक्रियाबाट उपलब्धि हुन्छ भन्ने कुरा स्वीकार नै पर्दछ। यो पनि पाठ्यक्रममा देखा परेको एउटा समस्या हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

(१०) मूल्याङ्कन गर्ने परिपाटीको अभावः- विद्यालय तहको पाठ्यक्रम लागू भएपछि त्यसको प्रभाव समुदायमा कस्तो परेको छ। त्यसको बारेमा कुनै मूल्याङ्कन गरेको पाइँदैन। वर्तमान अवस्थाको माध्यमिक विद्यालमया लागू भएको पाठ्यक्रम र पाठ्यपुस्तक अध्ययन अध्यापन गरेर प्रवेशिका परीक्षामा सामेल भएर पाँचौं वर्षको नतिजा पनि विद्यार्थी अभिभावकले पाइसके तर त्यो पाठ्यक्रम र पाठ्यपुस्तकमा भएका विषयवस्तु कति आवश्यक र स्तरीय छन् कति विषयवस्तु अनावश्यक छन् त्यस पाठ्यक्रम र पाठ्यपुस्तकमा भएका विषयवस्तुलाई कति हटाउनुपर्ने र कति थप्नुपर्नेछ त्यसको बारेमा कुनै मूल्याङ्कन गरिएको छैन। जसको फलस्वरूप विद्यार्थीको अरुचि हुँदाहुँदै पनि अध्ययन गर्न वाध्य भएका छन।

(११) पाठ्यक्रम र पाठ्यपुस्तकमा देखिएका त्रुटि सच्याउनुपर्नेः- सामाजिक अध्ययन शिक्षणको पाठ्यक्रम र पाठ्यपुस्तकमा प्रशस्त त्रुटिहरू देखापरेका छन्। पाठ्यक्रममा समावेश गरिएका कतिपय विषयहरूमा विद्यार्थीहरूको रुचि नदेखिएको हुँदाहुँदै पनि पाठ्यक्रमबाट हटाउने काम गरिएको छैन। यस्ता विषयहरूले पाठयपुस्तक र विद्यार्थीहरूलाई वोझ बनाएका छन् ,न कि त्यसवाट कुनै उपलब्धि हुन सकेको छैन। त्यस्तै पाठ्यपुस्तकका विषयहरूमा केही गलत तथ्याङ्क र चित्र दिइएको छ। तर त्यसलाई सच्याउने काम गरिएको छैन। पाठ्यपुस्तकमा राखिएका विषयलाई पनि व्याख्या र विश्लेषण गरेर स्पष्ट पार्ने प्रयास गरिएको छैन। कतिपय चित्रहरू शिक्षक आफैंले पढ्न नसक्ने अपष्ट अवस्थामा छन्। पाठ्यपुस्तकमा देखिएका केही त्रुटिहरूलाई सच्याएको पाइएको छैन।

यसरी सामाजिक अध्ययन शिक्षाको पाठ्यक्रमलाई विद्यालयमा लागू गर्दा देखिन आएका बाधा व्यवधानलाई औंल्याउने काम गरिएको छ। पाठ्यक्रम र पाठ्यपुस्तकले दिन खोजेका विषयहरू धेरै अस्पष्ट, अपूरा, छन् भने केही विषय पूरा दिएर पनि भ्रम पैदा गर्ने किसिमका छन्। सामाजिक अध्ययनको प्रमुख सामग्रीको स्रोत नै पाठ्यपुस्तक हो। त्यसमा पाइएका गल्तीलाई औंल्याउन अन्य सन्दर्भ पुस्तकको आवश्यकता पर्छ। तर अरू सन्दर्भ पुस्तक विद्यालयले व्यवस्था गर्न नसकेको अवस्थामा शिक्षकलाई निर्णय लिन कठिन भएको छ। यसरी पाठ्यपुस्तक नै शिक्षण सिकाइको प्रमुख आधार बनाउनुपर्ने र उक्त पाठ्यपुस्तकको सुधारको लागि अन्य सहयोगी सामग्रीको अभाव भएकोले विद्यालयमा सामाजिक शिक्षा शिक्षण गर्न ज्यादै कठिन भएको देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

एकाइ तेह्र

१३. "दाङ जिल्लाका माध्यमिक विद्यालयमा सामाजिक शिक्षा शिक्षण" एक अध्ययन

परिचय

१३.१ भूमिका

नेपालको सन्दर्भमा प्रजातन्त्रको स्थापनापछि विद्यालयस्तरमा सामाजिक शिक्षाको अध्ययन र अध्यापन सुरु भएको हो । वि.स. २०१३ सालमा स्थापित भएको कलेज अफ एजुकेसनमा सामाजिक अध्ययनको पाठ्यक्रम समावेश गरिएको थियो । उक्त पाठ्यक्रम लागू गर्नुको उद्देश्य विद्यालयमा शिक्षण गर्ने शिक्षकहरूलाई तालिम प्राप्त गराउनुथियो । संयुक्त राज्य अमेरिकामा सामाजिक अध्ययनको पाठ्यक्रम तीन दशक अगाडि नै लागू गरिएको थियो । नेपालमा सर्वप्रथम माध्यमिक विद्यालयमा सामाजिक शिक्षा वि.सं. २०१७ सालमा ल्याबरोटरी विद्यालय काठमाडौंमा परीक्षणका रूपमा राखिएको थियो । त्यसै समयमा नेपाल अधिराज्यका सबै प्राथमिक विद्यालयमा सामाजिक शिक्षाको पाठ्यक्रम लागू गरिएको थियो । तर त्यो पाठ्यक्रम पूर्ण थिएन । त्यसलाई पुनः परिमार्जन गरी नेपाल अधिराज्यका सबै प्राथमिक विद्यालयमा वि.सं. २०१८ सालमा उक्त पाठ्यक्रम लागू गरियो ।

वि.सं. २०२८ सालमा नेपालको शिक्षाले लिएको नयाँ मोडअनुसार "नयाँ शिक्षा पद्धतिको योजना" लागू भयो । उक्त योजनाले नेपालका माध्यमिक विद्यालयलाई संस्कृत माध्यमिक विद्यालय, साधारण माध्यमिक विद्यालय र व्यावसायिक माध्यमिक विद्यालय गरी तीन किसिमका विद्यालयमा वर्गीकरण गरियो । यसरी वर्गीकरण गरिएका तीनवटै किसिमका माध्यमिक विद्यालयमा सामाजिक शिक्षालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

(१०) मूल्याङ्कन गर्ने परिपाटीको अभावः- विद्यालय तहको पाठ्यक्रम लागू भएपछि त्यसको प्रभाव समुदायमा कस्तो परेको छ । त्यसको बारेमा कुनै मूल्याङ्कन गरेको पाइँदैन । वर्तमान अवस्थाको माध्यमिक विद्यालमया लागू भएको पाठ्यक्रम र पाठ्यपुस्तक अध्ययन अध्यापन गरेर प्रवेशिका परीक्षामा सामेल भएर पाँचौं वर्षको नतिजा पनि विद्यार्थी अभिभावकले पाइसके तर त्यो पाठ्यक्रम र पाठ्यपुस्तकमा भएका विषयवस्तु कति आवश्यक र स्तरीय छन् कति विषयवस्तु अनावश्यक छन् त्यस पाठ्यक्रम र पाठ्यपुस्तकमा भएका विषयवस्तुलाई कति हटाउनुपर्ने र कति थप्नुपर्नेछ त्यसको वारेमा कुनै मूल्याङ्कन गरिएको छैन । जसको फलस्वरूप विद्यार्थीको अरुचि हुंदाहुंदै पनि अध्ययन गर्न वाध्य भएका छन ।

(११) पाठ्यक्रम र पाठ्यपुस्तकमा देखिएका त्रुटि सच्याउनुपर्ने :- सामाजिक अध्ययन शिक्षणको पाठ्यक्रम र पाठ्यपुस्तकमा प्रशस्त त्रुटिहरू देखापरेका छन् । पाठ्यक्रममा समावेश गरिएका कतिपय विषयहरूमा विद्यार्थीहरूको रुचि नदेखिएको हुँदाहुँदै पनि पाठ्यक्रमबाट हटाउने काम गरिएको छैन । यस्ता विषयहरूले पाठयपुस्तक र विद्यार्थीहरूलाई वोझ बनाएका छन् ,न कि त्यसबाट कुनै उपलब्धि हुन सकेको छैन । त्यस्तै पाठ्यपुस्तकका विषयहरूमा केही गलत तथ्याङ्क र चित्र दिइएको छ । तर त्यसलाई सच्याउने काम गरिएको छैन । पाठ्यपुस्तकमा राखिएका विषयलाई पनि व्याख्या र विश्लेषण गरेर स्पष्ट पार्ने प्रयास गरिएको छैन । कतिपय चित्रहरू शिक्षक आफैंले पढ्न नसक्ने अपष्ट अवस्थामा छन् । पाठ्यपुस्तकमा देखिएका केही त्रुटिहरूलाई सच्याएको पाइएको छैन ।

यसरी सामाजिक अध्ययन शिक्षाको पाठ्यक्रमलाई विद्यालयमा लागू गर्दा देखिन आएका बाधा व्यवधानलाई औंल्याउने काम गरिएको छ । पाठ्यक्रम र पाठ्यपुस्तकले दिन खोजेका विषयहरू धेरै अस्पष्ट, अपूरा, छन् भने केही विषय पूरा दिएर पनि भ्रम पैदा गर्ने किसिमका छन् । सामाजिक अध्ययनको प्रमुख सामग्रीको स्रोत नै पाठ्यपुस्तक हो । त्यसमा पाइएका गल्तीलाई औंल्याउन अन्य सन्दर्भ पुस्तकको आवश्यकता पर्छ । तर अरू सन्दर्भ पुस्तक विद्यालयले व्यवस्था गर्न नसकेको अवस्थामा शिक्षकलाई निर्णय लिन कठिन भएको छ । यसरी पाठ्यपुस्तक नै शिक्षण सिकाइको प्रमुख आधार बनाउनुपर्ने र उक्त पाठ्यपुस्तकको सुधारको लागि अन्य सहयोगी सामग्रीको अभाव भएकोले विद्यालयमा सामाजिक शिक्षा शिक्षण गर्न ज्यादै कठिन भएको देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

एकाइ तेह्र

१३. "दाङ जिल्लाका माध्यमिक विद्यालयमा सामाजिक शिक्षा शिक्षण" एक अध्ययन

परिचय

१३.१ भूमिका

नेपालको सन्दर्भमा प्रजातन्त्रको स्थापनापछि विद्यालयस्तरमा सामाजिक शिक्षाको अध्ययन र अध्यापन सुरु भएको हो । वि.स. २०१३ सालमा स्थापित भएको कलेज अफ एजुकेसनमा सामाजिक अध्ययनको पाठ्यक्रम समावेश गरिएको थियो । उक्त पाठ्यक्रम लागू गर्नुको उद्देश्य विद्यालयमा शिक्षण गर्ने शिक्षकहरूलाई तालिम प्राप्त गराउनुथियो । संयुक्त राज्य अमेरिकामा सामाजिक अध्ययनको पाठ्यक्रम तीन दशक अगाडि नै लागू गरिएको थियो । नेपालमा सर्वप्रथम माध्यमिक विद्यालयमा सामाजिक शिक्षा वि.सं. २०१७ सालमा ल्याबरोटरी विद्यालय काठमाडौंमा परीक्षणका रूपमा राखिएको थियो । त्यसै समयमा नेपाल अधिराज्यका सबै प्राथमिक विद्यालयमा सामाजिक शिक्षाको पाठ्यक्रम लागू गरिएको थियो । तर त्यो पाठ्यक्रम पूर्ण थिएन । त्यसलाई पुनः परिमार्जन गरी नेपाल अधिराज्यका सबै प्राथमिक विद्यालयमा वि.सं. २०१८ सालमा उक्त पाठ्यक्रम लागू गरियो ।

वि.सं. २०२८ सालमा नेपालको शिक्षाले लिएको नयाँ मोडअनुसार "नयाँ शिक्षा पद्धतिको योजना" लागू भयो । उक्त योजनाले नेपालका माध्यमिक विद्यालयलाई संस्कृत माध्यमिक विद्यालय, साधारण माध्यमिक विद्यालय र व्यावसायिक माध्यमिक विद्यालय गरी तीन किसिमका विद्यालयमा वर्गीकरण गरियो । यसरी वर्गीकरण गरिएका तीनवटै किसिमका माध्यमिक विद्यालयमा सामाजिक शिक्षालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

अनिवार्य विषयका रूपमा पठनपाठन गर्न सुरु गरियो । नयाँ शिक्षा पद्धतिको योजना सफल नभएपछि देशभरका सम्पूर्ण विद्यालयमा वि.सं. २०३८ सालमा परिवर्तित पाठ्यक्रम लागू गरियो । उक्त पाठ्यक्रममा प्राथमिक र निम्न माध्यमिक विद्यालयमा सामाजिक शिक्षा नै कायम रह्यो । तर माध्यमिक तहमा सामाजिक विज्ञानका विषयहरू भूगोल, इतिहास, अर्थशास्त्र र राजनीतिशास्त्रजस्ता विषयहरूको छुट्टाछुट्टै पाठ्यक्रम तर्जुमा गरी इच्छाधीन र थप इच्छाधीन विषयका रूपमा समोवश गरियो । तर कक्षा ८ मा सामाजिक विज्ञानका विषयहरू भूगोल, इतिहास र पञ्चायत नागरिक जीवन भन्ने पाठ्यक्रम अनिवार्य विषयका रूपमा राखिएको थियो ।

प्रजातन्त्रको पुनर्स्थापनापछि देशमा आएको प्रजातन्त्रको वाढीले शिक्षा क्षेत्रलाई पनि प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । तसर्थ प्राथमिक तहदेखि माध्यमिक तहसम्म पाठ्यक्रममा व्यापक परिवर्तन गर्ने उद्देश्य लिएको हुनाले वि.सं. २०४९ मा पाठ्यक्रम परिवर्तन गर्न सुरु भयो । पाठ्यक्रम परिवर्तन गर्ने क्रममा देशमा शिक्षक प्राध्यापक, शिक्षाविद् र अभिभावक आदिको राय सल्लाह लिएर देशलाई आवश्यक, कुशल र दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य भएकोले वि.सं. २०४९ देखि २०५७ सम्म प्राथमिक विद्यालयवाट क्रमश: माध्यमिक विद्यालयसम्म प्रत्येक वर्ष एउटा कक्षाको दरले नयाँ पाठ्यक्रम लागू गर्ने निर्णय गरियो । यसरी विद्यालय तहमा पाठ्यक्रम र पाठ्यपुस्तक लागू भएपछि प्राथमिक तहसम्म त त्यसको उपलब्धिको बारेमा मूल्याङ्कन भएको पाइन्छ । तर माध्यमिक विद्यालयमा नयाँ पाठ्यक्रम र पाठ्यपुस्तक लागू भई कक्षा दशका विद्यार्थीले पहिलो वर्ष एस.एल.सी. परीक्षा दिएर त्यसको परिणामको पनि समाजका टीका टिप्पणी भइ सकेको अवस्थामा नयाँ पाठ्यक्रम र पाठ्यपुस्तको वारेमा कुनै अनुसन्धान र खोजी भएको पाइएको छैन । उक्त पाठ्यक्रम पाठ्यपुस्तकको वारेमा शिक्षक र विद्यार्थीले कस्तो अनुभव गरिरहेका छन् । त्यसलाई अनुसन्धाताले खोजी गर्ने प्रयास गरेको पाइन्छ ।

नयाँ पाठ्यक्रम लागू भयो विद्यार्थी र शिक्षकले पाठ्यपुस्तक पाए तर त्यो पाठ्यपुस्तक कसरी प्रयोग गर्ने वा शिक्षण गर्ने शिक्षक र विद्यार्थीलाई पनि थाहा भएन विद्यार्थीलाई पनि कसरी अध्ययन गर्ने थाहा हुन सकेन । पाठ्यपुस्तक नयाँ आए विषयवस्तु नयाँ राखियो, नयाँ विधि प्रयोग गर्ने भनियो तर पठन-पाठन पूरा नै तरिकाले भइराख्यो । सामाजिक शिक्षाको पाठ्यपुस्तकमा दिएका विषयवस्तुलाई जुन रूपमा अध्ययन अध्यापन गर्नुपर्ने हो, त्यो हुन सकेको छैन । त्यसको परिणाम आज सामाजिक शिक्षाको पाठ समयमा नसकिनु, पाठ्यपुस्तकमा दिएका विषयवस्तु अधिकांश शिक्षकलाई ज्ञान नहुनु आदि जस्ता समस्या देखा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

परेका छन् । त्यसको परिणाम आज विद्यार्थीले एस.एल.सी. परीक्षामा पुग्दा कोर्ष नसकिने, विषयवस्तु नै अधुरो रहने र कम अंक आउने बढी विद्यार्थी असफल हुनेजस्ता समस्या भोग्नुपरेको छ ।

सुरु अवस्थामा प्राथमिक विद्यालयमा नयाँ पाठ्यक्रम लागू गर्दा जुन किसिमका अभिमुखीकरण तालिम दिने, स्तरीय परीक्षा लिने र विद्यार्थीहरूको परीक्षा लिएर उपलब्धि हेर्ने जस्ता कार्य भएका थिए ती कार्यहरू माध्यमिक तहमा पुग्न सकेका छैनन् । विद्यालयमा अध्यापन गराउने शिक्षकलाई नमुना प्रश्न दिएर विद्यार्थीहरूले उक्त प्रश्नलाई राम्रोसँग हल पनि गर्न नसकेको र स्तरीय परीक्षा लिने काम पनि नभएको अवस्थामा असहाय र निरिह विद्यार्थीहरू शिक्षकको सहयोगमा आफूले जे अध्ययन गरे जसरी अध्ययन गरे, जे अनुभव गरे त्यसैको भरमा परीक्षा दिँदा कम अंक आउने र फेल हुनु परेको गुनासो अभिभावक र विद्यार्थीहरूबाट सुनिन्छ । त्यस्तै शिक्षकहरूले पनि भन्दछन् । पाठ्यपुस्तकमा सबै विषय पूरा छैनन्, अस्पष्ट विषयवस्तु, आफूले अध्ययन नै नगरेको विष र सन्दर्भपुस्तकको अभावले शिक्षण सिकाइ कार्य अपूरो भएको गुनासो पाइन्छ । यो सामाजिक शिक्षाको पाठ्यपुस्तक अध्यापन गराउँदा शिक्षकले भोग्नुपरेको समस्या, विद्यार्थीहरूले अध्ययन गर्दा भोग्नुपरेको समस्या र पाठ्यपुस्तकमा देखा परेका त्रुटिहरूलाई औंल्याउने उद्देश्य राखी अनुसन्धाताले खोजी गरी पत्ता लगाउने प्रयास गरेको पाइन्छ ।

१३.२ अध्ययनको उद्देश्य

अनुसन्धाताले यो अनुसन्धान कार्यद्वारा दाङ जिल्लाका सरकारी माध्यमिक विद्यालयमा सामाजिक शिक्षा अध्ययन गर्ने कक्षा दशका छात्रछात्राहरू र माध्यमिक तहमा नै सामाजिक शिक्षा शिक्षण गर्ने शिक्षकहरूले भोग्नुपरेका समस्याको खोजी गरी पत्ता लगाउने र कक्षा दशकै सामाजिक शिक्षाको पाठ्यपुस्तकको लागि अनुसन्धानमा निम्नअनुसारका उद्देश्यहरूको छनोट गरिएको छ ।

१) सामाजिक शिक्षा अध्ययन गर्दा विद्यार्थीहरूले भोग्नुपरेको समस्या ।
२) सामाजिक शिक्षा शिक्षण गर्दा शिक्षकले भोग्नुपरेको समस्या ।
३) सामाजिक शिक्षाको पाठ्यपुस्तकमा भएका त्रुटिहरूलाई औंल्याउन ।

१३.३ अध्ययनको सीमा

दाङ जिल्लामा भएका ४८ वटा सरकारी माध्यमिक विद्यालय मध्ये १६ वटा माध्यमिक विद्यालयलाई अध्ययन गर्न नमुनाको रूपमा छनोट गरिएको छ । छनोट गरिएका विद्यालयहरूमा कक्षा दशमा अध्ययन गर्ने छात्रछात्राहरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

विद्यालयमा उपस्थितिको आधारमा प्रत्येक विद्यालयको कक्षा दशबाट १०% छात्रछात्राको छनोट गरिएको छ। उक्त विद्यार्थीहरूलाई प्रश्न उत्तरदाताको रूपमा लिइएको छ। कक्षामा उपस्थित छात्रछात्राहरूलाई छनोट गर्दा लिङ्ग र जात-जातिमा पनि ध्यान दिएर प्रत्येक जातिको उपस्थित विद्यार्थीको आधारमा छनोट गरिएको छ। उक्त अनुसन्धान कार्यको लागि छनोट गरिएका विद्यालयको कक्षा दशमा सामाजिक शिक्षा शिक्षण गर्ने प्रत्येक विद्यालयका शिक्षकहरूलाई पनि उत्तरदाताको रूपमा लिइएको छ। त्यस्तै दाङ जिल्लाको जिल्ला शिक्षा कार्यालयबाट आवश्यक तथ्याङ्क लिने काम गरिएको छ।

१३.४ अनुसन्धानको औचित्य

आजको समाज प्रदूषणयुक्त छ। विश्व वातावरण नै द्वन्द्व, हत्या, आतंक, असुरक्षा, भयावह, कोलाहल र अमानवीय व्यवहारले व्याप्त छ। त्यसको फलस्वरूप घर, परिवार, समुदाय, छरछिमेक, गाउँ, जिल्ला, राष्ट्र र अन्तर्राष्ट्रियसम्म अन्योल, असहयोग, निजी स्वार्थ र अहमताकै कारणले एक व्यक्ति अर्को व्यक्तिबाट, एउटा समुदाय अर्को समुदायबाट, एक राष्ट्र अर्को राष्ट्रबाट शोषित र पीडित भएकै छन्। त्यस्तै अमानवीय व्यवहारले गर्दा मानव दिनप्रतिदिन एक्लिँदै गएको छ। परिवारबीचको सम्बन्ध, समुदाय, जातजातिबीचको सम्बन्ध, मोह माया र सद्भाव हराउँदै गएको छ। एकै परिवारभित्र पनि एक सदस्यले अर्को सदस्यलाई सहयोग गर्न छाडेको छ त्यस्तै परिवारभित्र पनि हत्या, आतंक र दमनको वातावरण सिर्जना भएको छ। त्यसैले यो स्पष्ट हुन आउँछ कि आजको मानव आफ्नो नितान्त निजी स्वार्थमा तल्लीन रहेको देखिन्छ।

यो विखण्डित, पीडित र भयावह त्रसित समाजमा सुधार ल्याई शान्ति समाजको निर्माण गर्ने एउटै मात्र माध्यम छ, त्यो हो शिक्षा। शिक्षाको माध्यमबाट मात्र शान्ति समाजको सिर्जना हुन सक्ने देखिन्छ। शिक्षाको विकास त भयो, त्यो पनि बढी व्यक्तिवादी नै भयो र समाजले चाहेको शिक्षाको विकास हुन सकेन। तसर्थ वर्तमान शिक्षालाई बढी व्यावहारिक बनाउन विद्यालय तहमा अध्ययन गर्ने कलिला बालबालिकालाई मनोवैज्ञानिक विधि अपनाई समुदायको महत्त्वलाई उल्लेख गर्दै सामाजिक अध्ययनको शिक्षण गर्नु नितान्त आवश्यक देखिएकोले बालबालिकालाई सामाजिकीकरण गराउनु सामाजिक शिक्षाको लक्ष्य रहेको छ। तसर्थ प्राथमिक विद्यालयदेखि माध्यमिक विद्यालयसम्म सामाजिक शिक्षाको पाठ्यक्रमलाई अनिवार्य विषयका रूपमा समावेश गरिएको छ। हाम्रो विद्यालय तहको पाठ्यक्रममा घर, परिवार, समुदाय, गाउँ, टोल, छरछिमेक, राष्ट्र र अन्तर्राष्ट्रिय सम्बन्ध, सहयोग र भाइचाराको भावना "बसुधैव कुटुम्बकम्" जस्ता विषयहरू उल्लेख गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

सामाजिक शिक्षामा समुदाय, राष्ट्र, अन्तर्राष्ट्रियसम्मका राष्ट्रिय विभूतिहरूको जीवनीको बारेमा पनि अध्ययन गरिन्छ। समाजमा सामाजिक जीवनयापन गर्दा आइपर्ने समस्या र समाधानका उपायहरूको बारेमा पनि अध्ययन गरिन्छ। नागरिक अधिकार र कर्तव्यजस्ता विषयलाई पाठ्यक्रममा समावेश गरिएको छ। पेशाको छनोट, अर्थ आर्जन गर्ने, स्तरीय जीवन बिताउनका लागि अपनाउनु पर्ने व्यवसायलाई छनोट गर्ने सीपको विकास गर्दछ। समाजमा सामाजिक मूल्य र मान्यतालाई कायम राखी सुखमय जीवन बिताउने सीपको विकास गर्दछ। तसर्थ विद्यालयस्तरमा सामाजिक शिक्षाको शिक्षणले विद्यार्थीहरूमा समाजोपयोगी उपयुक्त विषयको ज्ञान, सीपको विकास गरी विद्यार्थीको व्यवहारमा परिवर्तन ल्याउने प्रयास गरेको छ। फलस्वरुप वर्तमान समाजले आवश्यक महसुस गरेको दक्ष, लगनशील, समाजोपयोगी जनशक्ति तयार गर्ने लक्ष्य राखी पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरी विद्यालयस्तरमा लागू गरिएको हो।

विद्यालयस्तरमा अध्ययन गर्ने बालबालिकाहलाई सामाजिकीकरण गर्दै लैजाने तिनीहरूकै माध्यमबाट समाजमा देखापरेका विकृति, विसंगति र अमानवीय व्यवहारलाई हटाउन समक्ष, सुयोग्य, लगनशील तथा समाजोपयोगी नागरिक तयार गर्ने लक्ष्य राखेरै यो सामाजिक शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तक माध्यमिक विद्यालयस्तरसम्म लागू गरिएको हो। यस पाठ्यक्रम र पाठ्यपुस्तकको अध्ययनपछि पहिलो वर्ष २०५८ वैशाख महिनामा एस.एल.सी परीक्षा भएर त्यसको नतिजा साउन महिनामा आयो। देशमा ठूलो हलचल आउँदा पनि यो पाठ्यक्रमको विषयमा कुनै अध्ययन अनुसन्धान नभएको हुँदा उक्त नतिजाको बारेमा उक्त पाठ्यक्रम पाठ्यपुस्तकको बारेमा कक्षा दशका विद्यार्थी र शिक्षकले के कस्तो अनुभव गरिरहेका छन्। त्यसको बारेमा गहन अध्ययन गरी निचोड दिने लक्ष्य लिएर अनुसन्धानकर्ताले यो सानो लघुअनुसन्धान गरेको पाइन्छ। दाङ जिल्लाभरका माध्यमिक विद्यालयमा गरिएको अनुसन्धानबाट कक्षा दशमा सामाजिक शिक्षा शिक्षण गर्दा र अध्ययन गर्दा शिक्षक र विद्यार्थीले भोग्नुपरेका समस्या र पाठ्यपुस्तकमा देखिएका त्रुटिलाई औंल्याउने उद्देश्य लिएर यो अनुसन्धान गरिएको हो।

१३.५ सम्बन्धित साहित्यको अध्ययन

सामाजिक शिक्षाको पाठ्यक्रम वि.सं. २०४९ को राष्ट्रिय शिक्षा आयोग र २०५५ को उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनले सिफारिस गरे अनुसार विद्यालयस्तरका पाठ्यपुस्तकमा समयसापेक्ष परिवर्तन गर्दै लग्ने लक्ष्य अनुसार २०५६/०५७ मा कक्षा दशमा सामाजिक शिक्षालाई अनिवार्य विषयका रूपमा समावेश गरिएको हो। माध्यमिक विद्यालयको कक्षा दशको सामाजिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

शिक्षा पाठ्यक्रम र पाठ्यपुस्तकको बारेमा हालसम्म विषय-विशेषज्ञ, शिक्षाविद् र अनुसन्धानकर्ताले कुनै पनि अनुसन्धान गरेको पाइएको छैन । यस विषयसँग सम्बन्धित जे जति विषयमा अनुसन्धान र खोजी भएका छन्, ती अनुसन्धान र खोज भएका विषयहरूको बारेमा अनुसन्धानकर्ताले यथासम्भव अध्ययन गरी समावेश गर्ने प्रयास गरेका छन् ।

२०५८ उपाध्यायका अनुसार "सामाजिक विज्ञानका विषयहरूलाई कण्ठ पार्न होइन यो त सामाजिक विज्ञानका विषयहरूलाई मानवले कसरी उपयोग गरिराखेको छ भन्ने वारेमा सामाजिक शिक्षाले अध्ययन गर्दछ । भूगोल, अर्थशास्त्र, इतिहास, नागरिक जीवनका विषयहरूलाई सामाजिक शिक्षाको माध्यमले मानव व्यवहारमा उतार्ने प्रयास गर्दछ ।"

१८ असोज, २०५८ को कान्तिपुरका अनुसार "सामाजिक शिक्षाले किताबका पानाभन्दा खुला समाजका खुला पानालाई अनुसन्धान तथा अध्ययन गर्ने कुरालाई प्राथमिकता दिने गरेको पाइन्छ । विद्यार्थीले पाठ्यपुस्तक अध्ययन गरेको आधारमा आफूलाई आफ्नो समाज/समुदायमा भएका परिवर्तनमा स्वयं सहभागी भएर अनुभव गर्ने अवसर पाउँछन् । यसले अनुसन्धानमूलक, सीपमूलक, सीपयुक्त जनशक्ति उत्पादन गर्ने विषयमा जोड दिएको हुन्छ । तसर्थ यसलाई समाजको अनुसन्धान र खोजीनीति गर्ने विषयको रूपमा लिइन्छ" ।

जापानले आफ्नो शिक्षानीतिमा व्यापक परिवर्तन गर्न लागेको पाइन्छ । परम्परागत ढाँचालाई परिवर्तन गरी रचनात्मक र व्यक्तिगत चरित्रको उत्थान गर्ने खालको शिक्षा नीति अपनाउन विशेषज्ञहरू क्रियाशील छन् । शिक्षाविद् "आकारा हिरायामा" का अनुसार वर्तमान युगका युवाहरूलाई वढी दयालु र मानवीय वनाउन यो शिक्षा नीति अपनाउनुपरेको हो । विद्यालयमा वालवालिकाको पठन-पाठनको समयलाई बचाएर चुनौतीपूर्ण कलात्मक काममा व्यस्त राख्न सकिन्छ । विद्यालयवाट वचेको समयलाई अन्य विश्वविद्यालयसँग प्रतिस्पर्धा गर्न लगाइने छ । हालसम्मको शिक्षा जागिर पाउने ध्यानमा मात्र केन्द्रित थियो । तर एक्काइसौं शताब्दीको चुनौतीलाई यस्तो किसिमको शिक्षाले सामना गर्न सक्दैन । शिक्षालाई स्तरीय बनाउन जापानको वर्तमान दिगो अध्ययन पद्धतिलाई स्थायित्व दिन शिक्षकहरूको आवश्यकता बुझेर काम गर्नुपर्छ । विकासोन्मुख मुलुकहरूमा आधारभूत शिक्षाकै समस्याले सताइराखेको छ भने जापानको समस्या स्तरीय शिक्षा कसरी दिने, क्याम्पसमा हुने हिंसावाट कसरी मुक्ति पाउने, बीचैमा विद्यालय र क्याम्पस छाड्ने छात्रछात्राहरूलाई कसरी रोक्ने भन्ने वारेमा जापानिज विद्वानहरू पनि चिन्तित भएको पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

घिमिरे १९९७ का अनुसार माध्यमिक विद्यालयका कक्षा नौमा अध्ययन गर्ने विद्यार्थीहरूले इच्छाधीन विषयको रूपमा भूगोल शिक्षालाई नै छनोट गर्ने प्रमुख कारणहरू विद्यालयले भूगोल विषयको व्यवस्था गर्नु, परिवारको कुनै सदस्यले उच्च शिक्षामा भूगोल विषयको अध्ययन गरेको हुनु, विद्यालयले भूगोलको सट्टामा अर्को विषय नदिएर भूगोललाई नै इच्छाधीन विषय लिन बाध्य गराउनु विशेष गरी केटीहरू घरको काममा आमालाई सहयोग गर्नुपर्ने भएको हुँदा समयको अभाव भएर सजिलो विषयका रूपमा भूगोललाई नै लिनु, परिवार र अभिभावकको विषय छनोटमा कुनै भूमिका नहुनु, साथीहरूको समूहमा मिलेर विषय छनोट गर्नु, आर्थिक अवस्था कमजोर भएका विद्यार्थीले पनि भूगोल शिक्षालाई नै छनोट गरेको पाइन्छ । अन्य गणितजस्ता कठिन विषयको अध्ययन गर्दा पढाइ शुल्क वढी लाग्ने हुँदा पनि आर्थिक बचावटका लागि पनि भूगोल शिक्षाको छनोट गरेको पाइन्छ ।

गुप्ता १९६५ का अनुसार काठमाडौं र फिलिपिन्सको क्वयजन सिटीका प्राथमिक विद्यालयमा सामाजिक अध्ययन एउटै विषयको पढाइ हुन्छ । काठमाडौंमा शिक्षण गरिने सामाजिक अध्ययनको धारणाभन्दा क्वयजन सिटीमा शिक्षण गरिने सामाजिक अध्ययनको धारणाले व्यापकता पाएको हुन्छ । काठमाडौंका विद्यालयमा शिक्षण गर्ने शिक्षकहरूले बिना योजना, पुरानै पाराको व्याख्यान विधि नै अपनाइरहेका हुन्छन्, शैक्षिक सामग्रीको प्रयोग पनि गर्दैनन्, जबकि क्वयजन सिटीका विद्यालयमा व्यवस्थित रूपमा शिक्षण गरिन्छ । परीक्षा प्रणाली पनि काठमाडौंमा एउटा परीक्षा लिएर मूल्यांकन गरिन्छ भने क्वयजन सिटीमा विद्यार्थीको मूल्याङ्कनका लागि विद्यार्थीको व्यवहार अवलोकन, व्यक्तिगत अभिलेख, परिणाम सूची आदिको प्रयोग गरिएको पाइन्छ । यसरी फिलिपिन्सको क्वयजन सिटी र काठमाडौं शहरका प्राथमिक विद्यालयको सामाजिक अध्ययनको पाठ्यक्रम र पाठ्यपुस्तक एउटै भए पनि शिक्षण र मूल्याङ्कन कार्यमा व्यापक फरक भएको उल्लेख गरिएको छ ।

डङ्गोल १९७६ का अनुसार इलाम नगर पन्चायत प्राथमिक विद्यालयका कक्षा २ मा सामाजिक शिक्षा शिक्षण गर्दा ज्ञान, सीप र धारणामा केन्द्रित रहेर छनोट गरिएका उद्देश्यहरूमा विद्यार्थी केन्द्रित रहेका हुन्छन् । उक्त उद्देश्य पूरा गर्न अपनाइएको शिक्षण विधि, शैक्षिक सामग्रीको प्रयोग र मूल्याङ्कन प्रक्रियामा तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको बीच तुलना गरेका छन् । उक्त अध्ययनले तालिम लिएका र तालिम नलिएका शिक्षकहरूको बीचमा तुलना गर्ने काम गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

श्रेष्ठ १९७५ का अनुसार नेपालका निम्न माध्यमिक विद्यालयमा गणित शिक्षाको धारणा विकास गर्न पौराणिक विधिभन्दा खोजविधि बढी प्रभावकारी हुने कुराको पुष्टि गरेका छन् । गणित शिक्षाको धारणा विकास गर्न खोजविधि नै बढी प्रभावकारी हुन्छ भन्ने कुरालाई प्रमाणित गरेका छन् ।

खड्का २०५७ का अनुसार काठमाडौंका ग्रामीण क्षेत्रमा सञ्चालन भएका उच्च माध्यमिक विद्यालयको भौतिक र शैक्षिक अवस्थालाई स्पष्ट पार्ने प्रयास गर्नु भएको छ । विद्यालयको भौतिक अवस्थामा विद्यालय भवन आफ्नै भएको, खेल्ने मैदान कुनै पनि विद्यालयमा पर्याप्त नभएको, अधिकांश विद्यालयमा बिहानी कक्षा नै चलेका, फर्निचर पर्याप्त मात्रामा नभएको शैक्षिक सामग्रीको प्रयोग कम भएको, पुस्तकालय व्यवस्था नभएको शिक्षकको योग्यताको मूल्याङ्कन हुन नसकेको सबै शिक्षकहरूलाई समान तलब स्केल र शिक्षकहरूलाई तालिमको व्यवस्था नभएको, सेवाको स्थायित्व नभएको कारणले योग्य, तालिम प्राप्त र अनुभवी शिक्षकको अभाव देखिएको, सरकारी दरवन्दी र स्थायित्व नभएकोले शिक्षकहरूले विद्यालय छाड्ने प्रक्रिया बढी रहेको, शिक्षण शुल्कमा एकरूपता नभएको आदि पाइन्छ । उच्च माध्यमिक विद्यालयको आर्थिक भार पनि आफैंले थाम्नु पर्ने हुँदा विद्यार्थी छनोट प्रक्रिया खुकुलो भएको पाइन्छ ।

यसरी विभिन्न विद्वान्हरूले सम्वन्धित विषयमा अनुसन्धान गरे तापनि माध्यमिक विद्यालयको कक्षा दशको सामाजिक शिक्षा विषयको शिक्षणसम्वन्धी अध्ययन गरेको पाइएको छैन । तसर्थ सामाजिक शिक्षाका शिक्षकहरूले के कस्ता समस्या भोग्नुपरेको छ र विद्यार्थीहरूले अध्ययन गर्दा भोग्नुपरेका समस्या र पाठ्यपुस्तकमा भएका त्रुटिलाई औंल्याउने उद्देश्य लिएर यो अनुसन्धान गरेको पाइन्छ ।

१३.६ अध्ययन विधि

१३.६.१ अध्ययनको स्वरुप

यो एउटा सर्वेक्षण विधिद्वारा गरिने अनुसन्धान हो । दाङ जिल्लामा अध्ययनका लागि छानिएका माध्यमिक विद्यालयका कक्षा दशमा अध्ययन गर्ने विद्यार्थीहरू र त्यही कक्षामा सामाजिक शिक्षा शिक्षण गर्ने शिक्षकलाई प्रश्नावलीको प्रयोग गर्ने र अन्तर्वार्ता लिने कामबाट अनुसन्धानका लागि आवश्यक सूचना संकलन गरियो । संकलित सूचनाबाट वर्तमान अवस्थामा कक्षा दशको सामाजिक शिक्षा अध्ययन गर्दा विद्यार्थीहरूले भोग्नुपरेका समस्या र कक्षा दशमै शिक्षण गर्दा शिक्षकले झेल्नुपरेका विभिन्न समस्या पत्ता लगाउन यो अध्ययन गरिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

हो। साथै कक्षा दशको सामाजिक शिक्षाको पाठ्यपुस्तकमा भएका विभिन्न त्रुटिलाई पनि पत्ता लगाई उक्त त्रुटिलाई औंल्याउन पनि यो अनुसन्धान गरिएको हो। यसका लागि प्राथमिक र सेकेन्डरी तथ्याङ्कको उपयोग गरिएको छ। प्राथमिक तथ्याङ्कको लागि विद्यालयको सर्वेक्षण गरिएको छ भने द्वितीय तथ्याङ्कको लागि जिल्ला शिक्षा कार्यालय दाङ र विद्यालयहरूबाट तथ्याङ्कहरूको सूचना संकलन गरिएको छ।

१३.६.२ अध्ययनको लागि छनोट गरिएका नमुना

सर्वप्रथम दाङ जिल्लाभरिका ४८ वटा साधारण माध्यमिक विद्यालयलाई सूचीबद्धगरी दुई समूहमा वर्गीकरण गरिएको थियो। जसमा नगरपालिकाका विद्यालय र गाउँका विद्यालयहरूको समूहमा छुट्याएका विद्यालयबाट आफूलाई आवश्यक १६ वटा विद्यालय सूचीबाट छनोट गरियो। जुन विद्यालयको नाम गोलप्रथाद्वारा छनोट गरिएका १६ वटा माध्यमिक विद्यालयमा कक्षा दशमा अध्ययन गर्ने विद्यार्थीहरू र त्यही कक्षामा सामाजिक शिक्षा शिक्षण गर्ने शिक्षकहरूलाई पनि प्रश्न उत्तरदाताका रूपमा लिइयो। छनोट गरिएकै विद्यालयका प्रधानाध्यापकसँग सामाजिक शिक्षा शिक्षणको बारेमा अन्तर्वार्ता लिने काम भएको थियो। छनोट गरिएका विद्यार्थी र शिक्षकसँग पनि आवश्यक सूचना संकलन गर्नको लागि अन्तवार्ता लिने काम भयो।

१३.६.३ तथ्याङ्क सङ्कलन

यसरी छनोट गरिएका विद्यालयमा अनुसन्धानकर्ता जानु अगावै त्यस विद्यालयको बारेमा जिल्ला शिक्षा कार्यालयमा गएर यथार्थ जानकारी लिने काम गरियो। यसरी लिएको सूचनामा कुन विद्यालय कति टाढा छ। त्यस विद्यालयमा जाने बाटोको सुविधा छ छैन, यातायातको साधन छ छैन, आदि विषयमा स्पष्ट जानकारी लिएर मात्र विद्यालयमा जाने काम गरियो। कतिपय विद्यालयमा जाँदा विद्यालय बन्द रहेको अवस्थामा पुगियो। दुईवटा विद्यालयको निरीक्षण गर्ने क्रममा विद्यार्थीको देहान्त भएर बिदा भएको अवस्थामा पुगिएको हुँदा बिदा भएको कारणले भोलिपल्ट निरीक्षण (सर्भे) गर्ने काम गरियो। त्यस्तै एउटा विद्यालयमा पुग्दा शिक्षण शुल्क सम्बन्धलाई लिएर विद्यालय विवादित अवस्थामा पाइयो। सात दिनसम्म बन्द हुने खबर पाएपछि अर्को विद्यालय छनोट गरी निरीक्षण गर्ने काम गरियो। तथ्याङ्क संकलन गर्ने कामका लागि एक सहयोगी पनि लिने काम गरिएको थियो। सहयोगीका साथै विद्यालयका सामाजिक शिक्षाका शिक्षक र अन्य शिक्षकहरूको सहयोगमा सूचना संकलन गर्ने काम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

भयो । छनोट गरिएका विद्यालयका प्रधानाध्यापकहरूले पनि सूचना संकलनमा आवश्यक सहयोग पुऱ्याएका थिए । तसर्थ सूचना संकलन गर्ने काममा प्रधानाध्यापक, शिक्षक र आफ्नो सहयोगीको सहयोगमा कार्य सम्पन्न गरियो ।

१३.६.४ तथ्याङ्क तालिकीकरण

यसरी प्रत्येक विद्यालयका कक्षा दशमा अध्ययन गर्ने विद्यार्थी र शिक्षण गर्ने शिक्षकद्वारा दिएका प्रश्नावली सङ्कलन गरी त्यसलाई एकत्रित गर्ने र टेबलमा राख्ने काम गरियो । कतिपय अनावश्यक सूचनालाई हटाउने र आवश्यक नपुग भएका सूचनालई पुन: विद्यालय र शिक्षा कार्यालय दाङवाट लिने काम पनि गरियो । यसरी एकीकृत गरिएका प्रश्नावली र अन्तर्वार्ताबाट प्राप्त सूचना र तथ्याङ्कलाई विश्लेषण र वर्णन गर्ने काम गरियो ।

१३.६.५ तथ्याङ्कको विश्लेषण

विभिन्न स्रोतबाट सङ्कलन गरिएका सूचना तथ्याङ्कलाई आवश्यक औजारको प्रयोग गरी विश्लेषण गर्ने, तथ्याङ्कलाई तालिकामा राख्ने र प्रतिशतमा देखाउने काम भएको छ। यसरी तयार पारिएको तथ्याङ्कलाई ग्राफमा, डायग्राममा, वृत्तचित्रमा पनि देखाई विश्लेषण गरिएको छ। जसले गर्दा पाठक र यस विषयसम्वन्धी अध्ययन गर्ने सवैलाई सजिलैसँग अध्ययन गर्न सकियोस् भन्ने धारणा लिइएको छ ।

१३.७ निष्कर्ष, सुझाव र सारांश

यस परिच्छेदमा अनुसन्धानबाट प्राप्त भएका तथ्याङ्कहरूको मूल्याङ्कन गरी त्यससम्बन्धी प्राप्त भएका धारणाहरूको निष्कर्ष निकालिएको छ । जसमा प्राप्त भएका त्रुटिहरूलाई कसरी सुधार गर्न सकिन्छ भन्ने कुराको पनि सुझाव प्रस्तुत गरिएको छ । यसलाई तीन समूहमा विभाजन गरिएको छ । पहिलो समूहमा विद्यालय, विद्यार्थी र शिक्षकको विवरण दिइएको छ । शिक्षकहरूले भोग्नुपरेका समस्यालाई उल्लेख गरिएको छ । त्यस्तै कक्षा दशको सामाजिक शिक्षाको पाठ्यपुस्तकमा विद्यार्थी र शिक्षकले अध्ययन र अध्यापन गर्दा पाइएका त्रुटिहरूलाई पनि औंल्याउने प्रयास गरिएको छ । अन्तिममा यसको निष्कर्ष सुझाव र सारांशलाई प्रस्तुत गरिएको छ ।

१३.७.१ निष्कर्ष

कक्षा दशको सामाजिक शिक्षाको पाठ्यपुस्तकलाई विद्यार्थीले अध्ययन गर्दा र शिक्षकले शिक्षण गर्दा भोग्नुपरेका समस्या र त्यस पाठ्यपुस्तकमा भएका त्रुटिलाई केलाएर हेर्दा पाइएको निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

१. दाङ जिल्लाका सबैजसो माध्यमिक विद्यालय भवन पक्की छन् । तर ५०% विद्यालयका कक्षाकोठा, कार्यालय, र लेखा व्यवस्थित भएको पाइएन ।
२. विद्यार्थी संख्याको अधारमा कक्षा कोठा र फर्निचरको व्यवस्था नभएकै कारणले अध्ययन र अध्यापन व्यवस्थित नभएको पाइन्छ ।
३. ६२.५% माध्यमिक विद्यालयको मात्र खेल्ने मैदानमा तारवार भएको पाइएको छ ।
४. ५०% भन्दा बढी नगरपालिकाका विद्यालयहरूको पनि भौतिक अवस्था नाजुक छ ।
५. आदिवासी थारु जातिकै वाहुल्य रहेको दाङ्ग जिल्लामा पनि विद्यालयमा उपस्थित विद्यार्थी संख्यालाई लिँदा थारुहरूको संख्या १२.३७% तेस्रो स्थानमा रहेको पाइन्छ भने ब्राम्हणको संख्या ३६.३६% दोस्रो स्थानमा र क्षेत्रीको संख्या ३८.६३% पहिलो स्थान रहेको छ ।
६. कक्षा १० मा अध्ययन गर्ने विद्यार्थीहरूको उमेरलाई हेर्दा ३४% विद्यार्थी १६ वर्षका, २.७% विद्यार्थीहरू २० वर्ष र सोभन्दा माथिका रहेको पाइन्छ भने ४.५% विद्यार्थीहरू १४ वर्षका पाइन्छन् ।
७. कक्षा १० का विद्यार्थी संख्यालाई लिँदा ५६.८१% छात्रहरू र ४३.१८% छात्राहरूको संख्या रहेको छ ।
८. १.२५% शिक्षकहरू तालिम प्राप्त र १८.७५% तालिम अप्राप्त शिक्षक छन् भने ८८% शिक्षकहरू स्थायी र १२% शिक्षक अस्थायी भएको पाइन्छ ।
९. १६ जना शिक्षकमा एउटा महिला शिक्षिका भएको पाइन्छ ।
१०. १००% शिक्षकहरूले सामाजिक विज्ञानका विषयहरू अध्ययन गरेका छन् ।
११. पुस्तकालयको व्यवस्था १२.५% विद्यालयमा भएको पाइन्छ । त्यस्तै कम्प्युटर शिक्षाको व्यवस्था एउटा मात्र विद्यालयले गरेको देखिन्छ ।
१२. सामाजिक शिक्षामा आवश्यक विषयभन्दा अनावश्यक विषयलाई बढी राखिएको शिक्षक विद्यार्थी दुवैको भनाइ रहेको छ ।
१३. सामाजिक शिक्षाको पाठ्यक्रममा भूगोल, इतिहास, नागरिक चेतनाजस्ता पाठलाई कम गरी व्यावसायिक विषयलाई समावेश गर्नुपर्ने भनाइ विद्यार्थीको रहेको छ ।
१४. सामाजिक शिक्षा विभिन्न सामाजिक विज्ञानका विषयहरूको सारसंक्षेप भएकोले शिक्षण गर्न कठिन भएको धारणा शिक्षकहरूको रहेको पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

१५. निम्न माध्यमिक र माध्यमिक विद्यालयको सामाजिक शिक्षाको पाठ्यक्रममा तहगत र विषयगत व्यापक फरक पाइन्छ ।

१६. ६२.५% शिक्षकहरूको सामाजिक शिक्षालाई दिएको साप्ताहिक पिरियड वढाउनुपर्छ भनेको पाइन्छ भने १८.७५% शिक्षकहरूले पाठ्यक्रममा दिएका विषयलाई घटाउनुपर्छ भन्ने धारणा व्यक्त गरेको पाइन्छ ।

१७. २०५८ सालको वार्षिक परीक्षामा कक्षा नौ को सामाजिक शिक्षाको कोर्ष १२.५% विद्यालयका शिक्षकहरूले मात्र पूरा गरेको पाइयो । बाँकी विद्यालयका शिक्षकहरूले ६०% कोर्स मात्र सकेका थिए । ४०% कोर्स पूरै बाँकी भएको पाइन्छ ।

१८. कोर्स धेरै बाँकी रहनुको प्रमुख कारण पाठ्य विषयभन्दा क्रियाकलाप बढी भएर हो भन्ने भनाइले पुष्टि गरेको पाइन्छ ।

१९. पाठ्यपुस्तकमा दिएको क्रियाकलाप औसतमा ७०% विद्यार्थीले गरेका हुन्छन् ।

२०. ८३.३% विद्यार्थीका अनुसार सामाजिक शिक्षालाई सहयोग पुऱ्याउने विषय स्वास्थ्य जनसंख्या र वातावरण हो । यस विषयको सवैभन्दा सजिलो पाठ नागरिक चेतना हो र असजिलो पाठ भौगोलिक अध्ययन भएको पाइन्छ ।

२१. यसको मूल लक्ष्य सामाजिक भावनाको विकास गराउनु हो । तर यसको लक्ष्यअनुसारको शिक्षण विधि नभएको हुँदा विद्यार्थीहरूमा यस विषयले प्रभाव पार्न सकेको छैन ।

२२. सबै विद्यालयमा शैक्षिक सामग्रीको अभाव छ ।

२३. सन्दर्भ सामग्रीको आवश्यकता सबैलाई महसुस भएको पाइन्छ तापनि सबै विद्यालयमा यो उपलब्ध भएको छैन ।

२४. पाठ्यपुस्तकमा शब्द र वाक्यमा सामान्य त्रुटि पाइन्छ भने तथ्याङ्क, ग्राफ, नक्सा र चित्रहरूमा व्यापक त्रुटि भएको पाइन्छ ।

२५. पाठ्यपुस्तकमा दिएका तापक्रम र वर्षाका ग्राफहरू विद्यार्थी शिक्षक कोही कसैले पनि पढ्न नसकेको आवाज आएको छ ।

२६. पुस्तकमा दिएका वृत्त चित्रहरू कुनै नियमअनुसार नवनाएको गुनासो पाइन्छ ।

२७. ब्रेललिपिको वारेमा शिक्षक आफैंले तालिम नपाएको हुँदा विद्यार्थीलाई बुझाउन कठिन भएको पाइन्छ ।

२८. शास्त्रीय संगीतजस्ता पाठलाई सामाजिक शिक्षावाट हटाउनुपर्ने देखिन्छ किनकि त्यसको वारेमा शिक्षकलाई तालिम नै दिने व्यवस्था भएको पाइएको छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

२९. पाठ्यपुस्तकमा दिएका चित्रहरूले भन्न खोजेका विषय पत्ता लगाउन कठिन हुन्छ ।

३०. शिक्षकहरूले नै स्थलगत वा चित्रको गहन अध्ययन नगरेका पाठहरू शिक्षण गर्न कठिन भएको पाइन्छ ।

३१. सवै विषयलाई समेटेर शिक्षकहरूलाई पुनर्ताजकी तालिम दिनुपर्ने आवश्यकता महसुस भएको पाइन्छ ।

३२. सामाजिक शिक्षा व्यवसाय उन्मुख हुनुपर्नेमा भूगोल, इतिहास र समाजशास्त्र उन्मुख भएको पाइन्छ ।

३३. यो विषयले शिक्षक बहुविषयको ज्ञाता हुनुपर्ने देखाउँदछ । तर त्यो अवस्था हाम्रो विद्यालयमा पाइएको छैन ।

३४. ४६.२% विद्यार्थीले सामाजिक शिक्षालाई अरू विषयको तुलनामा असजिलो विषयका रूपमा लिएका छन् ।

३५. ७२% विद्यार्थीहरूले आफूले नजानेका विषय शिक्षकसँग नै सोध्ने गरेको पाइन्छ त्यस्तै १०.६% विद्यार्थीले मात्र आफूले नजानेका विषय साथीसँग साध्ने गरेका छन् ।

३६. कक्षा दशका १०-९०% सम्म विद्यार्थीले गृहकार्य गर्दछन् । गृहकार्य निरीक्षणमा समस्या भएको शिक्षकहरूको भनाइ छ ।

३७. अधिकांश विद्यालयमा एक शैक्षिक सत्रमा तीनवटा परीक्षा हुने गरेको पाइन्छ । तर लब्धाङ्क दिने र परीक्षाको नतिजाको बारेमा मूल्याङ्कन गर्ने काम कुनै विद्यालयमा भएको पाइँदैन ।

३८. २०५८ सालको एस.एल.सी. परीक्षामा सामाजिक शिक्षामा अन्य विषयको तुलनामा बढी विद्यार्थी पास भएको पाइन्छ । शून्य प्रतिशत ल्याउने विद्यालयले पनि सामाजिक शिक्षामा सतप्रतिशत पास गरेको छ ।

३९. २०५८ सालकै एस.एल.सी परीक्षामा सामाजिक शिक्षामा बढी अंक ल्याउने विद्यार्थीले ७२ अंकसम्म ल्याएको छ । फेल हुने विद्यार्थीले (१७-२८) वीचको अंक प्राप्त गरी फेल भएको पाइन्छ ।

१३.७.२. सुझावहरूः

यस अनुसन्धानवाट प्राप्त हुन आएका तथ्याङ्कका आधारमा अनुसन्धानकर्ताले यस किसिमका सुझावहरू दिएका छन् ।

१. अव्यवस्थित अवस्थामा रहेका विद्यालय भवन, कक्षाकोठा र फर्निचरको व्यवस्था विद्यार्थी संख्याकै आधारमा गर्नुपर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

२. थारु जातिको बाहुल्य रहेको दाङ जिल्लामा थारु विद्यार्थी कम हुनु र त्यसमा पनि छात्राहरूको संख्या अति न्यून भएको कारणले थारु जातिका विद्यार्थीप्रतिको चासो विद्यालयले देखाउने र विद्यालय छाड्ने प्रवृत्तिलाई रोक्न विभिन्न कार्यक्रमको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

३. कामको लोभमा लागेर थारु जातिका छात्रा विद्यार्थीहरू माथिल्लो कक्षामा कम भएको पाइन्छ । त्यसलाई आकर्षण गर्न थारु छात्रालाई विभिन्न सुविधाको व्यवस्था विद्यालयले मिलाई दिनुपर्ने देखिन्छ ।

४. कक्षा दशको पाठ्यपुस्तकबाट अनावश्यक महसुस गरिएका पाठहरू जस्तै शास्त्रीय संगीत, भौगोलिक ऐतिहासिक, समाज, समुदायको बारेमा कम गराई, नैतिक शिक्षा, व्यावसायिक शिक्षा र प्राचीन सभ्यताका विषयहरूलाई समावेश गर्नुपर्ने देखिन्छ ।

५. सामाजिक शिक्षाको पिरियड संख्या कम भएको हुँदा कि त विषय घटाउनु पर्छ कि त साप्ताहिक पिरियड संख्या बढाउनुपर्ने देखिन्छ ।

६. पाठ्यक्रमले समुदायलाई बढी जोड दिएको हुँदा पाठ्यक्रमको उद्देश्य अनुसार विद्यालयले समुदाय भ्रमण, अवलोकन र प्रतिवेदन लेखनजस्ता विषयलाई ध्यान दिनुपर्ने देखिन्छ ।

७. शैक्षिक सामग्री र सन्दर्भ सामग्रीको अभाव सबै विद्यालयमा देखिन्छ । यसको परिपूर्ति विद्यालयले नै गर्नुपर्ने देखिन्छ ।

८. पाठ्यक्रमको उद्देश्यअनुसारको शिक्षण विधि शिक्षकले अवलम्बन गर्नुपर्ने देखिन्छ ।

९. सबै विद्यालयमा सामाजिक शिक्षाको निर्देशिका उपलब्ध गर्नु अनिवार्य देखिन्छ ।

१०. एउटै शिक्षकले धेरै विषय शिक्षण गर्नुपर्ने भएकोले शिक्षकलाई बढी शिक्षण भार भएको पाइन्छ । त्यसकारण शिक्षा मन्त्रालयले दरबन्दीको व्यवस्था मिलाउने र एउटा शिक्षकलाई एउटै विषयमा केन्द्रित गराउनुपर्ने देखिन्छ ।

११. सामाजिक शिक्षाको विभाग प्रत्येक विद्यालयमा हुनुपर्ने देखिन्छ । शिक्षणगर्दा आएका समस्यालाई आदानप्रदान गर्न शिक्षकवर्ग स्वयं आफू सक्रिय हुनुपर्ने देखिन्छ ।

१२. गृहकार्य निरीक्षणको लागि विद्यालयले शिक्षकलाई समय उपलब्ध गराउनुपर्ने देखिन्छ ।

१३. सामाजिक शिक्षा पनि अनिवार्य विषय भएकोले अरू विषयको तुलनामा उपेक्षित विषयका रूपमा देखिनु भएन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

१४. प्रत्येक विद्यालयमा पुस्तकालय, अध्ययन कक्षाको व्यवस्था हुनुपर्दछ । जहाँ खाली समयमा शिक्षक र विद्यार्थीले पुस्तक र पत्रपत्रिका पढ्न पाउने व्यवस्था हुनुपर्दछ ।

१५. सामाजिक शिक्षा जटिल विषय भएकोले कम अंक आउँछ भन्ने धारणालाई मेटाई मेहनत गर्दा यसमा पनि बढी अंक आउँछ भन्ने दृढ भावनाको विकास गराउनुपर्दछ ।

१६. विद्यालयले लिने गरेका परीक्षाको नतिजा समयमा सुनाउने, लब्धाङ्क पत्र विद्यार्थीलाई दिने र नतिजाप्रति छलफल गर्नुपर्ने देखिन्छ ।

१७. पाठ्यक्रमको उद्देश्यलाई पूरा गर्न शैक्षिक भ्रमणको व्यवस्था प्रत्येक विद्यालयले गर्नुपर्ने हुन्छ ।

१३.७.३ सारांश

यस अनुसन्धानको सारांशलाई यहाँ प्रस्तुत गरिएको छ । दाङ जिल्लाका सरकारी माध्यमिक विद्यालय भवनहरू प्राय: सबै पक्की भएर पनि व्यवस्थित विद्यालयहरू थोरै मात्र पाइन्छन् । एउटै कोठामा कार्यालय, शिक्षक कक्षा, लेखा, भण्डार आदि भएको अवलोकनबाट पाइयो । विद्यार्थी संख्या बढी, कक्षा कोठा साना, फर्निचरको अभावले गर्दा शिक्षकले शिक्षण गर्दा आधा विद्यार्थी कक्षामा र आधा विद्यार्थी झ्यालढोकामा पुस्तक हातमा लिएर उभिएको पाइन्छ । शिक्षक कोठाबाट बाहिर निस्कँदा विद्यार्थी पनि चौरमा देखिन्छन् । कुनै विद्यालयमा पानी पर्दा कक्षामा पढ्नै नमिल्ने पनि देखिन्छन् । सबै विद्यालयमा खेल्ने मैदान पर्याप्त नभएको पाइयो । जुन विद्यालयमा मैदान छ त्यसमा पनि तारबार छैन । केवल २५% विद्यालयको मैदानमा तारबार भएको पाइयो ।

हाल अधिकांश माध्यमिक विद्यालयमा दरबन्दी कम रहेको छ । तर शिक्षण गर्ने विषय थपिएको छ । त्यसैले एउटा शिक्षकले तीनवटा विषयसम्म पढाएको देखिन्छ । सामाजिक विषय शिक्षण गर्ने शिक्षकले सामाजिक विषयभन्दा बाहेक अन्य विषयहरू पनि शिक्षण गरेको देखिन्छ । जस्तै अर्थशास्त्र, स्वास्थ्य जनसंख्या र वातावरण, अंग्रेजी, भूगोल, नेपाली, गणित, विज्ञान, कृषि शिक्षा र अन्य शिक्षाजस्ता विषय शिक्षण गरेको देखिन्छ । यसरी सामाजिक विषयबाहेक पनि अरू विषय शिक्षण गर्नुपर्दा बढी बोझिलो भएको शिक्षकवर्गको भनाइ छ । सामाजिक शिक्षाको पाठ्यक्रममा बढीभन्दा बढी सामाजिक विज्ञानका विषयहरूलाई कोचेर पनि ठूलो र बोझिलो हुन गएको हो । सामाजिक शिक्षा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

शिक्षण गर्ने शिक्षकहरू योग्य र तालिम प्राप्त छन् तर पनि यो विषय शिक्षण गर्न कठिन भएको बताएका छन् ।

सामाजिक शिक्षाको पाठ्यक्रममा भौगोलिक धारणा, ऐतिहासिक अध्ययन समुदायका विषयलाई केही कम गरी शास्त्रीय संगीतलाई हटाउनुपर्ने देखिन्छ भने नैतिक शिक्षा, प्राचीन मानव सभ्यता, प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन, विभिन्न उद्योगबाट उत्पादित वस्तुहरूको वितरणमा बजार व्यवस्था कृषि उत्पादन र व्यावसायिक विषयहरूलाई समावेश गर्नुपर्ने शिक्षक र विद्यार्थीको धारणा पाइन्छ । जटिल, कठिन र अनावश्यक, अनुभवै नभएका विषयहरू सामाजिक शिक्षाको पाठ्यक्रममा समावेश गरेको हुनाले कोर्स समयमा सकाउन कठिन भएको शिक्षकहरू बताउनुहुन्छ । वार्षिक परीक्षामा २५% विद्यालयका शिक्षकहरूले केवल ६०% कोर्स मात्र वार्षिक परीक्षामा सकाएको पाइयो । यसरी कोर्स धेरै बाँकी रहनुमा तहगत र विषयगत पाठ्यक्रममा मेल नखानु, विद्यार्थीको क्षमताअनुसारको पाठ्यक्रम नहुनु, शिक्षकहरूको शिक्षणप्रति उत्तरदायित्व नहुनु, पाठ्यवस्तुमा क्रियाकलाप बढी राखिनु, सबै क्रियाकलाप पाठ्यपुस्तकमा आधारित नहुनु आदि पर्दछन् ।

दाङ थारु जातिको बाहुल्य भएको जिल्ला हो तर यहाँका विद्यार्थी संख्यालाई हेर्दा क्षेत्रीको संख्या पहिलो, ब्राम्हणको संख्या दोस्रो र थारुहरूको संख्या तेस्रो स्थानमा आउँदछ । कक्षा १० मा अध्ययन गर्ने थारु छात्रहरूको संख्या १२.८७% रहेको पाइन्छ भने छात्राहरू ज्यादै न्यून ३.७८% मात्र देखिन्छन् । यसरी छात्राहरूको संख्या माथिल्लो कक्षामा कम हुँदै गएको पाइन्छ । यो हुनुमा थारु जातिहरू छोरीलाई पढाउनुभन्दा काममा लगाउन चाहन्छन् । यसरी थारुहरूको छात्रा संख्या कम भएको अवस्थामा विद्यालय जान र पठनपाठनमा सक्रिय गराउन विद्यार्थीहरूलाई सुविधा दिनुपर्ने देखिन्छ । विद्यालय छाड्नेहरूमा थारुहरूकै संख्या बढी देखिन्छ ।

सामाजिक शिक्षाको कक्षा दशको पाठ्यपुस्तकमा तुलनात्मक हिसावले भाषाको त्रुटि कम छ भने तथ्याङ्क, ग्राफ, चित्र, डायग्राम र वृत्तचित्रमा धेरै त्रुटिहरू पाइएको छ । केही शहरहरूको तापक्रम र वर्षाको ग्राफ पुस्तकमा दिएको छ । तर त्यो ग्राफ शिक्षक आफैंले पढ्न कठिन छ । त्यसलाई विद्यार्थीले पढ्न सक्ने अवस्था छैन । त्यस्ता चित्र ग्राफहरू स्पष्ट गरी अनुसूचीमा दिन उपयुक्त हुने देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

सामाजिक शिक्षा पुस्तक घोकेर अध्ययन गरिने विषय होइन। यसलाई छलफल, अवलोकन, अध्ययन, भ्रमण र अनुभवबाट प्राप्त ज्ञानलाई व्यावहारमा उतार्ने शिक्षा हो। अनुभवबाट प्राप्त ज्ञान सीपलाई व्यवहारमा उतार्नु सामाजिक शिक्षाको मूल धारणा विद्यार्थी र शिक्षक दुवैमा भएको पाइयो। सामाजिक शिक्षा शिक्षण प्रभावकारी नहुनुको प्रमुख कारण शैक्षिक सामग्री, पाठ्यपुस्तक र सन्दर्भ सामग्रीको अभाव हो। यो विषय शिक्षणमा विद्यार्थीलाई समुदायमा र समुदायलाई विद्यालयमा लग्नुपर्ने हुन्छ। साथै शैक्षिक भ्रमणको व्यवस्था हुनुपर्ने हुन्छ। तर त्यो व्यवस्था सबै विद्यालयले गर्न सकेको छैन। पाठ्यपुस्तकले समुदाय भ्रमणलाई अनिवार्य हुनुपर्ने देखाउँछ तर विद्यालय व्यवस्थापन पक्षले यसलाई समस्या र ठूलो भारको रुपमा लिइएको पाइयो।

शिक्षकहरूले शिक्षणसँगै मूल्याङ्कन गर्ने र परीक्षा लिने काम गरेका हुन्छन्। हाम्रा विद्यालयहरूमा परीक्षा लिइन्छ तर त्यसको नतिजामा कुनै चासो राखिएको पाइएन। परीक्षामा प्राप्त अंक विद्यार्थीले सुन्न पाएँ तर लब्धाङ्क पत्र पाउने र साथी बीचमा अंकको तुलना गर्ने बानी विद्यार्थीहरूमा विकास नभएको पाइयो। २०५८ सालको एस.एल.सी. परीक्षाको सामाजिक शिक्षाको नतिजालाई हेर्दा धेरै विद्यार्थी सामाजिक शिक्षामा पास भएको पाइयो। सामाजिक शिक्षामा बढी अंक ल्याउने विद्यार्थीको संख्या ज्यादै कम पाइयो र समग्रमा हेर्दा शून्य प्रतिशत ल्याउने विद्यालयले पनि सामाजिक शिक्षामा शत प्रतिशत पास गरेको पाइयो। यसरी सामाजिक शिक्षा शिक्षणको अध्ययनलाई प्रस्तुत गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

सन्दर्भ सामग्री (References)

- घिमिरे, इन्द्रविलास २०५९ "दाङ जिल्लाका माध्यमिक विद्यालयमा सामाजिक शिक्षा शिक्षण" एक अध्ययन, विश्वविद्यालय अनुदान आयोग ।
- दूर शिक्षा २०६० श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, दूरशिक्षा केन्द्र सानोठिमी भक्तपुर ।
- दूर शिक्षा २०५९ , " " " " " "
- ठाकुर, इन्द्रदेव २०५५, सामाजिक अध्ययन शिक्षण, रत्न पुस्तक भण्डार, कठमाण्डौं ।
- पन्त, भरतविलास २०५१ "प्रारम्भिक शिक्षा मनोविज्ञान रत्न बुक्स भण्डार भोटाहिटी, काठमाडौं ।
- पाँडे, रामकुमार २०५४, "सामाजिक शिक्षा सिद्धान्त र शिक्षण", रत्नपुस्तक भण्डार, काठमाडौं ।
- पाँडे, रामकुमार २०४९, "भूगोल शिक्षा दर्शन र विधि" रत्नपुस्तक भण्डार भोटाहिटी काठमाडौं ।
- त्यागी, डा.गुरसरनदास, "सामाजिक अध्ययनका शिक्षण" विनोद पुस्त मन्दिर, आगरा ।
- नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरूको संग्रह, आशिष पुस्तक भण्डार बागबजार काठमाडौं ।
- निम्न माध्यमिक शिक्षा पाठ्यक्रम २०५८, (परिमार्जित) पाठ्यकम बिकास केन्द्र सानोठिमी भक्तपुर ।
- माध्यमिक शिक्षा पाठ्यक्रम २०५५ पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुर ।
- भट्ट, वासुदेव २०५८, "सामाजिक अध्ययन", विद्यार्थी पुस्तक भण्डार, काठमाडौं ।
- भण्डारी, पारसमणि २०५३ "अध्ययन अभ्यास परिचय" एकता बुक्स डिस्ट्रिव्युटर्स ।
- लुइटेल, चक्रपाणि २०५६, "सामाजिक अध्ययन शिक्षा", नीमा पुस्तक प्रकाशन, काठमाडौं
- शर्मा गोपीनाथ, २०६० "नेपालको शिक्षाको इतिहास", भाग २, मकालु बुक्स एन्ड स्टेसनर्स,काठमाडौं ।
- शिक्षक शिक्षा २०६०, श्री ५ को सरकार शिक्षा तथा खेलकुंद मन्त्रालय,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी भक्तपुर ।

- सामाजिक शिक्षाका पाठ्यपुस्तक (६ ,७ र ८) २०५४, पाठ्यक्रम विकास केन्द्र, ज. शि. सा. के. लि. भक्तपुर
- सामाजिक शिक्षा (९-१०) २०५६, पाठ्यक्रम बिकास केन्द्र, ज. शि. सा. के. लि. भक्तपुर
- Agrawal J.c 1983 'Teaching of social studies 'Apractical approach Vikash Pustak House
- A compendium on environmental statistic nepal1998 National plaining commission secreatariat. Central bureau of statistics Kathmandu.
- Bining and Binning "Teaching in social Studies in Secandary School".McGraw Hill BookCo. New York.
- Dangol,Dil Bhakta 1976, "An investigation into teaching methods instructional materials and evaluation system in social studies used by trained and untrained teachers" of Ilam Nagar Panchayat.
- Dorothy Skeel.J. , 1970 "The challenge of teaching social studies in the elementary school" California good year publishing company.
- Education Information of Nepal 2000, His Majesty's Government Ministry of Education Planning Division KesherMahal, Kathmandu.
- Ghimire Indra vilas 1997, "Selection of Geography as an optional subject at secondary level " A study of Chitwan District TU
- Giri K.N. and Gyawali Damodar 2053 B.S. "Social Studies" V.P.B. Bhotahiti kathmandu
- Gyawali Damodar 1995, "Attitude of different groups of people towards geography teaching" in Kathmandu District.
- Jarolimek John 1963, "Social studies in elementary education" the Macmillan Company, New York.
- Jarolimek John "Social studies in High School education" The Macmillan Company, New work.
- Kochhar S.K. 1978 "The Teaching of Social studies" New Dilhi Sterling Publisher p.v.t Ltd.
- Kaushik S.D.1995 Geographic Thought And Metholodology ,Rostogy Publication Shivaji Road
- Kohli A.S.1996 "Teaching of Social Studies ",Anmol Publication New Dilhi .
- Michaelis J.U.1965 "Social Studies for Children in a Democracy", Printice Hall Inc.Engle Wood ,Cliffs New York .
- ROBERT A. BARON DON BYRNE 2004" Social Psychology," The University Albany| State Univerity of New York.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

Mahendra Sanskrit University

One year B.Ed. programme
SS Ed 3001: fundamentals of social studies education

Model question paper

Full mark : 100 | Pass mark : 35
Time : 3 hours

Group A | 20×1=20

Encircle the best answer:

1. Social studies regard man as a member of
   a. an isolated group. b. a political group.
   c. a conflicting group. d. a social group.
2. Social sciences as an area of specialization is taught at
   a. primary level b. lower secondary level
   c. secondary level d. higher secondary level
3. The replica of an object is called
   a. model. b. picture.
   c. specimen. d. diagram.
4. Social sciences are mostly related with
   a. methodology b. subject matter.
   c. objectives. d. teaching aids.
5. Concepts like power, politics and people are related mainly with
   a. history b. anthropology.
   c. sociology. d. political science.
6. Contents for the social studies curriculum are selected on the basis of
   a. national needs. b. educational needs.
   c. psychological needs. d. stated objectives.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

7. A textbook is generally prepared for
a. teachers b. student
c. examiners. d. examinees.

8. Which type of objectives is relatively most emphasized in the current secondary level curriculum of social studies?
a. social. b. cognitive
c. affective d. psychomotor

9. Which of the following factors determine the objectives of social studies curriculum?
a. availability of time b. needs of the learners
c. needs of society d. needs of country

10. Which of the following criteria comes under the physical aspect of social studies textbook analysis?
a. printing b. maps and diagrams
c. tools of evaluation d. presentation of contents

11. To make his/her lecture interesting a social studies teacher should
a. be a good orator b. select an appropriate topic
c. create a lively and pleasant atmosphere.
d. instruct the student to listen to him /her carefully.

12. Which of the following is essential to make the teaching of social studies effective?
a. work plan b. teaching unit
c. lesson plan d. resource unit

13. Which of the following objective types of question is widely used to test social studies in Nepal?
a. matching type b. true-false type
c. completion type d. multiple choice type

14. Which of the following is the first step of the inquiry method?
a. writing a report b. collection of data
c. preparing a questionnaire d. identification of the problem

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

Mahendra Sanskrit University

One year B.Ed. programme
SS Ed 3001: fundamentals of social studies education

Model question paper

Full mark : 100 | **Pass mark : 35**
Time : 3 hours

Group A | **20×1= 20**

Encircle the best answer:

1. Social studies regard man as a member of
   a. an isolated group. b. a political group.
   c. a conflicting group. d. a social group.

2. Social sciences as an area of specialization is taught at
   a. primary level b. lower secondary level
   c. secondary level d. higher secondary level

3. The replica of an object is called
   a. model. b. picture.
   c. specimen. d. diagram.

4. Social sciences are mostly related with
   a. methodology b. subject matter.
   c. objectives. d. teaching aids.

5. Concepts like power, politics and people are related mainly with
   a. history b. anthropology.
   c. sociology. d. political science.

6. Contents for the social studies curriculum are selected on the basis of
   a. national needs. b. educational needs.
   c. psychological needs. d. stated objectives.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

7. A textbook is generally prepared for
a. teachers
b. student
c. examiners.
d. examinees.

8. Which type of objectives is relatively most emphasized in the current secondary level curriculum of social studies?
a. social.
b. cognitive
c. affective
d. psychomotor

9. Which of the following factors determine the objectives of social studies curriculum?
a. availability of time
b. needs of the learners
c. needs of society
d. needs of country

10. Which of the following criteria comes under the physical aspect of social studies textbook analysis?
a. printing
b. maps and diagrams
c. tools of evaluation
d. presentation of contents

11. To make his/her lecture interesting a social studies teacher should
a. be a good orator
b. select an appropriate topic
c. create a lively and pleasant atmosphere.
d. instruct the student to listen to him /her carefully.

12. Which of the following is essential to make the teaching of social studies effective?
a. work plan
b. teaching unit
c. lesson plan
d. resource unit

13. Which of the following objective types of question is widely used to test social studies in Nepal?
a. matching type
b. true-false type
c. completion type
d. multiple choice type

14. Which of the following is the first step of the inquiry method?
a. writing a report
b. collection of data
c. preparing a questionnaire
d. identification of the problem

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

15. Social skills are mostly related to
    a. group skills b. reading skills
    c. study skills d. intellectual skills
16. In Nepal, community resources are mostly used in teaching social studies at
    a. pre-primary level b. primary level
    c. lower secondary level d. secondary level
17. When was the social studies curriculum implemented in Nepal at the secondary level?
    a. in 2018 B.S b. in 2028B.S.
    c. in 2038 B.S. d. in 2048 B.S.
18. Which of the following social sciences is related to space?
    a. sociology b. geography
    c. anthropology d. philosophy
19. Which of the following is not a major component of a lesson plan?
    a. objective b. home assignment
    c. evaluation d. teaching-learning activities
20. Leadership skills come under
    a. motor skills b. speaking skills
    c. social skills d. intellectual skills

Group B

8×7=56

1. Distinguish between current event and controversial issues.
2. Point out the qualities of good social studies textbook.
3. Describe the situations when the lecture method may be used more effectively then any other teaching method.

   Or

   What is micro-teaching? Write down its steps.
4. Describe the problems of implementing the current social studies curriculum in the secondary schools of Nepal.
5. What is concept and how does it differ from generalization ? Answer with appropriate examples from geography.

   Or

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

Describe briefly any two of the following concepts:
a. conflict b. Region c. Exchange d. State

6. What are social skills? Classify them into major types and describe the characteristic features of any one of them.

7. What is sociometry? Write down its role in evaluating social relationships among students.

8. What is instructional objective? How does it differ from course objective? Explain

Group C **2×12=24**

9. What are the advantages and short comings of the current social studies curriculum of secondary level? Discuss.

10. Give an account of the development of social studies education in Nepal.

Or

Explain what social studies is and discuss the objectives of teaching social studies.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

One year B.Ed. programme

Annual examination -2059

Group A

Encircle (O) the best answers:

1. Which is not included in social studies curriculum?
   a. facts b. skills
   c. current event d. social values

2. Which factor determines the scope of social studies curriculum?
   a. structure of discipline.
   b. nature of social sciences.
   c. psychological foundation of the learner.
   d. educational objectives.

3. Which are the major parent disciplines of social studies?
   a. history, geography and economics.
   b. history, sociology and psychology.
   c. history, economics and political science.
   d. geography, history and law.

4. Lecture method is useful in teaching social studies to:
   a. exchange ideas. b. teach a skill lesson.
   c. review a lesson d. make a plan.

5. Culture is the basic concept of :
   a. political science. b. history
   c. sociology d. anthropology

6. Which of the following is considered as the greatest problem in the implementation of social studies course in the secondary school of Nepal?
   a. lack of efficient teachers. b. lack of standard text-book.
   c. shortage of trained teachers . d. shortage of teaching aids.

7. Resource units of social studies are planned by a group of:
   a. experts. b. supervisors.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

8. In Nepal, the social studies units of secondary level are directed towards:
   a. learners experience
   b. teachers abilities
   c. subject-matter
   d. societal needs

9. Which type of test item minimizes the defects of both subjective and objective questions?
   a. matching
   b multiple choice
   c. long answer
   d. true or false

10. Social studies is a/an:
   a. combination of social sciences.
   b. programme of social education
   c. teaching of sociology.
   d. integrated instructional programme.

11. On which criteria are the scope and sequence in social studies curriculum.
   a. amount of context.
   b. nature of concept.
   c. educational objectives.
   d. learners ability.

12. Producing efficient social studies teacher is the goal of :
   a. social studies
   b. social studies education.
   b. social education
   d. social sciences.

13. Which is the first step of cognitive domain?
   a. synthesis
   b. analysis
   c. comprehension
   d. recall

14. Guessing in highly possible in:
   a. multiple choice item
   b. matching item.
   c. true and false item
   d. fill in the gap item

15. The academic aspect of social studies text book evaluation is related with:
   a. attractive printing
   b. appropriate
   c. suitable illustration
   d. attractive cover

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

16. The essay and time saving method in teaching social studies is:
    a. lecture method b. discussion method
    c. inquiry method d. micro teaching

17. Social studies curriculum was introduced in Nepal in :
    a. 2021 B.S. b. 2023 B.S.
    c. 2017 B.S. d. 2028 B.S.

18. Which is the major concept of social studies?
    a. man- environment relationship b. community
    c. human relationship d. society

19. Which of the following social sciences is related to space?
    a. philosophy b. anthropology
    c. geography d. sociology

20. Evaluation of a group work can best be done through:
    a. objective, test b. subjective test
    c. interview d. observation

Group B

1. Define social studies and differentiate it from social sciences.
2. Write a note on the scope of social studies.

   Or

   Show the relation of social studies with other school subjects.
3. What are concept and generalization in social studies? Explain with examples.

   Or

   What is integration in social studies? Explain with examples.
4. What are the different skills in social studies? Describe any one of them.
5. What is sociometry? Describe its importance as an evaluation technique.
6. What is a resource person? Indicate the purposes of inviting a resource person in social studies class.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

7. Mention the qualities of a standard social studies text-book.

8. Give a brief account of the development of social studies programme in Nepal.

Group C **2*12=24**

9. What is inquiry method? Describe its purpose and procedure in teaching social studies.

Or

What is discussion method in school studies? Divide it into major types and describe the characteristics features of each of them.

10. Make a overview of the present secondary level social studies curriculum.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

One year B.Ed. Programme
2060

SS.ED.3301: Fundamentals of Social Studies Education

Time: 2:40 hrs

Attempt all the questions:

Group "B"

1. Show the differences between social studies and social sciences.
2. What is lecture method ? Point out its weak points in teaching social studies.

   or

   What is micro-teaching ? Write down its main purpose and major steps in teaching social studies.
3. What are community resources and how are they used in teaching social studies ? Explain.
4. What are the major types of reading skill in social studies ? Describe any two of them.
5. List the merits and demerits of objective questions in social studies.

   or

   What is sociometry ? Describe its importance in social studies ?
6. Point out the objectives of social studies.
7. Why is learner's psychology considered as a base of social studies ? Explain.
8. Show the differences between unit plan and lesson plan in teaching social studies.

Group "C"

9. Discuss the major issues and problems of social studies teaching in Nepal.
10. Make a overview of the social studies text book preseribed for grade X.

    or

    Analyse the scope and sequence of the social studies curriculum developed for grade IX.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

नेपालीमा रूपान्तर

सबै प्रश्नहरूको उत्तर दिनुहोस्

समूह 'ख'

८x७=५६

१. सामाजिक अध्ययन र सामाजिक विज्ञानहरूबीच भिन्नता देखाउनुहोस् ।

२. व्याख्यान विधि भनेको के हो ? सामाजिक अध्ययन शिक्षणमा यसका कमजोर पक्षहरू औंल्याउनुहोस् ।

अथवा

लघु शिक्षण भनेको के हो ? यसको मुख्य उद्देश्य र प्रमुख चरणहरू लेख्नुहोस् ।

३. सामुदायिक स्रोतहरू के के हुन् र सामाजिक अध्ययन शिक्षणमा तिनीहरूको प्रयोग कसरी गरिन्छ ? व्याख्या गर्नुहोस् ।

४. सामाजिक अध्ययनका अध्ययन सीपका प्रमुख प्रकारहरू के के हुन् ? कुनै दुईको वर्णन गर्नुहोस् ।

५. सामाजिक अध्ययनमा वस्तुगत प्रश्नका गुण र दोषहरूको सूची तयार गर्नुहोस् ।

अथवा

सामाजमिति भन्नाले के बुझिन्छ ? सामाजिक अध्ययनमा यसको महत्त्व वर्णन गर्नुहोस् ।

६. सामाजिक अध्ययनका उद्देश्यहरू औंल्याउनुहोस् ।

७. सिकारुको मनोविज्ञानलाई सामाजिक अध्ययनको आधारका रुपमा किन लिइन्छ ? व्याख्या गर्नुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding: M

८. सामाजिक अध्ययन शिक्षणमा एकाइ योजना र पाठयोजनाबीच फरक देखाउनुहोस् ।

समूह 'ग'

९. सामाजिक अध्ययन शिक्षणमा प्रमुख मुद्दा र समस्याहरूबारे छलफल गर्नुहोस्

१०. कक्षा १० को सामाजिक शिक्षाको पाठ्यपुस्तकको सिंहावलोकन गर्नुहोस् ।

अथवा

कक्षा ९ को सामाजिक शिक्षा पाठ्यक्रमको क्षेत्र तथा क्रमको विश्लेषण गर्नुहोस् ।

Acc 2C928 / 28124

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

प्रा. केशवानन्द गिरी
शिक्षाशास्त्र केन्द्रीय विभाग त्रि. वि. कीर्तिपुर ।

अध्यक्ष : सामाजिक अध्ययन शिक्षा विषय समिति शिक्षाशास्त्र संकाय त्रि. वि., कीर्तिपुर ।
अध्यक्ष : शिक्षशास्त्र विषय समिति म. सं. वि., वसन्तपुर ।
अध्यक्ष : भूगोल विषय समिति उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुर ।
अध्यक्ष : नैतिक तथा नागरिक शिक्षा विषय समिति पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

उप-प्रा. इन्द्रविलास घिमिरे
महेन्द्र संस्कृत विश्वविद्यालय, वेलझुन्डी, दाङ ।

कार्यक्रम संयोजक : एकवर्षे शिक्षाशास्त्री कार्यक्रम, रानीपोखरी, काठमाडौं ।
सदस्य : शिक्षाशास्त्र विषय स्थायी समिति म. सं. वि., वसन्तपुर, काठमाडौं ।

ISBN 99946-31-39-X

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu